CC-0. In Public Domain. Digitization by eGangotri

वडा महाराजा पृथ्वीनारायण साह देवका सुयोग्य अनुयायी

अधिराजकुमार वहादुर साहको

प्रमाणित इतिहास

लेखक :

शम्शेर बहादुर थापा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वडा महाराजा पृथ्वीनारायण साह देवका सुयोग्य अनुयायी
अधिराजकुमार वहादुर साहको

प्रमाणित इतिहास

लेखक :
शम्शेर बहादुर थापा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक : दिवाकर विक्रम शाह

वानेश्वर, काठमण्डौ

सर्वाधिकार : प्रकाशकमा

प्रथम संस्करण : १००० प्रति

मूल्य : रु. १५०/-

कम्प्यूटर : भीम थापा (लामिछाने)
भेल्यू कम्प्यूटर प्रिन्ट
कमलादी, पुतली सडक, काठमाण्डौ ।

मुद्रक :- बागबजार छापाखाना
ख-२-४८५, बागबजार
फोन नं. २५२८२९, २२२१७४, २५३५३१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तावना

यस पुस्तकमा विद्वान् इतिहासज्ञहरुले कठिन परिश्रमले खोजेर उपलब्धि भएको ऐतिहासिक आधार प्रमाणको भरमा वहादुर साहको संक्षिप्त जीवनी इतिहास लेखिएको छ । वहादुर साहलाई अप्रमाणित अपगाल दिएको लेख इतिहास रचना गरेकोलाई विज्ञहरुको तथ्य प्रकाशन भएको आधार प्रमाणले पन्छाइएको छ ।

यसमा दिइएको संकेत आधार-प्रमाण पाठक वर्गलाई पूरै हेर्न, काम लगाउन पऱ्योभने त्यो सूत्र प्रमाणको प्रकाशक वा हकदारलाई भेटी वहाँको अनुमति लिएर काम लिने, छपाउने काम गर्नु हुनेछ ।

यस पुस्तकमा आधार-प्रमाण दिएको जस्तो भावनाले प्रकाशकले पूर्णिमाङ्क त्रैमासिक जस्तो पत्रिका र इतिहासका धेरै पुस्तक हेरेर त्यही भावना अनुसार प्रकाशकहरुकै सेवा देखाएको छु, खुशि हुनुहोला ।

संभिन र बुझ्न फरक परेको देखियो भने म आफैं दोषी बन्न स्वीकार गर्दछु । यस्तो लेख्नु पर्ने भन्ने सम्झाई पाउँ । भूल भएको भए भूल सुधार्न उपदेश दिनेलाई गुरु मानेर अर्को आवृत्तिमा भूल सुधारेर प्रकाश गर्नेछु ।

यस पुस्तकमा प्रमाण-आधार दिएकोलाई सम्झाउन टिप्पणी (फुट-नोट) मा बयान दिन पर्ने हो । विद्वान् युवकले बताएजस्तो टिप्पणि दिएको छैन । अशिक्षित मुर्खजस्तो भएर बयानको व्याख्यामा नै संकेत दिएको छु, जस्तो कि –

(१) (६/- ३७५) भनेको – कोष्ट भित्र ६ अंक दिएको छ । यो संकेत "इतिहास प्रकाशमा सन्धिपत्र संग्रह" पुस्तकको नाम हो । (इ.प्र. मा सं.सं.पृ. ३७५) यो संकेतमा छोटरी नाम दिनु पर्ने हो । छोटकरीमा नाम दिनु पर्दा कोष्ट भित्रको अक्षरको गन्ति गर्दा ६ हुन्छ । त्यो ६ अंक दिएको हो र ३७५ भनेको पृष्ठ संख्या हो । पृष्ट अनेक हुन्छ ।

(२) (प्रा.ने. १०/-६) भनेको – प्रा.ने. भनेको "प्राचिन नेपालको इतिहास" को पुस्तकको नाम हो । १०/-६ भनेको १० अंक (भाग) हो र ६ भनेको पृष्ठ संख्या हो । पृष्ठ अनेक हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(३) (इ.प्र.अं. १/-१०१) भनेको – इ. प्र. अं. १ भनेको "इतिहास प्रकाश अंक १" पुस्तकलाई भनेको हो र १०१ भनेको पृष्ट हो । पृष्ट अनेक हुन्छ ।

(४) (पू. ६/- ३८३, ३८४) भनेको – पू. भनेको "पूर्णिमाङ्क त्रैमासिक पत्रिका" हो, ६ अंकमा लेखेको छ अंक (भाग) हो। भाग अनेक हुन्छ । ३८३, ३८४ लेखेको पृष्ठ संख्या भयो । पृष्ठ अनेक हुन्छ ।

(५) (ने.सं.बृ.पृ. ५५) भनेको – ने.सं.बृ. भनेको "नेपालको संक्षिप्त बृत्तान्त" पुस्तकको नाम हो । पृ. भनेको पृष्ठ र ५५ भनेको पृष्टसंख्या बुझे हुन्छ ।

(६) (सि.नं. ३५३, २३६) भनेको – सि.नं. भनेको सिलसिलेवार नम्बरको दुईवटा बूक छुट्टाछुट्टै तयार गरेको छ । अंक माथि जस्तै पृष्टले देखाएको छ ।

(७) (लि.नं. ३०१, २७४) भनेको – यो संकेत दफा (६) नम्बरमा बताएको दुई बूक रहेछ भनेर जान्नु । लि.नं. को अर्थ लिष्ट नम्बर हो र ३०१, २७४ भनेको पृष्ट संख्या हो ।

(८) (ज.भी.त.ने.पृ. ३३) भनेको – ज.भी. भनेको जनरल भीमसेन थापाको नाम हो, त भनेको तत्कालिन, ने. भनेको नेपाल बुझे हुन्छ र पृ. ३३ भनेको पृष्ट ३३ भनेर जानिने संकेत दिएको छ ।

(९) (डि.जि.) भनेको – डि. भनेको डिल्ल दर्जा र जि. भनेको जितमान तामाङ्गसँग रहेको हस्तलेख वंशावली "अप्र." इतिहास हो ।

(१०) (रा.भ.झ.) भनेको – रा.भ.झ भनेको राष्ट्रभक्तिको झलक पुस्तकको नाम हो । पृष्ट यस पुस्तकमा हेर्नु ।

नोट : *अरु आधार-प्रमाण लेखिएको खुलस्त बुझिने छ ।*

मिति :- २०५५

नक्साल भगवतीवहाल, काठमाण्डौ

– **शम्शेर वहादुर थापा**

आत्रेय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केही शब्द

इतिहास इतिहासैजस्तो हुनु पर्दछ, नकि कथा वा उपन्यासजस्तो। पहिलेका वहादुर साहसम्बन्धि केही इतिहास, लेख आधार-प्रमाण विनाका छन्। के स्वार्थले लिप्त भएर हो, सो बुझिन्न। पछि अन्य केही इतिहास, लेखपनि प्रकाशित छन्, जुन धेरैजसो पहिलेकालाई नै आधार मानेर प्रकाशित छन्। यसरी वहादुर साहसम्बन्धि इतिहास, लेख प्राय: सत्त्य मान्न नसकिने छन्।

यही कुरालाई दृष्टिगत गरी अध्ययन र चिन्तनशील लेखकले प्रस्तुत पुस्तक सही र ठोस् आधार-प्रमाण दिएर स्वस्थ विश्लेषण गरी लेख्नु भएको छ।

यो इतिहास श्री ५ वडामहाराज पृथ्वीनारायण साह तथा महारानी नरेन्द्रलक्ष्मी साहका माहिला सुपुत्र वहादुर साहका व्यक्तित्त्व तथा कृतित्त्वका विषयमा र अन्य सम्वद्ध व्यक्तित्त्वहरु जस्तो तात्कालिक राजा, भारदार, समाज र देशका बारेमा पनि आधार प्रमाणको वास्तविक यथार्थतामा आधारित छ।

पिता परलोक भएपछि त राजा प्रतापसिंह साह तन्त्र साधना र भोग-विलासमै लाग्न थालेपछि उनको मन कुलधर्म र राजकाजमा लगाउन वहादुर साहले ठुलो प्रयत्न गरेका थिए। यसको वदलामा दाज्यू राजाबाट उनी विना कसुरमा निश्कांशन गरिए र वेतिया पुगी वस्नु परेको थियो।

वहादुर साह वेतिया बसेपनि नेपाल र नेपालीलाई ठुलो हीत भयो। कारण, त्यहाँ रहेको अंग्रेजी भू-भागको गढमा उनको सम्पर्क भएर अंग्रेजको नीति शासन-शैली र सैनिक व्यवस्थापन एवं क्षमताको उनले परोक्ष रुपमा जान्न, बुझ्न सफल भए। नेपाल फर्कन पाएपछि उनले प्राप्त गरेका सो थप ज्ञानको आधारशिला विविध क्षेत्रमा उपयोग गरे, विशेषगरी सैनिकी क्षेत्रमा। फलस्वरुप, नेपाल आन्तरिक मामलामा सुदृढ भई वाईसी, चौविसी राज्यहरु नेपाल राज्यमा एकिकरण गर्न र वाह्य आक्रमणहरुवाट अड्न र वढ्न समेत नेपाल सक्षम र सफल भएको हो।

विडम्वनाको कुरा, दाज्यू राजाको असामयिक मृत्यूपश्चात् निर्दोष वहादुर साह नेपाल फर्कन त पाए तर संभवत: "न्याय माग्ने छैन, खटाएको काममा लाग्नेछु, अधिकार खोज्दिन" भन्नेजस्ता लिखित शर्तमा वाँधिनु पऱ्यो। यसपछिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घटनाक्रमले पनि त्यस्तै देखिनआउँछ । यद्यपि त्यो शर्तको कागजभने भेटिएको छैन ।

तर, स्वदेश र वहुजन हितायको लागि भीष्म-प्रतिज्ञभैँ निस्वार्थी वहादुर साह आए ।

त्यस वखत नावालक राजा रणवहादुर साहको वय साँढे २ वर्षको थियो । अवला भाउज्यू महारानी राजेन्द्रलक्ष्मी जो राज्यशक्ती हत्याउन चाहनेहरुका आपसी खिचातानी र घात-प्रतिघातको भूमरीमा वरावर पर्दथिन् । उनै वहादुर साह हुन जसले वहुसंख्यक भारदारहरुलाई तटस्थ राखेर यस्ता भूमरीका संकट समाधान गर्ने प्रमुख भूमिका निर्वाह गर्दथे ।

स्वयं महारानी राजेन्द्रलक्ष्मी सौत्यानी ससुरो दलजित साहको कारणले सरुपसिंह कार्की पर्वबाट निर्दोष सावित भएपछि पनि पछि सर्वजित राना मगरको पनि वात लागी लामो माससम्म चाँदीको हत्कडी-नेल लगाई कसैले भेटघाट गर्न नपाउने गरी वन्दी हुनु परेकी थिईन् ।

उनै वहादुर साह हुन् जसको निर्देशनमा यस पटकपनि भारदारहरु तटस्थ भएकाले महारानीको निर्दोषिता भारदारी सभामा प्रमाणित भयो र ठुलो संकटबाट मुक्त भइन् ।

क्षय रोगले आक्रान्त भएकी महारानीले आफु जीवित रहन नसक्ने शारिरिक स्थितिको वोध गरेपछि १० वर्षका वालक छोरा राजा रणवहादुर साहलाई समर्पित गरी उनैको नामबाट नायवी (राज्य) चलाइदिने धर्मपरायण र विश्वासिलो व्यक्तित्व उनीले वहादुर साहलाई नै संभिन्, देखिन् । यो उनीको सुभ्बुभ्को द्योतक मान्न सकिन्छ । तव, युद्धको व्यवस्थापन र सञ्चालन गरिरहेका वहादुर साहलाई भिकाई उनैको काखमा छोरा राजा र तिनको नायवी समेत नासोको रुपमा समर्पित गरेपछि महारानी राजेन्द्रलक्ष्मी सन्तोषले परलोक भएकी थिइन् । यस प्रकार महारानी र वहादुर साहबिच मातृ र पुत्रवत् सम्बन्ध थियो नकि घात- प्रतिघातको ।

त्यसपछि वहादुर साहले १० वर्षका वालक भतिजा राजा रणवहादुर साहलाई काख लिई वालक राजाकै नामबाट नेपालको शासन सञ्चालन गरेका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वहादुर साहले आफ्ना पितासँग कर्म (कार्य) क्षेत्रमा शिकेका व्यावहारिक ज्ञान र वेतिया निर्वासनको अवधिमा अंग्रेज शासनको अन्तरचक्षुले प्राप्त गरेका समेत ज्ञानको निचोडको आधारमा जे जस्तो र जति महारानी राजेन्द्रलक्ष्मीलाई सहयोग गरे र स्वयंले पनि कर्तव्यहरु पालन गरे, त्यो उनको महान देननै थियो भन्दा अत्यूक्ती नहोला ।

त्यस्तै, राजा रणवहादुर साह १० वर्षका र तत्पश्चातका वयमा वहादुर साहले देश नरेश र समाजको लागि जे-जति क्षेत्रहरुमा कर्तव्यको निर्वाहा गरे त्यो पनि अतुलनीय छ भन्न सकिन्छ जुन कुरा बुझ्न र देख्नपनि सकिन्छ । केवल हामीले यसको पारख गर्न जान्नु र सक्नु पर्दछ ।

सपुत वहादुर साहको भौतिक देह रहँदासम्म यदि उनले निर्वाधरुपमा कार्य गर्न पाएका भए आज यस देशको सीमाना यतिमात्र र यस देशको अवस्था यस्तो हुने थिएन होला ।

वहादुर साहले राजा रणवहादुर साहको नामवाट नायवी सञ्चालन गर्दा राजकेन्द्र र कार्य क्षेत्रहरुमा अग्रसर भई देशको सार्वभौमी थामी पिताले एक गोर्खा राज्यवाट आर्जेका देशभन्दा आजको नेपालको करिब दुईतिहाईजति अरु भू-भाग (वाईसी, चौविसी राज्यहरु) जिती गोर्खा (नेपाल) राज्यमा गाभेका हुन् ।

त्यतिमात्र होईन, त्यस समयको विश्वमै सर्वशक्तिमान ठानिएको अंग्रेजी (वेलायती) साम्राज्यवादी-उपनिवेसवादी शक्ती जसले तात्कालिक भारत (पाकिस्तान र आजको वंगलादेश समेत) पनि अधिन गरिरहेको थियो, त्यस्तो समयमा पनि सीमाना जोडिएको एक सानो देश यो नेपालले वहादुर साहकै कारण र उत्प्रेरणाले स्वदेशको सार्वभौमीमा कुनैपनि आँच आउन नदिनुको साथै उल्टै आक्रमणकारीको पूर्वमा कामरुकामाख्या (व्रह्मपुत्र नदी वारी), पश्चिममा किल्ला काँगडा, उत्तरमा मानसरोवर कैलाश र दक्षिणमा भागिरथी गंगा नदीसम्मको अंग्रेजी राज्यको विशाल भू-भाग जितेर नेपाल राज्यमा गाभेका थिए र वृहत (विंशाल) नेपाल तुल्याएका थिए ।

तिव्वत (भोट) नेपालको एक सामन्त राज्यसमान थियो, उसले नेपाललाई वर्षेनी सामन्ति कर सलामी बुझाउनु पर्ने सन्धि भएको थियो र बुझाउने गर्दथ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिता श्री ५ पृथ्वीनारायण साहको दूरदर्शितापूर्ण नीति, दिव्योपदेश र उनैले वसालेका जग अनुसार वहादुर साहले खडा र परिचालन गरेका आधारशिलाको परिणामानुसार अंग्रेज शासित भारतका केही सामन्त राज्यका राजा, नवावहरुले "फिरङ्गी (अंग्रेज) लाई धपाइदिनूस्, हामी नेपालको सामन्त राजा, नवाव हुन् मन्जुर छौं" भन्नेजस्ता आशय व्यक्त गरेका थिए ।

वहामहाराजको "यो देश (नेपाल) दुई ढुंगा (देश) को तरुल हो" जस्तो मार्मिक उद्‌गार (महावाणी) र उनकै दिव्योपदेशानुसार सपुत वहादुर साहले नै उत्तरको विशाल छिमेकी देश चीनसँग घनिष्टतम् मित्रता (घा) कायम गरेका थिए जो अद्यापिपनि सुमधुर छँदैछ ।

त्यस्तै, युद्ध पर्ने गरेंतापनि भारतमा शासन गरिरहेको अंग्रेजसँग पनि शक्ती-सन्तुलनको "जस्तोलाई तस्तै ढिडोंलाई निस्तै" जस्तो परराष्ट्र नीति निर्धारण गरिएको थियो जुन पूर्णरुपमा सफलपनि थियो ।

उपरोक्त सम्पूर्ण कार्यहरु देशको आन्तरिक रीति-स्थिति वलियो नगरेसम्म गर्न किमार्थपनि सकिंदैन थियो र वहादुर साहले सो रीति-स्थिति वलियो गरेका थिए ।

भूमिको नापजाँच एवं पोतको व्यवस्था, सैनिक गण, गुल्म गठन- संगठन, सैनिक खरखजानाको जोरजाम एवं आफ्नै देशमा सैनिक खरखजाना उत्पादन गर्ने निर्माणशालाको स्थापना आदि र देशको आर्थिक, सामाजिक र न्यायिक कार्यहरुपनि युद्धकार्यबाट फुर्सदपश्चात् गरिहाल्दथे ।

उनको धार्मिक कार्यकलाप र कीर्तिहरुबाट पनि उनी ज्यांदै धर्मपरायण व्यक्ति थिए भन्ने प्रमाणित हुन्छ ।

तात्कालिक कृषि र सैनिक युगको समयमा भूमीको नापजाँच एवं पोतको व्यवस्था र स्वदेशमै सैनिक सामग्री उत्पादन गर्ने निमार्णशालाको स्थापना, आदिले वहादुर साहको उन्नति र विकासशील कार्यको विश्लेषण गर्ने हो भने समय सापेक्ष थियो । यदि उनको हत्या नगरिएको भए र तात्कालिक नेपालको मूलमन्त्री रहेका भए नेपालको विकास र उन्नति विकसित हुँदैनथियो भन्न सकिन्न । नेपाल अहिलेको भन्दा धेरै शक्तिशाली देश हुनेमा त कुनै शंकै थिएन जुन कुरा विगतका अंग्रेज, तिब्वत, चीन र अन्यत्रका युद्धहरुवाट पनि सर्वत्र प्रष्टै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ ।

तर, दुर्भाग्य ! देशका सपुत वहादुर साहजस्ता एक महान् हस्ती, जो सम्मानका योग्य थिए, त्यस्ता निर्दोष व्यक्तित्वलाई बदलामा राज्यसत्ताको आडमा आसन जमाइरहेका केही कुरौटे-कुकर्मीले इर्ष्या र अविवेकको कुचक्र रची कसैले भेट्न नपाउनेगरी नुवाकोटमा कैद गरी महिनौ महिनासम्म वर्वरतापूर्वक क्रूर यातना दिएर वि.सं. १८५४ असार १४ मा कायरता, षंडयन्त्र र अति क्रूरतापूर्वक अपहत्त्या गरिदियो ।

महिनौं पछि वहादुर साहको हत्त्या भएको कुरा राजकेन्द्रमा भारदारहरुले थाहा पाए । वहादुर साहको दोष के थियो र उनलाई विनाहकमा किन हत्त्या गरियो ? भन्ने उनीहरुको विरोधले उग्ररुप धारण गर्ला भन्ने डरले तिनै हत्त्याराहरुको गुटले केही न्यायप्रेमी र निर्दोष चौतरियाहरु (भारदारहरु) का दुवै आँखाहरु फोडी अन्धानै तुल्याइदियो । त्यसरी, राज्यसत्ताको केन्द्रविन्दु वरिपरि घुम्ने गुटले आफ्ना कलुषित तुष पूरा गरे ।

त्यस्ता कूकृत्य त्यस शताव्दीकै अति निकृष्ट पाशविक कृत्य हुन सक्दछ ।

यसरी, नेपालको एक महान विभूतिको अत्यन्त दुःखद् अन्त्य हुन गयो ।

यसमा अझै अर्को दुःखको साथसाथै आश्चर्यलाग्दो विषय यो पनि छ कि त्यस्ता देश तथा राजभक्त राष्ट्रिय विभूतिको नेपालको राष्ट्रिय विभूतिमा आजसम्म नाम, निशानै राखेको छैन ।

निर्दोष वहादुर साहको अमर कृतिहरुबाट उनी निर्विवाद र पुर्णरुपेण राष्ट्रिय विभूति हुन् तर उनी मारिएपछि पनि अझैसम्म राष्ट्रबाट सम्मान नपाउनुमा कहीं उनको भूत जागृत होला कि भन्ने भयले पन्छाइएको त हैन ? अतः यसको रहस्य र कारण बुझ्न सकिंएको छैन ।

वहादुर साहको हत्त्या गरेको करिव दुई दशकमा सुगौली सन्धि प्रस्तावित भयो तर स्वीकृत भएकै थिएन र त्यही प्रस्तावित मात्र (सन्धि नभएको) झुट्टो सुगौली सन्धिको नाममा अविभक्त र वृहद् नेपालको सार्वभौमसत्ताको अंग्रेजसंग जिती लिइएकोजति सम्पूर्ण भू-भाग अंग्रेजलाई छाडिदिएको थियो । केवल मुख्तियार भीमसेन थापाले सिमाना छुट्याएको जति भू-भाग मात्र बाँकी रह्यो ।

यसको धेरैपछि तात्कालिक नेपालको शासन सत्ताको वागडोर लिई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वसेका शासकवर्ग (श्री ३ राणा प्रधानमन्त्री) मा आफ्ना शासन सत्ताभन्दा स्वदेशको भू-भागको बढी माया भैदिएको भएमा महात्मा गान्धिका आव्हानमा भएको अहिंसात्मक आन्दोलनबाट भारत अंग्रेजहरुबाट स्वतन्त्र हुन लागेको समयमा उक्त प्रस्तावित सुगौली सन्धिको नाममा गुमेको नेपालको भू-भाग फिर्ता लिन प्रयास गरेको भएमा फिर्ता लिन सकिने थियो । पूर्वी र पश्चिमी पाकिस्तान त्यसवेला अंग्रेजकै नेतृत्वमा भारतबाट छुट्टिएको थियो । पूर्वी पाकिस्तान आजको वंगलादेश हो । जवकि, बृहत नेपालको भू-भाग त नेपालको आफ्नै भू-भाग हो ।

यसमा भारतको राज्य शासन (उपनिवेशनै) छोडेर जानुपर्ने भएकोमा आक्रोसित अंग्रेजको के नै जान्थ्यो र ? अंग्रेजले खुशीनै भएर फिर्ता दिने नेतृत्व गर्ने थियो, कदापि रिसाउने थिएन ।

तर अंग्रेजी शासनबाट आजित भई जनजागृती फैलिएर स्वतन्त्र हुन लागेको भारतबाट नेपालको भू-भाग फिर्ता लिँदा नेपालमा पनि त्यही जनजागृतिको लहर सरेर आफ्ना एक तन्त्रीय शासन सत्ताबाट पन्छिन पर्ने भयले नै हुनसक्छ, नेपालको गुमेको भू-भाग फिर्ता लिन कुनै प्रयासनै भएन ।

वहादुर साहको नीतिलाई आत्मसात गरेर उनको हत्त्यापछि पनि वडाकाजी वीरवर अमरसिंह थापा, जो वहादुर साहका सहचारी एवं अनुयायीपनि थिए, र उनको प्रभृतिले नेपालको भू-भाग अंग्रेजी सरहदबाट अझै वढाई अधिन गरेका थिए । सो वढाइएको भू-भाग समेत उक्त प्रस्तावित सन्धिकै नामबाट अंग्रेजलाई छोडिएको थियो ।

वहादुर साहको हत्त्यापछि उनको अंग्रेजसितको नीतिलाई मुख्तियार भीमसेन थापाले अघि वढाएका थिए । भीमसेन थापाको पनि वि.सं. १८९६ श्रावणमा अपहत्त्या गरेपछि वि.सं. १८९६ भाद्रदेखि अंग्रेज समर्थन नीति लागु हुनगयो ।

सार्वभौमसत्ता थाम्ने, देश वढाउने, शान्ति सुव्यवस्था र उन्नति गर्ने कार्यमा लागिपर्ने वहादुर साह लगायत वडाकाजी अमरसिंह थापा, मुख्तियार भीमसेन थापा, काजी अभिमानसिंह वस्न्यात, सरदार भक्ति थापा लगायत त्यस्ता अन्य सम्पूर्ण व्यक्तित्त्वहरु महान एवं श्रद्धेय छन् ।

देशका विभूतिहरुको सम्मान भएन भने पुनः त्यस्ता विभूतिहरुको प्राकट्य दुर्लभ हुन्छ । यसबाट समाज र राष्ट्रमा विकृति आउँदछ र देश उँधोगतितिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जान्छ । यस्तो हुन नदिनको लागि पनि राष्ट्रले त्यागी र तपस्वी विभूतिको यथोचित स्मृति र सम्मान गर्न सक्नु पर्दछ ।

यस सन्दर्भमा, वहादुर साहलाई राष्ट्रिय विभूतिको सम्मान प्रदत्त हुनुपर्ने पहिलेदेखिकै टड्कारो आवश्यकता हो ।

अझ हुनसकेमा, शहिद दिवसमा श्रद्धेय शहिदहरुप्रति सम्मान गरिएझैं राष्ट्रका विभूतिहरुका पनि राष्ट्रिय विभूति दिवस मनाइने गरिएमा वेश हुने थियो ।

अन्त्यमा प्रकाशनमा सुझाव-सल्लाह दिनु हुने मित्र श्री बसन्त वहादुर थापा, नयाँबानेश्वर र यस कार्यमा महत्वपूर्ण सहयोग गर्ने मेरो बहिनी रन्जु क्षेत्री, कालिमाटी - कुलेश्वरप्रति आभार व्यक्त गर्दछु ।

अस्तु

२०५५ जेष्ठ

प्रकाशक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ 卐 गौः श्रीः शिवौ वेदाः

अधिराजकुमार वहादुरसाह !

अधिराजकुमार वहादुरसाह श्री ५ बडामहाराजा पृथ्वीनारायणसाहदेव र श्री ५ बडामहारानी नरेन्द्रलक्ष्मीदेवीका माहिला छोरा हुन् ।

पृथ्वीनारायणको वंशावली आसन्न शय पुर्खाको मूल राजधानी कालीगण्डकी पूर्व तटस्थ पारकोट आलमदेवीका स्थानमा पाइयेको छ । त्यो पनि प्रकाशमा आउँदै छ । गण्डकी अञ्चल कास्की पोखराका राजा कुलमण्डनसाहका पुत्र लमजुङ्का राजा यशोवर्मसाहका ३ पुत्र नरहरिसाह, नरपतिसाह, द्रव्यसाहमध्ये काञ्छा द्रव्यसाह शाके १४८१ भाद्र कृष्ण अष्टमी बुधवार रोहिणी नक्षत्र रात्रि ११ घडीमा गोर्खा कैलासकूट भवनमा गोर्खाका जनप्रतिनिधि ६ थर, १२ घर, १२ हजारिया, ४ जात ३६ वर्णका एक वाक्यले अन्यायी राजा मानसिंह खड्का मगरलाई पञ्छाई गोर्खाका राजसिंहासनमा अभिषिक्त भये ।

द्रव्यसाहका पुत्र पुरन्दरसाह । तत्पुत्र छत्रसाह । तद्भ्राता रामसाह । तत्पुत्र डम्बरसाह । तत्पुत्र कृष्णसाह । तत्पुत्र रुद्रसाह । तत्पुत्र पृथ्वीपतिसाह । तत्पुत्र वीरभद्रसाह (नायक) । तत्पुत्र नरभूपालसाह । तत्पुत्र पृथ्वीनारायणसाह २० वर्षका आयुमा गोर्खाका राजा भये ।

अथ गोरक्षनाथस्य कृपयार्जित-सद्बलः ।
पृथ्वीनारायणः सम्राट् दिग्जयेषु मतिं व्यधात् ॥

५० वर्षका आयुसम्म तिष्टा गङ्गा मानसरोवर भेरीको साँध लायेर राज्यवृद्धि गरी बिक्रम संवत् १८३१ माघ सङ्क्रान्तिका दिन पृथ्वीनारायणसाह दिव्य उपदेश दियेर कैलासवासी भयेपछि तत्पुत्र प्रतापसिंहसाह राजा भये । २ वर्ष १० मास ५ दिन मात्र राज्य गरेर प्रतापसिंहसाह परलोक गयेपछि २ वर्ष पूरा भई ३ वर्ष मात्र लागेका भतिजा रणवहादुरसाहलाई राजसिंहासनमा राखी आफू राजप्रतिनिधि भयेर वहादुरसाहले पिता पृथ्वीनारायणका दिव्य उपदेश अनुसार राजकाज चलाये ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिता पृथ्वीनारायणलाई शल्यानकोटकी महिषमर्दिनी दुर्गाले जौंला खड्ग वरदान दियेकी थिइन् । शल्यानकोटकी देवी छ्यात्छ्यात् छन्. भनि भञ्छन्. म पनि साइत गरी जाञ्छु. भनि गञ्रू र पुग्या पछि शल्यानीका थर घर वराह उमराउहरु सित सोध्यात्रा. माईको दर्शन गर्नु हुञ्छ. कि. भन्दा. भित्र दर्शन पुजारी सुसारेलाई मात्र दर्शन गर्नु हुञ्छ. भन्या र ढोकामा ता हुञ्छ कि. भन्दा. ढोकामा ता हुञ्छ. भन्या र ढोका सम्म जाई. पाठ पूजा जप दर्शन गर्थ्यां र एक दिनका रातमा. दुइ हातमा दुइ खड्ग लियाकी. कुसुम्या पछ्यौराको घुगुटी पारी म छेउ आइन् र. मैले सोध्यात्रा. तिमि कसकि छोरी हौं. भन्दा. म राना (मगर) पुजारीकी छोरी हुं. भनिन् र उ दुवै खड्ग मेरा हातमा दिइन् र. आर्सी प्रमानको लाल टलबल गर्थ्यो. खोकिलाबाट झिकी मेरा मुख सम्म ल्याई. यो पनि निल भनिन् र. तम्रो मनकाञ्छ्या पुऱ्याई दिया को छ. मेरो मन काञ्छ्या पनि पुऱ्याई जाउ. भनेर जसै दुइ पाइला गै थिन्. उसै वेलामा म पनि व्यूउझ्यां र पुजारी राना (मगर) लाई र दुवै जैसी लाई डाक्यां र सोध्यात्रा र. ती माई हुन्. दर्शन पाउनु भयेछ. भन्या र वोर्लाङ्घाटको आमदानी र घाटै छेउ को टार. माईलाई सङ्कल्प गरी दित्रा र उसै साइतमा सरासरी आत्रा ....

इत्यादि प्रकारले "प्रायात् पूर्वपथेन" अहोरात्र निरन्तर ५० वर्ष पर्यन्त धर्म-विजयार्थ राष्ट्रिय एकतार्थ पदयात्रा र अश्वयात्रा गर्दा जेठा राजकुमार प्रतापसिंहसाह पठनपाठनमा लागे । माइला वहादुर साह पिताका पाइलामा पाइला राखेर धर्मयुद्धमा साथ लागे र यस्तु क्रियावान् पुरुषः स विद्वान् भनियेका क्रियावान्, विद्वान् बने । विद्वान्हरुको सत्सङ्ग गरे निरन्तर सर्वत्र जनसम्पर्क गरेर न च परां लोकज्ञतां नाश्रितः । परा लोकज्ञनीतिनिपुण बने । मालाकार इव प्रयोगकुशलो राजा चिरं नन्दति । भन्ने राजधर्मको आदर्श राखेर समस्त गोर्खाली वीर वीराङ्गनाहरुलाई विश्वविख्यात वीर जातिको ख्याति प्रदान गरेर पिताको बाटो गये । पुर्खा गये जसरी जाउँ उतै मिलेर ।

गोर्खा सैनिक कोटमा कटकमा कैलासका कूटमा,
गङ्गाका तटमा हिमाल् मुकुटमा राष्ट्रध्वजा भोटमा ।
हल्ली-हल्ली वतासले विजयका वाजा सितै तालमा,
लम्क्यो लम्कि रहोस् सदा अटल होस् शार्दूलका चालमा ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनेर –

जस्ले सातु गऱ्यो मकैकन पिँधी सिध्रो मुठीमा धऱ्यो,
सिन्की थीचि सुकाइ दियो नुनढिको फोऱ्यो र साथ्मा लियो ।
कोदो फाँडि फल्यो नखाई दहिको ठेको सिकामा धऱ्यो
भेडो छोडि दियो दशैंकन भनि त्यो हो बडो बुद्धिमान् ॥

हाम्रो मौलिकता कता तिर गयो ? मूलस्थली हो कता ?
भाषा भूषण भेष संस्कृति कला आदर्श शैली कता ?
कस्मा छन् थरका थला तल हुँदा थारु कसोरी भयो ?
जेठो वेद हिमाल हो सकलको कैलास साक्षी छ यो !

मातृ भूमी पितृ भूमि, पुण्यभूमि हाम्रो ।
हिउँचुलीले झलमल्ल, हेर कति राम्रो ?
यसैमा जन्म्यौं, यसैमा हुर्क्यौं, यसैमा विलाऊँ ।
फुटेका भाई, जुटेर सबै, छुटेको मिलाऊँ ॥

भनेर –

अखट विकट बाटा उइ उकाला वराला,
झड भड भिड गौंडा, जीर्ण साँगू कराला ।
वनकर भय भारी, लेख खोला र नाला,
विष बुकि हिम काटी, वीर कैलास जाला !!

उध्दूत-चामर-रुचां शुचि-निर्झराणां,
वाता वनौषधि-सुवास-भृतो वहन्ति ।
कैलास-शैल-विषये विषवेग-मूर्छा,
शीतर्तुषु क्वचन वान्ति च कालवाताः ॥

कैलासः प्रथमः शिवस्य वसतिः शैली यतः संस्कृतिः
श्रीगोरक्ष-पथास्तथा शिवकथा नाथावताराः शतम् ।
वैशाखी शिवपूर्णिमा तिथिवरे वारे शिवे मङ्गले,
लोकानुग्रहविग्रहः शिवगुरुर्गोरक्षनाथोऽभवत् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरक्षाधीशरक्षामरवरनगरप्रोद्यदुद्दामधाम
ग्रामग्रावाभिरामावनिधरनिकटस्थायिगोर्षापुरीशः ।
नेपालाधीशभालास्थिततिलकमपाकृत्य सम्प्रीतचेताः
पृथ्वीनारायणाख्यः क्षितिपकुलमणिर्वर्वृतीतिस्म लोके ॥

राजानः सन्ति नो किं दिशि दिशि धरणीपालवंशाब्धिजाता
द्यूतस्वापाबलासु प्रणिहितमनसो दानयुद्धप्रहीणाः ।
दाने मेघोपमानो रिपुदवदहनप्रौढदावानलोऽसौ
पृथ्वीनारायणेशो जयति निजधरावारितद्यूतदोषः ॥

गङ्गासीमासमासीत् तदवसरसमायातचीनाधिपोऽपि,
नेपालध्वंसनोद्यन्मतिरतिबहलान् ध्वंसितान् स्वान् विलोक्य ।
अङ्के तं स्थापयित्वा शिशुमवनिपतिं शासति प्रद्रुतोऽस्मिन्,
भैरव्युद्दामभावप्रकटितसुमतौ श्रीवहादूरसाहे ॥

भगुवा भतुवा गासे, शरणार्थी नभैकन ।
थरी थानी र रैथानी, स्थानीयै छौं सवैजन ॥

भन्ने मौलिक भावना स्थायी राखेर वहादुर साहले आजीवन पवित्र राष्ट्रिय भावना अखण्ड राखी पुर्खाको पद्धति चलाए । वहादुरका अनुयायी १२ हजारिया गोर्खाबाट ६ थर, १२ घर, ७ काजी, २७ खुंडा, ५२ लाख गोर्खा सैनिक गरे । अगाडी बढ्दै गये । ब्रम्हपुत्र देखि सिन्धुसम्म गङ्गादेखि कैलास मानसरोवरसम्म पुगे । प्रमाण अभिलेख लाखौं छन् । यस भागमा यत्ति भो । अरु अगाडीका भागहरुमा आउँने छन् । यस इतिहासका लेखक शमशेरवहादुर थापा ८८ वर्षीय हुनुहुन्छ । प्रकाशक वहादुर साहका सन्तति दिवाकर विक्रम साह हुनुहुन्छ ।

योगी नरहरिनाथः
मृगस्थलीस्थः,
२०५५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्री गोरखनाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्र-निर्माता श्री ५ बडामहाराज पृथ्वीनारायण शाहदेव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ मुमा वडामहारानी रत्नराज्यलक्ष्मी देवी शाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय एकताका प्रतीक हिन्दु-सम्राट श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजमहिषी श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मी देवी शाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वडा महाराजा पृथ्वीनारायण साह देवका सुयोग्य अनुयायी अधिराजकुमार वहादुर साहको

प्रमाणित इतिहास

वहादुर साहको संक्षिप्त जीवनी लेख्न प्रारम्भ गर्दा वहाँको कुल-बंश १०/१२ पुस्तालाई भनेपनि सम्भन्न उचित हुन्छ । वहाँका पिता श्री ५ वडामहाराजा पृथ्वीनारायण साह हुन् । पिताका पनि पिता नरभूपाल साह थिए । वहाँका पुर्खा लम्जुङ्गका राजा यशोब्रम्ह (वर्म) साहका कान्छा छोरा द्रव्य साह भए । तिनले सर्वप्रथमत: गोरखाका मानसिंह खड्का (मगर) राजालाई पन्छाई आफु राजा भए । वहाँकै नामदेखि १२ रौं पुस्तामा यो देश समाजको पूर्वका सार्वभौमिक हक अधिकार थाम्ने पृथ्वीनारायण साहको अवतार देखिन्छ । वहाँका पिता नरभूपाल साहकी रानी ४, भित्र्यानी २ थिए ।

विवाहिता रानीकै कुरा गरौं । रानी चन्द्रप्रभाका सन्तान भएनन् । रानी कौशल्यावतीतिर बि. सं. १७७९ पौष २७ गते यस भेकका देश समाजको धेरै कालको सार्वभौमिक इतिहास थाम्ने श्री ५ पृथ्वीनारायण साह जन्मे । त्यसपछि कौशल्यावतीकै गर्भबाट माहिला दलमर्दन साह, कान्छा पृथ्वीपाल साह जन्मे । पृथ्वीपाल साह बालकैमा दिवङ्गत भए ।

रानी बुद्धिमतीका गर्भबाट वृन्दकेशर साह, शूरप्रताप साह जन्मे । कान्छी रानी शुभद्रावतीतिर महोद्दामकीर्ति साह र दलजित साह जन्मे । भित्र्यानी दुईमा कान्छीतिर मात्र रणरुद्र साह, भीमदत्त साह, केशिदमन साह, जगतजित साह र रणशूर साह ५ छोराहरु जन्मे ।

नरभूपाल साह वि. सं. १७९९ मा परलोक भए । तव २० बर्षका पृथ्वीनारायण साह गोरखाका राजा भए । पृथ्वीनारायण साहका विवाहित २ रानी थिए । प्रथमत: मकवानपुरका राजा हेमकर्ण सेनकी राजपुत्री ईन्द्रकुमारीसँग बिबाह भयो । कान्छी रानी काशीका भूमीपति राजपुत अहिमान सिंहकी छोरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नरेन्द्रलक्ष्मीसँग ३५ बर्षको उमेरमा बिबाह भयो । नरेन्द्रलक्ष्मीतिर ३ छोरा र ३ छोरी जन्मे । छोरामा ज्येष्ठ पुत्र प्रतापसिंह साह जन्मे, माहिलामा वहादुर साह जन्मे ।

वहादुर साह शक सम्बत् १६७९, बि. सं. १८१४ आषाढ कृष्ण अमावश्या मृगशिरा भुक्त घ, २९/३२ बृषराशे भोगघटि ०/२८ गण्डयोग ५१ गुरौ उ.प्र. १२/२० आषाढ दिनगता ६ मा जन्मे । यसको प्रमाण – (पू. ६४/-२०) र माईक्रो फिल्म नेपाल राष्ट्रिय अभिलेखालयमा ई. ११४८/२ मा छ (महेशराज पन्तको 'टिप्पनको पुस्तक" नामक शिर्षकको लेखमा प्रकाशित) ।

कान्छा नारायण साह जन्मे र बालकैमा दिवङ्गत भए । छोरीतिर पृथ्वीनारायण साहकी छोरीहरु ३ थिए । तिनमध्ये सल्ल्यानी महारानी विलासवती प्रभावशाली देखिन्छिन् । वडामहाराजा पृथ्वीनारायण साहका भित्र्यानी रानीपनि थिए । भित्र्यानी रानी इच्छावतीतिर सिंहबीर साही जन्मे ।

वहादुर साहको संक्षिप्त जीवनी लेख्न प्रारम्भ गरिएको यो लेख हुँदा प्रतापसिंह साह र वहादुर साहको काम, कर्मको साथै मृत्यूपर्यन्त वहादुर साहको जीवनी तल दिइने हुँदा श्री ५ वडामहाराजा पृथ्वीनारायण साहको संक्षिप्त जीवनी पाठ यस्तो देखिन्छ ।

बि. सं. १७९९ कार्तिक महिनामा नुवाकोट युद्ध बिफल भएकोले बि. सं. १७९९ मार्गमा श्री ५ वडामहाराजा पृथ्वीनारायण साह बनारस (वाराणसी) यात्रा सफल गरी अवस्थी शिद्धबाट खड्गशिद्धि बर पाए । बि. सं. १८०१ मा नुवाकोट (पश्चिम १ नं.) विजय गरे । केही महिनापछि बेल्कोट विजय भयो । बि. सं. १८०३ मा डाँछी, छालिङ् युद्ध विजय र बि. सं. १८११ मा नालदुम विजय भयो । अमरसिंह थापा (साना) का वावु वीरभद्र थापाको त्यसमा बिजेतामा नाम छ । प्रमाण (६/-३७५) र (प्रा. ने. १०/-६) मा उल्लेख देखिन्छ ।

बि. सं. १८१४ मा कीर्तिपुर विजयको आकांक्षाले युद्ध हुँदा गोर्खालीको हार भयो । काजी कालु पाँडेको टाउको कीर्तिपुरेले काटी बाघभैरवको ढोकामा टाँगे भन्ने प्रमाणित छ । बि. सं. १८१८ मा चौकोट विजय भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बि. सं. १८१९ मा वडामहाराजा पृथ्वीनारायणको धेरै काम सफल भयो । सर्वप्रथमत: नुवाकोट महामण्डलमा दुर्गरत्न किल्ला बन्यो । अर्कोतिर मकवानपुरमा थाना मोर्चा बलियो गरी तिमालकोट विजय भयो । आस्वीन महिनामा हरिहरपुर विजय हुनुका साथै मकवानपुरपनि विजय भयो । मकवानपुरका राजा-रानी भागे । त्यसपछि कविलासपुर दखल भयो । पौष महिनामा मकवानी राजाको सहयोगमा काश्मल्लि खाँको नवावी सैन्यले मकवानपुरमा घेरा दियो र गुरबिन खाँसँग युद्ध विजय भयो । यस युद्धमा नाहरसिंह र केहरसिंह बस्न्यात, बंशराज पाँडे, श्रीहर्ष पन्त, जीव साह, रामकृष्ण कुँवर, बाङ्गे बस्न्यात, दुर्लभ खत्रीहरुको नाम कीर्ति ठूलो देखिन्छ (पू. ६/- ३८३, ३८४) ।

त्यसपछि खुँडाघाटमा मकवानी राजा दिग्बन्धन सेन बसेका छन् भनि गुप्तचर (सुराकी) ले खबर ल्याउँदा त्यो ठाउँमा गोर्खाली सैनिक खट्टिई डाँक हान्न पुगे । राजा उम्के, रानीहरु पक्राउमा परे (पू. १६/- ३८५, ३८६, ३८७) । यो त बि. सं. १८१९ फागुन ५ गतेको कुरा हो ।

फागुन १७ गते मकवानी राजा दिग्वन्धन सेन पृथ्वीनारायण साह रहेको ठाउँमा उपस्थित भए । उनीहरुलाई साथै काठमाडौं ल्याएपछि मकवानी राजाका सपरिवार गोरखामा लगी नजरबन्दी थुनामा राखियो । यसबेला मकवानपुर विजय भएको मानिन्छ । दक्षिणतिर तेन्हहुँत सारङ्गधरले गंगा सीमाना हरिहरक्षेत्रसम्म साह अधिराज्यको भू-भाग देखिन्छ (६/-८) । तर तेन्हहुँत सारङ्गधर अधिपत्य बहाली हुन बाँकी थियो, त्यसको विवरण प्रसङ्गानुसार तल दिइन्छ ।

बि. सं. १८२० मा चोभार, पाँगा, धुलिखेल, खँडपु, पनौती, सानेपा, नाला ७ गाउँ पृथ्वीनारायणको सार्वभौमिकतामा सम्मिलित भयो । बि. सं. १८२० कार्तिक महिनामा कान्तिपुरका राजा जयप्रकाश मल्लका सहायतामा आएका हरिद्वारका नागाहरु ५०० जति जवान हातहतियार लिएकासँग गोर्खाली सैनिकको साँगामा संग्राम भयो । त्यो युद्ध विजय हुनुका साथै फर्पिङ्ग, विसंखु, लकाङ्गपनि विजय भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बि. सं. १८२१ मा दोश्रो पटक कीर्तिपुरमा युद्ध भयो । तैपनि विजय हुनसकेन । पुनः बि. सं. १८२२ मा किर्तिपुरको साथै लुतिकोट विजय भयो । त्यसैबेला सौत्यानी भाई महोद्दामकीर्ति साह र सहोदर भाई दलमर्दन साहले छुट्टै राज्य पाउँ भनि दाज्यू श्री ५ पृथ्वीनारायण साहसँग विन्ति गरे । पृथ्वीनारायण साह केही वोलेनन् । यसको परिणाम इतिहासले के देख्छ भने पूर्वको सार्वभौमिक बिशाल देश बनाउन इच्छा भएर हो कि पछि पछि वहादुर साहले जस्तो सामन्त राजा राख्ने बिचार गरेका थिए कि ?

पाल्पाका राजा मणिमुकुन्द सेन र भक्तपुरका राजा यक्ष मल्लले छोराहरुलाई राज्य अंशबण्डा गरिदिंदा भएको परिणाम दोहरिन्छ कि भन्ने भयले नबोलेका होलान् ।

बि. सं. १८२५ मा कान्तिपुर (काठमाडौं) विजय भयो । ११ दिन पछि पाटन (ललितपुर) गोर्खालीहरुको अधिनमा आयो । बि. सं. १८२६ मा भक्तपुर विजय भयो ।

पाटन, भक्तपुर विजय गर्दा आफ्ना भाई र सौत्यानी भाईहरुले प्रसन्नता प्रकट गरेनन् भनेजस्तो इतिहासले बताउँछ । विजय गर्ने कामका समयमा नुवाकोटतिर गई बसेकाले श्री ५ पृथ्वीनारायण साहको मनमा के पर्‍यो इतिहासले बताउन सक्दैन । अनुमानमा याद आउँछ जित हुनुभन्दा हार भएको खुशियाली मान्ने जस्तो बुझेर नुवाकोटदेखि महोद्दामकीर्ति साह, दलजित साह, दलमर्दन साह समेत तीनैजनालाई दक्षिणतिर पृथ्वीनारायण साहले धपाए । जेठी चौतार्नी नुवाकोटमै रहिन् ।

त्यसबेला बेतियामा नेपालको चर्चा बुझ्न अंग्रेज बसेका थिए । अंग्रेजलाई सौत्यानी भाई र पृथ्वीनारायण साहका भाईले भेटेछन् । कुरा हुँदा छुट्टा राज्य माग्दा हामी भाईहरुलाई दाज्यू राजाले यता धपाए भने हुनन् । तब अंग्रेजले हाम्रो कार्य सफल भएपछि मकवानी सेन राज्यमा सामन्त राजा दिउँला भने भन्ने यो खुशियालीमा नुवाकोट बसेकी चौतार्नीलाई महोद्दामकीर्ति साहले पत्र लेखे । पत्रवाहक काठमाडौंतिर आयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिमानसिंह बस्न्यातलाई बि. सं. १८१९ देखि मकवानी राज्यमा श्री ५ पृथ्वीनारायणले प्रशासन गर्न मुख्तियारी पद दिएको देखिन्छ । आफ्नै भाई केहरसिंह बस्न्यातलाई बिदेशबाट काठमाडौं जाने मालसामान निरीक्षण गर्ने काममा राखेको थियो कि भन्ने इतिहासले औंल्याउँछ । त्यो पत्रवाहकको सामग्री केहरसिंहले निरीक्षण गर्दा महोद्दामकीर्ति साहले आफ्नी चौतार्नीलाई चिठ्ठी लेखेको फेला पारेको हुनुपर्छ ।

केहरसिंह बस्न्यातले आफ्ना दाज्यूलाई त्यो पत्र दिएकोले अभिमानसिंह बस्न्यात कान्तिपुर आई श्री ५ पृथ्वीनारायण साहलाई यो पत्र चढाए । कुरो जाहेर भयो । नुवाकोटमा रहेको चौतार्नीलाई चिठ्ठी लेखेको रहेछ । लौ यो चिठ्ठी तिमीनै पुऱ्याउन जाउ भन्ने हुकुम भयो । हुकुम भए बमोजिम अभिमानसिंह बस्न्यातले पुऱ्याई दिए ।

यो कुरा चौ. महोद्दामकीर्ति साहले थाहा पाएपछि केहरसिंह बस्न्यातलाई दगा गरे भन्ने अभिमानसिंह बस्न्यातले बिन्तिपत्र लेखी पठाए । केहरसिंह बस्न्यातलाई त्यो काममा राख्नु भएन भन्ने विन्तिपत्रमा लेखे कि जस्तो छ र केहरसिंहलाई अरुनै काममा लगाएको जस्तो देखिन्छ ।

श्री ५ पृथ्वीनारायणले तुरुन्तै भक्तपुरबाट अभिमानसिंह बस्न्यातलाई र चौ. महोद्दामकीर्ति साहलाई यसबारे पत्रमोहर लेखेको यस्तो छ –

(श्रीदुर्गा सहायः ?)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदाव-लीवीराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानाम् सदासमरविजयीनाम् –

स्वस्तिश्रीसर्वोपमाजोग्येत्यादि श्रीअभिमानसिंहके आसीक पुर्वक पत्रमिदं याहा कुसल ताँहा कुसल चाहिए जेहिते परम आनंद होइ आगे ञाहाको समाचार भलोछ उप्रान्त जेठा चौतरीया मदेशमा राजा हुन लाग्या भनि जेठी चौतर्नि थैं ले कलपिकन भनिस भनि तँसित जेठा चौतरीया झगडा गर्न षोजद छन् गरे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(अरे) त्यो कुरा यस्तो हो जेठा चौतरीयाको विजिनिस पत्र वीचमा (पक्रि) कन केहरले मेरा हजुरमा चढाई पठाउदा उसै चिठिका वुजले जेठा चौतरीया त राजा हुन लाग्याछ्न जा समाचार सुनाई आ क्याभन्छन् भनि तँलाई जेठी चौतार्नि छेउ नुवाकोट् छदा कलीया पठायाको मैले हो ष्वामिदले अरायाको सेवकले हुकुम मान्नैपर्छ तैले आफ्ना उचितले भन्न गयाको पनि होइन जोर गांथ गऱ्याको पनि होइन तेस वापतमा चौतरियाको वादी उनैका विजिनिस पत्र छदैछ उहि सहिले कढिया पठायाको हो तेस कुरामा तलाई दोष छैन उनैदुहुँदा हुन् तसित तकरात गर्न आया यहि मोहर देखाई दियस् आफैं कायल हुनन् उप्रान्त पुरश्चरणको सराजाम न पुग्या हो मागि पठा. बिज्ञषु किमधिकं कार्तिक सुदि १२ रोज ३ मुकाम भादगाउँ

(श्रीदुर्गा सहायः ?)

स्वतिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिवी-राज मानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमतपृथ्वीनारयाणसाहदेवानां सदारसमरविजयिनाम्

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिवी-राजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीमन्महोद्दामकीर्तिसाहदेवेषु सदासमरविजयिषु

आशिष पुर्वक पत्रमिदं इहाकुसल ताहा कुसल चाहिये आगे ञाहाको समाचार भलोछ उप्रान्त कहर बस्न्यात माथी दगा गर्न्या डवल गर्छस् गरे (अरे) दंगा गऱ्या आषा कढाई मागलास् यस कुरामा कहर साचोछ तैले लेष्याको कागत र मानीस मात्र पक्रेर हामि छेउ पुऱ्यायो आफ्ना हातमुखले भनि गरि कहिं वीरायाको छैन आफ्ना कर्तव्यले तहि झुट्टोछस् झुट्टो भया प्रांन्त चुप लागिरहनु –

यी दुई लालमोहर इतिहास प्रकाश अंक १ बि. सं. २०१२/१/१ मा इतिहास मण्डलले प्रकाश गरेका हुन् । पृष्ट १२ मा बस्न्यात पत्रावली शिर्षकमा प्रकाश भएको छ । अब अरु कुरातिर जाऔं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वि. सं. १८२६ मा चौविसिले निहुँ खोज्यो । तनहुँका राजाको गोर्खाली सैनिकले दुरुचुङ्ग भूमी मिचे । लम्जुङ्गको हाता रागिनास भूमी मिचेर गोर्खाली फौज अरु चौविसेसँग युद्ध गरेर चौविसे शान्त भए । लम्जुंगको हाता र तनहुँको हाता फिर्ता लेउ भन्दा लम्जुङ्ग तनहुं दुवैका राजा खुशि भए ।

आफ्ना जग्गा पाएकाले वडामहाराजासँग के-के कुरा भयो, सार्वभौमि बुझेर नै हुनसक्छ, लम्जुङ्ग, तनहुँका राजा नेपाल राज्यको गुमस्ता (सामन्त राजा जस्तै) भए । गुमस्ता हुन्छु भनेर कबूलपत्र लेखेको हुनुपर्दछ । लम्जुंङ्ग र तनहुँका राजाले आफ्ना-आफ्ना छोराहरु श्री ५ वडामहाराजाका सेवामा उपस्थित राखे ।

श्री ५ वडामहाराजा पृथ्वीनारायण साहको बाहुलीबाट पानको बिंडा उठाए (इ.प्र. अङ्क १ को पृ. १०१) र (६/-३६५) ।

यसरी लम्जुङ्ग र तनहुँका राजा सामन्त (गुमस्ता) वनेर मद्दत गर्न आएको गोरखा अधिराज्यबाट काजी बंशराज पाँडे र सरदार केहरसिंह बस्न्यात दलबल सैनिक लिई खटिएकोले बि. सं. १८२८ ज्येष्टसम्म राङरूङ, गरहुं, सतहुँ, पैयुं लाई गोरखा (नेपाल) राज्यमा मिलाए । अब किहुँ, गृंहाकोट, भिर्कोट लिन मिलाउन बाँकि थियो ।

यति भैसकेपछि गोर्खाली सेना नायकको सुद्धिबुद्धि हराएर हो कि के भएर हो अद्यापि प्रष्ट इतिहास पाइएको छैन । भयंकर अवनतिको बिजारोपण यसै बेला भएछ । बाबुराम आचार्य प्रकाशन (ने. सं. बृ. पृ. ५५) मा यस्तो लेखेको पाइन्छ कि –

बि. सं. १८२८ ज्येष्ठ २५ गते भिर्कोटे राजाको राज्यको हाता गृहांकोटमा युद्ध भयो (नबुझिने कुरा यस्तो छ) । तनहुँका सैनिकले आफ्ना राजा हरकुमारदत्त सेनको इशारा पाएर हो वा भिर्कोटे राजाका खुसामदले हो तनहुका सैनिकले विद्रोह गरे भन्ने बाबुराम आचार्यको लेख यस्तो छ –

ज्येष्ठ २५ गते गृहाँकोटको युद्ध जितबाजी गोर्खालीकै भयो । त्यस युद्धमा तनहुँका सैनिकले विद्रोह गरेको भन्ने के विद्रोह गरेको हो भन्ने प्रष्ट खुलेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छैन । तनहुँका सेनापति हरकुमारदत्त सेनले गोर्खाली अधिनायकको त्यो कुरा सुनेछन् । २५, २६, २७ गते आफ्नो सफाई देखाउँदै थिए भन्नेपनि बाबुराम आचार्यले त्यसमा लेख्नु भएको छ ।

भोलिपल्ट ज्येष्ठ २६ गते भिर्कोटे राजधानीमा युद्ध भयो । भिर्कोटे राजाले घेरामा परी आत्मसमर्पण गरेकोले राजाको र सैनिकको हातहतियार खोसी सरदार केरहसिंह बस्न्यातले छोडि दिए भनेर बाबुराम आचार्यको लेख देखिन्छ ।

यसरी गोर्खालीतिर दुवै दिन आफ्नो मनसुवा पूरा भएकोले खुशियाली मनाउने समयमा ज्येष्ट २७ गतेका दिन तनहुँका सैनिकले के विद्रोह गरे । खुशियाली मनाउँदा क्षमा दिएको भएपनि गोरर्खालीको महत्त्व ठूलो हुने थियो । तनहुँका सैनिक थुनिएका थिए कि वा बोलाउँदा आएका हुन भन्ने कुरो खुल्दैन । सरदार केहरसिंहले ती सबै ९६ जनालाई काटे भन्ने बाबुराम आचार्यको उक्त प्रकाशनमा पाइन्छ ।

यस्तो घोरघमासान युद्ध भएको समयमा काजी बंशराज पाँडे काश्कीमा बसेका थिए भन्ने बाबुराम आचार्यले लेख्नु भएको छ । कहिले गए, कति दिन बसे, त्यहाँ के काम गरे भन्ने बाबुराम आचार्यले लेख्नु भएको छैन । बंशराज पाँडेको अवगाल पन्छाएको भनेर केहरसिंह बस्न्यातका वंशले भन्दै छन् के हो ?

युद्धमा खटिएको सैनिक सेनानायकको आज्ञानुसार चल्छन्, चल्नु पर्छ भन्ने चलन छ । कदाचित सेनानायक घेरामा परी मऱ्यो भने घेरामा परेका सैनिक भाग्न पाएनन् भने ती सैनिकलाई हातहतियार खोसी छोडिदिएको देखिन्छ । जस्तो - भिर्कोटे राजाको र सैनिकको हातहतियार खोसेर केहरसिंह बस्न्यातले छोडेको प्रष्टै देखिन्छ ।

तनहुँका सैनिकको सेनापति हरकुमारदत्त सेन देखिन्छन् । हरकुमार दत्तले आफ्नो सफ़ाई देखाउँदै थिए भन्ने बाबुराम आचार्यको कथन छ, सुनुवाई भएन कि ? यो कुरा अधुरै रह्यो । हरकुमारदत्त सेनलाई छोडेको देखिन्छ । त्यत्तिका सैनिकलाई काट्नु यो अन्याय अन्धकार केहरसिंह बस्न्यातको ज्येष्ट २६ गतेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नीतिले कर्तव्य गरेको देखिदैन । मुख्य युद्धको अधिनायक काजी वंशराज पाँडेकै कर्तव्य हो कि ?

बाबुराम आचार्य अरु लेख्नुहुन्छ – तनहुँका राजा हरकुमारदत्त सेन मनमनै गोरखालीसित ज्यादै कुपित थिए (यस्तरी अर्काको मनको कुरा जान्ने व्यक्त गर्ने बाबुराम आचार्यको लेख उपन्यास जस्तै लेखाई छ) ।

अरु लेख्नु हुन्छ कि - आफ्नो शक्ति नभएकोले बोल्न सकेका थिएनन । यस घटनाबाट तनहुँका जनतामा पुरानो बैरभावले (कुन बेलाको के हो ?) गोर्खाली विरुद्ध घृणाको भाव फैलिएको (आफ्नो मनले) दर्शाउनु भएको छ ।

बाबुराम आचार्यको लेखको मूल्याङ्कन यसै पुस्तकको तल प्रसङ्गानुसार दिइएको छ । जसमा विद्वान् सूर्यबिक्रम ज्ञवालीले र स्वामी प्रपन्नाचार्यले मूल्याङ्कन गर्नु भएको छ । बाबुराम आचार्यको लेख यस्तै वहाँको प्रकाशन (ने. सं. बृ. को पृ. ५७२, ५७३) मा र (पू. २७/-१६६ र १६७) मा पनि व्यक्त गरेको पाइन्छ । लेखाई फरक-फरकै छ । प्राकृतिक बृद्धावस्थामा कहाँ-कहाँ कस्तो लेखें भन्ने बृद्धावस्थाको हुने सुद्धि भएनछ । एउटै लेख लम्बे हुने भएकोले यहाँ त्यो फरक परेको कुरा दिइएन । अब अरु कुरातिर जाउँ ।

चौविसेले श्री ५ पृथ्वीनारायण साहको सार्वभौमनीति (यसबेला बिरसिलो) थाहा पाए मात्र हैनन्, यो रहस्य बाईसीमा पनि फैलाए र गुप्त संगठन गरेको गोर्खालीले थाहै पाएनन् ।

गोर्खालीसँग मेलमिलाप उस्तै छ भन्ने देखाउँन बि. सं. १८२८ ज्येष्ठ ३१ गते पुन: भिर्कोट, गरौं, पैयौं स्वतन्त्र छौं भन्नेहरु गोरखा राज्यमा मिलाएर प्रशासन गरेको काम देखाए । बि. सं. १८२८ को दशैं, तिहार चाडपर्व मनाउँदाको महोत्सवलाई भनि लमजुङ्ग, तनहुँका राजाले आफ्ना आफ्ना राजाकुमार पृथ्वीनारायण साहकाहाँ हाजिरिमा काठमाडौं रहेकालाई महोत्सव मनाउन जुक्ति बुद्धिले आफ्नो - आफ्नो राज्यमा लैजान पनि सफल भए (श्री ५ पृथ्वीनारायण साहको सं. जीवनी पृ. ५७९) । मार्गको धानबाली उठाउने काम समेत पूरा गरिसकी आफु भित्र बलियो संगठन गुप्तचालले चौविसेले गरे । गोर्खालीले पत्तै पाएनन् । यो कुरा माथिदेखि भन्दै आइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बि. सं. १८२८ पौष ५ गतेको दिन थियो । गोर्खाली सैनिक जहाँ बसेका थिए, त्यहाँ सामन्त राजाका सैनिक आए र हतियार राखेको ठाउँमा पुगे । यसरी दलबल आउँदा अचम्म त माने, आक्रमण गर्न आएको भन्ने गोर्खालीले थाहै पाएनन् । दोश्रो दलबलको जहाँ शिवीर थियो, त्यहाँका सैनिकले गोर्खालीउपर धमाधम शस्त्र चलाए । गोर्खालीले हतियार झिक्नै पाएनन् ।

गोर्खाली सैनिकलाई हतियार गोली चलाउँदा थोरै समयमा नै सरदार केहरसिंह बस्न्यातका साथै ५०० गोर्खाली सैनिकको लास देखा पऱ्यो । तब, गोर्खालीले आत्म समर्पण गरे र चौविसेले यसपछि शस्त्र चलाएनन् । गोर्खाली घेरामा परे । मुख्य युद्ध नेता काजी वंशराज पाँण्डेले आफ्नो कम्मरको खुकुरी बुझाई आत्म-समर्पण गरेको भए ती थुनामा पर्ने थिएनन् भनेर बाबुराम आचार्यले आफ्नो प्रकाशन श्री ५ पृथ्वीनारायण साहको सं. जीवनी पृ. ३७४ मा प्रकाशित गर्नु भएको देखिन्छ । के गुप्त रहस्य हो हामीले थाहा पाएका छैनौ । हामीले पढेका छौं, पृथ्वीनारायण साह गोर्खामा राजा हुँदा मूलमन्त्री कसलाई दिउँ भनेर बिचार गरेको (६/-३१२) मा यस्तो लेखिएको छ ।

मेरो मनमा त बिराज बखेतीलाई कजाईं दिन आँटेको थियो तर बाइसी, चौबिसीले पनि कालु पाँडेलाई कजाईं दिने सल्लाह दिया भनेर दिव्योपदेशमा उल्लेख भएको देखिन्छ । यसकै गुणले हो कि अर्को कुरा नुवाकोट, बेलकोट विजय भएपछि चौबिसीको मत बुझ्न काजी कालु पाँडेलाई खोसिएको निहुँमा चौबिसीका शरणमा गएकोमा प्रतिपालन भएको र उनका छोरा वंशराज पाँडेको चौविसीमा मेल थियो कि भन्ने देखिन्छ ।

बि. सं. १८२८ पौष ५ गतेका काण्डको पृथ्वीनारायण साहले जब यथार्थ कुरा थाहा पाए, तब त्यस काममा खटिएका दलमुखीतिर ज्यादै रिसाएका देखिन्छन् । गोर्खाली सैनिक निशस्त्री पारेर २/३ ठाउँ ढोरमा थुनिएको, तिनलाई थुनाबाट छुटाई ल्याउने हुकुम महाराजा पृथ्वीनारायण साहले दिनु भयो । धौकलसिंह बस्न्यात, श्रीहर्ष पन्थ फौज लिएर खटिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौविस दिन थुनिएको ठाउँ (प्रा. ने. २३/-३) गुप्त रुपले रात्रिमा पुगेपछि थुनुवाका पालेलाई पक्रे । थुनुवा गोर्खालीलाई छुटाई हातियार बाँडियो । यस्तै प्रकारले कति ठाउँ थुनिएकालाई छुटाई ल्याउन धौकलसिंह बस्न्यात, श्रीहर्ष पन्थ सफल भए (ने. सं. बृ. पृ. ५७) । थुनुवा भएका वंशराज पाँडेका भाई सरदार रणशूर पाँडे सदलवल थुनाबाट छुटी काठमाडौं आए । काजी बंशराज पाँडे युद्धका मुख्य अधिनायक के कारणले आएनन् । थुनाबाट छुटेर काठमाडौं आएका काजी बंशराजका भाई रणशूर पाँडेलाई पदच्यूत र दण्ड महाराज पृथ्वीनारायण साहले गरे भन्ने (ने.सं.बृ. पृ. ६२) इतिहासमा अंकित छ ।

यसपछि वाइसी, चौविसीले वडामहाराजाको सार्वभौम नीति भङ्ग गर्नेमा ठूलो संगठन गरे । त्यो संगठन फुटाउन वडामहाराजा पृथ्वीनारायण साहले धेरै धन हात्तीसम्म पनि ठाउँ ठाउँका राजाहरुलाई सौगात पठाएर संगठन विफल गरिदिए (पृ. सं. जीवनी ५९१, ५९२) । यसरी सार्वभौम नीति विफल हुनलाग्दा पृथ्वीनारायण साहलाई साह्रै ठूलो पीर लाग्यो भन्ने इतिहासले मान्दछ ।

यसै बेला खार्पाका हरिनन्द पोखरेल काठमाडौं आएर पूर्वतिर सेन राज्यमा सेन राजाको प्रशासन गर्ने क्षमता नभएर कामदारनै उपराजपतिको रुपमा रहेका छन् । राज्य व्यवस्थानै छिन्नभिन्न हुँदैछ । पूर्वतिरको सेन राज्य विजय गर्न ठूलो मेहनत छैन ।

साह राज्यमा गाभी परम्पराको सभ्यता, संस्कृति राज्य थामी पाउँ भन्ने वडामहाराजालाई तिनले निवेदन गरे ।

यसै वेला बाइसी, चौविसीमा जो धन खर्च भयो, नयाँ काम चलाउन वेखर्ची छु भनेर वडामहाराजालाई बोल्न करै पर्‍यो । वडामहाराजा पृथ्वीनारायण साहले त्यो कुरा बताउँदा त्यो खर्च मै व्यहोरौला भनेर जिद्दि गरेपछि हरिनन्द पोखरेल धनीमा कहलाइएको थाहा भएरै हुनसक्छ वडामहाराजा पृथ्वीनारायण साहको चित्त बुझ्यो र विजय गर्न जाने सैनिकको योजनापनि भयो ।

बि. सं. १८२९ भाद्र १३ गते सरदार अभिमानसिंह बस्न्यात, सरदार रामकृष्ण कुँवर, सरदार अमरसिंह थापा, सरदार सरूपसिंह कार्की, अभिमानसिंहको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधिनायकत्त्वमा काठमाडौंमा जो थिए सैनिक सतहुँबाट फर्केका दलबल समेत भदौ मासको भेलमा राती दुधकोशी अरुणकोशी नदी तरेर पार भई त्यही रातमै चौदण्डी सेन राजाको राजकेन्द्र विजय गरे । राजकेन्द्र विजय भएकोले दक्षिण सप्तरीतिरको भू-भाग र उत्तर हिमाल पानिढलो र पूर्वमा कोशी नदीसम्मको भू-भाग अधिराज्यमा गाभियो ।

यस पछि क्रमशः पूर्वतिर बढ्दै गएर चैनपुर अधिन गरे । बि. सं. १८३१ आश्विन वदी ३०/४ को लालमोहरले कन्काई पूर्व तिष्टासम्म पनि अधिन गरिहाल भन्ने वडामहाराजा पृथ्वीनारायण साहको आदेश (६/-१८७, १८८) देखिन्छ । बि. सं. १८३१ आश्विन १३ गते सुख्खिम (सिक्किम) का राजाले इलामकोट (राज्य) सुम्पिई सन्धि गरे । खार्पाका हरिनन्द पोखरेलले तलब बापत पटना सिक्का ११०५१ दिएको (इ.प्र. अंक १ पृ. १२/१३ मा) कागज भेटिन्छ । अरु कति दिए कागज भेटिएको छैन ।

यो त आश्विन मासको कुरा भयो । कार्तिक, मंसिर, पौष ३ मासमा तिष्टासम्म विजयको अभियान चलाएकोले त्यहाँ रहेका संरक्षक सैनिकका परिवारका लागि विना लालमोहरले खान्की खाँदै रहँदा त्यसको व्यवस्थामा बि. सं. १८३५ मा श्री ५ रणवहादुर साहका शासन कालमा वहादुर साहले लालमोहर गरि दिएको (६/-१८८) देखिन्छ ।

माथि लेखिएको बि. सं. १८३१ पौष मसान्तसम्मको कुरा हो । काठमाडौंमा भने वडामहाराजा पृथ्वीनारायण साहलाई आराम नहुँदा नुवाकोटमा यात्रा भयो र उपचार गराउँदा गराउँदै व्यथा बढेकोले तल बेशी दरवारमा यात्रा भई औषधी गराउँदा गराउँदै ९ दिन घाटमा व्यथा साप्हो भई दान-प्रदान गरी बि. सं. १८३१ माघ १ गते श्री ५ पृथ्वीनारायण साह परलोक हुनुभयो ।

सती जाने नारीहरुको संख्या तल बताए अनुसार एक मिलान छैन (श्री ५ पृथ्वीनारायण साहको संक्षिप्त जीवनी पृष्ठ ६३५, ६३७) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नुवाकोट देवीघाट पृथ्वी. चिताको शिलालेख –

"मास्तां शाकः कदाचिद्रसनिधि नृपयुग माघमासोऽपि मास्तां,
मास्तां विश्वावसुर्वा तिथिरपि दशमी तत्र सूर्योदयोऽपि,
यास्मिन राजेन्द्रर्व्यो विविधजनमनः शान्तिकृत ख्यातकीर्तिः
पृथ्वीनारायणेशो रिपुकुलदहनस्त्यक्तवान् कर्मभूमीम् ॥"

भाषा वंशावलीमा १ जना सती गएको भन्ने देखिन्छ । काजी शक्ति बल्लभ भट्टाचार्य (अर्याल, आत्रेय) ले रचना गरेका जयरत्नाकर नाटकमा ११ जना सुसारे केटीहरुका साथमा महारानी नरेन्द्रलक्ष्मी र २ जना उपरानी समेत जम्मा १४ जना सहगामिनीहरु भएको कुरा लेखेका छन् । उनी त्यसवेलाका दरवारका पण्डित भएकाले सती गएकाहरु १४ रानीलाई आफ्नो आँखाले देखेका हुनसक्छ र यो कुरा विश्वास योग्य छ । झण्डै १०० वर्ष पछिका ललितपुर (पाटन) महावौद्धमा बसेका पं. सुन्दरानन्द बाणाले त्रिरत्न सौन्दर्य गाथामा महारानी समेत ९ जना सती गएको भन्ने लेखेका छन् । त्यसैका आधारमा पर्वतका राजा कीर्तिवम मल्लले जम्मा ९ जना सती गएको भनि आफ्ना मानिसलाई पत्र लेखेका छन् । अस्तु सेलाउन जानेले वडामहाराजा पृथ्वीनारायणको र नरेन्द्रलक्ष्मी महारानीको २ मात्र अस्तु सेलाएको देखिन्छ ।

यसरी, गोरखा (नेपाल) राष्ट्रका निर्माता एवं स्तम्भ वडामहाराजा श्री ५ पृथ्वीनारायण साह अस्ताउनु भएपनि उनका दिव्य ज्योतिकै न्यानो प्रकाशमा हामी छौं ।

श्री ५ पृथ्वी. ले परलोक हुनुभन्दा अघि नुवाकोटमा दिनु भएको दिव्य उपदेश (महावाणि) मार्ग-दर्शनीय छ । सो दिव्य उपदेशको जस्ताकोतस्तै उतार यस प्रकार छ (६/- ३११/- देखि ३१५/- सम्म) –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोर्खाधीश श्री ५ वडा महाराजा पृथ्वीनारायणसाहदेवको उपान्त्य दिव्य उपदेश नुवाकोटमा

स्वस्ति श्रीगणेशाय नमः ॥ ॥ श्रीकालिका सहाः ॥ ॥ श्री ३ सिव गोरषनाथ सहाः ॥ ॥ श्री ५ प्रिथिनारायण सहाः ॥ ॥ श्री श्री श्री ५ बुढा. महाराजाले तिन सहर. नेपाल र. हिंदुपतिको राज लिया पछि. पछिल्ला पटक्. नुहाकोटमा. पाउ लाग्नु भयामा. गुरु प्रोहित. थर. घर. भैयाद. भारादार. र. आपना ददा. सुरथिसिं राना. सबैका. बुढा पाका छेउ. हुकुम भयाका कुरा.

बुढा मरै. भाषा सरै. भनि. भन्छन्. तिमिहरु सबै छेउ सुनाइ गयाको भया. तम्रा सन्तानलाई. सुनाउला र. तम्रा सन्तान ले. हाम्रा सन्तान. लाई सुनाउनं र. यो राजे थामि षानन्: ॥

उप्रान्तः ॥ हाम्रा. मुमाहरु. तिन हन्. हामि. तिन षोपिका. पाच पांडुवाको अवतार भयाका थित्रु. मेरो विवाहा. मकुवानपुरमा भयाको थियो. डोला सुम्पेको थियन र. डोला पनि लैयाउ. नेपाल पनि देषि आउ. भनि मकुवानपुर गत्रु र. पुग्य पछि. दिकवन्दसेनलाई. यवटा कुराको. करेउलि. लियेर. भने एकदन्ता हाति र. नवलाषि हिराको हार. दिन्छौ भने. डोला पनि लै जाला. दिन्न भन्या. काढि तरवार सित पनि लै जाला भनि. हाक पारि. नेपाले. राजा ले चिन्नन् र. पत्रनन्. भनि स्याषु वढि. रापतिका तिरै तिर. भानु जैसि. कुलानन्द जैसि. अरु. थर. घर. पनि साथैमा थिया. चन्द्रागिरिमा. आइ पुग्या पछि. नेपाल कुन्हो भनि सुध्यात्रा र. त्यो भदगाउ हो. त्यो पाटन् हो. त्यो काठमांडौ हो. भनि देषा (या) र. मेरो मनमा. यि. तिनै सहरको. राजा हुन. पाया ता. हुदो हो. भन्ने यस्तो. मनमा परि रहेथ्यो. उस्तै वेलामा. उ दुवै जैसिले भने. हजुरको मनकान्छ्या अविलाष्. पुग्ला. महाराजा भन्या र. मलाई आसर्जे लाग्यो र मेरा. पेटका. कुरा कसो गरि जानेउ र. त्यस्व भनेउ र. भनि मैले भन्दा. जसै नेपालमा नजर. दिनु भये थ्यो. उसै बेला. मोचमा बाहुलि. दिदा मनमा नेपाले राजा. हुन पाया ता. हुदो हो. भन्या जस्तो परे छ भनि. विन्ति हजूरमा. गऱ्या कै हो. भने र यो कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुग्ला भनि मैले भन्दा. हजूरले. गौ ब्रह्मान. अतित फकीर. देउ देवताको मानिता. बहुतै. राष्नु. भयाको छ. हाम्रा. हातमा. पनि. सरसोतिको. वर्दान छ. हजुरलाई नेपालको राज. वस्य हुनै छ. भने र. थांकोट्को. ठुलो भज्यान् काटि. रात. दिन. गरि कल्ल्हारि घाट. तरि. धादिन्. उक्लेउ र. चेप्याको. षावा. लिग्लीग्को आड गरि. राषेका मेरा तिन. विर छन्. तिनलाई वोलाहाटको. रुका लेषन जैसि भन्दा. तिनको नाउ के के हो. भनि सुध्याया र. रणजित् वस्न्यात्. मानसिं रोकाहा. विरभद्र पाठक्. मैधिमा रात. दिन. गरि आई पुक. भनि लेषी पठान्रा र. आइ पुगे र. तिन छेउ यकान्त. गऱ्यां. भने दिकवन्दसेन सित. हाक दि. आन्रा. नेपाल पनि देषि आन्रां. हान्नाको. मनसुवा पनि राषी आन्रां. तिमिहरु क्या भन्छौ. भनि. मैले भन्दा. हान्नु हवस्. महाराजा. भने र. सल्लाह दिया र. मैले भने म जसै. आर्काको छत्रभंग. गर्न म जांछु. मेरो छत्रभंग. गर्न अर्को आयो भन्या. कसो होला भनि. मैले. भन्दा. हजुरका. हाति. हउवा ई. वाईस्. चौविसि. आयो भन्या. चेप्यामा. रगतको. नदि बहाउला. महाराजा. भन्या र. यकान्तबाट. उठि गोर्षा. गयउ र. पुगे पछि. मामा ज्यू. पनि. निलकण्ठ. पसुपतिको दर्सन. लाई. देउघाटको. बाटो गरि. जानु भयाको रहे छ. निलकण्ठ. पसुपतिको. दर्सन भया. पछि. श्रीगोरषनाथको दर्सनलाई. गोर्षामा आउनु भयो र. दर्सन भया पछि. म सित भेट भयो र. मैले भन्या. मामा ज्यू. मकुवानपुर. पनि. पुगि आन्रा. नेपाल पनि देषि आन्रा. हान्नाको. मनसुवा पनि. राषि आन्रां. कति. कुराले. मेरो काज. फत्ये होला. अर्ति वक्सनु भया हुदो हो. भनि मैले भन्दा. मलाई पनि. पंचरात्रीमा. द्रिष्टान्त भयो. हामिले. देषता. पाच. पाण्डुवाको अवतार. भया जस्तो लाग्द छ. कुरुक्षेत्रको मेला न भै. नेपाल फुटने छैन. लमजुङ् भन्याको गरुड हो. गोर्षा भन्याको. सरप हो. नेपाल भन्याको. भ्यागुतो हो. अघी. गरुडको. आषा छलनु. तव सर्पले भ्यागुतो षान पाउछ. मेरा साथमा. चार जातका सिपाहि छन्. इन्मा. कस्को सवार. गऱ्या चाडो काज फत्य होला. भनि सोद्धा. के के जात छन्. भनि सोधनु भयो र. वाहुन्. षस. मगर. ठकुरि. इनमा. कस्को सवार. गऱ्या चाडो काज फत्य होला. भनि सोद्धा. वाहुन्. को. सवार. भन्याको. वयेल हो. पातक् लाग्छ. ठकुरिको सवार. भन्याको सिंघ हो. पछाडि दगा हुन्छ. मग्र को सवार. भन्याको. टागन घोडा हो. ढिलो हुन्छ. षसको.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सवार. भन्याको ताजि. तुर्कि घोडा हो. षस को. सवार. गऱ्या. चाडो होला. भन्या जस्तो लाग्छ. भनि. अरु ढेरै कुराको. अर्ति. दि जानु भयो थ्यो. उनै अर्ति. लिञा र. लम्जुंग्या. राजा. रिपुमर्दन्साह. सित. भेट गर्न भनि गयां र. चेपे घाटमा. भेट भयो र. घाहा. घरेस्का. वात गर्दा. जौना कुराले. घाहा. बाधुला. भन्ने. जढ कुरो. मेरा पेटमा थियो. सोहि जढ. कुरो. कालुपांडेले गऱ्यो र. घाहा. बलियो बस्यो र. मलाई आसर्जे लाग्यो र. तर. मलाई ता रिझायो. दुनिञा जस् देषी. राजि रहन्छन्. उसैलाई. काजाई दिनु. भन्ने. सास्त्रमा पनि कहेको छ. दुनियामा. बुझि हेरुं. भनि बुझि हेर्दा. दुनिञांबाट पनि. कालुपांडेको चाहा रहे छ र कालुपाँडेलाई. कजाई दिनु भया. हामी. दुनिञादारमा. छाहारि रहदो हो भंन्या. सल्लाहा दिया र. अव. वाइसि. चौविसिले क्या भन्छन् भनि. बुझनु. हुदा. वाईसि. चौविसि वाट. पनि. कालुपाँडे कै. चाहा. रहे छ र. कालुपाँडेलाई. कजात्रि भया. घहा. घराईस्. वलियो राषन्यै छ. भन्ने सल्लाह दिया. मेरा मनमा ता. विराज बषेतिलाई. कजाइ. दिन आँटेको थियो. तर. ज्याधा. वुद्धि. कालुपाँडे कै ठहऱ्यो र. कालुपाँडेलाई कजात्रि. भयाको हो. अव. पाँडे. वस्न्यात्को जुग वाधि दिंछु. तेरि. छोरि. सिवराम वस्न्यात्को. छोरो. केहेसिंह. वस्न्यात्लाई देउ. भनि. मागि विहे पनि गरि दिञा र. पाँडे. वस्न्यात्को जुग. वाधि. पाँडेको. ढाल. वस्न्यातको. तरवार गरि. नेपालमा चढाई गऱ्याको हो ॥

उपान्त ॥ रणजित वस्न्यात्. मानसिंह रोकाहा. वीरभद्र पाठक्. इनलाई. गौटान्को. विराइ लिग्लीगको. आडमा. राषि मं पनि. सल्ल्यान् कोटकी देवी. साछ्यात्. छन्. भनि. भन्छन्. म पनि. सायेत गरि. जान्छु भनि विदा. गराया र. सायेत गरि. म पनि गञुँ. र. वारिमा. थर्पु पऱ्यो. र. सल्ल्यानीको. थर. घर. वराहा. उमराउहरु सित सुघाञा. माइको दर्सन् गर्नु. हुन्छ की. भन्दा. भित्र दर्सण. पुजाहारि. टहलुवालाइ मात्रै भित्र दर्सन गर्नु हुन्छ. जो हूकुम्. भन्या र. ढोकामा ता हुन्छ कि. भन्दा. ढोकामा ता हुन्छ. भन्या र. साझ. विहचान ढोका सम्म. जाई. पाठ. पुजा. जप्. दर्सन्. गर्थ्या र. यक दिनका. रातमा. सोपना भयो र दुइ हात मा. दुइ. ष़ड्ग. लिया कि. सात आठ. वर्ष की. कन्न्या. कुसुमे. पछिउराको. घुगुटि. पारि. म छेउ. आईन् र. मैले सोध्याञा तिमि कसकि छोरी हौ. भनि मैले भन्दा. पुजाहारि रानाकि छोरि हुँ भनिन् र. उ दुवै. षड्ग. मेरा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हातमा दिन र. आरसि प्रर्मानको लाल टल्वल्. गर्थ्यो. षोकीलाबाट झिकी. मेरा मुष. सम्ममा. ल्याई. यो पनि निल भनिन्. र. तम्रो. मनकान्छचा. पुऱ्याई. दियाको छ. म पनि केही माग्छुँ. थपि जाउ भनि. जसै. दुइ पाईला. गै थिन्. उसै बेलामा. म पनि विम्ज्यौं र. भानु जैसि. कुलानन्द जैसि. पुझाहारि. रानालाइ. डाक्या र. सुध्यात्रा. जैसिले पनि. पुझाहारिले पनि. ति माई हुन्. दर्सन पाउनु भयछ. भने र. उसै वेलामा. धुप दिप. धजा नैवेदे. नित्य पुजा लाई. सात राग्गा सातै वोका थपि. बोंर्ला घाटको. आम्दानी र. घाटै छेउको टार. माईलाई संकल्प गरि दित्रा र. उसै घरि को. सायत गरि. रात दिन गरि. सरासरी आया र. सिमल्चौर. चौतारामा थर्पु हालि. वस्याको थीत्रा. दावा भन्या. नुहाकोट्को. वहना. भन्या षिंच्यात्को. कुलो काटि षेत विराउनाको गरि राष्याथ्या. वेत्रावतिका वेनि. इन्द्रायेनिका थानमा. डुंगा. तरि. जप. पाठलाइ जांथ्या. ध्यान भन्या. सल्ल्यान् कोट्की देवीको र. इन्द्रायनि भैरवीको गर्थ्या. महामण्डल भनेको नुहाकोटको सवता रहेछ. महामण्डलमा. ग्यामि राना थीयो. तं हाम्रा भर को ग्यामि होस्. महामण्डल छोडि दे. म छेउ. आईज. भनी पठात्रा र. हुना ता म. हजुरै को हुं. तर. जयप्रगासमल्लको. नुन् षाई हाल्या. मरि मेटन्या छु. भनि हाक पारि. पठायो र. एक दिन कचहरि मा. वस्याको थित्राँ. तान्रा लागे छ र तान्रैमा ता. इन्द्रायनिका थानमा. वस्याको रहे छुं. आजका. साता दिन मा. ठूलो सायेत छ. तेसै दिनको सायतले. नुहाकोट साध्ये हुन्या छ. भन्याको सुन्या र. पात्र हेरन. जैसि. भन्या र. पात्रो हेऱ्या र. आज का. साता दिन. विहाउदो. सनिश्चर. वार ठूलो सायत रहेछ. भनि विन्ति गऱ्या र. उहि सायत मा महामण्डलमा. उक्लेउ र. तरवार पऱ्यो र. हाम्रा नुनका शेषले. झुकाई दिने पन्थ. वाह्नै वर्षमा. मेरा भाई. दलमर्दन्साहले. जेठि तरवार रानाको थापलामा हाल्यो र. नुहाकोट साधे गरि बढाई. गरेउ र. ककनि. सिवपुरीमा. ठाना हालि. मुर्चा लाई. राषथ्यउ. मलाइ. प्रसुराम. थापाले. नेपाल. हान्न आउ भनि हात दिई राष्याथ्यो. आफ्ना भाईलाई. लाषविषि. पुऱ्याउनु. वाईसि. चौविसी. उठाई. पछाडि हान्नु भनि पठायछ र. मैले थाहा. पात्रा र काहा पुग्याको छ. भनि सुध्यात्रा र. पोषराको हटियामा. डेरा गरि वस्याको छ. भनी सुन्या र. त्यसलाई. वैठाई आउन को सकौला भनि. सल्लाह गर्दा. कसैले. पनि ठहराउन. सकेन र. भैले भन्या झागल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुं सक्ला भनि. डाकी. अह्राई. मेरा. कंमरको. कोताषान्. दियाँ र. गयो र. पुगि. गाईनेको भेष गरि. हातमा. वल्छीको टागो लि. काषिमा. सारङ्गी च्यापी. २/४ धार्निको. सहर. लैगी. अरु. उसका. लस्करहरु. भात षान्या बषत्मा. अवसर हेरि. वैठाई आयो र. पछाडी. सुद्ध गरि. नेपाल षोल्याई. पुरूव. पश्चिम्का. दुनियाँ. हात गरि. नेपाल. लियाथ्या ॥

उप्रान्त ॥ यो राजे. दुई दुङ्गाको. तरुल जस्तो. रहे छ. चीनवादसाह. सित. ठुलो. घाहा. राष्नु. दषिनको. समुन्द्रका. वादसाहसित. घाहा ता राष्नु. तर. त्यो महाचतुर छ. हिन्दुस्थाना दवाई. राषे छ. सरजिमीमा परि रहे छ. हिन्दुस्थाना. जाम्यो भन्या. कठिन् पर्ला. भनि. किल्ला षोजन आउन्या छ. सन्धी. सर्पन्. हेरि. गढि तुल्याई राष्नु र. रस्ता रस्तामा. भाजा हालि. राष्नु र. यक दिन. त्यो वल आउन्या छ. जाई कटक न गर्नु. झिकी कटक् गर्नु. र. चुरे घाटिमा. षुपै काटिन्या छ. पाच. सात. पुस्तालाई षजना पनि. मिल्ने छ. श्रीगंगाजी को साध पनि लाग्ने छ. लडाईमा पुकेन भन्या. लोलो. पोतो. अनेक. कल. छल. गरि. कन पनि. यो नेपालको. तषत किल्ला हो. यो किल्ला पायो भन्या. चारै वादसाहलाई. वह्राला. लाउनै छ. इस्वरले रचना गर्‍याको. किल्ला रहे छ. स्वधनु पर्ने रहेन छ. सिवपुरी १ फुल्चोक् २ चन्द्रागिरि ३ महादेउपोषरि ४ पालुं. ५ दाप्चा ६ काहुल्या ७ ईनमा पनि किल्ला पकी. बनाउनु. किल्ला पिछे तोप लम्छट् गरि. राषी दिनु र. जति. भन्न्याइं छन् भन्ज्यां पीछे. यक. यक. फलामे ढोका. बनाइ. ढोका पिछे. यक यक तोप लम्छट् गरि. राषी दिनु र. पपांच सिपाहि. राषी दिनु र. यस्व भया. पछि. चेवा गर्न्या. नर्चा गर्न्या. भागन्या. नास्न्या. ढुकूवा. फसादि. षुनि. यस्ताहरुको पनि केही. चल्ने छैन. चारै. वादसाही चढाई गरि आयो. भन्या पनि कसैको केही चलन्य. रहेन छ ॥

उप्रान्त ॥ राजा रामसाहले. वाध्याको थिति. पनि हेरि. सके. राजा. जयेथितिमल्ले. वाध्या को थिति. पनि हेरि. सके. राजा. महिन्द्रमल्लले वाध्याको थिति पनि हेरि सके. इस्वरले दियो भन्या. म. पनि यस्ता. वन्देज. को. वाह्र हजारको थीती. बाँधि जाला. भन्या. अवीलाषा थीयो. पुरुव. पछिम्को रस्ता. वन्ध गरि. नेपालको रस्ता चलाई दिउला. आफ्ना अना जात. विसेषको. कर्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नु. (भन्ने) वन्देज गरि जाला. यो तिन सहर. भन्याको. चिस्व ढुंगो रहे छ. षेल षाल. मात्रै. ठुलो रहे छ. कुपको. पानि षान्या छेउ. वुधि पनी. हुदैन. सुरो. पनि हुदैन. षेल षाल. मात्रै. रहेछ. मेरो. मनसुवा ता. दहचोकमा. दरवार वनाउला र. चारै दिसा. थर.घर.को. गुरु प्रोहित. भैयाद. भारादार. मिर. उमराउको. घर वनाई छुट्टा. दरवार. वनाउला र. ई तिन सहरमा ता. दरवारवाट. स्वष. सयल्लाई मात्रै जाला भन्न्या यस्तो. अविलाष थीयो. ॥

उप्रान्त ॥ देसका महाजनलाई. गोड प्रसाह. देषी उभ. आउन. न दिनु. देसका महाजनहरु. हाम्रा. मुलुकमा. आया भन्या. दुनियाँ कङ्गाल गरि छाड्दछन्. हामीले. च्याँगा. पाँगा. लाई. तिन सहर नेपाल र. नौलाष. किरायत. र. हिन्दुपतिको राज. आर्ज्य. थ्येऊ. देसका कपरा लगाउनालाई. मन्हाई. गरि दिनु. आफ्ना देसका. कपरा. वन्न जान्न्या लाई. नमना देषाई सधाउनु र. वन्न लाउनु र. यस्व भया. नगद. विदेस जादैन. आफ्ना देसको. जिनीस् जरि वुटि. देस लै जानु र. नगत पैचनु. नगद पैचि राषनु र. प्रजा मोटा. भया. दर्वार. वलियो रहन्छ. राजाका. भंडार भन्याका. रैतानहरु हुन्. मुलुकमा. ईजारा. पनि न दिनु. सर्षारवाट अमानित. राषि. सर्षारिया तहसिल्. राषी. साल वा सालको. कचा लिनु. क्या चुनी सिपाई भया. क्या भैभारादार भया. इनलाई दवलथ कमाउन. न दिनु. आदमी हेरि हुर्मत्. मात्रै. राषी दिनु. क्यान भनौला. दवलथ् भायाकाले. तरवारमा. पसि मर्न. मार्न. सकैनन् र. हरिपको चमक हुन्छ. सिपाहि. भै. भारादारले. स्वष गरेनन् भन्या. चारै षुट्मा. मेरो. तरवार. वजनै छ. स्वषमा. पसो भन्या. मेरा साना दुषले आर्ज्याको. मुलुक होईन. सवै जातको. फुल्वारी हो. सवैलाई. चेतना भया. यो फुल्वारीको छोटा. वडा. चारै जात. छतिसै वर्नले यो असिल्. हिन्दुस्थाना हो. आफ्ना कुलाधर्म. न छोड्नु. ष्वामिन्को नुन्को उधार गर्नु. कालु. कवर्दारका. सन्तानलाइ कवर्दारि. न छुटाउनु. दषिनको. घाहा. सिवराम वस्न्यातका सन्तानलाई. न छुटाउनु. भोटको. घाहा. कालुपाँडेका. सन्तानलाई न छुटाउनु. पाँडे. वस्न्यात्. पंथ. भैयाद. मंग्र लाई. मारातप् दिदा. आलो पालो पालो गरि. षान दिनु. ई. मेरा. नुन्. गुनका. स्वभ्का सेवक हुन्. ईनीहरुको जीव जान्या विराम. गऱ्याको. भया पनि. आफुले न मार्नु. वरु. मारातप दियेर. लडाईमा झोसि दिनु र. जीव. जोगाई आयो भन्या. वढिया भयो.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मरि गयो भन्या. आफुले मार्नु. अर्कैवाट मारि दियाको वढिया हुन्छ. तव. राजाले. सेवकलाई. घरमा न मार्नु. तव. राजाले ठुलो. निञ निसाफ. हेर्नु. अन्याय. मुलुकमा हुन. न दिनु. निञा. निसाप. विगार्न्या. भन्याको. घुस दिन्या र. घुस षान्या. ईन. दुईको ता. धन जीव. गरि लियाको पनि. पाप छैन. ई राजाका महासतुर हुन्. ॥

उप्रान्त ॥ जढ कुरो. राजालाई चाहीन्या सिपाहिहरुको. घर. षेत्. मिलाई. दिनु र. मल्. जल गर्छन् र. दुवी वोटि. भित्र हाल्न. पाउछन् र. कविलाको निर्फिकी. हुन्छ. ढोकामा. भया. पनि. गौडामा. भया. पनि. सिपाहिहरुको छाति वलियो रहन्छ. पजनि गर्दामा पनि. सये नालका. कम्पनी जमाउनु र. सये नालका. सुवेदार. चार. पाच. लडाञीमा जस पाई. आयाका यस्ता. आफुले जाचि. सुवेदार हाल्नु. सुवेदारले पनि. सात पगरि. दुई चार. वाढ षायाका यस्ता सात पगरि हाल्नु. सात पगरिले. स्वह्न. हुदा. हाल्दा आफुसित. मर्ने. मार्न्य. जाची १६ हुदा. हाल्नु १६ हुदाले पनि. आफुसित. मर्ने. मार्न्या. जाची सिपाही. हालि आपना आपना. पट्टि भर्ना गर्नु. पट्टि पट्टिमा. सिपाहि पनि. षस. मगर. गुरुं. ठकुरि. ईनै चार. जात. मात्रै षिचोला गरि. हालनु र. तर्वार पर्दा साह्रो हुन्छ. लुहा च्यापन्या पनि. यिनै. च्चार. जात. मात्रै हुन्. र. तरवार पर्दा. साह्रो. हुन्छ र. वैरि त. क्या. इन्द्रको. आसन् पनि डगाइंछ. हजारौ धना. हजारौ. पथर्काला. हजारौ. षुडा. हजारौ तोप. भया. इन्द्रको. आसन पनि. डगाइंछ. लडाञीमा पनि हान्न्या र. सष दिन्या. इ दुवै. वरोवर हुन्. जागिर दिदा. पितल् दिदा. दुवै लाई. वरोवर दिनु. मर्‍यो भन्या. उसका छोरा. षुडा हान्न्या. न हुन्ज्याल्. मरवट् दिनु. षुडा हान्न्या भया पछि जागिरमा उकालि दिनु र. राजाले पिवेक. राषि दिया. देस देसका सिपाहि पनि आसा राषी आउन्छन् र. यस्व भया. तरवारीया. सिपाहि. हात लाग्छन्. राजाका सार भन्याको. सिपाहि र. रैतिहरु हुन्. राजा चतुर भया. सिपाहि र. रैति. हात हात गरि. राष्नु र. हुल् कुल्. हुन पाउँदैन. सिपाहि भन्याको. तिषारि. राषनु. तिषारि. राष्याका. सिपाहि कसैका मलाजामा पस्तैनन् र आफ्नु काज फत्य हुन्छ. गुरुं. मगर. षान जादा. भैयाद. भारादार. मिर. उमराउ. थर. घर. पुराना. पुराना. जाची. घुडा. गौडामा. रासनु. पुर्व. पछिम्का षस वाहुन्लाई. दरवारमा. पैठ् हुन न दिनु. क्यान. भनौला. वाहिडा मान्छयाले.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दरवारमा. विथिति. गराउन्छन्. राजाको हुकूम्. जफत गरि राषनु. मैले तिं थुम्का वह्रहा. उमराउलाई. इन्द्रवज्र तुलाइ. राष्या थ्या. नगरा. सिसान. पनि दिई राष्या थ्या. वाह्र विसको. गाडो (ठो) वावी (नी) दियाको थियो र. सल्ल्यानि. लिग्लीग् धादिंका मुहुडामा. जाहा जाहा. काज गर्थ्यों. फत्य गर्थ्या. र. यो अैस्वर्जे गर्‍याको हो. आफ्ना. घरका पुराना सेवक. जाची. हजूरमा. हरोदम् राषी. दरोवस्त वाधि. घर. वलियो राष्नु. यस्व भया. दरवार वलियो रहन्छ. राजाको चतुराइ भया. सिपाही. रैति हात गरि. राषनु. कसैका. मलाजा. पछि. गुण पछी. लाग्नु न दिनु. नुन् पछि लाउनु. ॥

उप्रान्तः ॥ टक्सार. पनि. चोषो चलाउनु. अदालथमा पनि. ठकुरि जाचि दिष्ठा. राष्नु. मगर जाचि. विचारि. थाप्नु. कचहरि पिछे यक् यक्. पण्डीत. राषी. निञा. सास्त्र. वमोजिम्. अदालथ. चलाउनु. अदालथका पैसा. दरवार भित्र न हाल्नु. फकीर. फकिडा. अतित. जोगि. सन्न्यासि. ब्राह्मणहरु. इनै लाई. दछिना. भोर्जन. चलाई. दिनु. उप्रेका पैसा दक्षिना. चलाई. धोति. रुमाल्. चलाइ दिनु. यस्व भया. असत्यको. दोस् लाग्दैन. षानी. भयाका. ठाउमा. गाउ भया पनि गाउ अरु जग्गामा. सारि कन पनि. षानी चलाउनु. गह्रो बन्न्या. जग्गामा. घर. भया पनि. घर अरु जग्गामा. सारि. कुलो काटि. षेत बनाई. अवाद गर्नु. ॥

उप्रान्त ॥ केही वेलामा. हात दिनामा पर्‍या र. मलाई. झिकाया र. पछाडी दगा दिया र. महादुष गरि. पछाडी सुद्ध गरि नेपाललाई मुर्चा. लाञा थ्या. जयप्रकाशमल्लका. मतलप्लाई. दषित वाट नागा. झिकाया र. नेपालभित्र. पस्न. न दि. सात. गाउ भित्रैमा. भित्राञां. कास्मेरि षान्. नवाफ्. मकुवानपुरमा चढ्यो र. छअविस् षोडाले. काटि. घर्काई. सिवाना. कटाई आञां. तिन. चार. पल्टन्. लियेर. सिदुलि गढिमा. हाँडीसाहेव. चढ्यो र. वा वाही पनि काटि. पथर्काला. च्यापि ल्याञा र. लषनै वाट. तिन् मुसल्मां मेरो चाकरी. लाई. नुवाकोटमा. पिछा परि. आयाका थिया. ईनै वन्दुकको. तुल. कलायेत. तिनै. मुसर. मानले जान्याको रहे छ र. सेषजर. वर. मम. तकि. भेषार्सिं. तिनै जना लाई. अजिटनी. दिया र. तिलङ्गा. सधायाको हो. नेपालको. किताप. हेर्दा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तुरकाना. मंग्रात्. मुग्लाना. हुन्या रहे छ र. तुरकाना. अधि भइ गये छ. मगरात्को. राजा. मै हूं. मुग्लानाको. दोष मेटना लाई. आधा थुम. मेटी. कंपनी. जमायाको. हो. आधा षुडा. आधा पथर. काला. वनायाको हो. सहे. नालका. कंपनीले. छरितो हुन्छ र. यस्व भया. सये नालका. कंपनीले. हजार. जवान्लाई. पाउन्छ किल्ला किल्ला पिछे. यक् यक्. कंपनी राषी. गर्षा वाडी. दिनु र. जगेरा वाधी. भरि. राषनु. ॥

उप्रान्तः ॥ म लाई. यवटा कुराको. संध्यह. लागि रहे छ. कुन्कुरो भन्या. मुग्लाना. नजिकै रहे छ. त्यस् जग्गामा. छोकडा. पत्रीया रह्या छन्. चित्रकार. भन्याका. कोठामा. ढोलक् सितार. राग. तानमा. भुल्नन्. राग तान्मा वडो ठुलो. मोहो हुन्छ र. दवलथ. पनि. षोलिन्छ. देसको. भेद. पनि. तिनैले. लै. जान्छन् र. हरिपले दगा गर्छ. राग को अभ्यास् पनि. कसैले. न गर्नु. तिन जातलाई. पहाड. आम्. फदरफ पनि. कसैले न षोल्नु. अथवा. फागुलाई. यक्. दुई. गरी. झिकि. चाडै विदा गराई दिनु र. देषको. भेद पनि. पाउदैनन्. आफ्ना. स्वष सयले लाई. ता सास्त्रवमोजिम्को. तिनै सहर नेपालको. नेवारहरुको नाच. झिकाई. हेर्‍या पनि हुन्छ. यिनमा ता दियाको पनि. आफ्नै. देसमा. रहन्छ. यस्व भया. आफ्नु देस गमन रहन्छ. ॥

वहादुर साहको जीवनी लेखन प्रारम्भ गर्नु पर्दा एउटा स्तम्भ देखाएर त्यसमा अँगालो हालेर व्याख्या गर्नु पर्ने देखिन्छ । प्रथमतः बाबुराम आचार्यले (पृ. २७/-१६७) मा यस्तो लेख्नु भएको छ –

बि. सं. १८३१ माघ १ गते श्री ५ पृथ्वीनारायण साह परलोक भए भन्ने टाँकेर निम्न विषयमा त्यही दिन निम्न कुरा लेखिएको छ :-

१. पृथ्वीनारायण साह परलोक भए ।
२. प्रतापसिंह साह गद्दीमा बसे ।
३. वहादुर साह चौतरिया भए ।
४. प्रतापसिंहले वहादुर साहलाई कैद गरे ।
५. राजगुरु गजराज मिश्रले केही दिन पछि छुटाउँदा भागे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. पृथ्वीनारायण साहका समयमा निकाला भएका महोद्दामकीर्ति साह आदि आए ।

७. खोसिएका वंशराज पाँडे फेरि नियुक्त भएनन् ।

व्याख्या – वडामहाराजा परलोक भएका दिनैमा प्रतापसिंह साह गद्दीमा बसे हुनन् । वहादुर साह त्यसै दिन चौतरिया भए भनिएकोमा जन्मनै चौतरियाको थियो । क्रिया सकेर मूल चौतरिया मन्त्रीनायक भए भनेर लेखे हुने थियो । प्रतापसिंहले वहादुर साहलाई कैद गरे भनेको व्यहोरा र मिति खुलेन । गजराज मिश्रले केही दिन पछि छुटाउँदा भाग्यो भनेको पनि मिलेन । पृथ्वीनारायण साहका समयमा निकालिएका महोद्दामकीर्ति साह आदि आए भनेको त मिल्यो तर समय खुलेन । समय भिन्दा भिन्दै प्रमाणित छ । बि. सं. १८३१ माघ १ गतेनै खाँदेर बाबुराम आचार्यले लेखेको देखिन्छ । खोसिएका वंशराज पाँडे फेरि नियुक्त भएनन् भनेको त मिल्यो कुनै समयमा थामिएनन्, यो प्रमाण सत्य छ ।

पृथ्वीनारायण साहले निकालेका महोद्दामकीर्ति साह आदि र चौविसेका थुनामा थुनिएका सैनिक दलबल छुटाउँदा सबै आए । वंशराज पाँडे आएनन् भन्ने वडामहाराजा पृथ्वीनारायण साहको समयमा भएको संक्षिप्त विषय माथि केही बताइसकियो ।

वडामहाराजा परलोक भएको सुनेर उनले निकालेका उनका सौत्यानी भाई काठमाडौं आउन चौकी पालेहरुले छोड्दैनन कस्तो लेखापढी भएर आए, आउन पाए भन्ने कुरा चिठ्ठीपत्र प्रकाशमा आइसकेको छैन । सम्भव छ, हठात नै आए कि ? चौविसेले त्यस बेला गोर्खालीलाई आक्रमण गर्न आउने छन्, मैले रोकेको छु भनेर पत्र लेखेर आएको हुनुपर्छ । महोद्दामकीर्ति साह र तिनका भाई दलजित साह, वंशराज पाँडे सँगैसाथ चौविसेका गठबाट क्रिया भित्रै काठमाडौंमा आएका हस्तलेख (अ. प्र.) इतिहासबांट थाहा पाइन्छ ।

काठमाडौं राजकेन्द्रमा यसरी आएपनि पहिलेनै वडामहाराजाका समयमा छुट्टा राज्य पाउँ भन्ने पूर्वाग्रहले निकालिएका हुनाले दरबारको काम तिनलाई मिलेन । राजा प्रतापसिंह साह, रानी राजेन्द्रलक्ष्मी, मन्त्री नायक वहादुर साह,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूलमन्त्री सरुपसिंह कार्कीले राजकाज शक्ती नियन्त्रण गरी काम चलाएको देखेर तीनमास पछि महोद्दामकीर्ति साह चौविसेका गठमा संगठित हुन गए ।

महोद्दामकीर्ति साह काठमाडौं राजकेन्द्रबाट पश्चिमतिर लाग्दा उनले भाई दलजित साह, वंशराज पाँडे र तिनका दाज्यू भाईलाई दरवारको राजकाज हातमा लिनु पर्छ म चौविसेलाई रोक्न वा यता तर्साउन संगठनमा जान्छु भनेर नै गएको इतिहासले मान्दछ ।

दिन बित्दै गयो । प्रतापसिंहबाट देउभाजुहरुले होम गरेको देखेर यी ता बाहुन होइनन् कसरी होम गरे भन्ने प्रश्न उठ्यो र तन्त्र साधना गर्नमा बाम्हण बाहेक अरुले पनि होम गर्न हुन्छ भन्ने प्रतापसिंह साहले तथ्य सुने । तब तन्त्रको पुस्तक हेरूँ भनि मागे । मधुसुदन आचार्यद्वारा तन्त्र साधनाको फल सुने । तव प्रतापसिंह साहलाई तन्त्र साधना गर्ने मन भयो । तन्त्र शास्त्र सुन्दासुन्दै पाटनका भू.पू. मल्ल राजाका दरबारीया कीर्तिराजानन्दलाई गुरु थापेर प्रतापसिंह साह तन्त्र साधनामा लागे । उप-गुरूमा नेवारे लिपीमा लेखिएको पुस्तकको हथ्यौडी नेपाली भाषामा बुझाउने मल्लका दरबारीया मधुसुदन आचार्यनै उप-गुरु बनिदिए । हुँदा हुँदा तन्त्र साधना गर्न एउटा योषा (तरुनी) रूप लावण्यकी चाहिने प्रश्न देखा पर्‍यो जसबारे एउटा स्मृतिको व्याख्या गरौं ।

बि. सं. १८३२ कै समयको कुरा हो, रेशुङ्गाका महात्मा शशिधर मरासिनी काठमाडौंमा पनि रहन्थे । उनलाई बज्रयानको प्रभाव परेको रहेछ । त्यसकारण, पञ्चमाकारको सबै कुरा नअपनाए पनि स्त्री प्रसङ्गलाई शशिधर मरासिनी महात्माले त्यागेनछन् (जोसमनि सन्त परम्परा साहित्यको पृष्ठ १४) ।

सहजयानीहरुमध्ये स्त्रीलाई महामुद्रा बनाएर पूजा गर्ने पनि एक यान हो भनिएको छ तर शशिधरमा स्त्रीलाई महामुद्रा बनाउने गरेको देखिन्छ । समाज निर्माणको समस्या भएकोले शशिधरले जुनसुकै स्त्रीलाई पनि (र) भिन्न कुलकी परस्त्रीलाई महामुद्रा बनाउने मार्ग त्यागेकोले आफ्नै स्त्रीलाई महामुद्रा बनाएर पूजा गर्दथे भन्ने (ऐ. पृ. ३२) मा उल्लेख भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा प्रतापसिंह साहलाई पनि तन्त्र साधना गर्न योषा चाहिएकोले क्रमशः तन्त्र उपसना चल्यो । यस्तो देख्दा सौत्यानी कान्छा वावु दलजित साहलाई दरबारको काम पक्रन पाउँछु भन्ने प्रत्याशा लागेको हुनु पर्छ ।

गुह्यचश्वरीमा भित्र्यानी मैजु रानीको बि. सं. १८३२ आषाढ २६ गते तन्त्रबाट महापूजा हुने योजना भयो । तब एक लाख सुगन्धराजको फूल खोजी भएको रूक्का (पू. १७/-२८) देखिन्छ । हाँसको अण्डा (फूल) सवालाख खोजी भएको (प्रा. ने. २३/-५८) देखिन्छ ।

बि. सं. १८३२ आषाढ २६ गते तन्त्र पूजा गर्दा (प्रा.ने. २३/-७) को समयमा स्व. श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण साहको बर्षी (आशोच) को समय ५ महिना, २५ दिन मात्र भएको थियो ।

वहादुर साहले पिता श्री ५ पृथ्वी. को क्रिया बसेका थिए । पिताको बर्षीको समयावधिपनि सकिएको थिएन । वहादुर साहका विविध कार्यकलापबाटै थाहा हुन्छ कि उनी धार्मिक प्रबृत्तिका थिए ।

दाज्यू राजा त्यसरी तन्त्र पूजामा लागेका हुँदा आफ्नो कुल र इष्ट देव-देवीलाईनै परम्परानुसार मान्न, उपासना गर्न र राजकाजमा ध्यान दिनु पर्दछ भन्ने कुरामा भक्तिले दाज्यू राजालाई सम्झाउन तन्त्र पूजा हुन लागेको स्थान (गुह्यचश्वरी) मा गएका हुनसक्छन् ।

तर दाज्यू राजाले उनलाई भेटै दिएनन् नत ढोके पालेले आदेश छैन भनि भित्र जाननै दिए ।

वहादुर साहको उमेर पूजा हुने समयमा आषाढ महिनाले १८ वर्ष पूरा भएको देखिन्छ । वहादुर साहको दाँजोमा उपमा खोज्दा कहिं पाइदैन जस्तो देखिन्छ । दाज्यू राजाको चाल पृथ्वीनारायण साहको जस्तो नभई वहादुर साहमा पृथ्वीनारायण साहको भाव र चाल पूर्णरूपले मिल्दछ भन्ने इतिहासले देखाउँछ ।

पृथ्वीनारायण साहलाई कुलदेवता, इष्टदेवताको बरदानले राजकाज चलाउन उपसना गर्नु परेको थियो । सो नगरेर प्रतापसिंह साह तन्त्रमन्त्रतिर लागेको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दाज्यू राजा तन्त्र साधनातिर मैजु (योषा) मा भुले, भुलाएको देखिन्छ । त्यसको परिणाम ईर्ष्याको दुई गुट चलेको बाबुराम आचार्यले (ने. सं. बृ. पृष्ठ ७०, ७१) मा बताउनु भएको छ कि तन्त्र साधनामा ल्याइएकी भित्र्यानी अगोरखाली गुटकी भनि लेख्नु भएको देखिन्छ ।

वडामहाराजा परलोक भएपछि क्रिया भित्रै अरु सौत्यानी भाईहरु सहित दलमर्दन साह आए । कल-छल-बलले राजनीति हात पार्ने चेष्टा गर्न थालेकोमा राजा प्रतापसिंहलाई चासो थिएन ।

महारानी राजेन्द्रलक्ष्मी राजाबाट एक्लिएकी थिइन् । उनी, वहादुर साह र देवान मन्त्री सरुपसिंह कार्की यी ३ जनाले सौत्यानी पक्षको चालमाल तब प्रष्ट देखे । यी ३ जनाले महासंकष्ट पाएका कुरा इतिहासले भन्छ । प्रसङ्गानुसार तलै बयान गरिने छ ।

राजा प्रतापसिंह साह तन्त्र साधनाको क्रममा योषा (मैजु) को क्रियाकलापतिर लागेकोले वहादुर साहलाई पिर माथि पिर थपियो । दाज्यू राजाको दर्शन भेटपनि नपाएपछि सहिनसक्नुनै भएर तुरून्तै (प. १ नं.) नुवाकोटतिर प्रस्थान गरेर एकान्तसेवी भए ।

पृथ्वीनारायण साहलाई बर दिने इष्टदेवी कुलदेवी देवताको जप-ध्यान गरेका हुन् कि ? त्यो कुरा इतिहास (प्रा. ने. २३/-७) मा खुलेको छैन । कति दिन बसे, कहिले आए यसैबेला सौत्यानी पक्षले वहादुर साहको झुटो कुरा अपवाद राजालाई लगाउन अवसर पाए र विश्वासी भए । तब बिघ्न माथि बिघ्न पर्दैगयो ।

तन्त्र साधना गर्दा गर्दै बिघ्न परेर मैजु (योषा) गर्भवती भइन् र बिदुर साही, शेर वहादुर साहीलाई डेढ वर्ष फरक पारेर जन्माइन् । तन्त्र साधनाको विफलता इतिहासमा पाइन्छ ।

मन्त्री नायक वहादुर साह तन्त्र पूजामा दाज्यू राजाको दर्शन गर्न नपाउँदा निराश भई नुवाकोट गइदिनाले प्रतापसिंह साह रिसाए । नेपालमा अवनति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालको प्रारम्भ यसैबाट भएको देखिन्छ । दरबारको गहकिलो काम पक्रने आशाकारी सौत्यानी बाबु दलजित साहले अरु रिसाउने मशला थपेर राजामा कुरा लगाउने अवसर पाए । यस्तै चुक्ली लगाउनेले राजालाई खुशि पारेर काम, नाम पाएको इतिहास धेरै छ ।

तन्त्र साधनाको बहानाले यस प्रकार योषामा भुलेका राजालाई आफ्नी बिबाहिता रानीको पर्वाह भएन । दिन दिनै अवनति बढ्दै गयो । राजा प्रतापसिंह साहको यसबेला २४ वर्षको उमेर थियो । दलजित साहले दरबारको हालिमुहाली हातमा लिन सबैलाई एक न एक कुराको चुक्ली लगाई कामबाट निकाल्ने र आफु काम लिने फुर्ति बढ्यो ।

यसबेला राजकाज हात पार्छन् भनेर सतर्कता लिई काम गर्ने मुख्यत: महारानी राजेन्द्रलक्ष्मी, मन्त्री नायक वहादुर साह, हजुरिया मन्त्री देवान सरुपसिंह कार्की र तिनका सहमतका भारदारहरु थिए । सौत्यानी पक्षमा पनि महारानीतिर मन नपराउने पक्ष बढ्दै गए ।

एक दिन मन्त्री देवान सरुपसिंह कार्कीलाई के काम लगाउन परेको थियो, कुनै बैठके (खवास) लाई बोलाउन महारानीले पठाइन् । मन्त्री सरुपसिंह कार्की बैठके (खवास) का साथ लागी आए, के कुरा भयो, प्रकाशमा आइसकेको छैन । भारदारहरु जम्मा हुने सभामा त्यो बेला वहादुर साह थिएनन् । दलर्मदन साह र तिनका पक्षका कोही थिए कि सरुपसिंह कार्कीलाई महारानीले के काम लगाइन् । त्यसपछि बैठके आफ्ना काममा लागेकोले सरुपसिंह कार्की एक्लै फर्केको दलमर्दन साहले देखे । महारानीले यस प्रकार यसरी बोलाउँदा मन्त्री नायक वहादुर साहलाई भनि साथै महारानीकाँहा जानु पर्ने चलन थियो कि ? वहादुर साहा कहाँ थिए, कुन्नि । सरुपसिंह कार्की एक्लै फर्केको दलजित साहले देखे । अबता ठाउँ पायौं (प्रा. ने. २३/-७) भनि प्रतापसिंह साहलाई महारानीको बदखोई के, के कुराको चुक्ली लगाए । प्रतापसिंह साहले चुक्ली सुनेर विश्वास मानेको देखिन्छ । नत्र रानीलाई र मन्त्री सरुपलाई एक-एक गरी बोलाई बुझ्नु पर्ने काम थियो । योषामा भुलेका राजा प्रतापसिंह साहमा यस्तो प्रकारको क्षमता थिएन । तब दलजित साह र दलर्मदन साह दुई जनाले कार्वाहीको आदेश बैढ्याई (गराई)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्ना पक्षका मानिसद्वारा सरुपसिंह कार्की पर्व रचेको इतिहासले (लि.नं. २५३/-२३६) देखाउँछ ।

तब सरुपसिंह कार्कीलाई पक्री थुनी यातना दिन थाले (प्रा. ने. २३/-७) । मन्त्री थुनिएको कुरा महारानीलाई थाहा भयो । वहादुर साह मन्त्री नायक भएकोले वहादुर साहकै अधिकारमा यो कार्यवाही गर्नु पर्ने थियो । दलजित साहले जबर्जस्ती मन्त्री नायकको अधिकार हातमा लिए र सरुपसिंह कार्कीको पर्व रचे । वहादुर साहले आफ्नो हक अधिकारले भारदारी बैठक बोलाउने काम भयो । महारानीको शक्तिपनि यसवेला कायमै थियो ।

भारदारहरु जम्मा भए, बादी दलमर्दन साह देखिए । कार्यवाहीमा महारानीले मन्त्री सरुपसिंह कार्कीलाई बोलाउन बैठके (खवास) लाई पठाएको कुरा निस्क्यो । सरुपसिंह कार्की बैठकेको साथ आए । महारानीको आज्ञा के थियो, त्यो लिएर फर्किदा दलमर्दन साहले साथी नलिई फर्केको देखेरनै यो सरुपसिंह पर्व रचिएको ठहरियो । तब ज्यादै कडा मुद्धामा बुझ्दै नबुझी झुटो बादी दलमर्दन साह बनेकोले दलमर्दन साह अनिश्चित कालका लागि थुनिए (प्रा. ने. २३/-७) ।

मन्त्री सरुपसिंह कार्की सौत्यानी पक्षको द्रोहले फट्याईं दोषारोपणको कष्ट र थुनाबाट त छुटे, बोलाउन जाने मानिसको भरमा अर्को साथी नलिई उपस्थित भएको राजारानीले दोष क्षमा त दिए तर निजी मूल मन्त्री पदमा उनैलाई स्थायी गरी काम लगाउन असजिलो परेकोले हो कि, काजी पद नथामिएको मात्र हैन कि निकालिएकै पो हो कि जस्तो देखिन्छ । घर जाउन भनेर ढोका बन्दनै भयो ।

सरुपसिंह कार्कीले आफ्ना मुखले बोलविन्ती गर्न पनि पाएनछन् । मेरो निश्कलङ्क व्यबहार छ, कसले बिन्ति गरिदेला भन्ने परेछ । बेतियातिर रहेका गुप्तचर कामका शशिधर मरासिनीकहाँ गएर बोलबिन्ति गर्न लगाए । शशिधरले काठमाडौंमा जाहेर गरेको समाचार यस्तो देखिन्छ–

मैले बिरायाको केही होइन्या (होइन) (यस्तै बाक्य छ) भनि बिन्ती गर्‍यौं (केही) लागेन । इनको निमक खायाको थियो (बोलाउन आए) गयाँ बिराउ भयो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनि भन्छन् । हुकुम मान्याहोस् (भनि) माफ बक्स्या आफ्नु घर हो हामीले जानु छ भन्न आइरहेछ । यस बातका साक्षी भन्या लक्ष्मीनारायण बाहुन नानी जान्दछन् ।

यस्तो सरुपसिंहको भनाई देखिन्छ । दलजित साह, दलमर्दन साहले रचेको पर्वबाट सरुपसिंह उम्केपछि दलमर्दन साहले झुट्टा उजुरी गरेकोमा उनी थुनिएपछि तिनले के भन्दछन् भनेर वहादुर साह काका दलमर्दन साह थुनिएको कोठामा गए । पालेले रोक्न सकेन । पाले कति थिए एकजना पाले दलजित साहलाई यो खबर दिन गयो । खबर सुने । हाम्रो निजी कुरा दलमर्दन साहबाट खुस्केला भनेर तुरुन्तै दलमर्दन साह थुनिएको कोठामा गई दलजित साहले ताल्चा लगाए । कोठा भित्र दुबै जना थुनिए ।

यो काम पहिले गरिसकेर २४ वर्षका राजा प्रतापसिंह साह काहाँ दलजित साह पुगेर कुन ढंगबाट कति समय के, के चुक्ली लगाए । चुक्ली लगाउन तिनको मुख फुकेकै इतिहासबाट देखिन्छ । यथाशक्य वहादुर साहलाई निकाल्ने यसैबेला आदेश गराएको हुनुपर्छ ।

पहिले पहिले वहादुर साहलाई भक्तपुरमा चौतरिया खान्की दिएको थियो । गुह्यश्वरीमा तन्त्र पुजाबाट बहादुर साह नुवाकोट गइदिंदा चुक्ली लगाई त्यो खान्की खोसिएको थियो । नुवाकोटबाट फर्किदा प्रतापसिंह साहकाँहा उपस्थित भएपछि भक्तपुरको बदला ठिमीमा दिएको पनि यसैबेला खोसियो (प्रा. ने. २३/-५) ।

वहादुर साह निकाला हुने नै योजना दलजित साहले राजा प्रतापसिंह साहलाई मन्जुर गराई हुकुम गराए । आफ्ना भाई वहादुर साहलाई एक बचन् नसोधी रोहवर नगरी निकाला गर्नेनै निश्चय भयो । भाई वहादुर साहलाई भेट गर्दा उनले बोल्यो भने म निकाल्न सक्दिन भन्ने लाग्यो कि के हो निकाला हुँदाको मोहर पत्र (सि. नं २५३/२३६) यस्तो छ –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधबिरुदावलीवीराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेप्रतापसिंहसाहबहादुरशम्शेरजङ्देवानाम सदासमरविजयीनाम ।

स्वस्तिश्रीसर्वोपमायोग्यराजभार सामर्थ श्रीशक्ति बल्लभ पण्डित श्री धर्मसिंह खवास, श्री गौरिकान्त खवास के प्रणाम आशिष । पूर्वक पत्र मिदम । यहाँ कुशल, तहाँ कुशल चाहिये । आगे यहाँको समाचार भलो छ । उप्रान्त यस्तो कुरा अगाडी पनि आयाको रहेछ तह नपर्दा येतिका दिन ढिलायाको रहेछ । तहकिकात शिवरात्रीका अगिल्ला दिन शिवरात्रीका भोलिवेर यी ३ दिन महा वहादुर साहले र कान्छा चौतरियाले क्या आँट्याको रहेछ भन्या मलाई पक्रनु, सरुपलाई काट्नु, बाभन नानीलाई धपाउनु भनि मत गर्‍याको रहेछ । त्यस्तै बिचमा चर्तुदशी आदित्यवारका रात्री हरिबंशलाई पक्र्यौं । सोध्दा साँचो हो भनि विन्ती गर्‍यो । सोबाट विहान वहादुर साह छेउ कलिया गरौं भनि पठाउँदा अगाउ पूजा महाछन् भन्या छन् । पछि उतावाट उठ्याछन् र ईन्द्रचोक चौतरियाको घर घेर्न पठायौं । मिश्रज्यू पण्डित ज्यूहरुलाई कलिया पठाउँदा खतवात दवायाछन् । पछि कायल भया छन् । हामी दुवै जनालाई मदेश जान देउ भन्या र वीरातसिक्या (?) टिका (?) पछि लगी नुनको हराम गर्न्याको जिउ जान्या हो तर गोत्र हत्या लाग्ला भन्ना निमित्त केही गर्‍यूँन । चल धन देदियौं । तेता आया ।

उप्रान्त लमजुङ्ग पठाउनको साध (?) कन अर्थ कन यहाँ यस्ता खड्‌बड् हुंदा ढिलायाको हो । अब ताकिता गरी चाँडै पठाउँला । बाँकि लमजुङ्या राजालाई चिट्ठी पठायाको छ । तहाँवाट चाँडो पठाई देउ मिति (बि. सं. १८३२) फागुन सुदी ४ रोज ६ मुकाम कान्तिपुर शुभम् ।

अन्वय - यसमा धेरै कुरा विद्वान्हरुले बिवेचना गर्नु पर्ने देखिन्छ । लेख बिशाल होला भनेर गरिएन तैपनि केही यस प्रकार देखिन्छ –

१. पहिले कस्को निवेदन परेर
२. हरिबंश पक्रियो त्यो खुलेन । हरिबंशलाई सोध्दा साँचो हो भनि स्वीकार गर्‍यो । हरिबंश राजातिर थियो भने पक्राउ नपर्दै निवेदन किन गरेन । पक्राउ परी कायल भएकोमा सँजाय पाएको इतिहासमा देखिदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. अर्को कुरा मिश्रज्यू, पण्डित ज्यूहरुलाई कलियो गर्न (बुझ्न) पठाउँदा तिनीहरुले यस्ता कुरा थाहै पाएनन्, खतबात दबाया छन् भनेको वैधानिक रूप भएन ।

४. पछि कायल भया छन् भनेको गएर कायल गऱ्यो ।

यसको व्याख्या वहादुर साहले के कुरामा निकालिएको हुँ भन्ने दाज्यू राजालाई लेखेको पत्र जवाफले कायल भयाछन् भनेको मिल्दैन । पाठकगण तल पढ्नु हुनेनै छ । यो पत्र मोहर दलजित साह (वडामहाराजाका सौत्यानी भाई) ले नै लेखेको जस्तो देखिन्छ ।

लालमोहरको व्यहोरामा वहादुर साह र दलमर्दन साह दुवै काका भतिजालाई गोरखाको बाटो चेपे पार निकाल्ने जस्तो व्यहोरा देखिन्छ । पश्चिम नुवाकोट पुगेपछि नुवाकोटमा कति दिन रहे त्यो खुलेको छैन । त्यसमा वहादुर साहलाई चेपे पारतिर निकाला गर्न पठाएको र दलमर्दन साहलाई काठमाडौंतिर फर्काइ थुनामा राखेको देखिन्छ ।

वहादुर साहले चेपे नदी पार निकालिएपछि लम्जुङ्गका सहारामा रहेर म निकालिनु मेरो दोष अपराध के थियो त्यो सुन्न पाउँ भनेर दाज्यू राजा प्रतापसिंहलाई पत्र लेखेर त्यसको उत्तर दरबारबाट पठाएको देखिन्छ । त्यो इतिहासका लागि फेला परेको छैन । त्यो उत्तरमा प्रष्ट रूपले तिमी यस्तो प्रकारले निकालिएको भन्ने उत्तर नहुनाले पुन: वहादुर साहले त्यही कुरामा दाज्यूलाई पत्र लेखेको (सि. नं. २६३/-२३९) देखिन्छ । त्यसको उत्तरमा कसैले त माथि चुक्ली गऱ्यो त्यो जानिबुझी रिस थामी सुख आनन्दसँग देशबाट निकाली पठाएको छु भन्ने बि. सं. १८३३ श्रावण सुदी १०/६ श्रावण १५ गते दोश्रो प्रत्युत्तर पत्र लालमोहर (पू. १७/-३०,३१) देखिन्छ ।

त्यसपछि वहादुर साहले जति दाज्यू राजालाई पत्र लेख्दछन्, वडो ठश्केर लेखेको उत्तर पाइन्छ (पू.१७/-३०, ३१) ।

जसरी सरुपसिंह पर्वमा वहादुर साहलाई दलजित साहले छुत लगाए र निकाले त्यस्तै काठमाडौंमा अर्कोपनि सरुपसिंह काण्डमा गजराज मिश्र फेला परे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वहादुर साह निकाला भैसकेपछि १८३३ श्रावण १३ गते वाराणसी निवासी गजराज मिश्र काठमाडौंमा नयाँ राजा प्रतापसिंह साहलाई भेट् दर्शन गर्न र काठमाडौं शहर हेर्न आए । यिनको परिचय पृथ्वीनारायण साहका गुरु मिश्रका छोरा हुन् कि भतिजा हुन् भनेर बाबुराम आचार्यले लेख्नु भएको छ ।

पुन: बाबुराम आचार्यले त राजगुरु गजराज मिश्र भनेरनै (पू. २७/-१६७) मा लेख्नु भएको छ । काठमाडौं आएर राजालाई भेट् दर्शन गरे । कति दिन काठमाडौंमा बसे । तब सरुपसिंह पर्व परेर दलमर्दन साह थुनिएका छन् भन्ने थाहा पाएर के हाल हो बुझुँ भनेर हो वा सके तथ्य सुल्झाउँ भनेर हो दलमर्दन साह थुनिएको कोठातिर गए । ढोकामा पालेलाई गुरूज्यू मिश्र सन्तान हुँ भनेर हो वा के व्यहोराले हो कोठा भित्र पसे पालेले रोकेनछ । पाले एकजनाले यो समाचार तुरुन्तै दलजित साहलाई भनिदियो । वहादुर साहलाई थुने जस्तै भित्र दुई जना कुरा गर्न लागेकोमा ढोकामा ताल्चा लगाई तुरुन्तै दलजित साह राजा प्रतापसिंह साहलाई चुक्ली लगाउन पुगे ।

दरबारमा जहिले पनि चुक्लीको वडो महत्त्व हुन्छ । योषामा भुलेका प्रतापसिंह साह आफ्ना काका दलजित साहबाट काम गरेको देखी खुशि हुन थाले । गजराजको बारेमा के-के कुरा भने प्रकाशमा आएको छैन । काम गरेको देख्दा राजाको हुकुम पाएरनै गरेको देखिन्छ । त्यो यस्तो छ –

२/३ दिन के थुनिएका थिए, थुनुवाहरुको लागि नेपाल सरहद भित्र आउन नपाउने गरेर निकाल्ने योजना गरे (सि. नं. २६६/-२४२) ।

दलमर्दन साह र गजराज मिश्रलाई राजद्रोही कुल्याहा भन्ने बात लागेकोले दुवैजनालाई पत्र दिंदै देश निकालेका (पू. १७/-३१,३२) देखिन्छ । वहादुर साहलाई यो खबरको प्रतापसिंह साहले पत्र लेखे । त्यो पत्रको उत्तर वहादुर साहले दिएकोबाट पनि दरबारबाट बि. सं १८३३ भाद्र सुदी १/४ आश्विन १ गते लेखेको पत्रमा यस्तो पाइन्छ –

गुरु, भाई, काकालाई धपाई आफ्नो भलो हुने भया गर्नुहोस् भनि लेखिछस असव्य गर्न्याकन असव्यै गर्नु पर्दछ । भारि २ दारिम पठाएको छ पुग्ला ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वहादुर साहले म के बापतमा निकालिएको हुँ भन्ने पत्र दाज्यूलाई लेखेको इदमित्थ उत्तर पाएनन् । तब बाइसी, चौविसीलाई मिलाउन बोल्ने, गड्बढी निव्ट्याउने अधिकारको पत्र पाउँ भनि लेखे । त्यसको उत्तर (पू. १७/-३०,३१) यस्तो देखिन्छ – तनहुँ, लमजुङ्ग, काश्की, पर्वत, प्यूठान यति राजासँग घा (मिल्ति) गर्न बंशराज पाँडे, गंगाधर पन्थ, विश्वेश्वर पाध्यालाई पठाएको छु । (तँलाई) चारपाट्या, विछ्‌याउन्या, मेवा गैरह प्याङ् १ पठाई दियाको छ । पुग्ला (भन्ने देखिन्छ) कामको हक दिएनन् ।

यसपछि पनि काम गर्न बोल्ने हक पाउँ, सन्धि वार्ता चलाउन दाज्यूले गोरखामा जो मानिस पठाउनु भएको छ । तिनीहरु ऋतरोह माफिकको कुरा गर्दैनन् । यस्तो रूपले घा (मिल्ति) सन्धि कसरी हुन सक्छ । विस्या पौड्यालले घा गरी थामिन्या छैन भनि लेखिछस् जुझ र बुझ दुवै पक्ष हिजैदेखि भै आयाको छ घा (मिल्ति) नहुन्या दिनमा कसैगऱ्या पनि हुँदैन । जुझ र बुझ जो पर्ला सो व्यहोरौंला (पू. १७/-३१,३२) ।

बंशराज पाँडे, गंगाधर पन्त, विश्वेषर पाध्यालाई राजावाट घा (मिल्ति) गर्न पठाएकोमा बंशराज पाँडेको नामै लिन चाहेनछन् । विश्वेश्वर पाध्यालाई पनि बिस्या पौड्यालले घा (मिल्ति) गरी थामिन्या छैन भनि वहादुर साहले जो पत्र लेखे, दरबारबाट जो पर्ला सो व्यहोरौला भनेर जबाफ आएकोले मलाई काम गर्न नदिने भन्ने बुझे । सौत्यानी बाबु दलजित साहको पक्षमा नै दाज्यू राजा प्रतापसिंह साह लागेछन् भन्ने वहादुर साहको मनमा पऱ्यो । तब त्यो ठाउँमा बसेर अपगाल आउला भनेर बुढा मावली पाल्पा सेन राज्यतिर वहादुर साह गए ।

वहादुर साहले सौत्यानी बाबुका साथमा नेपाल आएका बंशराज पाँडेलाई वडामहाराजाले खोसेकोमा पुन: थामेका थिएनन् । गोरखा दरबारमा रहेका बंशराज पाँडेले वहादुर साह पाल्पातिर गए भन्ने समाचार काठमाडौंमा पठाएको इतिहासले मान्दछ । पछिल्लो पटक काम पाउँ भन्ने वहादुर साहले लेखेको पत्रको उत्तरमा काम नपाउने निकाशा आएपछि वहादुर साहले दाज्यूलाई पत्र लेखेनन् । बरु दाज्यू राजाले काठमाडौं राजदरबारबाट पाल्पामा पठाएको एकोहोरो पत्र देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बि. सं. १८३३ कार्तिक सुदी १५/२ तदर्थ मार्ग १४ गते प्रतापसिंह साहले आफ्नो भाई वहादुर साहलाई सल्यानी महारानी दिदीबाट दिएको तेवारको तेरो भाग चिजबिज पठाई दिएको देखिन्छ । यसबेला नेपालका बिरोधि नेपाली बेतियातिर बसेका जो थिए, तिनीहरुले पाल्पामा वहादुर साहलाई लिन जाने भनेर चुरिफुरि गरेको देखिन्छ ।

बेतियातिर बसेका शशिधर उपाध्यायले बि. सं. १८३३ आश्विन ३० गते दरवारमा लेखेको पत्र (६/-१५,१६) पढ्न पाइन्छ । तिनले लेखेछन्, यहाँ दलमर्दन साहसँग भेट हुन्छ वहाँले काठमाडौंबाट कुल्याहा (राजद्रोही) भनि निकालिदाको पत्र मोहर देखाउँछन् । दुःखको कुरा गर्दछन् । काठमाडौंमा बस्दा यस्तो मैले गरुँ भनेर गरेको होइन । मेरा दुर्दशाले पऱ्या (भन्ने देखिन्छ) अर्को कुरा काशिनाथ पाध्यले पाल्पा वहादुर साहलाई लिन जाने भन्ने कुरा गर्न लागिरहेछन् वहादुर साह यहाँ (बेतिया तिर) आया ता निश्चयनै एकै बेर घुम् (विघ्न) लाग्ला । सो बुझ्या जाला । वहादुर साहलाई पहाडमै थाम्न सक्या बहुतै बढीया हुनेछन् । यहाँ तरै (तराई) झरे पछि वहादुर साहले जस्तो भने तस्तै होला पादरीको तिरबाट त फिलंगी (फीरंगी) ले जसो भने तसै गर्नेछन् । यस्तो शशिधरको पत्र पाइन्छ ।

वहादुर साह यस भनाईले प्रभावशाली पहिलेदेखि नै भएको देखिन्छन् पछि जो उन्नति गरे त्यो भन्न बाँकि छ । शशिधरको यो पत्र काठमाडौं राजदरवारमा पुगेपछि केही न केही राजनीतितिर दलजित साह र राजा प्रतापसिंह साहलाई पिर लाग्यो होला ।

बि. सं. १८३२ फागुन २६ गते काठमाडौंबाट वहादुर साहलाई निकालेको (सि. नं. २६१/-२३७ क) मा देखिन्छ । तर वहादुर साहले आफु निकालिएको मुद्दा केही थाहा पाएनछन् भन्दै आइएको छ । निकालिएको ठाउँतिर रहन गाह्रो भएर वहादुर साह पाल्पा गएपछि एकोहोरो दाज्यू राजाले भाई वहादुर साहलाई लेखेको पत्र (पू. २०/-३०६, ३०८ सम्म) पढने हो भने दाज्यू राजाले राजकी आफ्नो घरमा आउ भन्न मात्र नसकेको शिष्टाचार देखिन्छ । वहादुर साहले पनि त्यहाँ घरमा आउँछु भन्न नसकेको यस्तो लेख पाठक वर्गले बुझ्नु हुनेछ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पत्रमा यस्तो लेखिएको छ कि केही एक-दुई कुरा मात्र दर्शाउँ ।

तैंले बुबाको बरषीमा संकल्प गरी छुट्याएको रूपैयाँको जग्गा किनी गुठ राख्ने आयोजना गरेको छ । तँ पाल्पा गइस्, पाल्पाबाट पनि मदेश (वेतिया) जान्छस् भन्ने सुन्दछु । मदेश जाँदा त बाफदादाको नाउँ सम्झी आफ्नो पहुँच हेरी पो जान्या हो । बिचार गरी गया सबै कुरा बन्दछ ।

यो पत्र पढ्दा दाज्यू राजाले तेरो पत्र पाएँ भन्ने जवाफ छैन । त्यसो भएकोले वहादुर साहले पत्र लेख्न छोडेछन् । बरु दाज्यूले भाईलाई पत्र लेखेको देखिन्छ । यसै हुँदा दाज्यूको निगाह फर्किन्छ कि भनेर नौ महिनासम्म पाल्पामा नै रहे । यही नौ महिना भित्र दाज्यू राजाले भाईलाई अर्को पत्र लेखेको बि. सं. १८३४ बैशाख १५ गतेको (पू. २७/-३५, ३६) देखिन्छ । त्यसमा यस्तो लेखिएको छ –

पाल्पाली शूरवीर सेन यहाँ आएका थिए । तिनबाट मैले पठाएको पत्र पायौ होलाउ । बेतियाका पादरी मिकलान्जलो यहाँ (नेपालमा) आएर ३ दिन बसी बेतियातिरै फर्क्यो । रत्नसिंह साहीको र श्रीविलासको बिबाह भयो । ल्हासाका पलिता लामा खस्यो (मऱ्यो) भन्ने यस्ता गन्थने कुरा लम्बे छ ।

पाल्पाका शूरवीर सेन के काममा काठमाडौं गएका हुन्, पाल्पाबाट जाँदा वहादुर साहलाई भेटेरै गएका हुन् कि ? अथवा वहादुर साहले नै आफ्नो लागि दाज्यूको म माथिको भाव कस्तो छ, बुझिदिनु भनेर पठाएको हो कि ? शूरवीर सेन जाँदा दाज्यूलाई वहादुर साहले पत्र लेखेको रहेनछ । भए तेरो पत्र पाएँ भन्ने त्यस पत्रमा लेखिने थियो ।

पटनामा रहेका वडा साहेवले वहादुर साह निकालिएको हालत बुझेछन् । बेतियामा रहेका पादरीबाट थाहा पाएको हुनसक्छ । पटनाका वडासाहेबले भेट गर्ने इच्छा गरेको खवर वहादुर साहले पाल्पामा नै रहँदा थाहा पाएको थियो । दाज्यू राजाका पत्रबाट बेतियाका पदरी ३ दिन काठमाडौं बसी राजालाई भेट गरेको कुरा वहादुर साहले थाहा पाए । मेरो कुरापनि दाज्यू राजाबाट पादरीसँग भयो होला । अनि के भन्छन् बुझुँ । निस्तुक कुरा नबुझी पटनातिर के जानु भनेर बि. सं. १८३४ आश्विन २३ गते वेतिया पुगे (पू. ५५/- ३४, ३५) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बेतिया पुगेर पादरीसँग भेटी शिष्टाचारले कुरा भएको देखिन्छ । वहादुर साहले प्रतिभाशाली पादरीलाई देखेर दाज्यूलाई सम्झाई दाज्यू र सौत्यानी बाबुका बिचमा दाज्यू राजाको मन फर्काउन सक्ने तेश्रो व्यक्ती खाँचै भएको महसुस गरेर पादरीलाई गुहारी गरेको देखिन्छ ।

हिन्दी भाषामा पादरी माइकल एन्जोलोले प्रतापसिंह साहलाई लेखेको नेपाली भाषामा उल्था गरेर बताउँदा त्यो यस्तो छ –

तपाईंको भाई बि. सं. १८३४ आश्विन २३ गते पटनाका वडा साहेवलाई भेट्न जान पाल्पाबाट हिंडी मकहाँ आइपुगे पछि पटना जान्छु भन्न थाले । मैले दाज्यू राजाको एक वचन नपाई जान हुँदैन, दाज्यूको निर्देशन लिएरमात्र जानु पर्छ भनि रोकेको छु । दाज्यू र भाईमा प्रेम र प्रीति हुनुपर्छ । तब जहाँ गएपनि काम शिद्ध हुन्छ, घर न द्वारको दरवारबाट निकालिएको बुझनसुझ कहाँ पटना जाने भनेर रोकेको छु ।

म तहाँ काठमाडौं आउँदा तपाईसँग कुरा हुँदा भाईमा रिष बढेको पनि पाएँ । बिस्तार बिस्तार कुरा हुँदा आफ्नो भाईमा माया, ममता, प्यार पनि देखें यहाँ तपाईंको भाईसँग कुरा भयो । दाज्यूतिर माया र अगाध प्रेम सत्य साँचो देखिन्छ । दाज्यूको सेवा गर्न आफ्नो घर जाउ आफ्नो घर त्यही हो भन्दा मान्ने खालका रहेछन् । तहाँ सेवामा हाजिर हुन्छन्, भाईलाई झिकाइहाल्नु । लिन मानिस पठाउनु । त्यसो भए भाईमा प्रेम माया बढ्छ । पटनामा पठाउन हुन्न घरबासको ठेगाना नभएको मानिस पटनाका वडा साहेबमा श्रद्धा हुँदैन । त्यसो भएकोले पटना गएपछि फेरि कहाँ पुग्ने हो, के गर्ने हो महाराजको भाई मेहरमान्गी रहोस् । मैले यो पत्र लेखेकोमा झुट्टो नठान्नु होला । मेहरमानी साथ भाईलाई चाँडै झिकाउनुहोला । पटनाका वडा साहेब फिरङ्गीले नि बोलाएका हुन् । काठमाडौंमा वहादुर साह रहे यता रहेका दलमर्दन साहपनि खुशि मान्दछन् "हम को दउलथ भेज देहिगे" भन्ने आशा गर्दछन् ।

यसरी पादरी माइकल एन्जोलोले लेखेको पत्र (पू. ५५/-३४, ३५) प्रकाशित छ । हिन्दी भाषाबाट नेपाली भाषामा लेख्दा केही शव्द, बाक्य फरक परेको भएमा यो लेखक क्षमा याचना गर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिभाशाली व्यक्तिले तेश्रो व्यक्ति बनी प्रतापसिंह साह राजा र दलजित साहको बीचमा बोल्ने मानिस चाहिएको देखिन्छ । यस्तै वहादुर साहको जीवनीमा यो भन्दा चर्को किल्लामा थुनिएको अवस्थामा तेश्रो व्यक्ति भई बोल्न वहादुर साहले चीनका बादस्साहलाई गुहारेका र चीनका बादसाहले दाज्यू भाई मिल्नु पर्दछ भनि लेखको दुई पत्र (६/- ३५, ३६) प्रकाशित छ तर अन्यौलको बेलामा त्यो पत्र काम लागेको देखिदैन । प्रसंगमा समय अनुसार तल बताउँला ।

वहादुर साहको पुकाराले पादरी माइकल एन्जोलोले वहादुर साहका अगाडि लेखे, लेख्न लगाएको वहादुर साहले हरफ पढेर सन्तोष लिएको हुनसक्छ । त्यसबेला हुलाक थिएन । पादरीले मानिसद्वारा नै पत्र पठाएकोले त्यस पत्रको जवाफ के आयो, कार्यालयमा नक्कल रहेको हुनसक्छ, संकलन हुन सकेको छैन ।

२६ बर्षका कलिला बयश्कका प्रतापसिंह साह असक्त बिरामी भएको अबस्था त्यो बेला थियो । पादरीले चिठ्ठी लेखेको १८३४ कार्तिक ४ गते भनेर डिठ्ठा जितमान तामांगसँग रहेको हस्तलेख बंशावली इतिहास (अप्र.) मा यस्तो लेखिएको छ –

प्रतापसिंह साह बिहान कसैसँग नबोलेर यत्रतत्र देव मन्दिरमा दरबारबाट दौडदैं जाने र दर्शन गरेर फर्कदा बोल्ने गर्थे । एक दिन त्यसैगरी दौडदैं अड्कु नारायणस्थान मन्दिरमा पुग्दा लडेर ज्यादै जोडले पछारिए । तब बाथको रोग भयो । एकातिर अंग नचल्ने (पक्षघात) भयो भन्ने अप्रकाशित इतिहासमा देखिन्छ ।

प्रतापसिंह साह बि. सं. १८३४ मार्ग ६ गते २६ वर्षको कलिलो उमेरमा परलोक भए (पू. १७/- ३७, ३८) । तब त्यसै दिन बेतियामा बसेका वहादुर साह र दलमर्दन साहलाई चिठ्ठी पत्र मोहर पठाएको देखिन्छ । त्यस पत्रमा मार्ग ६ गते बिहान प्रतापसिंह साह परलोक हुनु भयो, आठजना केटीहरु सती गया । शिव साह, भोटु पाँडे, निलध्वज (?), भवानी दत्त, थर्थोक, ईन्द्रमणि बस्न्यात ६ जना क्रिया बस्या । तहाँ पनि जुठो वार्नु हवस् । शुद्ध शान्ति भया पछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफुहरुलाई (यता) चलाउन थर घर भला मानिस (तहाँ) आउन्या छन् आएपछि तहाँ बसउठ गरी तब पाव लाग्नु होला ।

माथि कुरा गरिसकेको तथ्य पाठक गणलाई राम्रै वुझाउनेगरी ५ भागम विभाजन गर्दै इतिहासको पाठ पढौं ।

१. वेतियामा बसेका विरोधीहरुले वहादुर साहलाई स्वदेशदेखि निकालेक बुझेर र पाल्पामा आई बसेका छन् भन्ने सुनेर वहादुर साहलाई तरा (वेतिया) तिर ल्याउने काममा लिन जाने भन्ने सुनिन्छ । वहादुर सा तराई (वेतिया) तिर आए भने त वहादुर साहले जस्तो भन्यो त्यस पादरीले गर्दछन् भनेर वेतियामा बसेका शशिधरले नेपाल दरवारम निवेदन (६/- १५, १६) पठाएको देखिन्छ ।

२. त्यो पत्र पढेर राजा प्रतापसिंह साह र दलजित साह झश्केको रू पाइन्छ । तुरुन्त वहादुर साहलाई माया गरेजस्तो पत्र-मोहर (पू. २०/ ३०६, ३०८) लेखेको देखिन्छ । त्यो पत्रमा वहादुर साहलाई तरा (वेतिया) मा जान हुँदैन भनि भनेको माथि वयान भएको छ ।

३. वहादुर साह स्वदेशबाट निकालिए भन्ने हल्ला जतातत्तै पुगेकोले पटना वडा साहेब अंग्रेजले वहादुर साहसँग भेट गर्न खोजेको छ भन्ने वहा साहले थाहा पाए (डि.जि.) ।

यसभन्दा अघि दाज्यू राजाले वहादुर साहलाई पत्र लेखेको (पू. १७/ ३५, ३६) माथि पढिसकियो ।

४. त्यस पत्रमा वेतियामा बसेका पादरीले काठमाडौंमा आएर मसँग गऱ्यो । ३ दिन बसेर वेतियातिरै फर्क्यो भन्ने लेखिएको देखिन्छ ।

यसरी दाज्यूले लेखेको पत्र वहादुर साहले पाएकोमा जवाफ केही दिएनन् एक बचनपनि नसोधी, नबुझी स्वदेशबाट निकालेको भन्ने सान्है चि दु:खेकोले म आउन पाउँ भन्ने पत्र पठाएनन् । दाज्यू राजाले लि पठाउछन् कि भनि ९ महिना पाल्पामा नै पर्खेर बसे भन्ने इतिहास देखाउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पटनाका अंग्रेज वडा साहेबले वहादुर साहलाई भेट्न खोजेको दोश्रो पटक खबर पठाएर हो कि पटनातिर अंग्रेजलाई भेट गर्न जान सकसक लागेको वहादुर साहको मन इतिहासले देखाउँछ ।

वेतियामा बसेका पादरीले दाज्यू राजासँग भेट गरेको पत्र पाएकोले मेरो कुरा के भयो पादरीसँग भेट गरेर बुझुँ, तब पटना जाउँला भनेर पादरीसँग भेट गर्न वहादुर साह पाल्पाबाट वेतियातिर रवाना भए ।

५. वेतियामा पादरीलाई भेटेपछि दाज्यू राजालाई पादरीले आफ्नोतर्फ बाट लेखेको पत्र वहादुर साहले देखे हुनन् भन्ने माथि पढिसकिएकै छ ।

यता काठमाडौं राजकेन्द्रमा भने ठूलो समस्यानै परेको बुझिन्छ । वहादुर साहलाई न काठमाडौं ल्याउनु नत निकालिनै रहनु परेको देखिन्छ । यसैले राजा प्रतापसिंह साह बाँचेका अवस्थामा वहादुर साहका वारेमा यस्तो राय पास गरेको देखिन्छ ।

वहादुर साहलाई शर्त लेखाउनु र सही गराउनु भन्ने त्यस बेलाको चलनअनुसार देवता भाकी धर्म शपथ लेखी न्याय माग्ने छैन, मन्त्रीनायक पद, खान्की खोज्ने छैन, खटाएको ठाउँमा काम गर्न जानेछु भन्ने शर्त गराउने र बसउठको माने प्रष्ट देखिन्छ । अव (पू. १७/- ३७, ३८) को कुरा गरौं –

राजा प्रतापसिंह साह परलोक भएपछि वहादुर साह र श्री ५ वडामहाराज पृथ्वी. का सहोदर माहिला भाई दलमर्दन साहलाई समेत आफुहरुलाई (यता) चलाउन थर घर भला मानिस (तहाँ) आउन्या छन् आएपछि तहाँ बसउठ गरी तव पाव लाग्नु होला भनि उपरोक्त पत्र वहादुर साहले पाएपछि दाज्यू परलोक भएको थाहा भयो । अब मेरो घरद्वार देश छैन भन्ने ठूलो चोट लाग्यो । त्यसमाथि आफु बिमारी (पू. १७/- ४०, ४१) हुंदा के गर्नु, के नगर्नु नै भयो । जुठो चाहिं वार्नु तर अहिले नआउनु भन्ने पत्र देखे ।

आफ्ना देशबाट निकालिएकोले काठमाडौं जाउँ भन्दा बाटामा चौकी पाले रहेकोले छोड्ने छैन । क्रिया बसेका ६ जनामा शिव साह एकजना साह परिवारकै देखियो (दलजित साहको नाम छैन, तल देखाउँला) (पू. १७/- ४०) । भाउज्यू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महारानीको अब के गति हुने हो । सौत्यानी बाबु दलजित साहले राज्य शासन पक्रने बेला आउने छ, के गरूँ । वाटामा चौकी पालेले रोक्ला क्रिया बसेर गएपछि पाले चौकीले रोक्न सक्तैन भनि दाज्यू प्रतापसिंह साहको विधिपूर्वक क्रिया बसी सुगौलीबाट रक्शौल पर्सामा आएपछि लक्ष्मीरमण (बाहुन नानी) ले रोके । दलमर्दन साह त्यहींबाट फर्के । क्रिया बसेरनै आएको वहादुर साहलाई लक्ष्मीरमणले रोक्न सकेनन् । यो दिन ३ वटा चिठ्ठी लालमोहर रोक्तु रोकिनु होस् भन्ने यस प्रकार देखिन्छ –

पर्सामा आएपछि रोकिनुहोस् भन्ने चौतारा दुईलाई र रोक्नु भन्ने लक्ष्मीरमणलाई काठमाडौंबाट पठाएको पत्र देखिन्छ । यो १५ गतेको कुरा भयो । यस्तै १६, १७, १८ गते रोक्नु, रोकिनु होस् भन्ने बाटबाटैमा लालमोहर पत्र देखिएकोले बाटबाटैमा लालमोहरपत्र बाँडिएको थियो कि के हो (पू. १७/- ३८, ३९, ४०) ।

बि. सं. १८३४ मार्ग १८ गते भीमफेदीमा आइपुगेपछि वहादुर साह अघि बढ्न पाएनन् । त्यो दिन १० दिने ढिँकुरो फोर्ने काम, १९ गते एकादश, २० गते द्वादश र २१ गते शुद्धाई हुने काम थियो । दान प्रदान गर्ने सामान र पुरोहित समेत काठमाडौंबाट आए । शुद्ध शान्तिको काम वहादुर साहले भीमफेदीमा नै गरे । माल सामान आउँदा तपाईंलाई लिन मानिस पठाउँला ती मानिससँग बस्उठ् गरी मात्र काठमाडौं आउनु होला भन्ने वहादुर साहलाई लेखेको चिट्ठी लालमोहर देखिन्छ । बस्उठ् गरी मात्र काठमाडौं आउनु होला भन्ने लेख मोहर पत्र वहादुर साहले बुझेका हुँदैनन् ।

शुद्धशान्ति भएपछि लिन थरघर भलामानिसलाई पठाउँला । अहिले जुठो बार्नु भन्ने पत्र मार्ग १५ गते वहादुर साहले पाएको थियो । बि. सं. १८३४ मार्ग २२ गते सौत्यानी बाबु दलजित साह (सपिण्डीकर्ता) र मिश्र (गुरू महेश्वरदत्त प्रभृति सबै भारदारहरु वहादुर साहलाई लिन आए । तिनीहरुसित बस्उठ् गरीमात्र काठमाडौं आउनु होला भन्ने वहादुर साहलाई पत्र मोहर लेखेको देखिन्छ । बस्उठ्को माने यसैबेला मात्र वहादुर साहले बुझे हुनन । एउटा कबुलियतको कागजमा सही गर्नु वहादुर साहले भन्ने रहेछ । त्यो के-कस्तो कागज हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अहिलेसम्म इतिहासमा आइसकेको छैन । संभवत: अघि जो भयो, भयो निकालिएको विषयमा न्याय पाउँ भनि जिरह गर्ने छैन । चुप लागेर सहेर रहनेछु । काममा जहाँ खट्टिनु पर्छ खट्टिन्छु भनेर लेखेको रहेछ कि ? भन्ने देखिन्छ ।

वहादुर साहले त्यो पत्र पढे, बुझे तब आफनै स्थानमा रहन्छु, आफ्नो स्थानमा रहन नपाए यस्तो शर्तको कागजमा सही गरी राजधानी काठमाडौं जान्न भनेर जवाफ दिए ।

अब काठमाडौंको अवस्थाको कुरा गरौं । हजुरिया मन्त्री सरुपसिंह पन्छिएपछि त्यो काम गर्न महारानीले सर्वजित राना (मगर) लाई भर्ना गरी काम लगाएको देखिन्छ । प्रतापसिंह साह परलोक भएपछि केही दिन महारानीकै सर्वेसर्वा चल्यो । सर्वजित रानाको र भारदारको सहयोग संगठनमा महारानीको शक्ति तगडानै देखिन्छ । तब भीमफेदीको खवर काठमाडौंमा महारानीलाई जाहेर भयो । आफ्ना देवर वहादुर साहका उपर महारानीले दया माया गरी २ वर्षका राजा रण वहादुर साहको भाकाको यस्तो पत्र पठाइन् –

तपाईंले शर्तको कागजमा दुई अक्षर (हस्ताक्षर) लेखी काठमाडौं आउने मञ्जुर नगरेको व्यहोरा श्री गुरु महेश्वरदत्त मिश्र ज्यू, दलजित साह प्रभृति सब भारदारहरुले लेखेको चिट्ठी (जाहेरी यहाँ आयो) श्री लक्ष्मीरमण (वाहुन नानी) यहाँ आया । बिस्तार बिन्ती (उनबाट) सुन्यु । बाँकि म्र तपाईंकै भतिजा हुँ यो घर (दरवार) तपाईंकै हो । आफ्ना घरमहाँ आउन त्यो दुई अक्षर हस्ताक्षर लेख्न गाऱ्हो नमानी लेखी यहाँ पाव लाग्नु हवस् ।

बाँकि इष्ट देवता नबेच्यास भनि श्री ज्यू ज्यू बाबाको (श्री ५ पृथ्वी.) को हुकुम छ । हुकुम टार्न्या मेरो धर्म होइन भन्नुहुन्छ गरे (अरे) यो कुरा योग्यै हो । परन्तु हिजो श्री ज़्यू ज्यू बाबा (को) हुकुम (मा) बन्दा (सेवक) हुनुहुन्थ्यो । आज़ मपनि राजा हुँ । मेरो हुकुमले हिजो (को) हुकुम टार्न्या दोष छैन (यस्तै त्यस लालमोहरमा बोली देखिन्छ) । आज मेरा हुकुम राख्नु होला दोहोरै हुकुम राख्दा दोहोरै धर्म रहन्छ । (अरु कुरा) विस्तार वाभन नानी आया विन्ती गर्नन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो व्यहोराको भाउज्यू महारानी राजेन्द्रलक्ष्मीको कृपादृष्टि दुई वर्षका नावालक राजाको मोहर पत्रमा प्रष्ट रूपमा वहादुर साहले देखे, बुझे । त्यसबाट सरुपसिंह पर्वमा महारानीलाई सहायता गरेको भारदारी भएको वहादुर साहले सम्झे हुनन् ।

यो पत्र लालमोहर वहादुर साहले पढेर आफु कुन अपराधमा के व्यहोराले निकालिएको भन्ने र दाज्यू राजा परलोक भएको दिग्दारीमा क्रिया बसेर काठमाडौं आउँदा बाटबाटैमा नआउनु भनि रोकेको यस्तो दिग्दार छातीको घाउ तुरुन्तै निको भयो । पत्रमा इष्टदेवता नबेच्यास् भन्ने बाक्यको के अर्थ हो बुझिएन । म तपाईंकै भतिजा हुँ यो घर तपाईकै हो, आफ्ना घरमहाँ आउन त्यो दुई अक्षर हस्ताक्षर लेख्न गाऱ्हो नमानी यहाँ पाव लाग्नु हवस् भनेर महारानीले लालमोहर पत्र लेखाएको नै वहादुर साहका लागि मृतसंजीविनी औषधीकै काम गऱ्यो । तब हस्ताक्षर गरेर मार्ग २३ गते वहादुर साह काठमाडौं आए । भाउज्यू महारानीको प्रसन्न मुख मुद्रा मुहारको बल्ल दर्शन पाए । भेट भएर एकान्तमा केही कुरा त अबश्य भयो होला । इतिहासले त सरुपसिंह पर्वको वहादुर साहमाथि गुन सम्झन्छ । भाउज्यू महारानीको निगाहा यसबेला मातृवत बहादुर साहले देखे होलान् ।

वहादुर साहलाई महारानी भाउज्युले भीमफेदीबाट झिकाएको लालमोहरको शर्त स्थानमा नै बसेको इतिहासले देखाउँछ । त्यो शर्तको कागज विद्वान्हरुको खोजीमा जब पाइएला, यस्तो लेखिएको रहेछ भन्ने अरु व्यहोरा देश, समाज, राजा र प्रजामा प्रष्ट थाहा होला । त्यो शर्तको लेख नपाउन्जेल वहादुर साहले आफ्नो स्थान, मानमर्यादा नखोजेको मात्र होइन मुख्य कुरा त वहादुर साहलाई नसोधी बयाननै नलिई थाहै नदिई थुनिएका, खान्किवान्की नथामिएको र देश निकालिएकामा कुरै चलेन ।

वाठी महारानीले सौत्यानी पक्ष भट्केलान् भन्ने अवस्था के थियो, आफ्नो राजनीति विग्रेला दलजित साहसँग चाउरे पिरती फुश्केला भनेर नै वहादुर साहको महारानीले मुख थुनेको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जब भविष्यमा महारानीको शक्ति महारानीको हातमा आउँछ तब वहादुर साहलाई न्याय दिएको देखिन्छ । थुनिए निकालिएकोमा चलन अनुसार न्याय सफाई पाउँदा प्रायश्चितमा गंगास्नान गरेको पनि देखिन्छ । वहादुर साहका चौतरिया खान्की थामिएको र माहारानीले आफ्नो अन्त्य अवस्थामा बालक राजा आफ्नो छोरो १० वर्षको रणवहादुर साहलाई वहादुर साहको काखमा राखेको देखि नायबी दिएको बि. सं. १८३५ को समयको व्याख्या शुरु हुंदाको समयमा व्याख्यान दिइन्छ । यसबेला त बि. सं. १८३४ को इतिहास प्रारम्भ हुँदैछ ।

भीमफेदीबाट शर्त लेखाई जब काठमाडौंमा वहादुर साह ल्याइए काठमाडौंमा १०/१२ दिन के बसे हुनन्, त्यसपछि शर्त अनुसार खटाएको काममा गए । काठमाडौं राजकेन्द्रमा वहादुर साह बस्न पाएनन् । त्यसो हुँदा इतिहासले यसबेलापनि निकालिएकै सम्झन्छ । वहादुर साह कहाँ गए भन्ने कुरा यो समय बि. सं. १८३४ मार्ग २३ गतेको हो । २१ महिना पहिले चेपे (मर्स्याङ्दी) नदी पार निकालिएका थिए । अहिले त्यही ठाउँ मर्स्याङ्दी नदीवार काममा खट्टिए (प्रा. ने २३/- ७) । त्यसको इतिहास यस प्रकार छ –

एक्काइस महिना पूर्व मर्स्याङ्दी पार निकालिंदाको कुरोकन्थो माथिनै भैसकेको छ । त्यसमा लमजुङ्ग, तनहुँसँग मित्रता भङ्ग भएको बि. सं. १८२८ पौष सतहुँको काण्डपनि भनिसकिएको छ । लम्जुङ्ग, तनहुँसँग त्यो बिघ्नकारी कर्मको क्षमा माग्दै मित्रता सन्धि गर्ने काममा बंशराज पाँडेले त्यसको बिरुद्ध शितयुद्ध चलाएको पनि माथि व्याख्या भैसकेको छ । शितयुद्ध चलाउँदा चलाउँदै त्यसबेला शस्त्र युद्ध भएको इतिहासले देखाउँछ । वहादुर साह युद्धमा खटिएको व्याख्या इतिहासको आधार प्रमाणबाट यस्तो देखिन्छ –

वहादुर साह कान्तिपुरमा फेरि आएपछि (प्रा. ने. २३/- ७) यस्तो अर्थ हुन्छ –

फेरि भन्ने बाक्यले दोश्रो पटक वहादुर साह आए भन्ने बुझाउँछ । (१) प्रथमत : भीमफेदीबाट शर्त गरी काठमाडौंमा ल्याइएको आएको हुनसक्छ । (२) काठमाडौंबाट युद्धमा खट्टिएकोबाट फेरि आए भन्नाले बुझाउँछ । नत्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निकाला भएको वाक्यलाई स्थान दिने हो भने वहादुर साहलाई काठमाडौं झिकाएकोबाट उनी आए भन्ने बाक्य हुनुपर्दछ । वहादुर साह काठमाडौं आएको मिति बि. सं. १८३५ भाद्र २० गते प्रसङ्ग तल लेखापढीमा बताइएला ।

दोस्रो पटक वहादुर साह आएर काठमाडौंमा के देखे पहिलेको सरुपसिंह पर्वजस्तै भाउज्यू महारानी राजेन्द्रलक्ष्मीलाई हजुरिया मन्त्री सर्वजित राना (मगर) को वात लगाई भारदारीनै नगरी आफ्नो दल पक्षका मद्दतले चाँदीको नेल हत्कडी लगाई कसैलाई भेट्न नपाउने गरी भाद्र १९ गते थुनेको वहादुर साहले देखे । यो त २० गतेको कुरा भयो । अघिल्लो पटक सरुपसिंह कार्कीलाई बोल्ने हक अधिकार दिंदा उनी फुस्केको जस्तो नपरोस् ईन्साफ हुँदा सर्वजितले बोल्ने हक अधिकार नपावस् भनि कुमारीको घरपट्टिको कुनाको कोठामा निजलाई शस्त्र प्रहार गरी बि. सं. १८३५ फागुन २१ गते मारे (६/- ३३) ।

वहादुर साह आफु युद्ध स्थलमा खट्टिएकोमा राजकेन्द्रको खवर कसरी चाल पाए र काठमाडौं आए भन्ने कुरा बताउँ ।

बंशराज पाँडेले अर्जेको युद्ध मोर्चामा खट्टिएर बलियो मोर्चाबन्दी वहादुर साहले बढाउँदै थिए । यसबेला काठमाडौं राजकेन्द्रमा महारानी राजेन्द्रलक्ष्मीको र सौत्यानी ससुरा दलजित साहको नजानिदो द्वैध शासन थियो । शासक एकको काम दोश्रो शासकलाई मन पर्दैनथ्यो । मन नपरेको थाहा पाएर बलियो संगठन महारानीतिर कै देखेर यस्तो गतिले म त निकालिन्छु भनेर हो कि दलजित साहले नायवीमा हात लगाउन थाले । वहादुर साहलाई तुरुन्तै काठमाडौं आउनु होला भनेर स्वपक्षका भारदार कुनैले अति गोप्य सूचना दिए । तब, वहादुर साह केही निहुँले काठमाडौं युद्ध क्षेत्रबाट आए भन्ने (स्व. डि. जितमान तामांगसँग रहेको हस्तलेख बंशावली इतिहास "अप्र." बाट) देखिन्छ ।

बि. सं. १८३५ भाद्र १९ गते राजेन्द्रलक्ष्मी नजरबन्दी भइन् । काजी सर्वजित राना काटिए (पू. २७/-१६८) भन्ने बाबुराम आचार्यले अति छोटकरीमा प्रकाश गर्नु भएको देखिन्छ । यसबेला काठमाडौंमा नजानिदो रूपले द्वैध शासन चलेको कुरो बताउँदै आइएको छ । महारानी थुनिएको र वहादुर साह शर्तले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाँधिएको र युद्धको क्षेत्रमा रहनु परेकोले काठमाडौंमा दलजित साहको सर्वेसर्वा हुनआयो र आफ्ना मनले काठमाडौंमा कस्तो हल्ला फैलाए बाहिरपनि त्यस्तै अन्धकारी हल्ला पठाएको पत्र लालमोहर देखिन्छ ।

सबै पत्र उपलब्ध भएको छैन, २/४ लालमोहर उपलब्ध भएकोले त्यसको व्याख्या दिइन्छ । दलजित साहको मनोमानी यस्तो छ । योगनारायण, ब्रजवासि पाँडेका नाउँमा २ वर्षका राजाको चिठ्ठी लालमोहर पठाएको बताइन्छ ।

(१) राजा (नाबालक) रणवहादुर साहको प्रशस्ती ।
(२) योगनारायण मल्ल, ब्रजवासि पाँडेको नाउँ ।
(३) सर्वजित रानाले अकर्म गऱ्यो र काटियो ।
(४) मुलुकको गर्नु भन्नु श्री माहिला बाबा (वहादुर साह) लाई बक्स्यौं ।
(५) यिनैका मार्फत सित मामिला गर ।
(६) ज्या हकिकत आउँछ विस्तार बिन्ती गर ।
(७) मिति १८३५ भाद्र सुदी ११ रोज ४ (२१ गते) ।

अन्वय –

(१) राजाको प्रशस्ती लेखिने त्यो वेलाको चलन अनुसार महाराजे लेखिएकोले ठिकै देखिन्छ ।
(२) पूर्वतिर प्रशासनमा काम गरिरहेका योगनारायण मल्ल, ब्रजवासि पाँडेलाई पत्र ।
(३) सर्वजित रानाले अकर्म गऱ्यो र काटियो भन्ने व्यहोरामा अकर्म खुलेन ।
(४) मुलुकको गर्नु भन्नु वहादुर साहलाई बक्स्यौं भन्ने अर्थमा यस्तो अर्थ लाग्छ –

(क) एकातिर वहादुर साहलाई जखड्याएर न्याय दिनु परेन । चौतरिया खान्की थामिएका छैन । यसबाट चौतरिया पद खोसिएकोमा थामिएको देखिदैन । देश, समाज, सभ्यता, संस्कृतिको प्रभाव मोहले मात्र खट्टिएको काममा जानु परेको प्रमाण सत्य देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) अर्कोतिर मुलुकको गर्नु भन्नु वहादुर साहलाई हुकुमी राजाको नायवी काम बक्स्यौं भन्ने यो लालमोहरको कुरा पाठकगणले यो लेख सबै पढिसके पछि झुट्टो देखिन्छ ।

अब कुन कुरो पत्याउनु ? बस्तुस्थितिको विश्लेषण गरी हेर्ने हो भने अनेकौं प्रमाणको अधारले यसबेला वहादुर साह बिरथी भएकोलाई नै पत्याउनु पर्छ । दलजित साहले यो लालमोहर लेखन थुप्रिएको लिफा झिकेर ओभद्रोनै लेखेको रहेछ भन्ने देखिन्छ ।

(५) यिनैका मार्फत सित मामिला गर भन्ने अर्थको आफुमानै पुष्ट्याईं देखाउँछ । त्यो बेला कामको विवरण लेख्दा बालक राजालाई नै लेख्नु पर्ने चलन देखिन्छ । बालक राजाबाट पनि निकाशा भएको देखिन्छ ।

(६) ज्या हकिकत आउँछ (सत्यता जे हुन्छ) बिस्तार बिन्ती गर भनेको आफैंलाई होसियारी गरेको बाक्य देखिन्छ ।

(७) मिति १८३५ भाद्र २१ गते सर्वजित राना काटिएको लालमोहरमा मार्फतवालाको नाम छैन ।

लालमोहर हेर्नु पर्ने हो भने मार्फतवालाको नाम, सही हुनुपर्दछ । २/४ प्रमाण दिउँ भने यसबारे १९ बर्ष उमेरका राजा रण वहादुर साहबाट लालमोहर भएको ५ थान लालमोहरमा मार्फत दामोदर पाँडे भनेर प्रष्टै लेखेको देखिन्छ । त्यसमा २ वर्षका राजा रणवहादुर साहको माथि बयान गरिएको लालमोहरमा तल पुछे सही गर्ने मार्फतवालाको नाम कसैको देखिदैन । १९ वर्षका राजा रणबहादुर साहबाट लालमोहर भएको प्रमाण यस प्रकार देखिन्छ –

(१) पूर्णिमांक ११ को पाना ३३, ३४ मा ४ थान लालमोहर प्रकाश भएको देखिन्छ । त्यसमा मार्फत दामोदर पाँडे लेखिएको छ ।

(२) अभिलेखमाला पृष्ट २४ मा मोहन प्रसाद खनाल नयनाथ पौडेलको प्रकाशन एक थान लालमोहरमा पनि मार्फत दामोदर पाँडे लेखिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रकार २ वर्षका रणवहादुर साहबाट लालमोहर भएकोमा एकजनाको पनि मार्फतमा नाम, सही देखिदैन ।

अर्को लालमोहर यस्तो देखिन्छ कि माथि दिएको ३ दिन अगाडिनै लेखेको मोहर राजकीय प्रज्ञाप्रतिष्ठानको प्रकाशन पृ. २९२, २९३ मा यस्तो देखिन्छ –

स्वास्तिश्रीगिरिराजचक्रचूडामिणनरनारायणेत्यादिबिबिधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमतबहादुरसाहदेवानाम सदासमरबिजयिनाम ।

व्यहोरा छोटकरीमा नै बताउँ । पूर्व विजयपुरतिर प्रशासनमा रहेका योगनारायण मल्ल ब्रजबासि पाँडेलाई त्यो पत्र लालमोहरमा यस्तो व्यहोरा लेखिएको छ । केही कुरा बेजाई गऱ्यो र सर्वजित राना काटियो । जसको बिराउ हुन्छ सोही जान्छ । त्यसकारण तिमीहरु हड्वडाउला नहड्वडाउ । तिम्रो मिहेनत सरकारमा जाहेर गऱ्या हामी छौं ।

यस्तो पत्र लालमोहर देखिन्छ । तिम्रो मेहनत सरकारमा जाहेर गऱ्या हामी छौं भन्ने बाक्य नभएको भए वहादुर साह राजकुमार देखिन्छन् । दलजित साहले यो पत्र राजाजस्तो मर्यादाले पठाउन नसकेर ३ दिनपछि माथि दिएको रणवहादुर साह राजाको लालमोहर लेखी पठाएको देखिन्छ । वहादुर साहको यस्तो मर्यादाको पत्र अन्त कतै पाइदैन ।

अर्को कुरा सम्भवत: प्रतापसिंह साह परलोक हुँदा दलजित साहले राजाको लासलाई मित्र चोकको सुन्तलाको बोट मुनि धर्ना राखेर सती जाने महारानीलाई अवाक अवस्थामा राखेका थिए हुनन् । ब्रजनाथ पण्डितले राजा रणवहादुर साह नावालक भएकोले सती जान महारानीलाई शास्त्रको बचन छैन भने हुनन् । दलजित साहले यसैबेला महारानी थुनामा परेको बेला आफु सर्वेसर्वा भएकोले रिसइवी साध्ने काम उल्टै गरेर हो कि त्यो लास धर्ना राखेको दोष ब्रजनाथमा लगाएको जस्तो छ । ब्रजनाथ पण्डितलाई निकाला हुँदा यस्तो मोहर देखिन्छ –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीकाँशी **श्री बबाज्यू** **श्री ममाज्यू**

स्वास्तिश्रीगिरिराज .... रणबहादुर .... विजयिनाम्न ...... लि स्वस्तिश्री गिरिराजेत्यादि ..... २ .... श्रीमनमहाराजाधिराज कुमार श्री श्री श्री दलमर्दन साह देवेषु सदा समर बिजयिषु सलाम पूर्वक पत्र मिदम ।

यहाँ कुशल तहाँ कुशल चाहिये आगे यहाँको समाचार भलो छ. उप्रान्त दैवयोगले (श्री ५ प्रतापसिंह) परलोक हुनु भयो. माहिला बाबालाई पनि बोलाई काजपनि गर्नु गराउनु लाउ (लायुँ) बाँकि ब्रजनाथ पण्डितले (श्री ५ मुमाज्यू) का जीये मेरा जिये नासनु कूकर्म (गर्न) लाग्याका रह्याछन् सहि साबुत गर्दा कायल भया ब्राह्मणलाई ज्या गर्न्या कृत्य हो सो गरिकन पूर्व सिंधुली नघाउन पठायौं परन्तु हाम्रो घर फोर्न्या बिथोल्न्या यीनै हुन भनि परशुराम थापा (लाई) ल्याइकन कोतमा थुनिराख्याको छ सही सावुत गर्दा ज्या ठहरला नीतिले ज्या हुने होला सो गरिएला

परन्तु दैव योगले तपाईंलाई बलभद्र साही (लाई) देश भयाको थियो तपाईं कविल्दारी समेत हुनु हुन्छ औंलाको पनि याम छ यो महिना तहीं राज गर्न्या, बलभद्र साहका डाँकमा चौपाला गरी आव भनि बोलाहट पठायौं तपाईं .... तिवाज्यालाई पास जावन बलभद्र साहलाई यता जाव भनि पठाउनु हवस् .....

यो पत्र अधुरो छ । मिति, छाप छैन (६/- ५४) प्रकाशित छ । यसमा दलमर्दन साहलाई माथि दिइएको लालमोहरले वहादुर साह काठमाडौं जाँदा (बर्षी बारेर) बाटो वाटामै रोकेको थियो । दलमर्दन साहलाई थाहा भएको हुँदा माइला बाबालाई पनि बोलाई काजक्रिया गर्न लगायौं भनेको झुटो कुरा उनले बुझ्े हुनन् ।

ब्रजनाथ पण्डित निकालिएको १, पर्शुराम थापा थुनिएको मुद्दा २, महारानी राजेन्द्रलक्ष्मी आमोद प्रमोदमा बिलासिनी भएको भन्ने ३ यी तिन कुरामा प्रमाण आधारको रूपमा बिबेचनाले यस्तो भन्छ –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१. ब्रजनाथ थुनिई निकालिएको कुरामा महारानी राजेन्द्रलक्ष्मी र नाबालक राजा रणवहादुर साहको जीउ नास्न कुकर्म गर्न लागेको मुद्दामा कायल भई त्यो बेलाका वडागुरुज्यू सरह मान प्रतिष्ठा पाएका पण्डित ब्रजनाथ गुरुज्यू सरहलाई आफुमा लागेको अपगाल तिनमा सारी महारानी थुनिएको समय पारी दलजित साहले निकालेको पनि हुनसक्छ ।

२. ब्रजनाथ पण्डितले महारानीको र बालक राजा रणवहादुर साहको जीउ नास्न कुकर्म गर्न लागेको सत्य साँचो भए महारानीले दलजित साहले लगाएको अपवाद थुनाबाट छुटी दलजित साहका पक्षलाई पन्छाई सक्नासाथ दलजित साहले निकालेर बनारस बसेका ब्रजनाथ पण्डितलाई लिन मानिस समेत पठाई दलजित साहले जो उनमाथि अपकृति लगाएर जो गरे त्यसको प्रायश्चित महारानीबाटै गराई पुन: साबिक जस्तै दरबारको साह बंशको पुज्य गुरुज्यू पदमा बहाल गराउने थिइनन् ।

३. पर्शुराम (तक्मेली बगाले) थापाको मुद्दामा कुनै कार्वाहीनै नगरी थुनिएको भन्ने पनि त्यस खेश्रामा उल्लेख छ । पछि कार्वाही हुँदा जे ठहर्ला त्यसै होला भन्ने पनि त्यसैमा उल्लेख छ । त्यो काम सत्य साँचो रहेछ भनेर कसरी भन्नु ।

४. बाबुराम आचार्यले महारानी आमोद-प्रमोदमा लागेर बिलासिनी बनिन् भन्ने (ने.सं.बृ. पृ. ७९, ८०) प्रकाश पार्नु भएको छ । महारानी बिलासिनी भइन् नेपालमा कसरी बस्ने भन्ने काजी बंशराज पाँडे र शिवनारायण खत्री काजी र सरदार जस्तो पद छोडेर देश, समाज, धन, सम्पत्ति, स्त्री, बालबच्चा समेत छोडेर काजी बंशराज पाँडे बिदेश बेतियातिर गएर बसे । सरदार शिवनारायण खत्री पटनातिर गएर बसे भन्ने कुरा बाबुराम आचार्यको लेखमा प्रष्ट कुरा नलेखी कुरो छोप्नु भएकोले पत्याउन सकिदैन । यसको बिबेचनाले यस्तो बोल्छ –

(क) महारानी राजेन्द्रलक्ष्मी भारतकी राजपुत बंशकी कन्या हुन् भन्ने कतै लेखिएको संभिइन्छ । यता बिबाह भएपछि पर्दा भित्र बसेर त्यो बेला जनताले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
गर्ने चलन अनुसार कार्य गर्नु पऱ्यो । आफ्ना खसम राजा प्रतापसिंह साह त
साधना गर्ने बहानामा योषामा भुलेको हुन्छन् । दलजित साहले राजकाज ह
पार्लान् राजकाजमा हात पारे भने कहाँ जानु भनेर बाठी महारानीले पर्दा भि
बसी प्रशासन चलाउँदा दलजित साहले बिघ्न गरेको एक पटक हैन, दुई-
पटक चर्को सहिनसक्नु धोखा पाएको महारानीले भोगेको देखिन्छ । पुत्र बाल
राजा रणवहादुर साहको राज्यको हक थाम्न पर्दा भित्र जति बसेर प्रशास
गरिन्, त्यसरी प्रशासन गर्दा काम नचल्ने भएरनै पर्दा बाहिर आएर प्रशासन ग
काम थालिन ।

कर्तव्यमा बीर क्षेत्राणी भएरनै प्रशासन पालन गरेको इतिहासबाट देखिन्छ
आमोद-प्रमोदमा बिलासिनी भएर घोडा चढी अंगरक्षकलाई समेत घोडा चढा
बिलासिनी बनेको होइन । त्यसो नगरे कामै नचल्ने भुक्तभोगी भएकी देखिन्छ

भारतमा आमा बाबुकहाँ रहँदा अरबी घोडा चढेर तालिम पाएको हुनुपर्छ
जस्तो कि भीम सम्शेर ज.व.रा. तत्काल श्री ३ महाराज छँदा उनकी छोरी घो
चढेर संगी साथीलाई पनि घोडा चढाएर बाहिर जान्थिन् । नयाँ दुलही
अवस्थामा पर्दा भित्र रहेर प्रशासन गरेको हुनाले धोखामा परेकी महारा
राजेन्द्रलक्ष्मीको केही नलागी खुल्लम खुल्ला प्रशासन गर्नु परेको देखिन्छ । पु
धोखाबाजिमा नपरूँ भनेरनै अरबी घोडा चढी धाई, केटी, सुसारेलाई पनि जा
पगरी पहिरन लगाई जागिरदारसरह भर्ना बहाली गरी तरबार चलाउने काम
तालिम दिई दरबारभित्र पालो पहरा महिलाकै तर्फबाट चलाई दिनको १ पट
हनुमानढोका दरबारबाट अघिपछि केटी सुसारे घोडचढी लगाएर जमाम
पनाले प्रशासन गरेको देखिन्छ ।

अहिले जस्तो मोटर, मोटरसाइकल, साइकल त्यो बेला थिएन । बि.
१९८३ सम्म महिलाले काममा कहीं जाँदा डोली चढेर मुखछोपी जानुपर्थ्यो

पर्दा प्रथा स्त्रीजातिले व्यहोर्नु ईस्लाम जातिको उद्गमले समाजमा फैलिए
कुरा इतिहासमा पाइन्छ । नत्र पहिलेपनि महिला स्वतन्त्र थिए भन्नेकुरा इतिहास
भन्छ । वर्तमान समयमा जस्तो महिला देश बिदेशमा जाने, बिहान बेलु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिउँसो स्वतन्त्रसँग हिड्ने, डुल्ने काम गर्ने चलन देख्दैछौं । मुसलमानी सभ्यतामा पर्दा भित्र घरैमा थुनिनु पर्दथ्यो । काम नपाएर स्त्री जाति कतिले भोक सहेर जेल परेको थुनुवा झैं जिन्दगी गुजारेको दृष्य अहिले भन्दा ६० वर्ष पूर्व ७/८ सय बर्ष अधिसम्म महिलाले थुनुवा झैं जिन्दगी बिताएको देखिन्छ । तब महारानी राजेन्द्रलक्ष्मीले आमोद-प्रमोदमा लागी बिलासिनी भएको भन्ने कथन झुटो देखिन्छ ।

(ख) बालक राजा रणवहादुर साह दलजित साहले थुनामा राखेकी महारानीका साथमा नै रहेका हुनन् जो व्याख्या गरियो । योगनारायण मल्ल, ब्रजबासि पाँडेलाई लालमोहर पत्र लेखेको रूपमा वहादुर साहले लेखे लेखाएको भन्ने भावना व्यक्त गरेर दलजित साहले नै लेखे लेखाएको भन्ने देखिन्छ । भबिष्यमा जब महारानीले न्याय पाउँछिन् सौत्यानी ससुरो दलजित साह र उनका पक्षलाई महारानीले पन्छाउँछिन् । तब वहादुर साहलाई न्याय दिएको काम, दर्जा, खान्की थामिएको हुकुम नायबीको कामपनि पाएको पाठकगणले यो पुस्तक पढ्दै गए वहादुर साह यसबेला बिरथी रहेछन् भन्ने सत्य साँचो संझनु हुनेछ । योगनारायण मल्ल, ब्रजबासि पाँडेलाई लेखेको पत्र मोहर झुटो रहेछ भन्ने सम्झनु हुनेछ ।

वहादुर साहको जीवनीमा परेका यस्ता कुरा नलेखी सुख छैन । के बाट कुरो बुझाउने भन्ने हुन्छ । वहादुर साह बिरथी आफु खट्टिएको ठाउँमा जाने र महारानी थुनिएको आफ्नो आँखाले देखेरपनि युद्ध क्षेत्रमा गए । जाँदा काठमाडौंमा रहने भारदारहरुलाई आफु तटस्थ रहनु तब दलजित साहले काम चलाउन मुश्किल हुनेछ भनेरनै युद्ध क्षेत्रमा गए भन्ने इतिहासले मान्दछ ।

तनहुँ सूरमा वहादुर साहले सानो मुकाबिला गरी दख्खल जमाए । यो समय बि. सं. १८३५ माघ २१ गते (पू. २७/-१६८) हो । त्यो खबर काठमाडौंमा जाहेर गरेपछि उताबाट उत्तर आएको मिति १८३५ माघ २५ गतेको पत्र (पू. २०/- ३१०) मा यस्तो लेखेको छ –

पत्र आयो अर्थ मालुम भयो । माघको २१ जाँदा मर्स्याङ्गदीको ढुकुर्दी घाटबाट हाम्रो फौज तऱ्यो ढुंगा, काँडको जुद्ध भयो भनि लेख्नु भएछ (भन्ने खुशियालीको लामो कुरा त्यसमा छ) । अब काठमाडौंको अबस्था भनौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महारानी राजेन्द्रलक्ष्मीले न्याय माग्दा न्याय दिएका थिएनन् (प्रा. नै. २३/- ७) भनेपछि मुद्दा काँचै रहेछ । न्याय दिनु पर्ने न्याय नदिएकोमा दलजित साह देखि भारदार तटस्त रहेकाले दलजित साह राजकाज प्रशासनमा एक्लिएको उनलाई अनुभव भएको इतिहासले बक्छ । हुनपनि बि. सं. १८३४ मार्ग ६ गते प्रतापसिंह साह परलोक भएको दिनगन्तीले २ महिना १७ दिन अरु बर्षी बार्नु पर्ने बाँकि छँदै सौत्यानी ससुरो दलजित साहले सर्वजित रानाको बात लगाई भारदारीनै नगरी आफ्नो पक्षको सहमतले बि. सं. १८३५ भाद्र १९ गते नजरबन्दी थुनामा राखेको बाट बर्षी बार्नु पर्ने समय भुक्तान भएरपनि अरु बढि ७ महिना १४ दिन थुनामानै रहनु परेको देखिन्छ । दलजित साहले यति गर्दा पनि राजकाज हातमा आएन । यसबाट अक्कल गुम भएर आफ्ना दाज्यू महोद्दामकीर्ति साहलाई पत्र लेखि हल्कारा पठाएर पोखरादेखि महोद्दामकीर्ति साह आए । सबै बिस्तार भने हुनन् । के ग़र्नु पर्छ, गरिदिनोस् भनेर नेवरा गरेको इतिहासले बक्छ ।

महोद्दामकीर्ति साहले भाईको अस्तित्व जोगाउने कामको लागि नै गोरखाको वीरोधी चौविसी राजाहरुको गठमा गएर गठित भएका थिए । नेपालमा वहादुर साहको भनाई अनुसार भारदार एक गठन भएकोले भाई दलजित साहको केही नलागेर बोलाएको दाज्यू महोद्दामकीर्ति साहले बुझे । महारानी राजेन्द्रलक्ष्मीको बर्षी फुकाउने दिन मुद्दा मुल्तवी राखेको हुनाले धेरै दिन भएछ भन्ने बुझे हुनन् । महोद्दामकीर्ति साह आउँदा भारदारहरुले स्वागत सम्मान गरी महारानीलाई न्याय दिनु होस् भने भन्ने इतिहासमा उल्लेख छ । दाज्यू भाईको के के कुरा भयो परिस्थिति अनुसार इतिहासले यस्तो भन्न सक्छ कि दाज्यूले भाईको सह्राहना गरे हुनन् ।

दलमर्दन साह, सरुपसिंह पर्वमा पन्छिएमात्र होइन कि वहादुर साहलाई पनि पन्छाएको गजराज मिश्रपनि पन्छिएको महारानीले हाल हुकुम चलाइरहेकीलाई भारदारी बिना कसैले कुरा गर्न नपाउने गरी नजरबन्दीमा थुन्नु मूल मन्त्री सर्वजित रानालाई काट्नु यस्तो काम गर्न सक्ने भाईको हातमा ठूलो शक्ति देखिन्छ । तब आफ्नो हातको शक्ति यथावतै राखेर महारानीलाई न्याय दिनु पर्छ । उनी बर्षी नफुकेकीलाई न्याय दिने शक्तिको पुष्ट्याईं हुनेनै छ । यो काम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएन भने भारदारबाट हामी एक्लिन्छौं, गर्नै पर्ने भयो । भारदार नियन्त्रण गर्ने काम मेरो भयो भन्नेनै सिद्धान्ततः इतिहासले मान्दछ ।

यसबारे इतिहासले (प्रा. ने. २३/-७) भन्छ कि विपक्षीका जालमा परेकी राजमाताले न्याय माग्दा (दलजित साहले नबोलेकोले) भारदारले न्याय दिएका थिएनन् । बुढा चौतरिया जेठा महोद्दामकीर्ति साह आएपछि भारदार बोलाई भारदारीमा बोले ।

मलाई बेनाहकमा तुफान लगायौं । न्याय देउ भनि बारम्बार पुकारने महाराजा श्री ५ पृथ्वीनारायण साह जस्ताकी बुहारी श्री ५ महाराजा प्रतापसिंह साह जस्ताकी पटरानीले निया माग्दा निरुपण गर भनि बम्किदिए । अनि वहादुर साहको संगठनले संगठित भारदारले सभा गरी बुझेर इन्साफ गर्दा महारानीले जितिन् ।

महारानीले साक्षी प्रमाणवाट मुद्दा जितेपछि सौत्यानी पक्षका केहीले सजायँ पाएको (प्रा. ने २३/- ७) सजायँ खण्डपनि भनिहालौं ।

धन खवास र वलभद्र खवासलाई हात्तिको खुट्टामा लट्काई मारे । गौरिकान्त कोटसिङ्लाई सुलीमा हाली मारे । दलजित साहलाई नेपालबाट निकाला गरी मदेश धपाए । सिञ्चा खत्री भागी पटनामा बस्न गए । वहादुर साहलाई (महारानीले आफ्नै नेतृत्वमा हनुमाढोका दरबार भित्रै विपक्षीले भेट गर्न नपाउनेगरी) नजरबन्दमा राखिए । (सौत्यानी पक्षको मद्दतगार भएको बंशराज पाँडेका दाज्यू) वशन्तराज पाँडेलाई केही कारणको निहुँ झिकी दरबार भित्रै काटिए ।

अर्को ठाउँ बाबुराम आचार्यले (पू. २७/-१६८) चौ. दलजित साह निकालिए । काजी शिवनारायण खत्री भागी पटनामा बस्न गए । वहादुर साह नजरबन्दि भए । यस्तो लेख्नु भएको छ । अझ अर्को ठाउँ (ने. सं. बृ. पृ. ७९/८०) मा दलजित साह आफुमात्र भागेनन् यिनले गोरखामा गएका वहादुर साहलाई समेत सूचना दिई भगाईदिए भनेर आधार प्रमाण बेगर आफ्नो दृष्टिगोचरको रूपमा प्रकाश गर्नु भएको वहाँको लेख कुन कुरालाई शुद्ध मान्ने ? महारानी राजेन्द्रलक्ष्मीलाई नजरबन्द गराउने काममा वहादुर साहको सहायक भएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीहर्ष पन्तलाई पत्री यिनको मुख डामी निकालिएकोले तनहुँ गएर बसे भन्नेपनि बिना लिखित प्रमाण आधारविना यस्तो लेख्नु भएको छ ।

माझकिरातमा प्रशासन गरिरहेका शिवनारायण खत्रीले महारानी थुनाबाट छुटेको मुद्दा जितेको कति दिन पछि थाहा पाए, महारानी राजेन्द्रलक्ष्मी बिलासिनी भइन् भन्ने खवर लिएर वंशराज पाँडे, वहादुर साह नफर्की नेपालको राज्य एकता हुन सक्दैन भनेर काम, नोकरीनै छोडी वंशराज पाँडे बेतियामा रहेका जिमिन्दार वीरकिशोर सिंहको आश्रयमा वसे । काजी शिवनारायण खत्री पटनामा गएर बसे भन्ने केही माथिनै बयान गरियो ।

वहादुर साहको कार्य भने सक्कली प्रमाणित भएकोले महारानीले त्यो बेला हनुमानढोका दरबारमा सुरक्षित राखेको देखिन्छ । देवर भाउज्यूको के, के कुरा भयो देश, समाजको राजनीतिको कुरा भएको नै हुनुपर्छ । वहादुर साहलाई बार्षिक व्यय र कारिन्दा दुईजना साथमा दिएर पटना गएको र केही पछि पटनाबाट लेखेको पत्र पाउँछौं ।

वहादुर साह पटनातिर हिंडेपछि उनको स्वास्थ्य सम्बन्धमा बेतियामा रहेका पादरीलाई भेटी कुरा भएको र नाबालक राजा रणवहादुर साहको भाकाबाट वहादुर साहको पत्रको जवाफ (६/- १६, १७) यस्तो देखिन्छ –

उप्रान्त श्री मुमाज्यू लाई पहिरनाकन नबग्रही पहुँची जोडा १ अंगुल दोया चाक्लो लमाई भन्या वाहुलीमा नाप्याको नाप डोरी पठाई दियाको छ नबग्रही जड्दाखेर अग्लो गरी जड्यानु डिल्लो पनि देखिन्छ पहिरदाखेरि सजिलो हुन्छ (राम्रो) गरी जड्याको भया बाहुलीमा मिल्दो साथ देखिन्छ यस्तै फर्माइस् सित बनावनु बाँकि मलाई पहिरनाकन नवग्रही पहुँची जोडा १ मेरा बाहुलीमहाँ मिल्दो सानै गरी बनावनु लावनु हवस् मोल पनि लेखी पठावनु हवस् रूपैया चढाई पठाउँला ।

अरु यस पत्रमा कुरा धेरै छन् । युद्ध र मिलाप सम्बन्धका कुरापनि छन् । यो पत्र बि. सं. १८३६ साल भाद्र ७ गते रोज ६ को देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बि. सं. १८३६ फागुन १५ गते राजदरबारवाट वहादुर साहलाई प्रवासतिर पत्रलेखी गएको (पू. १७/- ४६) देखिन्छ । यसमा वहादुर साहले पाएका कारिन्दा दुवैजना चन्द्रदत्त पण्डित र बिष्णुसिंह कार्की देखिन्छन् । एक जनालाई बिदाको निकाशा र एक जनालाई थमौती निकाशाको वहादुर साहले काठमाडौंमा लेखेको जाहेरी दुवैजनालाई थमौती दिंदा निकाशा भएको पत्र देखिन्छ ।

वहादुर साहले काठमाडौंमा जाहेरी लेखेकोबाट शान्ति पर्व-पुराण लगाएको २२१ अध्याय हुँदा आधा भएछ । साङ्ग कहिले हुन्छ भन्ने महारानीले सोधेको देखिन्छ ।

अर्को कुरा वहादुर साहलाई बि. सं. १८३२ फाल्गुन सुदी ४ रोज ६ मा काठमाडौंबाट पठाउँदा (सि. नं. २५३/- २३६) को मुद्दाको विषय न्याय हुन पाएको थिएन । पत्र मोहरमा लेखेको देखिन्छ कि माईला काकालाई कागतमा लेख्याको चुक्ली हाल्न आउन्या मानिस सित जोरी (पुर्पक्ष गरी) दिउँला पक्ष नगरी जस्ताको तस्तो सुनी दिउँला भन्ने पत्र मोहर (पू. १७/- ४७, ४८) देखिन्छ ।

भाउज्यू महारानीले सरुपसिंह पर्वमा निरापराध वहादुर साहलाई सोध्दै नसोधी निकालिएकोमा भीमफेदीबाट शर्त लेखाई वहादुर साहलाई ल्याएको कुरो जो माथि भयो महारानी राजेन्द्रलक्ष्मीले न्याय नभएको कुरोमा देवरलाई प्रशन्न तुल्याउन खोजेको जस्तो देखिन्छ ।

वहादुर साह कुन बेलामा आए, कुन मितिमा भारदारी भयो र न्याय पाए यस्तो कुरा इतिहासमा लेख्न प्रमाण पाइएको छैन । वादीले के सजायँ पायो सबै सौत्यानी बाबु दलजित साहका उपरमा अवगाल थुपारे हुनन् । उनले आफु झुट्टा कुरामा थुनिए निकालिएकोले चलन अनुसार ठुलै प्रायश्चित गर्नै बिचार भयो । काठमाडौंमा कति बसे, यसबेलासम्म पटना गएको देखिदैन । न्याय पाउने हुँदा खुशिले काठमाडौं आएको देखिन्छ ।

सौत्यानी ससुरा महोद्दामकीर्ति साहपनि काममा नचाहिने भएकोले एउटा अत्त्व थापी उनले ब्राह्मण कुटेकोमा मऱ्यो भनि त्यही अपराधमा अनिश्चित कालको लागि बि. सं. १८३७ आषाढमा निकालिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाहादुर साह काठमाडौंबाट प्रायश्चित तीर्थ गर्न कहिले हिंडे, कहाँ पुगे टुङ्गो छैन । त्यसबेला नेपालको हात्ती अलौ हात्तीसारमा के, कति थिए, अंग्रेजको आधारबाट नै कसैले डाँका गरी हात्ती सबै लग्यो । डाँकाले जहाँ हात्ती लग्यो त्यहाँ लिन जानुभन्दा पहिले अंग्रेज ग्रिम साहेबलाई सोधेर मात्रै लिन जानु पर्ने मर्यादा हो । ग्रिम साहेबकहाँ वहादुर साहनै गएको भन्ने काठमाडौं पठाएको पत्रको उत्तर (पू. २०/- ३११, ३१२) पत्र मोहरमा धेरै कुरा छन् । अंग्रेजको आदेशै विना हात्ती डाँकाले लगेको ठाउँबाट बाहुन नानीले हात्ती छुटाई ल्याउँदा करचुलिया मारेको (पन्यौले हानेको) अंग्रेजले फिक्री नगरी नेपालका राजालाई खिल्लत र माउते ख्यालिरामलाई पनि अंग्रेजले खिल्लत दिएका कुरा छन् । यो भयो बि. सं. १८३७ माघ सुदी १५/५ को पत्रको कुरा ।

यसपछि के आतुरि पऱ्यो वहादुर साहले प्रायश्चित तीर्थ नगरी काठमाडौं आएको देखिन्छ । त्यहीबेला वहादुर साहलाई बेतियामा रहेका पादरीले पत्र लेखेको यस्तो छ –

पादरीले बाभन् नानीलाई बेरामी भएका वहादुर साह निको भए त्यो राम्रो (नै) भयो । औषधी र व्यायम बिषयतिर नुवाकोट जाने बाटो काउले भन्ने ठाउँमा डुल्नु ठिक हुन्छ (पू. ५५/- ४२, ४३) भन्ने बि. सं. १८३८ आश्विन ४ गते रोज १ को पत्र देखिन्छ ।

त्यस्तै अर्को पत्र वहादुर साहलाई पादरीले पठाएको (पू. ५५/- ३८, ३९) प्रकाशित पाइन्छ । त्यसमा बनारसका राजा चेत सिंहको र अंग्रेजको युद्ध भएको कुरा छन् । चेत सिंहको हार भएको पत्रमा उल्लेख छ ।

अबत असल प्रकारले भोक लाग्दो होला । मेहरमान्गी गरेर मलाई खबर लेख्न चाहिन्छ । जो साहेवको इच्छा । म खुशि रहन्छु । यो पत्र बि. सं. १८३८ आश्विन १६ गते ६ को उल्लेख छ ।

पुनः पादरी मिकलाङ्गजलोले वहादुर साहलाई बि. सं. १८३८ कार्तिक शुक्ल द्वितिया (कार्तिक ६ गते पत्र लेखेको) पाइन्छ । त्यसमा यस्तै उल्लेख छ,-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब ता हरिद्वारका नागाहरुले डाँका गर्ने डरपनि कम भएको छ । वहादुर साहको स्वास्थ्य सम्बन्धमा (अहिले) कस्तो छ । मुख्यत: राजकाजतिर मन नदिनु मन दिए त्यसैबाट रोग बढ्छ भन्ने उल्लेख देखिन्छ ।

फेरिपनि मिकलाङ्गजलोले बि. सं. १८३८ कार्तिक ६ गतेमा नै लेखेको पत्र (पू. ऐ. ऐ.) प्रकाशित छ । त्यसमा वहादुर साहले पादरीलाई डाँकाको डरमा साथी जैन नर्सिंहलाई छोडेर काठमाडौं आएका रहेछन् । फिरंङ्गीको फौज बेतियाको नजिक आयो अब डाँकाको डर हुने छैन जैन नर्सिंहलाई सामान पठाएको छु यताको खबर उसले भन्नेछ ऐना र सन्दुस पटनामा पठाउनु मर्जि भएको छ, त्यो पठाउन तयार छ उता फरफेतो (पादरी) को पत्र पटनाबाट लेखेको छ । तहाँ साहेव (वहादुर साह) ले खुशिसँग रहनु पर्छ राजकाजकोतिर मन नदिनु हैन भने फेरि बेरामी हुन सक्छ साहेबको तबियत असल रहला त्यो बहुत बेस छ हामीले साहेबको सेवा गर्न तयार छु (त्यही पत्रमा गाँसिएको अर्को पत्र यस्तो छ) –

निशान हेर्नु विहान कफ खोक्नु कफ सबै मुखमा राखी पानीमा थुक्नु वडा गिलासमा कित चिया प्यालामा भरी पानी हाली कफ थुक्नु माथिबाट रह्या (को) कफ पानीसित मिली गया चिन्ता छैन । कफ मनीबाट गाडिदै जान्छ मनिबाट गया घटिया निशान हो ॥१॥ कफ खकारीकन थोरा आगामा थुक्नु मासु जस्तो गनाउँछ कि माछा जस्तो गनाउँछ अरु केही गनाउँछ त घटिया निशान हो ॥२॥ नगनाया बडिया हो ॥ व्याहान पिसाब वडा गिलासमा गर्नु एक घरि राखनु वहाँपछि हेर्नु माथिबाट सुत जस्तो लकिर रुवा जस्तो कहिं छिचरो कहिं सुत जस्तो, कहिं रुवा जस्तो तेल मिसान भया घटिया हो ॥३॥ आँखामा मनाकै चिप्रा लाग्न्या आँखा थोरो भित्र गाडिन्या भया निको निशान होइन ॥४॥ यो कागतमा लेख्याको परिक्षा हो ।

उप्रन्त अरु ब्याथाको डर छैन । सबैभन्दा गाह्रो त्यो गर्मी ताप घटिया हो । त्यस्को नाउँ किताबमा फिरङ्गीका बोलीले ॥तिसिको॥ खाया पछि गर्मी भै आउँछ पुरानो व्यथाको डर हुँदैन (यस्तो लेखिएको छ) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पादरीको एउटा यो भन्दा दुई महिना अगाडिको क्रमसंख्यामा लेख्न भुलेको एउटा पत्र यस्तो छ –

वि. सं. १८३८ भाद्र कृष्ण त्रयोदशी (भाद्र ५ गते) (पू. ५५/- ३७) को पत्रमा कामको संशोधनपनि छ । मुख्य कुरा पटनामा बसेका अंग्रेज फरफेतोले मलाई यस्तो लेखेको छ, त्यो काम निवट्याउनु होला जो कि –

नेपालको अलौ हात्तिसारमा रहेको सबै हात्ती भारतीले डाँका गरी भारतमा ल्याएको छुटाउन वहादुर साहले अंग्रेज ग्रिम साहेबलाई रू. पाँच हजार दिए । तब हात्ती छुटाएको हो भनेर पटनामा रहेका नेपालको वकिलले ग्रिम साहेबलाई भनेछ । यसबाट ग्रिम साहेब (रिसाएका) छन् । त्यसो भएकोले (कुरा) नराम्रो भयो तहाँबाट साहेबले फर्फेतो पादरीलाई पत्र पठाएर वकिलले यस्तो झुटो बोलेछ थाहा भयो । ग्रीम साहेबलाई वकिलले झुट्टा बोलेछ भनि सम्झाए बेस हुनेछ भनेर पत्र लेख्नुहोला भनेर चिट्ठी लेखेको वहादुर साहले देखे हुनन् । यसको जवाफ के लेखेर गयो त्यो संकलन हुन सकेको छैन । अब क्रमशः सिलसिलेवारले बि. सं. १८३७ मा भएको कुरा गरौं ।

बि. सं. १८२६ मा पाटन विजय हुँदा वडामहाराजा पृथ्वीनारायण साहले सरुपसिंह कार्कीलाई सरदारी दर्जा दिएको इतिहासमा देखिन्छ । सरुपसिंह कार्कीले जति दुःख पाए सौत्यानी ससुराले लात हानेकोमा महारानी राजेन्द्रलक्ष्मीको संझना इतिहासले देखाउँछ । दरबारले बिर्सन नसकेको र सरुपसिंह कार्की अंग्रेजी स्तम्भमा आज्जु खानगएपछि केही समय उनको स्वभाव हेरेर अंग्रेजले मूल्याङ्कन गरी भारततिर जिल्ला नकटापुर प्रगन्नामा दुई मौजा नेपालको चलन अनुसार बीरताको रुपमा जग्गा भर्ना दिएर काम लगाएकोले त्यो काममा जमदार नरपति थापालाई दामकाम गर्ने अधिकार दिएको (सि. नं. ३१४/- २८७) देखिन्छ । त्यो कागज बि. सं. १८३७ माघवदी ५ रोज ७ को प्रमाणित छ । सरुपसिंहलाई दरबारबाट झिकाउनेबारे प्रसंग अनुसार तल बयान गरिनेछ ।

वहादुर साहले भाउज्यू महारानीबाट न्याय निरोपण गरी इन्साफ पाएकोमा मिशिल कागज हेर्दा दलजित साहले झुटो अभियोग लगाएको चर्को मुद्दा यसै बेला बुझे हुनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न्यायमा सफाई पाएकाले थुनिएको र निकालिएकोमा त्यो बेलाको चलनले प्रायश्चित गंगा स्नान गर्न र पटनातिर जान वहादुर साह महारानीसँग बिदा भई हिंडे ।

वहादुर साहले के लेखेका थिए । बि. सं. १८३८ माघ १७ गते दरबारबाट जवाफ लेखेको (पू. २०/- ३१४) मा धेरै कुराको उल्लेख पाउँछौं । सबै जस्ताको तस्तो यस पुस्तिकामा प्रकाश गर्न प्रकाशकको अनुमतिनै चाहिने भएकोले लेखकले वहाँको सेवाभाव देखाउँदै यस कुराको प्रकाशन पत्रमानै हेर्नु होला भन्दै त्यस विषयमा सुक्ष्म छोटकरी यस्तो बयान गरिन्छ –

पत्र आयो अर्थ मालुम भयो यति दिन जाँदा पटना पुग्यौं भन्नाको बिस्तार (र) घडा ८ गंगाजल समेत (लिई) नेवार पुतुवारहरु आइपुग्या आफुजाँदा खेर श्री मुमाज्यू बिसन्चो (बेरामी) हुनु हुन्थ्यो कुराकहानी केही हुन पाएन खर्चपर्चको चाँजोपनि केही परेन गंगा स्नान (प्रयश्चित) गर्न जानु भएको हो गंगा स्नान भैसकेको भए माघै भित्र आउने र नभएको भए फागुन महिना भित्र आउनु हवस् गोरखा (आजको संपूर्ण नेपाल) देश थाम्न पर्छ यहाँ तड्खड् धेरै परिसकेको छ ।

यो कुरा बुझाउन केही तत्सम्बन्धि उदाहरण अगाडिनै दिन परेकोले कुरो यस्तो थियो कि –

मकवानपुर सेन राज्यको बि. सं. १८१९ मा नै उपलब्धि भई राजपरिवार गोरखामा नजरबन्दी रहेका थिए । मकवानी सेन राज्यको तल्लो भाग गंगा सीमानासम्मको प्रशासन चलेको थिएन । क्रमश: प्रशासनमा बीरबर अभिमानसिंह बस्न्यातलाई मुख्तियारी पद दिएर श्री ५ वडामहाराजा पृथ्वी. ले बि. सं. १८२७ देखि मकवानी सेन राज्यमा प्रशासन प्रारम्भ भएको थियो ।

प्रशासनमा तल्लो भाग अंग्रेजसँग कुरा मिलाउन आफ्ना वकिल दीनानाथलाई श्री ५ पृथ्वीनारायण साहले खटाई पठाए ।

दीननाथले ३ वर्ष समय लगाएर (सि. नं. २२७/- २०८) बि. सं. १८३० मा २९ मौजा भू-भागको गंगा सीमानासम्म गोरखाको हक भन्ने अंग्रेजबाट पट्टा बहाली ल्याउन समर्थ भए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मकवानी सेन राज्यको प्रशासक अभिमानसिंह बस्न्यातले जहाँ हरिहरक्षे भनिन्छ गंगा सीमानामा आफ्नोतिरको भू-भागमा पशुपतिनाथको मन्दिर बना शिव मुर्ती थापी पूजा गुठी राखेको र वकिल दीनानाथले अंग्रेजबाट गोरख (नेपाल) को भू-भाग पट्टा बह्लली ल्याएको (६/-८) प्रकाशित प्रमाण देखिन्छ

गोरखामा रहेका थुनुवा नजरबन्दी भुवर सेन उम्केर अंग्रेजको काखा बस्न गए । नेपालको बिजित भू-भागबाट उसलाई दुई मौजा अंग्रेजले जिमिदा दियो मात्र होइन बि. सं. १८३३ देखि अंग्रेजले सबै जग्गा २९ मोजानै रोक्य (६/-७२) र मिर्जा अवदुल्लाहवेग भन्नेसँग सम्बन्ध बाँधी उसको खान्की जग भर्ना भएको भनि उसलाई अघि सार्‍यो (६/-९) ।

दीनानाथलाई पठाएको काज उसबाट पुगेन । सोमेश्वरतिर तराईक काम (?) र रौतहट पचतौराको (गंगा सीमाना) को काम अनि मकवानी से साहेव भूवर सेनलाई ल्याउन यति ३ वटा काम तपाईंले गरी ल्याउनु नभय बाभन नानी (लक्ष्मीरमण) लाई अर्‍हाई आउनु हवस् गर्न्या काम जति हो तपा आउँदा सोधपुछ गरी आउनु होला भन्ने उल्लेख छ, अरु लेखिएन । पटनाबा वहादुर साहले के जवाफ लेखे त्यो पत्र पाइएको छैन । यस बेला वहादुर साहक हौसला बढेको पत्रबाट देखिन्छ । तिनवटा काममा भूवर सेनलाई ल्याउने का भएन । दुईवटा काम वहादुर साहले नै निवट्याएछन् भन्ने देखिन्छ ।

बि. सं. १८३८ फागुन बदी ६ (माघ २५ गते) दरबारबाट वहादु साहलाई पटना पठाएको पत्र (पू. २०/-३१५) प्रकाशित देखिन्छ । त्यसबा वहादुर साहले दरबारमा पठाएको २ पत्र प्राप्त भयो भन्ने उल्लेख छ ।

वहादुर साहले पटनाबाट कलकत्ता गएँ त्यहाँ वडा साहेब अंग्रेजलाई भें भनेर (कुरा के-के भयो) लेखेको रहेछ । दरबारबाट सन्तोष खुशि प्रकट गरेक उललेख छ । तर वहादुर साहले मलाई घटिया व्यथा लाग्यो अहिले म बिरा छु । बिरामी भएकोले पादरीको हवेलीमा बसिरहेको छु भन्ने लेखेको पत्र हामीलाई बहुतै चिन्ता ताप लाग्यो के व्यथा हो पत्रमा नलेखेकोले बल्लभ वै विश्राम खवास, जसराम खवासलाई तहाँ पठाएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

औषधी गर्ने पादरीपनि तहीं छन् जुन प्रकारले हुन्छ रोग निको आराम हुने गरी उपाय गरावनु हवस् सन्चो भैनसके पनि बाटामा आउँदा रोगले नदबाउने गरी आवनु हवस् यो चिठ्ठी पुग्नासाथ हालखबर लेख्नु हवस् चाँडो खबर आवस् घटिया दशाको शान्ति गर्न हात्ती १ र सुन तोला ५ पठाएको छ चाँडै दान गर्नु हवस् ।

भाउज्यू महारानीले देवर वहादुर साहलाई माया गरेको वहादुर साहले भाउज्यू महारानीलाई गुन गरेको आपत्तिबाट छुटाएको सम्झेकी महारानीले यस्तो दान गर्ने बस्तुहरु र वैद्यहरु काठमाडौंबाट पठाएको देखिन्छ ।

सम्भव छ, वहादुर साहले मलाई सन्चो भयो भनेर लेखिएको पत्र काठमाडौंमा पठाएको कति दिन भयो होला काठमाडौंबाट त्यो पत्र पाएर बि. सं. १८३८ माघ २९ गते जवाफ कलकत्तामा गयो । त्यो बेलाको व्यवहार (पू. २०/-३१६, ३१७) मा यस्तो लेखिएको छ –

चौबिसीले घमासान युद्ध गर्ने निश्चयमा हामीतिर बढ्दै आएको थियो तर हाम्रातिरका बीर योद्धाले ज्यानको माया नगरी दुश्मनलाई सामना गरेकोले हाम्रो जीत विजय भयो (श्री ५ ब. म. पृ. को सं. जीवनी पृ. ५८८) । खुशियाली मनाई देव देवतालाई पूजा गरी हर्ष मनायौं कालीगण्डकीसम्म सीमा पुगेको देशको सम्भार (१८२८ पौष ५ गतेको युद्ध) ले छोडी आएकोमा चौबिसेले ह्याएर (हेपेर) यस्तो धुमधाम गरे भन्ने र सिजुङ्ग अजितगढमा चौबिसीसँग युद्ध भएको भयंकर उल्लेख छ । अब चौबिसी टऱ्यो भन्नेपनि पत्रमा उल्लेख छ ।

यसबेला वडामहाराजा पृथ्वीनारायण साहको सौत्यानी भाईपनि काठमाडौंबाट निकालिएका पुन: चौबिसीतिर नै छन् कि कहाँ छन् थाहा हुँदैन । चौबिसी समग्र एक गठ मिलेर आउँदापनि गोरखाली बीर भारदार अमरसिंह थापा, अभिमानसिंह बस्न्यात, गोरा पाँडेहरुले हटाएकोले बि. सं. १८३१ माघमा आएका वडामहाराजाका सौत्यानी भाईको भर गर्दा उपद्रो र अवनति अवस्था भए गरेको महारानी राजेन्द्रलक्ष्मीलें र वहादुर साहले सम्झे हुनन् भन्ने इतिहासले बक्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी गोरखाली (नेपाली) को जित भएको देखेर अब हाम्रो शक्ति संगठ टिक्न बस्न सर्वथा सम्भव देखिएन । भारती राजा नवाबले अंग्रेजको सम नीति भित्र ओतिएझैं ओतिएर उभिनु पर्छ भन्ने निश्चय गरेर तनहुँका रा हरकुमारदत्त सेनले बहराइचभन्दा पनि दक्षिणको रेलवे लाइनबाट पुगिने रामन भन्ने भू-भाग देश समाजको लगापात कति हो अहिलेको सीमानाले दक्षि बि. सं. १८३८ माघ २६ गते अंग्रेजलाई सुम्पेर आफु अंग्रेजको साम (जिमिदार सरह) बनेको इतिहासले देखाउँछ ।

रामनगर कहिलेदेखि यस भेगको राजा समाजको राज्य थियो र राज्यमा देखा पऱ्यो, त्यसको इतिहास खोज्न पर्छ भने लेभि बेण्डाल, काँशीप्रस जायसवालको पाल, मल्ल, चल्ल, क्राचल्लको समयले लक्ष हुने सेन राज्य सीमाले उत्तर हिमालयसम्म र पूर्व आसामसम्म बर्तमान गोरखा (नेपाल) देश सार्वभौमी बताएको पाइन्छ ।

बि. सं. १८७१ माघवदी १३/३ मा काजी अमरसिंह थापाले पञ्जाव राजा रणजीतसिंह सिखसँग कामकुरा गर्ने अधिकार पत्र खरिदार पृथ्वी बिलासल दिएको १३ रौं धाराको सवालमा पनि सीमाना खुलेको छ । यसबेला ४ वटा से राज्य साहको सार्वभौमीमा सम्मिलित भएपछि तनहुँको हाता रामनगर पूर्वका इतिहासले देखाउँछ ।

वहादुर साह यसबेला पटनाबाट कलकत्ता गएको देखिन्छ । राजा रणवहा साह वर्ष ७ का बालकको भाषामा महारानी राजेन्द्रलक्ष्मीले आफ्ना देवर कलकत्ता रहेका वहादुर साहलाई बि. सं. १८३९ माघ ३ गते लेखेको पत्र (पू. २१/- ४ ५२) मा यस्तो देखिन्छ –

यहाँको हाल हकिकत बिस्तार लेख्याको अधिका पत्रले बुझ्नु भयो होल (पत्र प्राप्त भैसकेको छैन) त्यसपछिको खबर तिवारी कनकनिधिले पर्वत पाल छेव गोर्खो सान्है बढि गएछ बलले खजानाले पनि जितिसक्नु रहेनछ त्यसदि आफ्ना घरको धन भयापनि लाई लुवाई पनि मद्दत माग्नु र बन्दुक खरिद ग फिरङ्गी छेउ जानै पऱ्यो भने तिवारीले चौबिसी राजालाई बिन्ती गर्दा भलो भनि खुशि भएका कुरा चौबिसीको सुनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुई, तीन हजारको सराजाम (किन्न) खिल्लत (बक्स भयो) त्यहाँ (अंग्रेजसँग) मद्दत माग्न र बन्दुक खरिद गर्न आउनन् ।

तहाँबाट तपाईंले फिरङ्गी साहेबसित (लिन ल्याउन नपाउने) खत खर्तुत गरी भला मानिस पठाई मद्दत नदिन्या र बन्दुक खरिद गरी चौबिसे, बाइसे राजाले पर्वत लैजान नपाउन्या जसप्रकारले हुन्छ सो अर्थ गर्नु हवस् ।

उप्रान्त काज भन्या गर्न्यैले (गर्नाले नै) पुग्दछ औसरपनि परिआयाको छ । हाम्रा सगुता (सामन्त) राजाहरुपनि हामीले (आट्यौं दियौं) काज गर भन्न आइरह्या छन् तसर्थ यो काज कसो गर्न्या हो मुख्य काज गर्न्या हो होइन त्यो मद्दत मसलत २/४ कंपनी (सैनिक) माग्नु पर्ला तहाँबाट आयाका र यहाँ भयाका सिपाहीको सम्मतले दुई मुख गरी काज गर्नु पर्ला ।

कदाचित फिरङ्गीले कंपनी (सैनिक) नदिया हामीले त्यो काज गर्दाको दिन पर्वत पाल्पाले हिमायत गर्न मद्दत माग्न जानन् त्यो कुरा नसुन्न्या मद्दत माग्न आए नदिन्या अर्थ पारी फिरङ्गीको प्रमाना पनि गराई लिनु पर्ला ।

तसर्थ भीम खवास आउँदैछ मुख जमानी बिन्ती गर्ला सो प्रमान (सदर) छ बिज्ञे षु. किम धिकं पत्रको छेउमा रू. १००० पठाएको (छ) पुग्ला ।

यो पत्र लेख्नु र वहादुर साहले गर्न सक्नुमा ठूलो प्रभाव देखिन्छ । यस्तो प्रभावले गोरखा (नेपाल) साह अधिराज्यमा उन्नति भएको देखिन्छ ।

बि. सं. १८३६ आषाढ १० गते भारदारको सहमतमा महारानीले मुद्दा जितेको (प्रा. ने. २३/- ७) दिन हनुमानढोका दरबारमै वहादुर साह रहेकोले देवर भाउज्यूको जरुरि के कुरा भयो, पटना जाने र अंग्रेजसँग नजिकमा रही सम्पर्क राख्ने कुरा भएको हुनु पर्छ । काठमाडौंमा महारानीलाई वहादुर साहले पत्याएको बीरवर अभिमानसिंह बस्न्यात र बीर अमरसिंह थापा भए पुग्दछ । म भारतिर जान्छु भनेर महारानीलाई विश्वास पारेकोमा पटना आएर अंग्रेज वडा साहेवको वहादुर साहलाई ठूलो भरोसा भएछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
वहादुर साह नजन्मेको भएमा र महारानी राजेन्द्रलक्ष्मीको साहस नभएको भए सौत्यानीतिरको दिग्बिजय सफल हुन्थ्यो । वहादुर साह भारदारहरुको स्तम्भ आधार भएकोले नै अवला अनाथ महारानीलाई सबल गराएको इतिहासले बक्छ ।

यसपछि ठिक ७ महिना भित्र अर्को एक पत्र (पू. २१/- ५४) प्रकाशित पाइन्छ । बि. सं. १८३९ माघ १० गते महारानीले आफ्नो नाबालक छोराको पत्र लेखी १९ पेटारी सुन्तला, १ पेटारी बिमिरा (र) शंखत्रो पठाईदियाको छ पुग्ला भन्ने वहादुर साहका नाउँको पत्र मोहर देखिन्छ ।

महारानीको र देवर वहादुर साहको यस्तो बिशुद्ध देश थाम्न समाज संगठनको महिमा चलाउन चिठ्ठीपत्र लेखेको अर्को पत्र यस्तो छ –

बि. सं. १८३९ माघ १६ गते काठमाडौं राजदरबारबाट नाबालक राणवहादुर साहको भाकामा रानी राजेन्द्रलक्ष्मीले देवर वहादुर साहलाई जुन पत्र लेखेर कलकत्तातिर पठाइन् (पू. २१/- ५४, ५५) त्यो यस्तो छ–

पश्चिमतिर पाल्पा प्रभृतिका राजा बाइसे, चौबिसेहरुका वकिलहरु पटना गए उताबाट कलकत्ता गया भन्ने खबर (आफ्ना चरहरुद्वारा) सुनिन्छ । विशेष यो खबर तपाईंले पनि सुन्नु भयोहोला मुख्य तपाईंलाई आराम भएको भए बाभन नानी लक्ष्मीरमणलाई साथ लिई (यस) दरबारमा पाव लाग्नु होस राम्रो आराम नभएको भए तहाँको (काम) को सम्मत दि बाभन नानी भीम खवासलाई चाँडै पठाई दिनु हवस् । बाभन नानीको दिल बुझाई सरसौगात षत षतुत गरी अन्हाई पन्हाई पठाउँला चाँडो गरी पठाई दिनु हवस् भन्ने छ ।

बि. सं. १८३९ माघ २९ गते काठमाडौं राजदरबारको बालक राजाको भाकाले महारानी राजेन्द्रलक्ष्मीले लेखाएको पत्र वहादुर साहलाई पठाएको (पू. २१/- ५५, ५६) को सारांश यस्तो छ –

पठाउनु भएको पत्र आयो अर्थ मालुम भयो उप्रान्त यहाँको खबर भारदारले वहुत सतावन लाग्या तपाईंले चाँडै पाव लाग्नु पऱ्यो मोहर (पत्र) देखत पाव लाग्नु हवस् ईहाँ आयापछि जुन मतले काम ठहऱ्याई गर्नु पर्न्या छ (गरौंला)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उप्रान्त बाभन नानीको जागिर को ठिकाना गरी चाँडै पठाउँछौं तहाँ आवनन बिस्तार बाभन नानी र हरिकृष्णका चिठ्ठीले मालुम होला ।

अन्वय – भारदारले सताउन लागे आइदिनु होस् भनि महारानीले पत्र लेखेको देखिंदापनि वहादुर साहको संगठनमा भारदारहरु रहेको देखिन्छ । यस बारे (पू. २१/- ६१) पाठकगणले बुझ्नु हुनेछ । बाहुननानी र हरिकृष्णले वहादुर साहलाई के लेखेका थिए त्यो पत्र संग्रह भएको छैन ।

महारानी राजेन्द्रलक्ष्मीले देवर वहादुर साहलाई लेखेको पत्र (पू. २१/- ५६, ५७) बि. सं १८३९ फाल्गुन ११ गतेको देखिन्छ । त्यसमा यस्तो व्यहोरा लेखिएको छ कि –

लेख्नु भएको पत्र आयो अर्थ विदित भयो यहाँको समाचार भलो छ उप्रान्त राम्रो गरी सञ्चो भयाको छैन सञ्चो भएपछि आउनेछु भनि लेख्नु भएछ सुन्यौ शरिरमा आराम भयाको भए (चाँडै ग) रि. पाव लाग्नु हवस् आराम भैसकेनत तत्परताले औषधी गराई आराम भई पाव लाग्नु भया बन्ला ढिलाया त औलोको याममा परिएला चाँडो पाव लाग्न्या अर्थ हवस् बाँकि बाभननानी जोराबर खवास बिदा भएर तहाँ आउँछन् इति.

महारानी राजेन्द्रलक्ष्मीले यसरी बरावर बोलाउँदापनि वहादुर साह नआएकोले विरामी देखिन्छन् । काठमाडौंबाट बि. सं. १८३२ फागुनदेखि नै बिमारी भएको भयै बरावर पत्र लेखको देखिन्छ । वडामहाराजा पृथ्वीनारायण साहले यस भेकको अनन्त कालदेखिको सार्वभौमी हक थामेर समान्त राजा समाजको इतिहास, सभ्यता, संस्कृति, धर्मको उत्थान भएको पुन: भत्किन्छ कि भन्ने वहादुर साहले राजनीतितिरको ठूलो चिन्ता लिएकोले नै तिनको रोग बढेको देखिन्छ । यस बिषयमा बेतियामा बसेका पादरी मिकलाङ्जलोले वहादुर साहलाई पत्र लेख्दा मुख्यत: राजकाजतिर मन नदिनु, त्यसबाटै रोग बढ्छ भन्ने माथिपनि (पू. ५५/- ३९, ४०, ४१) पादरीको पत्र प्रकाशित भएबाट प्रमाणित हुन्छ ।

बिरामी भएकोबाट नै काठमाडौं नआएको हो कि ? भाउज्यू महारानीलाई राजकाज बिषयमा कुरा लगाउँछन् भनेर हो वा बिदेशमा बस्दा वहादुर साहले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अंग्रेजले प्रशासन गरेको देखेर कंपनी पल्टन भर्ना गर्ने काम जान्न-बुझ्न बसेक हुन अथवा काठमाडौंमा बस्न मान मर्यादा छैन भन्ने बुझेर काठमाडौं नआएक हो महारानीले (श्री ५ रणवहादुर साहका भाषामा) यस्तै बुझेर वहादुर साहला बि. सं. १८३९ फगुन १५ गते पत्र लेखेको (पू. २१/- ५७, ५८) मा यस्तै देखिन्छ –

हिजो बावाज्यू (प्रतापसिंह साह) ले तपाईंलाई जागिर जति बक्सनु भयाक थियो तति आजपनि बक्स्यौं । चाँडैगरी पावलाग्नु हवस् अबत औलोपनि चढ्य ढिला हुनु कत्ति छैन तहाँ पाव चलाउन बाभन नानीलाई पठाएको छ । यता पा लाग्नु हवस किमधिकं बिज्ञेषु ।

अन्वय – आजकाल बुबाज्यू भनि बोल्ने चलन छ । त्यसबेला बाबाज्य भन्ने बोल्ने चलन रहेछ । भक्तपुरमा वहादुर साहको चौतरिया खान्की पाएक बि. सं. १८३२ आषाढको तन्त्र पूजा हुँदा सौत्यानी बाबुले कुरा लगाउने समय पाएर भादगाउँको खान्की खोसियो । नुवाकोटबाट फर्केपछि दाज्यूराजाले ठिमी चौतरिया खान्की दिएको पनि बि. सं. १८३२ फल्गुनमा थुनिई निकालिं खोसिएकोले कताको थामिदिन्छु भनेको हो, बालक राजाको पत्र मोहरमा महारानी लेखेको व्यहोरामा खुल्दैन ।

यसपछि वहादुर साहले केही समय भित्र लेखापढी गरेको पत्र पाइएक छैन । बि. सं. १९३९ चैत्र २० गते बालक राजाको भाकाबाट महारा राजेन्द्रलक्ष्मीले देवर वहादुर साहलाई लेखेको चिठ्ठी (पू. २१/- ५८, ६०) म वहादुर साहले काठमाडौं पठाएको चराहरु सारङ्ग चिडिया १, बकुल (के हो पठाउनु भएको बाटामा ल्याउँदा ल्याउँदै मरेछ, मरेको आइपुग्यो । तपाईंले २/ पटक जो, जो जातको चिडिया पठाउनु भएको थियो, पत्र बमोजिम सबै आइपुग्यो अंग्रेज फाश्किराफ यहाँ (काठमाडौं) आउने कुरा सुन्छु त्यसलाई आउन नदिं काम गर्नु हवस् ।

अन्वय – अंग्रेज फाश्किराफ काठमाडौं आउने कुरा वकिल दीनानाथबा र तेरहुँत सारङ्घर गंगा सीमानासम्म प्रशासन गर्ने मुखितयार अभिमानसिं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बस्न्यातले दरवारमा जाहेरी लेखेकोवाट दरबारले थाहा पाएको हुनसक्छ । यस पत्रको जवाफ वहादुर साहले के लेखे, त्यो कागज इतिहासलाई पाएको छैन । यस्तो काम वहादुर साहले भिवट्याएरनै त्यो वेलाको प्रशासनमा इतिहासले शान्ति देखाउँछ ।

बि. सं. १८३९ चैत्र २६ गते दरबारबाट के लेखेर वहादुर साहलाई पत्र पठाएको थियो त्यसको जवाफ वहादुर साहले कस्तो दिए, वहादुर साहले लेखेको पत्र दरवारमा पुगेर वहादुर साहलाई त्यसको जवाफ दिएको देखिने (पू. २१/-६१) यस्तो छ –

दीनानाथ र बहुननानीले परराष्ट्रको एकै किसिमको काम आलोपालोमा गर्दथे । दीनानाथ वकिल मकवानी सेन राज्यमा नै काम गरेको पृथ्वीनारायण साहले त्यही काममा थामेको हुनाले अनुभवि थिए । बाहुननानी लक्ष्मीरमण मष्तिकवादीनै देखिन्थे तर परस्पर मनमुटाव भएकोले वहादुर साहलाई काठमाडौं आई दुवैको कुरा मिलाई दिनु हवस भनि लेखेको जवाफमा वहादुर साहले पत्रको जवाफ यस्तो दिए –

अघि म त्यहाँ बस्दा महारानीलाई मैले कुरा गर्दा कसैको चुक्ली लगाउन पर्दैन खानु बसिरहनु मर्जि हुन्थ्यी यसबेला म यहाँ टाढा बसिरहेको छु त्यहाँ आउन सञ्चोपनि छैन पादरी (मलाई औषधी गर्ने) ले मेरो रोग निको गर्न यस प्रकारले गंगाजलमा सैर गर्नु पर्छ तब (मानसिक) रोग निको हुन्छ भन्दछन् (त्यही गरिरहेंको छु) यस पत्रको साथ बटाई १३ पठाएको छु भन्ने पनि देखिन्छ ।

महारानीले सो पत्रको जवाफमा पठाएको पत्रमा लेखी पठाउनु भएको पत्र र बटाई आइपुग्यो रोग छुटेर सञ्चो भएपछि यहाँ आउनुहोला भन्ने पत्र देखिन्छ ।

दीनानाथ र बहुननानीको बिषयमा वहादुर साहले यस्तो लेखेको देखिन्छ कि पाल्पाली राजा मुकुन्द सेन (प्रथम) ले विजय गरेको ठाउँमा मुकुन्द, माकन्दको समासमा मकवानपुर भन्ने नाम राखी १६ रौं शतावदीको मध्यमा बहाली गरेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन्छ । वर्तमान अवस्थाको मदेश तराईभन्दा दक्षिण तेन्हहुँत सारङ्गधर भन्ने २९ मौजाको दक्षिण सीमाना कृष्णागण्डकी र गंगा भागिरथी मिलेको हरिहर क्षेत्र भन्ने माथिनै बयान भैसकेको ठाउँमा अंग्रेजको लसपस देखेर (भारत मे अंग्रेजी राज्य) को पृष्ट ४९४, (अर्वाचिन भारतको इतिहास) पृष्ट १० र (पू. २/- ७५) बि. सं. १८३० मा वडामहाराजा पृथ्वीनारायण साहले वकिल दीनानाथलाई अंग्रेजसँग शिष्टाचारले कुरा गर्न पठाई बि. सं. १८३१ ज्येष्ठमा दीनानथले त्यो भूमी गोर्खाकै हो चलन गर्नु भन्ने फसिलिया (फैसला) को बहालपट्टा गराई ल्याएको भूमीमा ८ बर्षपछि पुन: मिर्जा अवदुल्लाह बेगले हामीसँग फौजी आक्रमण गर्न आउँछ रे भन्ने खबर छ त्यो कसो हो, राम्रोसँग बुझी अंग्रेजलाई के भन्नुपर्छ भन्नु होस् भन्ने वहादुर साहलाई पत्रमा धेरै कुरा (६/- १०, ११) लेखिएको छ ।

वहादुर साह भारतमा रहँदा उनलाई अंग्रेजले प्रभावशाली देखेको र उनले अंग्रेजलाई भनेर मिर्जा अवदुल्लाह बेगको आक्रमण खारेज भएको देखिन्छ। वहादुर साहको अवनति नगरिएको भए धेरै उन्नति हुने थियो ।

बि. सं. १८४० वैशाख बदी ८ (गते १५) मा वहादुर साहले कलकत्ताबाट लेखेको पत्रको उत्तर (पू. २१/- ६७) नेपाल दरबारमा पुगेको र उनी मकवानपुरमा आइसकेको समेत थाहा पाएर दरवारबाट लेखेको पत्र यस्तो छ –

अब त गर्मी चढ्यो (महारानीले वहादुर साहलाई कारिन्दा दुई दिएको) गर्मीले (ति) दुवलाएका छन् भनेर लेख्नु भएछ मकवानपुरमा आइसक्नु भएछ त्यहाँको पनि हावापानी ठिक छैन चाँडो यता पावलाग्नु हवस् तपाईंलाई लिन मानिस (पत्रवाला) पठाएको छु

यो पत्रपछि वहादुर साह काठमाडौंमा देखिन्छन् । वडामहाराज पृथ्वीनारायण साहको दिव्योपदेश त्यो बेलाको संविधान भने हुन्छ । त्यसबाट बंशराज पाँडे बि. सं. १८३६ आषाढ १० गते महारानीको नजरबन्दी खुल्दा भागेकोलाई संबिधान अनुसार मर्यादाले झिकाउँदा ती आए भन्ने देखिन्छ । तब चौबिसे राज्य दख्खल गर्न वहादुर साहको मन्तव्यले तिनलाई खटाइए (पू. २०/- ३२३) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बंशराज पाँडेको कुरोमाथि भनियो । कुरो चल्दा यहाँपनि बताउँ । यस्तो छ कि (प्रा. ने २३/- ७) बशन्तराज पाँडे काटिए, वंशराज पाँडे भागे (ने. सं. बृ. पृष्ठ ८०) । वडामहाराजा पृथ्वीनारायण साहको (६/-३१४) दिव्योपदेशले पाँडे, पन्थ, बन्स्यात, भैयाद, मगर यी मेरा नून गुनका सोझा सेवक हुन् । यिनीहरुले जीव जान्या वीराम गऱ्याको भया पनि आफुले नमार्नु बरु मराताप (प्रमुख पद) दिएर लडाईंमा झोसी दिनु र जीव जोगाई आयो भन्या बढीया भयो मरी गयो भन्या आफुले मार्नु अर्केबाट मारीदियाको बढीया हुन्छ तब राजाले सेवकलाई घर (देश) भित्र नमार्नु ।

यस्तो लेखिएको हुनाले पाँडे भनेका बंशराजनै भए, भैयाद भनेका दलजित साह भए । यसबेला बंशराज पाँडे, दलजित साह, काजी सरुपसिंह कार्कीलाई झिकाएर युद्धमा पठाउने योजना वहादुर साहले गरे । भनिन्छ कि वडामहाराजाले आर्जेको सार्वभौमी देश बिग्रन लाग्यो अब मेलको महत्त्व दर्शाएर बाईसी, चौबिसीलाई हटाउनु पर्छ भनेर पत्र लालमोहर लेखेर गएको हुनुपर्छ ।

बि. सं. १८३९ भाद्रमा बंशराज पाँडे काडमाडौं आए (ने. सं. बृ. पृष्ठ ८०) । सात महिनासम्म दिव्योपदेशले भत्ता पाएरनै काठमाडौंमा नै रहे । यस्तो संगठन भएरनै होकि ? चौबिसीले सैनिक बढाउँदै निहुँ खोजेन । बि. सं. १८४० बैशाख २९ गते गोरखाराज्यबाटै चौबिसेराज्य विजय गर्न धेरै भारदारहरु सैनिकसाथ खटिए । बंशराज पाँडे अग्रगण्य भएको त्यसमा जगजित पाँडे, चौ. शिवराज साही, काजी देवदत्त थापा मगर, बिन्दु राना मगर, सरदार प्रतिमन राना मगर खटिएको (पू. २०/- ३२३) + (६/- ३७७) देखिन्छ । कास्की, सिरानचोक विजय गरेको (६/- ११) + (पू. २०/- ३२३, ३२४) देखिन्छ ।

यस्तो विजयमा के कुराले हो इतिहासमा खुल्न सकेको छैन । ४ महिनापछि बि. सं. १८४० पौष १५ गते बंशराज पाँडे पहिले भागेर गएको ठाउँ जहाँ थियो, बेतियातिर निकालिए (पू. २७/- १६८) ।

यस बिषयमा बाबुराम आचार्यले (ने. सं. बृ. पृष्ठ ८७) लेख्नु हुन्छ कि टक्सारी (अर्थमन्त्री) भीम बर्माले काजी पद पाए । आफु काजी पदमा नथामिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(पू. २७/- १६७) मराताप भत्ता खाएर बसेकेलेनै हुन सक्छ, भीम बर्मा काजी भएको सहन सकेनन् र सहिनसक्नु भएकोले उपद्रो गरे कि ? महारानी राजेन्द्रलक्ष्मीले देश राज्यबाट निकालिदिइन् भन्ने उल्लेख पाइन्छ ।

बंशराज पाँडे निकालिंदा उनका कान्छा भाईको दर्जा के थियो, तीपनि खोसिए (ने. सं. बृ. पृष्ठ ८७) भन्ने पनि लेख्नु भएको छ । यसरी बंशराज निकालिंदा वहादुर साहको के मत थियो; वहादुर साह काठमाडौंमा थिएनन् । त्यसको प्रमाण आधार यस्तो छ –

सयल शिकारको निहुँ गरेर वहादुर साहले भाउज्यू महारानीसँग विदा मागेर गएकानै हुनसक्छ । बंशराज पाँडेलाई निकाल्ने तथ्य मिलाई सकी १५ दिन अगावै पाल्पा पुगेर पत्र लेखेको देखिन्छ । त्यो पत्र काठमाडौंमा महारानीले पाएर बि. सं. १८४० पौष १७ गते (पू. २१/- ६८) को जबाफमा तपाईंले लेखेको पत्र आयो अर्थ मालुम भयो सयल शिकारलाई जानु भएको धेरै दिन भयो तहाँ तपाईंको काम केही छैन (आउनु हवस्)

यो पत्र लेख्दा लेख्दै तपाईंको अर्को पत्रपनि आयो (त्यसमा) म वीरामी छु भनि लेख्नु भएछ वैद्य र औषधी पनि पठाई दिनु भनि पत्रमा लेखेकोले बल्लभ वैद्यलाई पठाएको छ औषधी गर्दै चाँडो आउनु हवस् भन्ने पौष १७ गतेको बालक राजा रणवहादुर साहको भाकाले लालमोहरमा महारानीले लेखेको पत्र देखिन्छ ।

३ दिन अगाडि बि. सं १८४० पौष १५ गते निकालिएको बंशराज पाँडेको कुरो लेख देखिदैन । चिठ्ठी खोल्दा हल्ला होला भनेर त्यो खबर नलेखेको हुनसक्छ ।

यस प्रकार, बंशराज पाँडे निकालेपछि बि. सं. १८४० को हिउँदमा वहादुर साहले सैनिक सरदारहरु पठाएर बि. सं. १८४० फागुन २० गते पाल्हीमाझखण्ड आक्रमण गरी विजय भयो (पू. २७/- १६९) + (६/- ३३६) ।

फाल्गुण २१ गते वीर गोर्खाली दलबलले क्रमशः कृस्ती, पल्लोनुवाकोट विजय गरे । सेनापति नरू साही, काजी देवदत्त थापा मगर, बन्धु राना मगर, प्रतिमन राना मगरहरु थिए (६/- ३६६ देखि ३७७ सम्म) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वि. सं. १८४० चैत्र १ गते बाग्लुङ्ग, ताँहुँ, हुरमी, अम्बल गोर्खालीबाट भयो (पू. २७/- १६९) । वहादुर साहले दलमूखीमा काजी अभिमानसिंह बस्न्यातलाई खटाएका थिए ।

बि. सं. १८४० चैत्र २६ गते गोर्खाली सैनिकहरुले पाल्पा विजय गरे । दलमूखि वडाकाजी अमरसिंह थापा र काजी अभिमानसिंह बस्न्यात, सरदार बिलोचनहरु खटिएका थिए (६/- ३७७) । सिलुवा, पिलुवापनि विजय भयो (६/- ३७७) ।

यस्तो विजय वहादुर साहको नायवीमा ठूलो वैभव देखिन्छ । त्यसपछि वोराङ्ग, सालिम्पा, लाखाजुङ्ग, रागिनास, चिसापानी, ताकुम विजय हुँदै अन्तमा लम्जुङ्गपनि विजय भयो ।

एकैसाथ धेरै देश राज्य त्यही सालमा नै विजय गर्न नहुने परिणाम त्यसबेला देखियो । वडामहाराजाका सौत्यानी भाईहरु र बंशराज पाँडेपनि निकालिएको हुँदा यसबेला हरौटे राजाहरुलाई र गोरखाबाट निकालिएका बागीहरुले मेल गरेर हो कि ? बि. सं. १८२८ पौषको चौबिसीको गठनले सतहुँमा धोका पाएको नतिजा फेरि देखापर्ने निश्चय भएकोले नै हुनसक्छ काठमाडौं राजदरबारबाट युद्धका अधिकारीलाई बिजित (विजय भएको) भू-भाग छोडेर लम्जुङ्ग राज्यमात्र कायम गर्नु भन्ने पत्र मोहर आएकोले लम्जुङ्गमा सबै जम्मा भएर मोर्चाबन्दीमा बसे ।

तब बि. सं. १८४१ ज्येष्ठ २५ गते नरू साहले नुवाकोट छोडिदिए । ज्येष्ठ ३० गते रात्री अभिमानसिंह बन्स्यातले पाल्पा छोडिदिए (६/- ३७७) ।

यसैगरी सबै ठाउँका दलबलले विजय भएको देश छाडी लम्जुङ्गमा आएर बसेको देखिन्छ (६/- ३६६, ३६७) ।

बि. सं. १८४१ आषाढ १२ गते पर्वत राज्य प्रभृति चौबिसी राजाहरु संयुक्तले संगठन गरेर मकैडाँडा (लम्जुङ्ग) स्थानमा मोर्चा हाली गोर्खालीहरु रहेको लमजुङ्गमा युद्ध गरेर लमजुङ्ग उकास्न आएका थिए । गोर्खाली बीर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिजेताको तिनमाथि आक्रमण हुँदा तिनीहरू सबै भागे । पर्वत राज्यका सरदार पक्रिए । सरदारले क्षमा मागेकोले ती छुटे (६/- ३७७) ।

बि. सं. १८४१ आषाढदेखि नै पुन: देश निकालिएकाहरुलाई दिव्योपदेशको सुत्रानुसार फकाएर कुन व्यहोराको पत्र लेखिगयो, त्यो पत्र प्राप्त भएको छैन । सबै निकालिएका पुनर्गठनमा झिकाइए ।

निकालिएकाहरुपनि आए । तब वहादुर साहको मध्यस्थतामा संगठन हुँदा यस्तो धर्म शपथ भयो कि त्यसको क्रमश: बताइन्छ (६/- ७२१) ।

दलजित साह, काजी सरुपसिंह कार्की, बंशराज पाँडे क्रमश: आएकामा दलजित साहनै बि. सं. १८४१ आश्विन महिनामा आएको देखिन्छ । तिनले धर्म शपथ गरेको यस्तो छ –

स्वस्तिश्रीमहाराज्ये रणबहादुरका र श्रीश्रीश्री महारानी राजेन्द्रलक्ष्मीदेवीका हजुर (मा) श्री दलजित साहले धर्मपत्र लेखि चढायाँ ।

श्री पशुपति .... १ श्री गुह्यस्वरी २

निमक खान्ज्या (ल) यस मुलुकमा बसन्ज्या (ल) दगाबाजी गरूँ त उप्रान्तसुन्याको कुरा दवावन पसौं त .....१ ..... को कूदृष्टि कुरा दवावन मह नपसौं त .... २ ..... को सुदृष्टि इति संबत १८४१ कार्तिक बदी १४ रोज ४ शुभम् ।

यसबेला राजा रणवहादुर साह ८ बर्ष ११ महिनाका बालक देखिन्छन् । यो धर्मपत्रको शिरमा १ अंक दिएर श्री पशुपति लेखिएको छ । २ अंक दिएर श्री गुह्यश्वरी लेखिएको छ । दलजित साहले यस्तो कायलनामासरह दगाबाजी गरे त सुन्याको कुरा (पहिले जस्तो) दवावन पसौं त यस्तो हवस् भनि धर्म भाकी शर्त गरेको उपमा देखिन्छ ।

पहिले महारानीलाई उनले हतकडी लगाई थुनी कसैले भेट्नै नपाउने गरेकोमा सुनेको कुराले भन्ने पारेको धर्म भाकेकोमा देखिन्छ । यसै बिषयमा बाबुराम आचार्यले यस्तो लेख्नु भएको छ कि –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बि. सं. १८४१ फागुन ३० गते बंशराज पाँडे आए । यही महिनामा दलजित साह, वहादुर साह र सरुपसिंह कार्की काठमाडौंमा आए (पू. २७/- १६९) भनि प्रकाश गरेको पाइन्छ ।

बाबुराम आचार्यको अप्रमाणित लेखले फागुन मशान्तमा जो जो आए भनेर लेख्नु भएको छ, त्यो मिलेन । त्यसभन्दा ५ महिना अगाडिनै दलजित साह आएर भारदारी कचरीमा लेखेको शर्त अब त्यस्तो गर्ने छैन भनि भनेको र लेखेको शर्तनामा (६/- ७२१) मा बाबुराम आचार्यको त्यसमा आँखानै परेन छ । बि. सं. १९९२ ले आँखा नदेख्ने भएपनि कानले त सुन्नु पर्ने हो ।

बंशराज पाँडे निकालिंदा वहादुर साह काठमाडौंबाट भागे (पू. २७/- १६८) भन्नेपनि लेख्नु भएको छ । बंशराज पाँडेपनि भागे भन्ने लेख्नु भएकोमा माथिनै बयान गरिसकेको छ । बंशराज पाँडे निकालिएकामा काठमाडौं आउँदा वहादुर साहपनि आए भन्ने लेख्नु भएको छ, यो बाक्य बिवादास्पद देखिन्छ ।

बि. सं. १८४१ बैशाखवदी ८ मा महारानीले बालक राजा रणवहादुर साहको व्यहोराबाट वहादुर साह मकवानपुरमा आएकोलाई झिकाएको र लिन पठाएकोमा कस्तो शिष्टाचारले आएको देखिन्छ । माथिनै व्याख्यान भैसकेको छ । बंशराज पाँडे आउँदा आएको भन्ने बाबुराम आचार्यको बिना प्रमाण लेखेको प्रमाणले मिलेन ।

मकवानपुरबाट वहादुर साह आएपछि विदेशमा बस्दा अंग्रेजको तालिमी सैन्य जो देखे आफ्नो देश गोरखा (नेपाल) को लागि उन्नति गर्न देविदत्त, श्रीजङ्ग आदि नाम राखेर त्यही १८४० को सालदेखि १० पल्टन खडा गरी तालिम दिई युद्धमा पठाई युद्ध विजय भएको खुशियाली (प्रा. ने. २३/- ९, १०) इतिहासमा देखिन्छ । झण्डा निशान सहितको चित्र समेत दिएर शाही नेपाली सेनाबाट सैनिक इतिहास बि. सं. २०४७ मा छापिई प्रचार हुँदैछ । बाबुराम आचार्यले वहादुर साहलाई भागेको रूपमा प्रमाण आधार बिना लेख्नु भएको देखिन्छ ।

बाबुराम आचार्यले वहादुर साहलाई अपराधीको महलमा साँठगाँठ देखाई भागेको र बंशराजसरह झिकाउँदा आएको ठिक हो भने उनलाई सबैसरह धर्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शपथ गर्नु पर्छ भनेको भएपनि शपथ गर्न गान्हो पर्ने थिएन । वहादुर साह दाज्यूका क्रियां बसेर भीमफेदी आइपुग्दा रोकिएर बि. सं. १८३४ मार्ग २२ गते (पू. १७/- ४३) खटाएको काममा जाउँला न्याय माग्ने छैन, आफ्नो तहमा बस्ने छैन भनि शर्त गरेको त्यो शर्त बहालै रहेको हुनाले अर्को शर्त गर्नु पर्ने देखिदैन । धर्म शपथ गर्नु पर्छ भनेको भएपनि उनको लागि असजिलो थिएन ।

काठमाडौं आउनको लागि वहादुर साहलाई भीमफेदीमा गराइएको शर्त के हो ? खुलेको हुबहु शर्तनामा पाइएको छैन । वहादुर साह काठमाडौं आए र निसाफ खोजेनन्, चौतरिया मन्त्रीनायकको तहमा बस्न पाएनन्, खटाएको ठाउँमा जाने देखिन्छन् भनेर आफ्नो तहमा बस्न खोजेनन् भन्नु परेको छ ।

वहादुर साह पहिलेनै आएको फौज भर्ना गरेको आदि प्रमाण-आधार बाबुराम आचार्यले देख्नु भएको रहेनछ ।

अब सरूपसिंह कार्कीलाई झिकाउँदा उनी आएको र उनलाई सपथ गराउन जतिसुकै शर्त लेख्न परेपनि गंगा स्नान गरेको जस्तो शर्तको महिमा पाठ जस्तो लाग्थ्यो होला । सरुपसिंहको शर्त गराए, नगराएको यसबेला इतिहासमा देखिदैन । बरु दरबारले नै शर्त गरेको यस्तो देखिन्छ–

वडागुरूज्यू ब्रजनाथ पण्डितका भाई रघुनाथ पण्डितलाई महारानी राजेन्द्रलक्ष्मी र वहादुर साहको मन्तव्यले धर्म शपथ गरी सरुपसिंह बसेको प्रवासमा पठाएको चिठ्ठी यस्तो देखिन्छ –

स्वस्तिश्री लिखितम रघुनाथ पण्डित आगे सरुपसिंहके धर्म पत्र लेखी दियां तिमीले यस दरबारमा आउँदा जिय धनमा आजतक जानी नजानी गर्‍याको अपराधमा केही भया मेरो जनैको धर्म दियाँ यी कुरा केही धक्का आइलाग्दाको दिन अहिले जियेसम्म (?) गर्न नपाया ब्रह्महत्त्याको पाप मलाई लागोस् इति संबत १८३८ श्रावण कृष्ण ३० रोज ५ शुभम् ।

त्यो बेला हुलाक थिएन । मानिसनै गएर बुझाउनु पर्थ्यो । सरुपसिंहले पत्र पाएर के जवाफी पत्र दिए त्यो कागज संग्रह छैन । इतिहासले त भन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सरुपसिंह आउने ५ महिनासम्म बाटो हेरेको देखिन्छ । जब आएनन् तब दरबारबाटै राजा रणवहादुर साहको धर्मपत्र मोहर लेखेर पठाएको देखिन्छ । त्यो यस्तो छ –

दुर्गा सहाय :

१ धर्म **२ श्री पाञ्चायन देवता**

स्वस्तिश्रीगिरिराजचक्रचूडामिणनरनारायणेत्यादिविविधबिरुदावलीबिराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादुरसाहबहादुरसमसर्जेङ्देवानाम सदासमरबिजयिनाम

आगे सरुपके .... .१ ..... पत्र लेखि बक्स्यौं दरबारमा आया देखि आजसम्म केही तकसिर ..... (न) बिरायाको खतमा नासन पसौंत .... २ .... को हामीलाई कूदृष्टि नासन नपसौंत ... २ .... को ह्मीलाई सूदृष्टि आज उप्रान्त नूनको भाउदो गर्नु तसमाफी नरोफदास्ति (?) गरौंला इति संबत् १८३८ पौषवदी १५ रोज १ शुभम

यसरी नावालक राजाको महारानी राजेन्द्रलक्ष्मीले र वहादुर साहले पठाएको मोहर पत्र बुझाउन मानिसनै गएकोमा सरुपसिंह कार्कीले दरबारमा कस्तो निवेदन लेखे त्यो संकलन भैसकेको छैन । सरुपसिंह कार्की आएको देखिदैन । दरबारले बिर्सन नसकेर २ बर्ष, ५ महिना पछि अंग्रेजले दिएको बीरता दुई मौजाको गुन बिर्सन नसकेर नआएको हो कि भनेझैं अंग्रेजले दिएको बदला दुई मौजा सट्टा दिएको जस्तै लालमोहर लेखी उनको निवास प्रवासमा पठाएको यस्तो लालमोहर देखिन्छ –

स्वस्तिश्रीगिरिराजचक्रचूडामिणनरनारायणेत्यादिविविधबिरुदावलीबिराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादुरसाहबहादुरसमसेर्जङ्देवानाम सदासमरबिजयिनाम

आगे काजि सरुपसिंहके जिल्ला महुत्तरी प्रगन्ना खेश्राहा मध्ये मौजे महुवा मैधाखली जमुवा ससिम मौजे १ मौजे खंजुरी मैधाखली ससिम मौजे १ जम्मा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मौजे २ संबत १८४१ बैशाखवदी सोमै अंकमै अव आबमै (?) अमिलात सर्वअं
बितलबकै बीरता बक्साहै षातिर जामासौं तर दूत त छ त्रास आवदाकै
पैदावार होवै सो लेकै विर्ता जानिकै भोग्य करो इति संबत १८४१ साल मि
माघ सुदी ३ रोज १ सुभम् ....

९ बर्ष, २ महिनाका राजाले यस्तो लालमोहर पठाएपछि आफुले नेपालक
उन्नतिमा सहयोगी भई सुनकोशी र दुधकोशीको संगमले पूर्वतिर दुई से
राज्यको उत्तर हिमालय पानीढलो दक्षिण गंगानदी सन्निकट र पूर्णियाले पूर्वति
तिष्टासम्मको भू-भाग अधिराज्यमा मिलाएको काम संझे । चौदण्डी सेन रा
सप्तरीदेखि पश्चिम चितवन, सोमेश्वर, सुस्ताको जंगल नेपालमा मिलाए
काजी अभिमानसिंह बस्न्यातको अधिनायकत्त्वमा काम गरेको सबै संझेको इतिहास
मान्दछ र अंग्रेजले दिएको भारततिरको दुई मौजा बीरता छोडेर बि. सं. १८
फागुन २ गते सरुपसिंह काठमाडौं आएको (सि. नं. ३६४/३३६) इतिहास
उल्लेख छ ।

राजाबाट यसरी झिकाएकोबाट त्यो बेला धर्म शपथ लेखेर चढाएको
अहिलेपनि जागिरेलाई धर्म सपथ गराउने चलन छँदैछ ।

अव बंशराज पाण्डेको कुरो प्रारम्भ गरिन्छ । उनलाई पहिलेनै जा
नजानी गरेको काममा क्षमा माग, शर्त लेख भनेर समय दिएको हुनुपर्छ । बि
सं. १८४१ फागुन ३० गते आएका बंशराज पाँडेले (पू. २७/- १६९) दलजि
साहले जस्तो दगाबाजी गर्ने छैन भनेर प्रतिज्ञापत्रसरहको धर्म शपथ लेखे
आँखाले देखेकै हुनुपर्छ । एउटा शव्दमा टेकेर अब त्यस्तो गर्ने छैन भनेर ले
हुन्थ्यो । त्यो लेख शर्त स्वीकृत भयो भन्ने ठानेर हो कि ? शर्त लेख्न म
नगरेको हुनसक्छ ।

बंशराज पाँडे श्री ५ पृथ्वीनारायण साह (बि. सं. १८३१ को म
महिनामा) परलोक हुनु भएपछि वडामहाराजाले निकालेका उनका सौत्या
भाईको साथमा उपरोक्त मितिमा काठमाडौं आएको देखिन्छ । वंशराज पाण्डेल
श्री ५ वडामहाराजाले नै बि. सं. १८२८ पौषको सतहुँ काण्डमा खोसेक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वहादुर साहको मन्त्री नायकी बहाली छँदा थामिएनन् (पू. २७/- १६७) । तब सौत्यानी पक्ष उन्नतिको आशाकारी हुँदा जो अवनति देखा पर्‍यो भुक्तभोगी महारानी राजेन्द्रलक्ष्मीले सरुपसिंह पर्व, सर्वजित पर्वको सफाई पाउँदा बशन्तराज पाँडे काटिनु (प्रा. ने २३/- ७) र तिनका भाई बंशराज पाँडे बेतियातिर भाग्नु (ने. सं.बृ. पृष्ठ ८०) मा यस्तो देखिन्छ –

त्यो बेला शर्त लेखिएको भए पुर्नगठनको महत्त्वमा शान्ति हुनेथियो कि ? दिन दिनै क्षमा माग भनेकै हुनुपर्छ । क्षमा नमागेकोले भाग्लान् भनेर ४१ दिनसम्म नजरबन्दी थुनामा बंशराज पाँडे रहेको तर क्षमा मागेनन् ।

यस बिषयमा बाबुराम आचार्य (ने. सं. बृ. पृष्ठ ९० र पृष्ठ १६० मा) प्रकाश पार्नु हुन्छ कि बि. सं. १८४२ बैशाख १२ गते रातमा ठूलो कचहरी भई (सम्पूर्ण भारदार चौ. वहादुर साह) बंशराज पाँडेलाई कुनै भयंकर कुरा लागी थुनामा रहेको ४२ दिनको दिन बंशराज पाँडे भण्डारखालमा काटिए ।

यसपछि पूनर्गठनले कहाँ, कहाँ विजय भयो ती कुरा लेख्नु भन्दा अगाडि वहादुर साहले गण, गुल्म खडा गरेको (प्रा. ने. २३/- ९) नै बयान गरूँ ।

१. श्री देवीदत्त गण बि. सं. १८४० बैशाख १८ गते खडा भयो ।
२. श्री श्रीजङ्ग गुल्म बि. सं. १८४० बैशाख १९ गते खडा भयो ।
३. श्री रणभीम गुल्म वि. सं. १८४० बैशाख १९ गते खडा भयो ।
४. श्री श्रीनाथ गुल्म बि. सं. १८४० श्रावण ७ गते खडा भयो ।
५. श्री कालिदल गुल्म बि. सं. १८४० श्रावण ७ गते खडा भयो ।
६. श्री दुर्गाबक्स गुल्म बि. सं. १८४० भाद्र १५ गते खडा भयो ।
७. श्री बरख गुल्म बि. सं. १८४० माघ १७ गते खडा भयो ।
८. श्री भवानीबक्स गुल्म बि. सं. १८४१ आश्विन १ गते खडा भयो ।
९. श्री भैरवीदल गुल्म बि. सं. १८४२ बैशाख २३ गते खडा भयो ।
१०. श्री ज्वालादल गुल्म बि. सं. १८४२ बैशाख ८ गते खडा भयो ।

साथै, वि. सं. २०४९ मा शाही नेपाली सेनाबाट प्रकाशित नेपालको सैनिक-इतिहासको पृष्ठ १०३ अनुसार पनि वहादुर साहको नायविकालमा खडा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएका केही कम्पनी (पल्टन) हरूका नाम देखिन्छ । जस्तो –

१. सन् १७८५ मा –

१) कालीदल २) भवानीदल

३) रणशार्दूल ४) गुरूबक्स

५) भैरब ६) रणशूर

७) अजयदल

२. सन् १७८६ मा –

१) सिंहनाथ

३. सन् १७८८ मा –

१) रणशेर

४. सन् १७९० मा –

१) रणबम

उनले अनेकौं गण, गुल्महरु खडा गरेका छन् । सैनिक कायदा र रणकौशलका तालिम दिई सैनिक हातहतियार र खरखजनामा विकास र व्यवस्था गरेका छन् । वहादुर साहका अन्य कृति र कीर्ति जस्तै सैनिक सम्बन्धि कार्यहरूको पनि अनेकौं तथ्यहरु मध्ये कति त वर्वाद भैसकेका हुनन् र कति कहाँ-कहाँ कुन अवस्थामा छन्, ती सबैको खोजी हुन बाँकी नै छ, पाइएसम्मको केही यस पुस्तिकामा दिइएको हो । पाठक गणले पाउनु भएमा देशको सपुतको इतिहास सम्झी खवर गरी दिनु भएमा आभारी भई आगामी संस्करणमा थप गरिने थियो । वहादुर साह एक धार्मिक प्रवृत्तिका कुशल र दुरदर्शी नीतिज्ञ, राजनीतिज्ञ प्रशासक, न्यायप्रेमी, उन्नतिकारक मात्र थिएनन् उनी एक निपुण र महान संगठनकर्ता, साहसि एवं धर्मयुद्धका वीर-योद्धापनि थिए । व्यवहारिक तवरमा नै उनले विद्वता, शीप-कलाकौशल, रणकौशल आदिको महत्त्व राम्ररी बुझेका थिए । उनले यी गुणहरु आफ्ना पिता श्री ५ वडामहाराज पृथ्वी. बाट कर्मक्षेत्रबाटै शिकेका र अपनाइआएका हुन् ।

गण भन्ने शव्द संस्कृत भाषामा पाइन्छ र गुल्म भन्नेपनि संस्कृत भाषामा पाइन्छ । यी नामहरु वहादुर साहले राखेका हुन । सबै गण, गुल्मको निशान छन्, त्यसमा देवी-देवताको नाम पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी वहादुर साहले पल्टनहरु खडा गरेर दलजित साह, नरू साही, अभिमानसिंह बस्न्यात, सरुपसिंह कार्की, पारथ भँडारी, अमरसिंह थापा, प्रतिमन राना मगर, बिलोचन खवासैलाई महारानी राजेन्द्रलक्ष्मीको अध्यक्षता र नायबीमा वहादुर साहले खटाएको देखिन्छ । वहादुर साह गोरखा दरबारमा बसेर युद्धमा गएका सैनिकका निग्रानी गर्दै सञ्चालक बनेको (६/- २७८) देखिन्छन्

सैनिकले तालिम पाएको हुँदा फुर्तिले कति ठाउँ युद्धनै नभई विजय भएको सबै व्याख्यान गरे यो छोटो लेखको कलेवरमा अटाउँदैन । संक्षिप्त रूपमा २/४ ठाउँको भन्ने हो भने यस्तो देखिन्छ –,

बि. सं. १८४२ ज्येष्ठ ३० गते रूपाकोट (कास्की) र ३१ गते अर्घाखाँची युद्ध बिनानै शर भयो । बि. सं १८४२ आषाढ १ गते सानो युद्धले नै सराङ्कोट विजय भयो (पू. २७/- १६९) र (६/- २७८) ।

यो आविष्कार बीर क्षत्राणी राजेन्द्रलक्ष्मीको प्रतापले बिचार विवेकले वहादुर साहबाट देख्न पाइयो भनेर त्यो बेला बयान गर्ने धेरै थिए होलान् । बाठी राजेन्द्रलक्ष्मी महारानीले राजकेन्द्रमा अवनति हुन नपाउने गरी आफ्ना धाई, केटी, सुसारेसम्म लाई जामा पगरी पहिराई ढाल तरबार भिरेर आफ्नो संरक्षामा सवारी गर्दा घोडा चढ्ने, चढाउने भएकोले पर्दा भित्र बसी हजुरिया मन्त्री आउलान्, हाल खबर सोधुँला भन्नै परेन । यो फुर्तिलो विजयले वहादुर साहको नाम माथि बीरबन्दा भन्ने पद थपियो (सि. नं. ३६८/- ३४०) । महारानी राजेन्द्रलक्ष्मीको यस्तो फुर्ति भएपनि शरिरमा राजयक्ष्मा (क्षय रोग) ले सताएको थियो ।

बि. सं. १८४२ आश्विन २ गते पल्लोनुवाकोट विजय र आश्विन ७ गते सतहुँ (जहाँ बंशराज पाँडे युद्धको धोकाबाजीले चौबिसीकहाँ बस्नु परेको थियो) त्यो ठाउँ शर भई त्यो सालको फागुन - चैत्रसम्मको विजय लेख्न थाले लामो कथा बन्छ ।

बि. सं. १८४२ आषाढमा महारानी राजेन्द्रलक्ष्मीलाई आफ्नो स्वास्थ्य सम्बन्धि कारणले यस्तो अवस्था छ, बालक राजा रणवहादुर साहलाई कस्को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जिम्मा लगाउने भन्ने दिनदिनै पिर बढ्दै गएकोले राजकेन्द्रको नै उन्नतिको भार रहेछ । राजकेन्द्रमा बिप्लव भएकोबाट अवनति भएको देखिन्छ । यसवेला राजकेन्द्रमा शान्ति राख्न राजाको नायवी मेरै हातमा भएकोले मलाई केही भयो भने राजकाज चलाउने काममा म ठूलो तँ सानो भनि स्वार्थले शक्ति लिन हत्याउन थाल्दा युद्धनै किन नहोला भनि भुक्तभोगी भएकी महारानीले सौत्यानी ससुरोले शक्ति लिने गठ् बाँधी निर्मम हत्या गरेको र त्यस बिषयमा आफुले र वहादुर साहले महासंकष्ट दुःख भोगेको दिनदिनै सम्झेर पिर माथि रोग बढ्दै गएको इतिहासले मान्दछ ।

अतिनै रोग बढेकोले अब एउटा टुङ्गो लगाउनै पर्छ भनि युद्धको नियन्त्रण गरेर गोरखा दरबारमा रहेका बीरबन्दा वहादुर साहलाई भाउज्यू महारानीले हल्ला हुन्छ भनि पत्र नलेखी तुरुन्त आउनु भनि दरवारीया जयभद्र बोहोरा र नारायण अर्ज्याललाई लिन पठाएको देखिन्छ ।

लिन जानेहरु गोरखा दरबारमा पुगे । वहादुर साहलाई भेटे । महारानीले लिन पठाएको पनि भने तर पत्र नदेखेर वहादुर साह रिसाए । कसका जाल परिपञ्चवाट लिन आएका हौ भनि हकारे । आफुले युद्धको ठूलो विजय नेतृत्व गरेर बसेकोले उनी आउन चिन्ता गरेनन् । महारानीले बोलाएको भनेर पत्याएनन् । भाउज्यू महारानीलाई पत्रपनि लेखेनन्, लिन जानेहरु जरुरि सम्झेर फर्के । वि. सं १८४२ आषाढ ३० गते साँझमा हनुमानढोका दरबारमा पुगे र महारानीलाई भेटी पत्र नलेखेकोले वहादुर साहले पत्याएनन्, हामीलाई डाँटे भनेपछि महारानीले चिठ्ठी नलेख्नु आफ्नो ठूलै भुल भएछ (पू. २१/- ६९) भनेर सम्झी हुनन् ।

भोलिपल्ट बि. सं. १८४२ आषाढ सुदी ५ गते ३१ को बिहान सबैं वहादुर साहलाई तुरुन्त आउनु भनि लेखेको पत्रमा रातो मोहरको छाप लगाई (पू. २१/- ६९) नारायण अर्ज्याल समेत ४ जनालाई गोरखा पुगेर आजै रात-साँझ गरी वहादुर साहलाई नल्याई हुँदैन भनि महारानीले वहादुर साहलाई लिन पाठाएको त्यो पत्र लालमोहर यस्तो छ –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माथि १० वर्षका राजा रणवहादुर साहको प्रसस्ति । अनि वहादुर साहको नाम । पत्रको व्यहोरा यस्तो छ –

आगे यहाँको समचार भलो छ उप्रान्त जयभद्र बोहोरा, नारायण अर्ज्याल आया यसो यसो भन्नु हुन्छ भनि विन्ती गर्‍या बिन्ती बिस्तार सुन्यौं बाहिरका परिपञ्चले आयाका होइनन् हाम्रा हुकुमले आयाका हुन् तीर्थलाई जानुहवस् भनि पठायाको हो आजसम्म केही अर्थले ढिल गर्नु भयो त पनि अब मोहर देखत चाँडै पावलाग्नु हवस् तल खवास, जुठ्या खवास, जयभद्र बोहोरा, नारायण अर्ज्याल आया बिन्ती गर्नन सर्वथां पाल्नु हवस् संबत १८४२ साल आषाढ सुदी ५ रोज २ मुकाम कान्तिपुर शुभम ।

यो पत्रमा पनि म सिकिस्त बिरामी छु, मेरो हाथमा रहेको राजभार बिसाउने सल्लाह गर्नु पर्दा लिन पठाएको छु भन्ने वास्तविक कुरा नखोलेर नारायण अर्ज्याल आया विन्ती गर्नन् भन्ने संकेत लेखेर तीर्थको निहुँले जानुहोस् भनि पठाएको देखिन्छ । कसैले चिठ्ठी पायो भने हल्ला गर्ने शंका गर्ने पत्रमा सूत्र परेको देखिदैन ।

नारायण अर्ज्याल आया बिन्ती गर्नन् भनेकोले वहादुर साहले चिठ्ठी पढिसकेपछि नारायण अर्ज्याललाई के सोधे हुनन् एकान्तमा लगी वहादुर साहलाई कानमा महारानीले खबर गरेको म बच्दिन, सिकिस्त छु, कुरा गर्नु पर्‍यो भनि के भने हुनन् त्यो कुरा खुल्दैन । खबर सुनेपछि लिन पठाउँदा म जानै पर्ने रहेछ भेरो भुल भयो महारानीको मुख देख्न पाउँछु कि पाउँदिन भनेर फिक्री लिदै त्यही दिन मध्यान्हमा गोरखा दरबारबाट वहादुर साह काठमाडौं प्रस्थान गरे भन्ने इतिहासले बोल्छ ।

बाटामा घोडाको डाँक ठाउँ, ठाउँमा राखेको थियो भनिन्छ । त्यो ३१ गतेकै रातमा हनुमानढोका दरबारमा पुगेर भाउज्यू महारानी सिकिस्त भएको आफ्नो आँखाले नै दर्शन गरे भन्ने उल्लेख छ ।

महारानीले वहादुर साहको मुख देखेर आफुले बोकेको राजकाजको बोझा बिसाउन पाउँदा खुशि भइन् । भाउज्यू देवरको के, के कुरा भयो आधा रातको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समय हुनाले भारदारको गठन भारदारी भएर नाबालक राजा रणवहादुर साहलाई जिम्मा लगाउने राजाको नायवी अधिकार लेखिदिने काम समय भएको भए त्यसै दिन गर्ने योजना थियो होला । बल्लभराज वैद्यले अझै ३ दिनको समय बाँकि छ भनि म्याद दिएकोले पनि हुनसक्छ भोलि आषाढ ३२ गते भारदारी गर्ने भन्ने निर्णय भयो र रात खुशियाली र अपशोचले वित्यो ।

आषाढ ३२ गते भारदारी सभा लाग्यो । महारानी राजेन्द्रलक्ष्मीले भारदारको समुहमा के, के भनिन्, भनेको हुनुपर्छ । त्यो लेख पाइदैन । इतिहासले यतिसम्म बक्छ कि १० वर्षका बालक राजा रणवहादुर साहलाई वहादुर साहको जिम्मा लगाई उनले काखमा लिएको महारानीले आफ्ना आँखाले देखेर राजाको नायवी वहादुर साहको हाथमा महारानीले सुम्पिदिइन् । उनको इच्छाको धोको सफल भएर ३ दिन महारानीको रोग निको भएसरह प्रफुल्ल नजरले सबैलाई दर्शन दिइन् । तर श्रावण २ गते महारानीको नाडीले क्रम छोड्यो र जसरी क्षयरोगीले बोल्दाबोल्दै होस् छँदाछँदै अन्तिम अवस्थामा सचेत भएर जनताहरु परलोक हुन्छन् त्यस्तै बोल्दाबोल्दै अन्तिम अवस्थासम्म सचेतै भएर महारानी राजेन्द्रलक्ष्मी परलोक भइन् भन्ने हस्तलेख बंशावली इतिहास र (प्रा. ने. २३/-८) तथा (पू. ८/- ३४) र (पू. २१/- ६९, ७०) इतिहास प्रकाशित पढे थाहा हुन्छ ।

महारानी परलोक भएकोमा अधिराज्यभरी जुलाहालाई लागेको पोत रकम (टागाल) माफी भएको इतिहास (पू. ८/- ३४) र (पू. २१/- ७०) मा उल्लेख छ ।

वहादुर साह खटिएर युद्ध सम्वन्धि काम गरिरहेकोमा महारानीले हल्ला हुन्छ भनि पत्र नलेखी लिन पठाएको र आएको पाठक गणले प्रमाण आधार पढिसक्नु भएको माथि बयान गरियो । बाबुराम आचार्यले प्रमाण आधार बेगर लेखेको यस्तो छ कि –

बंशराज पाँडे जुन दिन काटिए त्यो दिन बि. सं. १८४२ बैशाख १२ गते थियो । त्यसै दिन महारानीले वहादुर साहलाई पक्रेर काठमाडौंबाट ७ माईल दक्षिण फर्पिङ् गाउँमा (लगेर) कडा कैदमा थुनिदिइन् भन्ने बाबुराम आचार्यको (ने. सं. बृ. पृष्ठ ९१) प्रकाशन देखिन्छ । महारानी परलोक भएपछि वहादुर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साहका पक्षले महारानीको एकादशको काम वहादुर साहकै हातले गर्नु पर्छ भन्यो । तब वहादुर साह १२ गते बन्दीखानाबाट छुटे भन्नेपनि त्यसैमा लेख्नु भएको छ ।

तब, प्रमाण आधारको कुरा पत्याउने कि वेप्रमाण बाबुराम आचार्यको दृष्टिगोचरको कुरो पत्याउने ? बंशराज काटिएको मितिले वहादुर साह थुनिएको मान्यो भने थुनाबाट छुटेको मितिसम्म ३ महिना पूरा वहादुर साह थुनिएको देखिन्छ । वहादुर साह थुनिएका मितिले १२ दिनमा महारानी परलोक भइन् र एकादशमा वहादुर साह छुटे भन्दा २३ दिन मात्र थुनिएको देखिन्छ ।

पक्का प्रमाण खोज्ने, बुझ्ने हो भने तथ्य लालमोहर पत्रको प्रमाण माथिनै बताइसकिएको छ । त्यसमा महारानीले अब रोगबाट म बच्ने भइन भनेर आफुले बोकेको राजभार राजकाजको नायवी बिसाउन गोरखाबाट वहादुर साहलाई पत्रनै लेखी झिकाएको लालमोहर प्रमाण कीर्ते र बाबुराम आचार्यको भनाई आधार प्रमाण बेगर लेखेको प्रकाशन सद्दे हुन सक्दैन ।

महारानीले वहादुर साहलाई झिकाई भारदारी गरी श्री ५ रणवहादुर साहको नायवी वहादुर साहलाई सुम्पी परलोक भएको कुरो सत्य साँचो हो । बाबुराम आचार्यले भाउज्यू महारानी राजेन्द्रलक्ष्मीको र देवर वहादुर साहमा मेल थिएन भन्ने कुरा जो माथि बयान गरियो प्रमाण आधार चिट्ठीपत्र लालमोहर व्यवहार देख्दा बाबुराम आचार्यको भनाई लेखाई कसले पत्यावस् ?

इतिहासज्ञ अंग्रेज ह्यामिल्टनले लेखेर प्रकाश गरेको (नेपालको इतिहास) पृष्ठ २४७ मा वहादुर साहको र महारानी राजेन्द्रलक्ष्मीको परस्पर मेलमिलाप थियो, झगडा थिएन भन्ने यस्तो शुद्ध इतिहास त्यो बेलापनि थियो । कालान्तरमा वहादुर साहका बिपक्षीहरुका सन्तती हुन् कि ? के हो ? प्रमाण आधारवेगर आफ्नो दृष्टिगोचर भरमाभैं लेख प्रकाश गरेको बाबुराम आचार्यको कर्तव्य देखिन्छ ।

महारानी परलोक भएपछि वहादुर साहले यत्रतत्र सबैलाई जुठो बार्नु भनि खबर लेख्दा पोखरातिर बसेका आफ्ना काका (सौत्यानी) बाबु दलजित साह र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै भारदारहरुलाई पत्र लेखेको हुनसक्छ । दलजित साह क्रिया भित्रै आए ।

वहादुर साहले दाज्यू राजाको क्रिया बसेरै आएको तर बाटामा रोकी शर्तनामा कागज लेखेर मात्र आउन पाएको संझे हुनन् । महारानीले आफ्नु व्यथाले सान्हो हुँदा वहादुर साहलाई झिकाई भारदारी गरी राजाको नायवी समेत दिई परलोक भएकाले नै दलजित साहलाई बाटामा रोक्नु नपरेको देखिन्छ । दलजित साह क्रिया भित्रै काठमाडौं आए, वहादुर साहको र दलजित साहको भेट भयो । के, के कुरा भए त्यो पत्तो छैन । काम कार्यबाहीले वहादुर साह शक्तिमा आएको र आफु निकालिएको कुरो कडा चोट वहादुर साहले केही दर्शाए कि ? भनेजस्तो यसपछि व्यवहारले दर्शिन्छ । त्यो भनौं –

महारानीले राजेन्द्रक्ष्मी सरुपसिंह पर्वपछि सर्वजित पर्वबाट नजरबन्दी खुल्दा निकालिएका दलजित सहलाई वहादुर साहले मुख देखे । त्यो बेला भारदारी कचहरी थियो । तर, प्रतापसिंह साहको शासनकालमा वहादुर साहलाई विना कसूरमा निकाल्दा मलाई यस्तो वात लगाई निकालेको भन्ने कुरो वहादुर साहले थाहा पाएका थिएनन् । बि. सं. १८३७ मा बल्ल महारानी राजेन्द्रलक्ष्मीले भारदारी गरी न्याय दिंदा सबै कुरा खुल्यो, पत्र देखे । सौत्यानी बाबु दलजित साहको कुरा बुझेपछि त्यो बेला दलजित साहलाई भेटेनन् । पुनर्गठनमा दलजित साह झिकाउँदा भेट त भयो, मुख देखे हुनन् । मेलमिलाप गर्ने काममा झिकाएकोले संगठन बलियो हुनुपर्छ भन्ने बिचारले वहादुर साहले केही बोलेनछन् । शर्त लेखाउँदा अघि जस्तो भयो, अब त्यस्तो गर्ने छैन भन्ने धर्म शपथ गराएर युद्धमा पठाएको देखिन्छ ।

जे भएपनि वहादुर साहले न्यायमा सफाई पाउँदा सरुप पर्वमा आफु निकालिंदा लेखापढी भएको पढेर बुझेर सौत्यानी बाबु दलजित साहतिर वहादुर साहको मन भाँचिएर टुटेकै हुनुपर्छ । दलजित साह पोखराबाट काठमाडौं आएका, काठमाडौंमा कति दिन कहाँ बसे, इतिहासमा त्यो कुरा तथ्य संकलन हुन बाँकिनै छ । महारानीको क्रिया शुद्धाई सकेपछि मुख्यत: सरुप पर्वदेखि र पछिल्लो पटक सर्वजित पर्वका कुरा कसबाट शुरु भयो केही त अवश्य भयो होला । यो त सम्झेका लेखकको मनको इतिहास लेख्ने कुरा भयो । काका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भतिजाको प्रेम शिष्टाचारका कुराहरु हुनुपर्थ्यो । रूष्ट वार्तानै भयो होला । यसंपछिको व्यवहारले सम्भिन्छ कि –

काठमाडौंबाट फर्कदा त्यो बेलाको बाटोबाट कार्तिक २४ गते रातमा पोखरा पुगे । आफ्नोतिरको सैनिक गण आएर स्वागत गरे हुनन् । दलजित साहले आफ्नो गोजीबाट लालमोहर लागेको पत्र भिकेर अफिसरलाई पढ्न दिए । त्यमसा लेखिए अनुसार सरुपसिंह कार्की कहाँ थिए उनको तैनाथमा सैनिक गण अलग्गै थियो होला । सरुपसिंह कार्की एक जनामात्र लिन पठाई त्यही रातमै सरुपसिंह कार्की काटिए । यसपछि उज्यालो हुन नपाउँदै दलजित साह आफ्ना सपरिवार लिएर कता भागे वेपत्ता भए । त्यसपछि इतिहासमा उनको नाम पाइदैन भन्ने बाबुराम आचार्यको प्रकाशन (पू. २७/- १६९) + (ने स. बृ. पृष्ठ ९२) मा पढ्न पाइन्छ ।

सरुपसिंहका बंशजको भनाई अनुसार आफ्ना पुर्खा न्यायले काटिएका होइनन् पहिलेनै दलजित साहले महारानीको वात लगाएर काटिने तहमा पारेका थिए । महारानी, वहादुर साह, भारदार भई भारदारी गरी जितेकोले बचेका हुन् । त्यसबेला बिराम गरेको भए छोराहरु समेतको नोकरी खोसिने थियो । काठमाडौं चिकंमुगलको सरुपसिंह कार्कीले बनाएको कीर्ति मन्दिर भन्ने नामको घर जफत हुने थियो । जनकपुरतिर खजुरी भन्ने र मौवा भन्ने दुई मौजा वीरतापनि जफत हुने थियो । १८३८ साल देखि २०२० सालसम्म वीरताको हक लिएर २०२१ सालमा वीरता उन्मुलन हुँदा कानूनको हक सुविधाले लालपूर्जा पाई भोगिरहेका छौं । कीर्ति मन्दिर घरपनि भोग्दै छौं । यस प्रमाणले खतवातले काटिएका होइनन् । खतवातमा काटिनेको धन सम्पति जायदात हुने मात्र होइन, कोत पर्व, भण्डारखाल पर्व, अलौ पर्वमा जति काटिए, मानिस मारिए ती सबैको घर, धनमाल, जग्गा, जायदात सर्वस्व भएको प्रमाणको अलावा सरुपसिंहको घर जग्गा धनमाल थामिएको प्रमाणले कसुरमा काटिएको होइन भन्ने प्रमाणित छ भन्दछन् । अर्को कुरा सरुपसिंह काटिई मारिई दलजित साह बेपत्ता भएकोले कसुरमा सरुपसिंह काटिएका होइनन् भन्ने प्रमाणित हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वहादुर साहले आफ्ना पिता पृथ्वीनारायण साहको सार्वभौमी उन्नति विग्रेको मेलोमेसो सुधार्न आफ्नी दिदी सल्यानी महारानी विलास कुमारीसँग सल्लाह, लेखापढी भएको देखिन्छ । त्यसमा एउटा पत्र फेला परको छ (६/- ३९९, ४००) । त्यो छोटकरीमा तल बयान गरिनेछ ।

बि. सं. १८४२ माघ १० गते पाल्पाली राजा महादत्त सेनकी बहिनीसँग वहादुर साहको बिबाह भयो (पू. २७/- १६९) भन्ने र यही महिनामा राजा रणवहादुर साहको ब्रतबन्ध भयो भन्ने इ. शि. बाबुराम आचार्यको प्रकाशन (ने. सं. बृ. पृष्ठ ८९/९०) देखिन्छ ।

वहादुर साहको त यस बेला बिबाह हुनसक्छ तर राजा रणवहादुर साहको ब्रतबन्ध राजा हुनाले भएको हो कि स्वयं रणवहादुर साहको आमा परलोक भएको ६ महिना ८ दिन मात्र भएकोले तेह्रौं हुँदानै शुद्धशान्ति होम यज्ञ गरिने हुँदा क्रिया सिद्धिएकोले हुनसक्छ कि बर्षी बार्ने चलन पछि आएको भनेर आधार दिनु भएकोभए सबैको चित्त बुझ्ने थियो ।

सल्यानी महारानीले माथि दिएको वहादुर साहले लेखेको पत्रको के जवाफ दिइन् प्राप्त भएको छैन । मुसिकोट, गल्कोट, पर्वत, खाँची राज्यलाई हानी सर्वभौमी एकिकरण गर्न लागेको छु, सो एकिकरण भएपछि गोरखा सल्यानमा भिड पर्ने छैन भनि सल्यानी महारानीलाई वहादुर साहले लेखेको पत्र बि. सं. १८४२ फाल्गुन सुदी १५/२ को पत्र मोहर (६/- ४००, ४०१) देखिन्छ । २ महिनापछि काम शुरु भएको र विजय भएको यस प्रकार छ –

बि. सं. १८४३ ज्येष्ठ १० गते गुल्मीमा आक्रमण हुँदा त्यहाँका राजा भागे । गुल्मी राज्य विजय भयो (पू. ८/- ३६३) । यस बेला नेपालका राजनैतिक दोषीहरु जो निकालिएका, भागेका थिए तिनलाई वडामहाराजाको दिव्योपदेशले झिकाइएकालाई धर्म शपथ गराएर युद्धमा खटाइए । तिनले काम राम्रै गरेको इतिहासमा उल्लेख छ । बि. सं १८४० पौष १५ गते दामोदर पाँडे खोसिएतापनि (पू. ८/- २७) थामिएर युद्धमा खट्टिएको (प्रा. ने. २३/- ९, १०) देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखाली फौज क्रमश: पश्चिमतिरको राज्यहरु एकिकरणमा लिन, ल्याउन वहादुर साहले खटाउँदा गण, गुल्म १० खटाई पठाएको उल्लेख (प्रा. ने. २३/- ९,१०) छ । विदेश गएर अंग्रेजले सैनिक तालिम गरेको वहादुर साहले देखेको अनुभवले गण, गुल्म १० पल्टन खडा गरेको भन्ने माथि लेखिएको छ । त्यसमा १८४३ मा गुल्म ४ सबुज, गोरख, रामदल, श्रीमेहेर युद्धमा खट्टिएको (पू. ८/- ३६,३७) + (प्रा. ने. २३/-९,१०) नाम पाइन्छ । १० पल्टनका साथ सामन्त राजाका थर, घर (पल्टन जस्तै) खट्टिए । पश्चिमतिर युद्ध विजयमा खासगरी प्यूठान राज्य विजय गर्न नयाँ थमौती भएका काजी दामोदर पाँडे र काजी जगत बहादुर पन्थ, सरदार प्रतिमन राना, सुब्बा फौदसिंह राना, सुवेदार बदलसिंह थापालाई श्रीनाथ, कालीदल दुई पल्टन दिएर धुरकोटको बाटो सल्यानी राजा रणभीम साहले युद्ध विजयमा खटाए ।

बि. सं. १८४३ कार्तिक बदी १० रोज ५ मा वहादुर साहले आफ्नो नामबाटै श्रीकृष्ण धामीलाई नुवाकोट पठाएको पत्र देखिन्छ । त्यसमा पश्चिमतिर प्यूठान राज्य विजयको लागि श्री भैरवीमा (पुरश्चरण तन्त्र साधना) लगाएकोमा त्यो काम विजय भएको छैन । विजय नभएसम्म त्यो काम (भैरवीमा पुकारा गर्दै) रहनु सिद्धभया पछि बढाई गरौंला तब प्रसाद लिई तिमी आउनु भन्ने त्यो पत्र मोहन प्रसाद खनाल र नयनाथ पौडेलको प्रकाशन अभिलेखमाला पृष्ठ २६ मा देखिन्छ । उता प्युठानमा विजय गर्न दलबल लिइ खट्टिई जाने प्यूठान पुगेका मात्र थिए । बिना तरबारै प्युठान विजय भयो (प्रा. ने. २३/- ९, १०) । प्यूठान विजय भएपछि त्यही दलबल लिएर वहादुर साहका आज्ञाले दाङ्ग विजय गरी सल्यानी राजाकी रानी पृथ्वीनारायण साहकी छोरी विलासवतीलाई दाइजो दिए । अर्कोतिर काजी जीव साह, सरदार अमरसिंह थापा, सरदार पारथ भण्डारी, सुब्बा जोगमलहहरुले सखीको बाटो गरी जाहारीटारसम्म पुग्न जति राज्य बाटामा पर्दथे सबै राज्य साह अधिराज्यमा एकिकरण गरेर भेरी नदीमा खाँडो पखाले । जाजरकोटका राजाले यस बेला सामन्त राजा हुन स्वीकार गरेको खबर काठमाडौं पठाए । दुवै ठाउँका दलबल प्यूठानमा जम्मा भए ।

नुवाकोट भैरवीको साधना मिलेकोबाट प्यूठान विजय भएकोले प्रसन्न देखिएर वहादुर साहले दरबारको खुशि प्रकट गरे भन्ने देखिन्छ । यस बेला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रणवहादुर साहको उमेर पनि ११ वर्ष २ महिनाको देखिन्छ । खुशि लागेरनै हुनसक्छ काजी दामोदर पाँडे, काजी जगजित गोरा पाँडे, सुव्बा फौदसिंह राना उनका तिरको गुल्म सैनिक समेत वहादुर साहको निर्देशनले काठमाडौं तिर फर्के (पू. ८/- ३६, ३७) + (प्रा. ने. २३/- ९, १०) । काठमाडौं पुगेपछि राजाका प्रतिनिधि २९ वर्षका वहादुर साहले स्याबासी दिए ।

यसरी युद्ध विजय भएपछि वहादुर साहले बालक राजाको सार्वमौममा सार्वभौमी राजाले सामन्त राजाहरुमा जति माया दर्शाउने हो, वहादुर साहले अधिनायक भई काम गर्दाको माया दर्शाउने काम गरे । पाल्पा राज्यमा गुल्मी, अर्घा, खाँची तिन राज्य थपिदिए (पू. ६/- ५२) । यस बेलानै सामन्त राजालाई बलियो तुल्याउनुनै आफु बलियो हुने उपाय हो भनेर सामन्त (गुमस्ता) राजा प्रजाको पालना गर्ने सार्वभौमी नीतिको शिक्षा दिक्षा वहादुर साहले बालक राजा रणवहादुर साहलाई दिए भन्ने "जय रत्नाकर" नाटकमा समाजले नविर्सने गरेर लेखिएको पाइन्छ ।

बि. सं. १८४३ मार्ग २ गते रोल्पा विजय भयो । बि. सं. १८४३ पौष १ गते भीरकोटे राजालाई जाहरी र सतहुँलाई दार्मु राज्य थपिदिए भन्ने मोहर (पू. ६/- ५३) देखिन्छ । यसैबेला मुस्ताङ्गलाई पनि केही राज्यको भूमी थपिदिएको बि. सं. १८४७ ज्येष्ठ सुदि ५ रोज ४ मा मोहर तामापत्रनै भएको देखिन्छ (६/- ६७१) ।

मुस्ताङ्गले जुम्लालाई कर बुझाउने गरेको रहेछ । अब बुझाउनु पर्दैन भन्दा (खुशि भएर गोरखालाई नै बुझाउँछु भनेर जिद्दी गरे कि ? के हो) । गोरखा (नेपाल) लाई बार्षिक रू. ९२९/- र घोडा ५, सिर्तो सामन्ती सलामी बुझाए हुन्छ भन्ने र ल्हासा (यस बेला बलियो सामन्त बनेको देश हुँदा) वहादुर साहले जो बुझाउने गरेका छौं बुझाउँदै गर भन्ने १५ वर्षका रणवहादुर साहको मोहर तामापत्रमा लेखिएको देखिन्छ । कुराको प्रसंगमा बि. सं. १८४७ को कुरापनि लेखियो । सिलसिलेवारले भने बि. सं. १८४३ मा हामी पुगेका छौं । यही सिलसिलेवारले इतिहासको कुरा गरौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बि. सं. १८४३ मार्ग २ गते रोल्पा विजय भएको माथिनै भनिसकियो । बि. सं. १८४३ माघ शुक्ल ३/२ मा सुव्बा भक्ति थापाले जुम्ला, हुम्लाका मुख काटी वैरी हटाएको (६/- ६४६) + (पू. ८/- ३६, ३७) इतिहासमा उल्लेख भएको देखिन्छ । त्यो बेला जुम्ला विजय गर्ने वीरत्वको इतिहासमा बयान ठूलो छ ।

बि. सं. १८४३ चैत्र वदी ९/३ मा जाजरकोटका राजा गजेन्द्र साहले वहादुर साहबाट सामन्त राजाले थप पाएको मर्यादा बढेको देखेर मपनि गोरखा (नेपाल) को सामन्त बन्दछु भन्दै गोरखाली काजी सरदार बोलाएर भेरी नदीको अर्धजलमा बसी गाई, ब्राह्मण, जनै, तुलसीपत्र, सालिग्राम राखी गोरखा साह साम्राज्यको सामन्त बने भनेर शर्त सपथ गरेको जाहेरी वहादुर साह रहेको ठाउँ काठमाडौं राजभवनमा पठाए ।

त्यस बेला भोट ल्हासातिरको हालखबरमा नयाँ अवतारी लामाको बहाली भएको देखिन्छ । यस अघि कामचलाउमा रहेका श्यामार्पा लामाले कति वर्ष काम गरेका थिए आम्दानी-खर्चको हिसाव बुझाउन नसकी आफ्नो जीविका चलाउनको लागि सम्म केही धन लिएर भोटतिरको बागी बनी सिक्किममा आईपुगेपछि गोरखा नेपालको सार्वभौमी देश भित्र भोटपनि पर्दछ काठमाडौंमा गएँ भने मेरो प्रतिपालन हुनेछ भन्ने बिचारले त्याहाँ आउन मिल्छ कि मिल्दैन भनेर खबर पठाएको देखिन्छ ।

नेपालमा भने प्यूठान विजयको महिमाले रणवहादुर साह १२ वर्षका राजाले दामोदर पाँडेलाई आफ्नो साथमा राखेर हजुरिया मन्त्री गराइसकेको देखिन्छ । यसबेला वहादुर साहको आफ्नो मनले काम गर्न नपाएर दामोदर पाँडेको सल्लाह समेत लिन परेकोले श्यामार्पा लामालाई सिक्किमतिर लिन जाने भन्ने हजुरिया मन्त्रीले प्रस्ताव राखे ।

श्यामार्पा लामालाई लिन जाने काममा काजी रणजित गोरा पाँडे खट्टिए र बि. सं १८४४ आषाढ १५ गते हिंडेको देखिन्छ । काठमाडौं आउन श्यामार्पा लामाले दोमन गरेकोले हुनसक्छ करिब ४ महिना लगाई बि. सं. १८४४ कार्तिक २१ गते नेपाल काठमाडौंमा आइपुगे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिलसिलेवार नम्बरको अनुसार यस पुस्तिकामा इतिहास लेखिने हुनाले अब पश्चिमतिरको कुरा गरौं । बि. सं. १८४४ माघ सुदी ४ मा कुमाउँका महाराजाधिराज मोहनचन्द्रले गोरखा (नेपाल) को जल्दोबल्दो उन्नती देखेर मेल मिलाप राखेमा नै महत्त्व पाउने छु भन्ने मित्रताको सन्धि गरेको तिनको पत्र काठमाडौं राजदरबारमा आइपुग्यो (६/- १३) ।

बि. सं. १८४५ ज्येष्ठ सुदी २ मा श्यामार्पा लामा र उनका साथमा आएका करिव १०/१२ जना समेतलाई नेपालको नागरिक तुल्याउन सिंभुनाथ बौद्ध भाकेर गोरखाको छिचरो पातलो कुरो भोटमा पुऱ्याउने छैन, धोखामा पर्ने छैन, गोरखा राजाले लाए-अऱ्हाएको काम गर्नेछु भनेर धर्म शपथ गरे, गराए (६/- ५२, ५३) ।

जब श्यामार्पा भोट राज्यको बागी भएको र काठमाडौंमा ल्याई थन्क्याइ लगाइयो, त्यसपछि भोट र नेपालको सम्बन्धमा बिस्तारै बिच्छेदको रूप इतिहासले देखाउँछ । भोटको र भोटमा बस्ने नेपाली व्यापारीको परस्पर झगडा हुनुत के नेपालीको धनमाल भोटका जनताले निहुँ खोजेर लुटीनै दियो । पुन: युद्धनै हुने सम्भव देखा पऱ्यो । नेपालको हक भएको भोट राज्यमा कुती र केरूङ्ग आदि मल्लकालमा भीम मल्ल काजीले भोटमा गरेको उन्नति मित्रताको वैभवमा भोटले नेपाललाई दिएको थियो । त्यही भूमीमा नेपालको सैन्य लगेर राख्ने भोटलाई बश गराउने योजना मुलमन्त्री दामोदरको देखिन्छ । रणवहादुर साहका हजुरिया मन्त्री दामोदर पाँडे भएकोले बहादुर साहले मञ्जुर गर्नुनै पर्के इतिहासले सम्झन्छ ।

बि. सं. १८४५ आषाढ २४ गते श्रीकृष्ण साह सैन्य लिएर कुतीतिर रवाना भए । आखिर फौज उतै राख्नुपर्ने देखेर यही साल आषाढ वदी ११/२ मा रसोद सामान लाने झाराको बन्दोवस्त (६/- ७२१) भएको देखिन्छ (पू. २७/ १७०) । बि. सं. १८४५ श्रावण २ गते काजी कीर्तिमानसिंह बस्न्यात सरदार अमरसिंह थापाहरुले केरूङ्गतिर सैन्य लगेको उल्लेख छ ।

श्रावण ११ गते नेपालीले केरूङ्ग दख्खल गरेको भन्ने लेखिएकोले नेपालको भूमी केरूङ्ग भोटले लिएको लिएनै नेपालबाट फौज गएको बुझिन्छ । त्यसपछि गोरखाली सैनिक अधिनायक चुप लागेर केरूङ्गमा बसेनछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बि. सं. १८४५ श्रावण ३२ गते भोटको शिखारर्जुङ्गतिर गोरखालीले आक्रमण गरे । तर भोटको दलबल बलियो मोर्चाले रहेको हुँदा नेपाली सैनिकहरु हट्दै कुतीसम्म आएको श्रीकृष्ण साहको पत्र (पू. २७/- १७०) + (६/- ७३६) देखिन्छ । यस्तै प्रकारले कति पटक हटे कति पटक बढे, भोट नेपालको युद्धको विवरण लम्वेनै छ ।

दुवैतिर युद्ध हुनुको झण्झट लागेछ र मित्रतानै सञ्चो मानिने भएकोले बि. सं. १८४६ साके १७११ श्रावणवदी १२ रोज १ मा दुवै पक्ष भोट-नेपालले मिल्ती गर्न कर्तव्य मानेर केरूङ्गमा मिल्ती गर्ने कुराको टुङ्गो लगाउन सभा बस्यो ।

सभा हुँदा के-के कुरा भयो आखिर भोटले प्रति वर्ष ५०,००१/- रुपैया सामन्ति कर सलामी बुझाएर भोटेले सामन्त हुन कबूल गऱ्यो र कबुलियत मिल्ती सन्धि भयो । त्यसमा भोटमा चल्ने कालामोहर (डाक्चा) नै बुझाउने भन्ने कबोल गरेको हुनुपर्छ । कुन सिक्का बुझाउने त्यो सन्धिपत्रमा खुलेको छैन ।

यो सन्धि गर्न जानेहरुमा भोटतिरका को-को बसे, नेपालतिरका को-को बसे त्यो सन्धिपत्रमा (६/- ५३) हेरे हुन्छ । बाहादुर साहको जीवनीमा लेख्नु परेको दुई जनाको नाम बताउँ भने यस्तो देखिन्छ –

श्यामार्पा लामा एक जना र धायबद्ध्रम (नक्कली दामोदर पाँडे) भन्ने लेखिएको देखिन्छ । भोटतिर सन्धि गर्न जानेहरुमा मुख्यत: श्री ५ वडामहाराजा पृथ्वीनारायण साहको दिव्योपदेशले कालु (काला) पाँडेका सन्तानलाई नछुटाउनु भन्ने लेखिएको (६/-३१४) देखिन्छ । दामोदर पाँडेनै जानु पर्ने हो, गएका देखिदैन । बि. सं १८३२ (ने.सं. ८९५) भाद्रमा सन्धि गर्नु पर्दापनि कालु पाँडेका नाति बंशतराज पाँडेका छोरा जगधर पाँडे गएको (प्रा. ने. २३/- ७) देखिन्छ । कालु पाँडेका छोराहरु बि. सं. १८२८ मा सतहुँ युद्ध बिगारेकाले वडामहाराजाले खोसेको (त्यो बेला) ढाक्रे हुँदा कसैलाई लगिएनछ । काम चलाउन दिव्योपदेशको बाक्य पालना गर्न जगधरलाई लगेको देखिन्छ । यसबेला बि. सं. १८४६ को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्धि हुँदा दामोदर पाँडेलाई लानु पर्ने हो, उनलेपनि जानु पर्ने हो । तर, राजाको हजुरिया काममा अर्को घुस्ला कि ? भनेर जान नचाहेको हो कि ? के हो, केरूङ्ग पुग्न कति दिन लाग्थ्यो, कति दिन कुरा हुन्थ्यो मिल्ने टुंगो लाग्ने हो होइन, कुराको ठेगान र समयको ठेगान थिएन । कुरा मिले छिटोमा छिटो एक/डेढ महिना आउन-जान समय लाग्ने भएकोले त्यसभित्र कुरौटे घुस्यो भने चुक्ली लगाएर सँधैको लागि हजुरिया काम छुट्ने संभवले हो वा के हो, दामोदर पाँडे भोट सन्धिमा गएनन् । वहादुर साह सन्धि गराउन कार्यबस नजाने भएकोले काठमाडौंमै रहेका देखिन्छन् ।

हजुरिया मन्त्री दामोदर पाँडेतिरका श्यामापर्पाहरु धेरै जाने भए, खटिए कालु पाँडेका सन्तती जानु पर्नेनै भएकोले काम चलाउन धायबद्धम पाँडेको नामबाट भयो । वहादुर साह गएको भए भोट सामन्त राजा हुँदा अन्त जस्तै सलामी रकम नलिएर मिलापत्र हुन्थ्यो कि ? यसबेला वहादुर साहको होसियारीले चीनतिर सौगात र मित्रताको पत्र साथै पठाएको यस्तो देखिन्छ –

मनाङ्गतिरबाट जीउँदो कस्तुरी १, नाहुर जीउँदो १, डाँफ्या १०, मुनाल १०, लरुवा १५, प्यूरा १५, ठुलाठुला भोटे कुकुर ५, चारसिंगे भेंडा ५, च्यापु १० सिम्रक (सानो मृग) १०, च्याखुरा १०, बि. सं. १८४५ आश्विन सुदी ९ को मिति सन्धि हुनु भन्दा १० महिना अगाडिनै पठाएको देखिन्छ (लि. नं. ४०८/ ३७७) । यसैबेला भोटले पनि नेपालबाट उपहार पठाएको देखेर हुनसक्छ सौगात र निवेदन के पठायो, पठायो भन्ने इतिहासले मान्दछ ।

दुवै देशले स्नेह गरी सौगात पत्र पठाएको पाएरनै सदलबल चीनको फौज समेत आएको इतिहासमा पाइन्छ । चीनको फौज आइपुग्दा बि. सं. १८४६ मा भोट नेपाल सन्धि भैसकेको थियो । यसरी दुवै पक्षले चीनलाई अँगालो हालेको देख्दा चीन बादसाह धेरै खुशि भएको लिखित पत्र देखिन्छ ।

सिलसिलेवारको बिषयले पश्चिमतिरको कुरा लेखिन्छ कि बिजित राज्य भूमीमा शान्तिपूर्वक प्रशासन चलाउन योग्य व्यक्ति नपाएसम्म आफैंले प्रशासन गरेका रणबीर खत्री, अमरसिंह थापा, बन्दे थापाले प्रशासन गरिरहेका देखिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठाउँ-ठाउँ थुम-थुममा राखिएका कुरुवा गण, गुल्म समेत युद्धनायकहरुलाई भोटतिर विजय भएको खबर वहादुर साहले बि. सं. १८४६ भाद्रवदी २ रोज १ (६/-५३) को पत्र मोहर यस प्रकार देखिन्छ –

खुशि भएका चीनका बादसाहले दुवै देशको मित्रता गराउन अम्बालाई खटाई पठाएको र अम्बाले मल्लकालका बि. सं १६८१ (ने. सं. ७४४) मा कुती, केरूङ्ग भू-भाग नेपालको भन्ने मित्रता स्थाई राखी लेखेको र चीन बादसाहका हुकुमले राजा रणवहादुर साहलाई 'वाङ्' भन्ने पदवी र मन्त्री नायक वहादुर साहलाई 'कुङ्' भन्ने पदवी दिएको (श्री ५ रण. व्यक्तित्व. पृष्ठ १०) इतिहासमा पाइन्छ ।

चीनको बादसाहबाट प्रदत्त 'वाङ्' भन्ने र 'कुङ्' भन्ने पदवीको अर्थ अहिलेसम्म इतिहासमा अर्थ समावेश छैन के भनेको हो ।

नेपाल र तिव्बत दुवै देशलाई मैले रक्षा गर्नेछु भन्ने चीन बादसाहको पत्र (६/- १२१) मा सातौं दफाको बिस्तृत बर्णन यस्तो छ –

१. नेपाल देश र भोट (तिव्बत) देश दुवैको रक्षा गर्ने पिताको रुपमा चीन देश रहने छ ।
२. तिव्बत-चीन-नेपाल (गोरखा) ३ राज्यका बासिन्दाले तिनै देशमा व्यापार चलाउन पाउनेछ ।
३. ल्हासालीले नेपालीको धन लुटेको भोटले फिर्ता दिने छ ।
४. भोट (तिव्बत) र नेपालको परस्पर बेमेल भएमा चीन देशले मध्यस्त भई मिलाउने छ ।
५. कुनै बिदेशी राष्ट्रले नेपाललाई आक्रमण गऱ्यो भने चीन देशले हटाउने छ ।
६. आफ्ना देशमा उव्जेको सामान आदर सत्कारले ५/५ बर्षमा चीन पठाउने छ ।
७. चीन सरकारले सौगात ल्याउनेलाई सवारीको व्यवस्था गर्नुको साथै सौजन्य दर्शाउन कोसेली (सौगात) पठाउने छ । (श्री ५ रण. व्यक्तित्व. - चित्तरञ्जन. पृष्ठ २१-२४) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बहादुर साहले सौगात पठाउँदा चीनमा कस्तो पत्र लेखे, त्यो पत्र प्राप्त भैसकेको छैन । वहादुर साहले लेखेको पत्र प्राप्त भएमा चीनले पठाएको माथि दिएको पत्रमा आनन्द आउँथ्यो ।

भोट र नेपाल दुबै देशलाई एकैनासको स्नेह देखाएपनि पाँचौ धाराले नेपाललाई मात्र बढि स्नेह देखाएको देखिन्छ । प्युठान विजयमा जस्तै भोट विजयमा नुवाकोट भैरबीलाई भाकेको थियो कि ? सुकीको माला, झाङ्वाला कुचिनको लहङ्गा, दोपट्टा र नरिवल, भेटी, बली चढाएको भोट विजयको बि. सं. १८४६ आश्विन सुदी ६/५ को पत्र नुवाकोटको धामीलाई पठाएको देखिन्छ (नयनाथ पौडेलको प्रकाशन अभिलेखमाला पृष्ठ २५ मा प्रकाशित पाइन्छ) ।

बि. सं. १८४६ को कुरो हो गुल्मी नरेशकी छोरी राजकन्या श्री राजराजेश्वरीसँग १४ वर्षका राजा श्री ५ रणवहादुर साहको बिबाह मन्त्रीनायक वहादुर साहले गराए (श्री ५ रण. व्यक्तित्व - चित्तरञ्जन. पृष्ठ २१, २४) ।

बि. सं. १८४६ मा भोटसँग सन्धि भएको फायलमा पत्र लेख्न छुटेको हो कि चीनको पत्र भोटमा आएपछि भोटले त्यो सन्धिमा लेख्न छुटेको जस्तो व्यहोराको पुनः बि. सं. १८४७ बैशाखसुदी २ मा गोरखा (नेपाल) भोट देशको सन्धि भएको (६/-२०) देखिन्छ । त्यो यस्तो छ –

१. भोट देश र नेपाल देशका जनता, व्यापारी महाजनको सुबिधाको लागि नेपालमा चलेको टक १ मोहरको भोटमा चलेको काला मोहर (डाक्चा) २ मोहर हुनेछ ।

२. भोट (तिब्बत) ले गोरखाली राजाको टक्सार आफ्नो देशमा स्थापना गरी काम चलाउन बञ्चित रहनेछ । सुक्का, सुक्की समेत भोटमा नेपालबाट पठाइने छ ।

३. यो सम्झौता सन्धि परिवर्तन गर्नेलाई गेरखाका राजाले कुदृष्टि लाउने र यसलाई मान्यता दिनेमा सुदृष्टि लगाउने छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्याख्या –

यसमा सही गर्नेहरु पोतला लामा (दलाई लामा - भोटका अधिपति), अरु धुरिन काजीका प्रतिनिधि अर्जवेगि समेत ३ जना र साक्षीहरु श्यामार्पा लामा समेत नेपाली २ जना देखिन्छन् ।

राजा रणवहादुर साहको उमेर यसबेला १५ वर्षको, दामोर मुलमन्त्रीको उमेर ३९ वर्षको देखिन्छ । वहादुर साह सौत्यानी बाबुको पक्षले निकालिएको दुःख, कष्ट भोगेर तिनको अभ्यूदय शुरु भएपछि बि. सं. १८३६ मा र बि. सं. १८४२ मा जो माथि बयान गरियो, दामोदरका दुई दाज्यू बसन्तराज र बंशराज काटिएकाले यसबेला राजाको हजुरिया मन्त्री दामोदर पाँडेको र मन्त्री नायक वहादुर साहको वास्तवमा मेल थियो भन्न इतिहासले सक्दैन । यी दुईमा मन्त्रीनायकको शक्ति र हजुरिया मन्त्रीको शक्तिले छुट्टाछुट्टै काम भएको देखिन्छ ।

पश्चिमतिर वहादुर साहका अनुयायीले जो विजय गरे, वहादुर साहले भोट र चीनतिरको रसिलो, गठिलो गाँठो बनाएको कीर्तिश्री दामोदरलाई मन नपरेको र घटाउने काम गरेको इतिहासले देखाउँछ ।

बि. सं. १८४७ भाद्र ५ गते जगजित गोरा पाँडेलाई डोटी शर गर्न सैनिक गुल्म समेत खटिएको देखिन्छ । वहादुर साहलाई पहिले जस्तै रोग र राजनीतिको पिर बढ्यो कि ? वहादुर साहले काठमाडौं छोड्न सकेको देखिदैन । नाबालक राजाको बालककालमा जो चाकरी गरेको थिएँ, राजाको उमेर बढेकोले अब त्यस्तो माया, प्रेम भएको देखिदैन । राजाको चाकरी नदेखाए पुनः निकाला हुनपनि बेर छैन । भाउज्यू महारानीले राजधानी केन्द्रको काम चलाउँदा गोरखामा बसेर युद्धको निरिक्षण गरेको थिएँ । युद्धमा सैनिक खटाउँदापनि दुई पक्षको देखिन्छन् भनेर आफ्ना पक्षको विजयी दलबल पश्चिमतिर काम गरिरहेका छन् भन्ने वहादुर साहलाई परेको कुरो इतिहासले संझन्छ ।

जगजित पाँडेले दीपायल बि. सं. १८४७ भाद्र ३१ गते विजय गरे (पू. २७/- १७०) + (६/- ३७९) । वहादुर साहले बिदेश बस्दा अंग्रेजको सैनिक तालिम भएको अनुभव भएर नेपालमा नयाँ पल्टन (गण, गुल्म) खडा गरे भन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जो माथि बयान गरियो, त्यसमा पल्टन हाँक्ने अफिसरको पद खुलेको थिएन। दीपायलमा पल्टन खटाउँदा कप्तानको दर्जा देखिन्छ । जस्तै कि सरदार अमरसिंह थापा, कप्तान गोलैयाँ खवास, कप्तान रणबीर खत्री, सरदार सत्रुघन साही वहादुर साहले खटाएको देखिन्छन् ।

वहादुर साहले २ पल्टन (गुल्म) का साथ कास्कीका जयभद्र बोहोरा र सामन्त राजाका थर, घर, उमराव खटाएको देखिन्छ । तिनले सुर्खेत, दैलेख विजय गरी कर्णाली नदीमा खाँडो पखालेपछि डुम्ब्राकोट शर गरेर अछाम र डोटीका नरेशसँग संयुक्त रूपमा दीपायलमा घमासान युद्ध भएको र अछाम र डोटी दुवै देश विजय गरी महाकाली (शारदा) नदीमा खाँडो पखाले ।

गोंरखामा बसेर वहादुर साहले युद्धको सञ्चालन निरीक्षण गरे जस्तो यसबेला के भएर सकेनन् माथिनै यसको सुत्र संझाएको छ । वहादुर साहले आफ्ना भिनाजु सल्यानी राजा रणभीम साहलाई आफुले काम गरेको जस्तै भ... गरेको (६/- ४०२) देखिन्छ । समयानुसार अब क्रमश: भोटतिरको कु... गरौं ।

बि. सं. १८४६ को रकम भोटले के बुझायो, सम्भव छ १८४७ म... व्यापारको मालसामानमा भर्ना गरेको हुनसक्छ । कालामोहर (ङ्क्चा) भोटमा चल्ने हुँदा त्यही मोलमा भर्ना गरेको हुनसक्छ । बि. सं. १८४७ मा भएक... सन्धिले कालामोहर बुझेकोनै भए हुने थियो । नेपालमा चलेको शुद्ध चाँदीक... टकनै चाहिन्छ भनि हजुरिया मन्त्रीको मन्तव्यले भोटलाई सान्है गाह्रो पर्यो... त्यस्तो तिर्ने, बुझाउने क्षमता त्यसबेला भोटलाई थिएन । बि. सं. १८४७ म... सन्धि भएकोमा पुन: परिवर्तन गर्नुपर्छ भन्नेलाई गोरखाले कुदृष्टि लाउने भन्नेनै प्रष्ट लेखिएको देखिएकोले असमर्थ भोटले सन्धि परिवर्तन गर्नु पर्छ भने... अडियो ।

वहादुर साहले राजाको नायबी एकलौटी छँदा सामन्त राजाले जो सहयो... गरे बिजित भएको भूमी ती सामन्त सहयोगीलाई थपी दिएरपनि सामन्ती सला... लिएनन् । मुस्ताङ्गका राजालाई मात्र उनले केरूङ्गतिर र ल्हासातिर जो बुझाए...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ, ल्हासातिर बुझाउँदै गर्नु जुम्लालाई बुझाउन पर्दैन भन्ने र अरु समस्त सामन्त राजालाई वहादुर साहले सामन्ती कर लगाएको देखिदैन ।

वहादुर साह भोटतिर सन्धि हुँदा गएनन् । दामोदर पाँडेको पक्ष भएकोले उनीपनि गएनन् । सामन्त राजालाई रकम लगाउने वहादुर साहको मन्तव्य देखिदैन ।

नजानिदो पाराले काम गर्दागर्दै त्यसबेला राजाका दुईवटा नायबिले काम गरेको हो कि भनेजस्तै इतिहासले देख्छ । एउटा वहादुर साहनै भए अर्को राजाको हजुरिया मुलमन्त्री दामोदर पाँडे देखिन्छन् । दामोदर पाँडेले वहादुर साहको काम कीर्ति अपहेलना गरेको जस्तो इतिहासले मान्दछ । भोटतिर त्यसबेला जो खड्गास्त भएको छ, भोटेहरुले नै फिक्रि लिएर कतिसम्म कुराले मिल्ने कुरो हुन्छ त्यो बुझ्न ल्हासाका भोटे काजी र पोतला लामा आदिले केरूङ्ग बसेका श्रीकृष्ण साहलाई सन्धि वार्ताको कुरा गर्न खबर पठाए । श्रीकृष्ण साहले पनि त्यही कुरा नेपाल दरबारमा पत्र लेखे (६/-२५०) । त्यस पत्रमा समाचार पठाउने कुरा गर्ने भला मानिसहरु टिङ्रीमा आइपुगे भन्ने खबर छ । २/४ दिनमा यहाँ कुतीमा आइपुग्ने कुरो सुन्दछु । ती आएर सोधे मैले के जबाफ दिने भन्ने पत्र देखिन्छ ।

उक्त पत्रमा मल्लकालीनदेखिको भोटमा रहेको कुती, केरूङ्ग दुई ठाउँको नेपाली भूमीमा किल्ला घर बनाई सकें भन्ने लेखिएको पनि देखिन्छ । अर्को कुरा त्यो पत्रमा कपर्दार भोटु (गोरा) पाँडेलाई भोटेका दलबलले धुँवा (ठाउँको नाम) मा लगी नेल हानी थुनिराखेछ । छुटाई ल्यायौं भन्ने र नेपाल दरबारमा चीन बादसाहले लेखेको पत्र लाहाछाप लागेको उप्काई हेर्दा जाली, कीर्ते पत्र देखिएको भन्नेपनि त्यस पत्रमा उल्लेख छ । अब, पश्चिमतिरका कुरा गरौं ।

युद्धमा खटिएका समस्त दलबल गुल्म-कम्पनी लिएर वहादुर साहको निकाशा अनुसार वीर अमरसिंह थापाहरु महाकाली पश्चिम कुमाउतिर धौली भन्ने ठाउँमा पुगेर मोर्चाबन्दी थाना किल्ला क्याम्प बारेर बसे भन्ने छ । त्यहाँबाट हटाउन कुमाउका राजा मोहन चन्द्रले दलबल फौज लिएर मुकाबिला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न आउँदा भारी युद्ध भयो । मोहन चन्द्र युद्धमा हारेर फर्केपछि त्यही ठाउँमा पुन: लाल सिंहले सैनिक दलबल लिएर लड्न आयो । लड्दा युद्ध हुँदा उपनि हारेपछि कुमाउँ, अल्मोडा राज्यनै गोरखाली (नेपाल) को विजय भयो (प्रा. नै. २४/- १) । यो कुरा कुमाउँको इतिहास पृ. ३८५ मा र (पू. ५/- ६०) मा उल्लेख पाइन्छ । बि. सं. १८४७ चैत्र कृष्ण प्रतिपदा चैत्र ११ गते कुमाउँ राजकेन्द्र विजय भएको तिथि-मिति ठिक छ भन्ने (पू. १०/- ४३) + (६/- ३७९) किटानी देखिन्छ ।

यता भोटतिर दामोदरको कार्यशैलीमा ठूलो अवनति शुरु हुँदैछ । श्रीकृष्ण साहको पत्रको जवाफ दरबारबाट के पठाए, समय थोरै थियो । श्रीकृष्ण साहमा ती खबर लिनेहरु सबै आए । श्रीकृष्ण साहले मेरो पत्रको जवाफ काठमाडौंबाट आएको छैन भने हुनन् । श्रीकृष्ण साहले ती खबर लिनेहरुलाई काठमाडौंतिर जानु हवस्, मैले पत्र लेखिदिन्छु । त्यो पत्र देखाएपछि सीमानामा रहेका चौकी नेपालीले रोक्ने छैन भनेरनै काठमाण्डुमा सन्धि गर्न जान पुगेका हुन् कि तिव्बतीहरु काठमाडौंमा नै पुगे ।

कुरा हुँदा के-के कुरा भयो, हजुरिया मुलमन्त्री दामोदर पाँडेले श्यामार्पा लामालाई कुरा गर्न अघि सारे, कुरो मिलेन । कुरो मिलाउन नदिने श्यामार्पा रहेछ भन्ने बुझेर सन्धि गर्न आउने तिव्बती दलबल भोटतिरनै फर्क्यो । भोटमा पुगेर के-के कुरा भयो, त्यसमा श्यामार्पा नपक्रेसम्म नेपाल-भोटको मिलि मिलाप हुनसक्ने छैन भनेर श्यामार्पा पक्रन कुतीमा सम्झौता गर्ने भन्ने लेखापढी चल्यो ।

काठमाण्डौं दरबारले कुतीमा संझौता गर्ने स्वीकृति दिएर कुतीमा सभा बस्यो । कुरा के-के हुँदै थियो । नेपालबाट सन्धि गर्न बोल्न हजुरिया मन्त्री दामोदर पाँडेले खटाएको श्यामार्पालाई भोटले पहिले मिजासले बोलेका हुनन् जब मिल्ति नहुने जस्तो भएपछि श्यामार्पालाई भोटले जर्बजस्ती पक्रेर लान खोजे । भोटको दलबल ठुलै थियो । तब नेपाली प्रतिनिधि जो गएका थिए तिनले भोटको पक्राउबाट छुटाए । त्यसपछि सन्धि गर्ने मिल्ने कुरानै भएन सभा भङ्ग भयो । नेपालबाट जानेहरुले श्यामार्पा लामालाई अगाडि लगाई फर्के ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसबेला भोट कुतीमा सन्धि गर्न जानेहरुको लिष्ट हेरे वहादुर साहका पक्षहरु गएको नाम पइदैन कि ? सन्धि पत्रनै गर्न परेन (श्री ५ रण. व्यक्तित्व. – चित्तरञ्जन. पृष्ठ १०२) । अब समयानुसार पश्चिमतिरको कुरा गरौं ।

बि. सं. १८४८ आषाढ १२ गते वहादुर साहको निर्देशन अनुसार काजी जगजित पाँडे र सरदार अमरसिंह थापाहरुले कुमाउँ, गढवालको राजकेन्द्र श्रीनगरपनि विजय दख्खल गरेर साह अधिराज्यमा मिलाए । राजा प्रतिमन साही युद्धबाट नै भागे (पू. २७/- १७०) + (६/- ३६८) । अब वहादुर साहको नायवीमा स़ाह स़ाम्राज्य कस्तो ठूलो देखियो ।

त्यसबेला बि. सं. १८४८ आषाढ १२ गते रणवहादुर सा़ह राजा १५ वर्ष, ७ महिनाका र दामोदर पाँडे ४० वर्षका थिए । ३४ वर्षका वहादुर साह र दामोदर पाँडेको काम दृष्टान्त चंगामा देखाउँ भने यस्तो देखिन्छ –

वहादुर साहको चंगाको लट्टाई हातमा लिएर चंगा कुमाउँ श्रीनगरमा नाच्न लाग्यो । १६ वर्ष नपुगेका राजा रणवहादुर साहको हातबाट उनका हजुरिया मूलमन्त्री पाँडेले उडाएको चंगा तिव्बत ल्हासातिर नाच्न लाग्यो । एउटा चंगाको नचाई सभ्यता, संस्कृति, धर्मले बलियो थियो भने अर्कोको नचाई सिद्धान्तहीन थियो ।

भोटले कुन तहमा रहन खोजेको हो, त्यसको श्रेणी सिद्धान्तमा दुई पटक भोटले मिल्ती गर्न खोज्दापनि कति कुराले मिल्ने भन्ने टुंगो प्रमाण इतिहासमा पाइदैन । युद्धमा खट्टिएका पल्टनीया अफिसरले मिल्ती गराउने अवस्था देखिदैन । युद्धमा खटिंदा युद्धमा गई युद्ध गर्ने हुन् सिद्धान्त यस्तै छ ।

बि. सं. १८४८ श्रावण २ गते सोमबार गोधुलीयोगको साइत पारेर ल्हासा डिगर्चामा पुगी भोटले २ वर्षको साम़न्ती रकम नबुझाएको बदलामा धनमान लुट्न जाने भई हजुरिया मन्त्री दोमोदर पाँडे हिंडे । यस अघि मन्त्रीनायक वहादुर साहले कुनै युद्धमा नखटाएको आफ्नै मनले ल्हासा डिगर्चा लुट्न साइत नपाएर गोधुली योगमा हिंडे भन्ने देखिन्छ (६/- ३०९) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनी हिंडेको २८ दिन पछिसम्म वहादुर साहनै सर्वेसर्वा भई काम गर्ने भए । श्रावण ३० गते वहादुर साहले अभिमानसिंह बस्न्यात, जसिबन्त भँडारी र रणजित कुँवरलाई भुङ्गा (भोट) हान्न जाने भनेर खटाए । भाद्र २६ गते भुङ्गा पुगेर युद्ध गरे, किल्ला फुटेन । गोर्खालीहरु भागी केराउबारीमा आई मोर्चा कसी बसेपछि खार्ताको बाटो जाने तिब्बती दलबलसँग युद्ध भयो । त्यो युद्ध विजय गरी टिगिजुंमा पुगेर त्यहाँ युद्ध भई गेर्खालीको विजय भयो ।

वहादुर साह बाहिरी पाटो लागेको बि. सं. १८४८ मा भन्ने यस्तै आधार दिएर प्रमाण लेखिएको भएपनि थुनामा नपरेसम्म आफ्नो काममा व्यस्त रहन्थे भन्ने देखिन्छ । जस्तो कि – दामोदर पाँडे ल्हासा डिगर्चा लुट्न जान गोधुलीको साइत गरी बि. सं. १८४८ श्रावण २ गते हिंडेको देखिन्छ । वहादुर साह बाहिरी पाटो लागेकोपनि मिति खुलेको भेटिदैन ।

श्री वहादुर साहको शासन संबत १८४८ को भूमी व्यवस्था भन्ने शिर्षक (६/- ३३) प्रकाशन भएकोमा यस्तो देखिन्छ –

श्री दुर्गा सहायः १

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रूक्का .... आगे रामदास पंथ नारायण अर्ज्याल इच्छानन्द बराकोटी दसरथ बानिञा दल्याथापा रामचन्द्र बस्न्यात रामचन्द्र राना (मगर) प्रभृति सिंधुनाल्दुम पूर्व दुधकोशी पश्चिम महाभारतका डाँडा देषि उत्तर लिस्ति र भोटको साँघदेषि दषिन यति भित्रको जग्गा जिमि तप्सिल माफिक जाँच्न तिमिहरु लाई भारा लाञ्यूं षातिर्जमासित जाँच्का सवाल बमोजिम गऱ्याका काज थामि बक्सौंला –

<u>तपसील</u>

प्रजाका किपट राजालें दियाका तावापत्र र तारपत्र भोजपत्र मोहर जाचनु जाँचदा पक्का ठहरिया सलामि ली थामि दिनु १

औल मुरि २० के रूपैया ४, दोयम मुरि २० के रुपैञा ३, सिम् मुरि २० के रुपैञा २, जसमा पत्र छैन सिक्रिया प्रजाके मिझाऱ्याके मुरि ४० वेठ वेगार डोके

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बोको गर्न्या कुर्न्या कुरियाके मुरि ३० थामि छुट्याइ दिनु गाउको सेवा विर्ताको मोहर गराइ दिनु मोहरको सलामि वीसको आठ आना दर्ले दर्सन भेट लिनु बद्ता भिकि लिनु २

औलिया प्रजाके मिभाऱ्याका मुरि ६० बेठ वेगार डोको बोको गर्न्या कुरियाके मुरि ४० थामि छुट्याइ दिनु गाउँको सेवा विर्ताको मोहर गराइ दिनु मोहरको सलामि बीसको आठ आनाका दर्ले दर्सन भेट लिनु बद्ता भिकि लिनु ३

हाम्रा मोहोर भया माँहाकाजका जोरले कच्चा पक्का नबुभि कट्टै भयाको भया आज जाँची बुभी गर्नु ४

नेपाल्या राजाले मयावि दियामा घडयारि बारि चाहिंदो पाषा थामि दिनु बद्ता पाषा र षेत भिकिलिनु ५

मोहरिया छाप जोग्य अजोग्य पऱ्याको हेर्नु मोहोरमा नलेषियाको षेत भिकि लिनु ६

इति सम्बत् १८४८ साल मिति श्रावण सुदि २ रोज २ शुभम् ....

द्रष्टब्य : गाउँका जनताको सेवा गर्ने, न्याय, निसाफ गर्ने भबिष्यमा तालुकदारी जस्तो काम गर्नेलाई पनि वहादुर साहको प्रशासनमा खान्की खाने बीरता थामेको देखिन्छ ।

राजाको हजुरिया मूलमन्त्री दामोदर पाँडेले ल्हासा लुट्न जान केही दिन ढिलो गरेको भए कुतीको बाटो जानु पर्ने हुँदा भुङ्गामा मोर्चाबन्दी गर्ने तिब्बतीको कुरा बुभ्रेरनै भटपट गोधुली साइतमा हिंडेको चलाकी इतिहासले यसै बेला संभिन्छ ।

हजुरिया मन्त्री दामोदरका साथमा देवदत्त थापा, बम सांह, प्रतिमन राना, दलबल खट्टिएको पैदल जान (पुग्न) दुई महिनां सोह्र दिन बाटोमा लागेर बि. सं. १८४८ आश्विन १८ गते रोज १ मा ल्हासा डिगर्चा शहर भित्र घुसेको (६/-०३७९) +. (पू. २७/- १७१) देखिन्छ । बाटोमा रोक्किइने अल्मल युद्ध भएनछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक्कासि नेपाली दलबल त्यसरी राजकेन्द्र भित्र हुम्मिन आएको, लुट्न थालेको देखेर भण्डार (राष्ट्रिय नगदी कोष) का भण्डारे गुम्बाका लामाहरु भ्रश्केर भागे, भाग्न दिइएछ, पक्रेनछन् (ने. सं. बृ. पृष्ठ ९८) । दलबल पस्नासाथै ताल्चा फोरेर लुट्न शुरु गरे । गुम्बामा रहेको देवताका सुनका मूर्तिहरु पनि लुटे (लि. नं. ४३३/- ४०१) भनि उल्लेख छ ।

कति लुटे हिसाब गरेर लुटेका छौं भन्ने देखिन्छ । त्यस्तो हिसाब गरेर लुटेको भए तिव्बतीहरुमा कसको रोहबरमा लुटेको माल देखाएर हिसाब गरे भन्ने देखिदैन । भण्डारे लामाहरुलाई भाग्न दिइएछ । जो, जो लुटे यो लुट्ने, यो नलुट्ने भनेनछन् । चीनका बादसाहले डिगर्चाका लामालाई प्रदान गरेको पदकपनि नेपालीले लुटे भन्ने (श्री ५ रण. व्यक्तित्व- चित्तरञ्जन.) पाइन्छ ।

ल्हासा डिगर्चाको धन लुटी फर्किंदा लुट्न जान पहिले गएको बाटो कुतीबाट फर्केनछन् । त्यो बेला नेपालको अङ्ग भैसकेको सिक्किम सामन्त राज्यबाट मदेश तराईहुँदै नेपाल काठमाडौं आउने गरी फर्केछन् । यो बेला ल्हासा लुट्दा देश बिरानो भएको पूर्व-पश्चिमको कुरा तल पढ्दै गए बुझ्नु हुनेछ । तिष्टासम्म ल्हासा लुटेर फर्केका हजुरिया मूलमन्त्री दामोदर पाँडेको देश विजय भएको इतिहासमा उल्लेख छ, त्यो कुरा मिल्दैन । इतिहास संशोधन गर्नु पर्ने छ ।

बि. सं. १८३१ मा नै तिष्टासम्म एकिकरण भएको (६/- १८८) प्रशासन गर्न फौज अधिनायक अभिमानसिंह बस्न्यात रहेको भन्ने आधार प्रमाण बि. सं. १८३५ को लालमोहरमा २१ कम्पनीमध्ये १ कंपनी राख्दा तिनका कलिला (जहानबच्चा) समेत राख्न जमिन, खान्की तोकिएको (सि. नं. ३०१/- २७४) + (६/- १८८) देखिन्छ । सिक्किममा हजुरिया मन्त्री दामोदर पाँडेलाई ल्हासा लुटमा पश्चिमतिर भएजस्तै त्यसतिर प्रशासन चलाउन बाटो खुला हुन केही अलमल भएजस्तो छ ।

वहादुर साहको नीति सामन्त राजालाई सामन्ती कर नलगाउने प्रथालाई नअपनाई भोटमा सामन्ती कर लगाएको र वहादुर साहको स्थिति प्रयोजनले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नगरी सन्धि गर्ने कुराको ठेगाननै नगरी लुटी फर्किंदा त्यो बेला बि. सं. १८४८ पौषको अन्तमा लुटाहा दलबल काठमाडौं आइपुगे । यसरी ६ महिना राजाको हजुरिया मूलमन्त्री दामोदर पाँडेले काम छोड्दापनि वहादुर साह भित्रिया हुन सकेनन् । अर्के प्रतिनिधि दामोदर पाँडेले राखेको हुनसक्छ । बाहिरी काममा वहादुर साहले झुङ्गातिर फौज खटाएको देखिन्छ ।

वहादुर साह बिरामीनै भएको कुरा को जानोस् । ल्हासा लुटेकोमा के-कति सामान लुटेको पनि बुझसुझ अनाबश्यक थियो कि यसै हुँदा श्रीकृष्ण साहको बदलामा कुतीमा बसेका नरसिंह गुरुङ्गलाई के-कति सामान लुटे तिमीले मलाई छुट्टै लेखी पठाउनु भनि चिठ्ठी पठाएकोमा उनले जबाफ लेखेको ६४ हरफको पत्र देखिन्छ ।

तर मिति फरक परेकोले यस्तो देखिन्छ कि बि. सं. १८४८ आश्विन १८ गते १ मा ल्हासा लुटिएको भन्ने बाबुराम आचार्यले (पू. २७/- १७१) बताउँछन् भने नरसिंह गुरुङ्गको पत्र बि. सं. १८४८ भाद्रवदी ७/१ को देखिन्छ । वहादुर साहलाई नरसिंह गुरुङ्गको पत्रबाट यसरी बुझाएको छ –

सुन तोला ३०७ मासा ७, चाँदी तोला ५९४८७, असल (चाँदीका) रूपैयाँ २२००, कालामोहर (ङाक्चा) ४८०० भन्ने देखिन्छ । सुनका देवमूर्तीहरु नरसिंह गुरुङ्गले पनि थाहा पाएनछन् । सुन तौल्दा त्यसैमा पऱ्यो कि । यद्यपि यी विवरण अविश्वसनीय देखिन्छ, यसभन्दा कयौं गुणा बढि लुटेको हुनसक्दछ ।

जो होस् ल्हासामा लुटेर आएपछि वहादुर साहले चीनमा पत्र लेखी नेपाल-भोटको बन्दोबस्त संगठन चीनका बादसाहले गर्ने भन्ने बन्दोबस्तलाई भताभुङ्ग पारेको देखिन्छ । ल्हासा लुटेपछि नेपाल आउन कति दिन लाग्यो, बाटाभरि हजुरिया मन्त्री दामोदर चिन्तित हुँदै नेपाल आइपुगे भन्ने इतिहासले यसपछिको व्यबहारलाई संझाउँछ ।

बि. सं. १८३३ को समयमा सरुपसिंह पर्वले नेपालबाट निकालिएका बनारसमा घर भएको गजराज मिश्रलाई हजुरिया मन्त्री दामोदर पाँडेले पत्रलेखेकोबाट इतिहासले र प्रमाणले यस्तो जनाउँछ –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ तिव्वतसँग यस्तो यस्तो पऱ्यो तहाँ राजनैतिक प्रतिनीधी डंकिन साहेब अंग्रेजको सहायक भई काम गर्नु भएकों भन्ने सुन्छु । तपाईंले डंकिन साहेवसँग कुरा गर्नु होला । मद्दत चाहिए वहाँबाट दिलाउने गर्नु हवस् । भारतबाट ल्याएको व्यापारिक मालसामानको भन्सार लिने काम भएको छैन । त्यसबाट भन्सार लिने काम भएपछि डंकिन साहेब खुशि हुनुहोला भनि पत्र लेखी त्यो पत्रसाथ सौगात पठाएको देखिन्छ ।

वहादुर साह पटना, कलकत्ता, बनारस गएर अंग्रेजको प्रशासन देखेर, शिकेर त्यहाँ रहँदा नेपालबाट निकालिएको गजराज मिश्रले भेट्न बुझ्न नआएको व्यक्तिलाई वहादुर साहले भए कामै लगाउने थिएनन् । अंग्रेजले सैनिक मद्दत दिनेछ भन्ने वहादुर साहलाई विश्वासै थिएन । नेपालबाट लेखेको पत्रको जवाफ अंग्रेजले के भन्यो त्यसको बिषयमा यस्तो देखिन्छ –

युद्ध परे मद्दत दिने, नदिनेतिर अंग्रेजले जवाफै दिएनछ । व्यापारिक मालसामानको निकाशी पैठारिको भन्सारसम्म सप्तसूत्री (७ दफाको) अंग्रेज गभर्नरको स्वीकृति गराई आफु र गजराज मिश्र नेपाल आउन हद भएकोले मौलवी अवदुल्लाह वकिल कादिर खाँलाई कम्पनी सरकारको प्रतिनीधि डंकिन साहेबले नेपाल पठाएको व्यहोरासम्म बनारस निवासी गजराज मिश्रबाट काम भएको देखिन्छ । प्रो. ढुण्डिराज भण्डारी, एम. ए. ज्यूको प्रकाशन (नेपालको ऐतिहासिक विवेचना पृष्ठ (२०६, २०७) + (६/- २०, २१, २२) उल्लेख पाइन्छ ।

यस्तो रूपमा तैपनि युद्ध पऱ्योभने अंग्रेजबाट सैनिक मद्दत पाउन शिष्टाचारले वकिल कादिर खाँलाई सम्मान गर्नुका साथै बनारस स्थित कंपनी सरकारको प्रतिनीधी लाई नेपाल दरबारका हजुरिया मन्त्री दामोदर पाँडेले करकोशेली पठाएको (६/- २२, २३) पत्र देखिन्छ । त्यो यस्तो छ–

मिस्टर साहेब मेहर बानी गऱ्या कदर जान्न्या ठूलो दर्जा ठूलो मान भएका मिस्टर डंकिन साहेब बहादुर आरामसँग रहुन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अघिदेखि मनमा भएको व्यापार महशुलको बन्दोबस्त गर्नाको चालमा गुरुज्यू साहेबलाई तँ कुरा गर्न पठाउन ढिला भएको छ । जन्नरल लर्ड इयरल कार्न वालिस बहादुरको कलकत्ताका सरदार कौशलको हुकुम बमोजिम कंपनी बहादुर (को) मोहर दस्खत बनारस गैन्ह जिल्लामा छापेको सही भएको केशरनामा समेत तपाईंको चिठ्ठी मौलबि अवदुल कादिर खाँ वकिलको हातबाट आइपुग्यो । तपाईंको दोस्ती पृतिले मन आनन्द भयो । तपाईंलाई भगवान आनन्द राखुन । यहाँबाट पनि करार (कबोल) गरी वकिललाई दिएकोछु । तहाँबाट जे भनि आउँछ, आफ्नै काम संभ्कुला । गुरुज्यूको हात ८ किसिमको रङ्ग (भएको) कुचिन थान ११ र अरु १४ जम्मा २५ थान गुरुज्यू गजराजले ल्याउनेछन् ।

यस्तै सम्मानको पत्र पठाएको देखिन्छ । गजराज यो सन्धिपत्र ल्याउँदा आएजस्तो देखिदैन । नेपाल आउन फुकुवा गरेको थिएन कि के हो ? गजराजको मुख देखेरनै पत्र लेखी झिकाएकोबाट गजराजलाई पठाउनेछु भनेर लेखेको हो कि अढाई प्रतिशत मालको मोल महशुल लाग्ने, ठाउँ ठेगान गर्ने भन्नेपनि पत्रमा उल्लेख छ (६/- २०, २१, २२) ।

ल्हासा लुटेपछि भोटले वहादुर साहको स्थितिमा चीनले अधार दिएको अनुसार गुहारी गऱ्यो । ल्हासाको पत्र चीनमा पुगेपछि नेपालले चीनको पत्रको वास्तै नराखी ल्हासा लुटेको र ल्हासाका काजीहरुपनि पक्री नेपाल लगेकोमा चीनको बादसाहले खेद प्रकट गरेर बादसाहका ज्वाईं टुङ्थानलाई सैनिक फौज दिएर भोटको मद्दतमा खटाएको दलबल ल्हासा आइपुग्यो भन्ने बि. सं. १८४८ फाल्गुन लाग्दो महिनाको खबर (६/- ३७४) पाइन्छ ।

वहादुर साहको स्थिति मन नपर्ने हजुरिया मन्त्रीले स्थिति तोड्दा नेपाल र चीनको दलबलको युद्धनै हुने भयो भन्ने हल्ला इलामले पूर्व तिष्टा नदी र पश्चिम कुमाउँको पल्लो यमुना नदीको साँधले हरौटे राजाहरुले नेपालको शान्ति खलबल्याउन हल्ला मचाए ।

साह अधिराज्यले राजकेन्द्र काठमाडौंको पूर्वको सार्वभौमी कायम गर्न वडामहाराजा पृथ्वीनारायण साहले शुरु गरेका उन्नति बि. सं. १८३१ देखि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवनति भएकोमा बि. सं १८३६ आषाढ देखि वहादुर साहबाट जे उन्नति भयो माथि भनिसकिएको छ । त्यो उन्नति बि. सं १८४५/४६ सम्म बढ्दैगएको देखिन्छ । यसबेला भयङ्कर अवनति शुरु हुनेभयो । .

यो अवनतिको नतिजाले सार्वभौमी नीतिमा ठक्कर लाग्यो । जति सामन्त राजाहरु भए महाकाली शारदा नदीवार तिनले साह अधिराज्यमा मद्दत गरेको यसबेला देखिन्छ । जस्तो कि राज्य अपहरण भएका सबै राजाहरुले हाम्रो भाग्य जाग्यो, हामी स्वतन्त्र भयौं भन्न थाले । अब हामीहरुको देश हामीहरुलेनै चलाउन पाउँछौ भनेर सार्वभौमी बनेको देश भित्र प्रशासकलाई हटाउन कुटपिटदेखि लिएर काटमारसम्म पनि हुन लाग्यो । यसबारे पूर्वतिरको नै कुरा गरौं ।

चीनबाट दलबल नेपालसँग युद्ध गर्न आउँदैछ, ल्हासामा आइसक्यो भन्ने र सबैलाई पूर्ववत आफ्नो स्थान राज्य ग्रहण गर भनेर तिव्बतीले खवर पठाएको छ भन्न थाले ।

सेन राजबंश यसबेला लुप्त भैसकेकोले तिनका राज्यमा लिम्बुवानका लिम्बु लाप्चेहरुलाई पैसा दिएर बिरोधीले आफ्ना दल पक्षमा मिलाए । नेपाली संरक्षकहरुसँग युद्धनै चल्यो (६/-१२) + (पू. २७/-१७०) । विजयपुर अरुणनदी पार सुख्खिम, चैनपुरतिर कूल (विद्रोह) गरी कन्चनपुरतिर १/२ ठाउँमा नेपालको किल्ला बिरोधीहरुले आफ्नो अधिन गरे । यसबेला बि. सं. १८४८ चैत्रको महिना थियो । काजी देवदत्त थापा मगरले युद्ध गरी सिक्किमलाई हराए । अ. ५०० जवान शत्रु पक्षका मारिए (पू. २७/-१७०) । यसभन्दा अघि सुब्बा पूर्णानन्दलाई १/२ कंपनी दलबल दिई विजयपुरतिर प्रशासनमा राखिएको थियो । भोटतिर लुट गरेर फर्केपछि तब ५/७ हजार फौज लिई नेपालको बिरोधी भोटले नेपालको चैनपुरगढी लिएर शिद्धिपुरमा खलङ्गा बनाई बसेका थिए । तिनले मोर्चा कसेको थिएन । पूर्णानन्दका सैनिक फौजले यसैबेला झुक्याई हानेछन् । भोटका सरदार समेत दलबल मारी बिरोधी हटाएको इतिहासमा उल्लेख छ (६/-१२)+(पू. २७/-१७०) । अब पश्चिमतिर कुरा गरौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चिमतिर यसबेला नेपालसँग युद्ध गर्न चीनको दलबल आयो । यसैबेला जागा भएर नेपालसँग युद्ध गरे हाम्रो देश फिर्ता पाउने छौं भन्ने भोटको हल्लाले हो कि भू. पू. राजाहरु तटस्थ भएर शक्ति संचयमा लागे । भागेका राजाहरु पुनः संगठन गरी राजधानीमा फर्के र युद्धको सामना गर्न लागे ।

वहादुर साहले जसको राज्य हो सामन्त अधिकारमा थमौती गरी अरु राज्यसमेत थपी बलियो गराएको र सामन्ती सलामी नलिएको यसैबेला काम लागेको देखिन्छ । यस कामको नतिजाले वहादुर साह सार्वभौमी प्रशासन गर्न जान्ने रहेछन् भन्ने सबैले प्रष्ट देखे । हजुरिया मन्त्री दामोदर पाँडेलेपनि थाहा पाए । किनकि भोट सामन्त राजा बनेको थियो । ५० हजार सामन्ती कर लगाएकोले नै यस्तो उपद्रो भयो । त्यसमाथि भोटले नेपाली रुपैयाँ शुद्ध चाँदीको सामन्ती कर बुझाउन क्षमता नहुँदा सामन्त राजाको धनमाल लुट्ने काम हजुरिया मन्त्री दामोदर पाँडेको मुर्ख्याईं थियो भन्नेपनि चाल पाए ।

सामन्त राजाहरुले जसोगरी सार्वभौमी जोगाए, सबै बयान गर्न लागे यो लेखको कलेवरमा अट्टाइँदैन । जति सामन्त राजा बनेका हुन् पाल्पा, सल्यान आदि जो माथि बताइएको छ, तिनले देश, राज्य सार्वभौमी थामेको देखिन्छ । नेपालका बालक राजा रणवहादुर साहका हजुरिया मन्त्रीले अवनति उपद्रो गरेर देशमा भयङ्कर अवस्था देखा परेको देखिन्छ भन्नेपनि सुने, बुझे हुनन् ।

वहादुर साहले बिदेशबाट आएर सैनिक संगठन गण, गुल्म पल्टन बनाएको के-के नाम हो जम्मा कम्पनी १०० पल्टन भन्नेसम्म संख्या इतिहासमा पाइन्छ । अहिले शाही नेपाली सेनाले सैनिक इतिहास तयार गरेको हेरे वहादुर साहको र महारानी राजेन्द्रलक्ष्मीको नायविकालमा खडा भएका सबै पल्टन वहादुर साहको अनुभव, दूरदर्शिता र सक्रियतामा नै खडा भएको अनुमान गर्न सकिन्छ जुनवेला राजा रणवहादुर साह वालकै थिए ।

यत्रतत्र प्रशासनमा र युद्धमा खटाएकोबाट काठमाडौंमा कति राखिएको थियो यसबेलाको राष्ट्र भर अशान्ति सामना गर्न दलबल सैनिक गुल्म दिई काठमाडौमा रहेको जगजित (गोरा) पाँडेलाई पश्चिमतिर शान्ति गर्न दलबल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खटाएको देखिन्छ । जहाँ, जहाँ काम गर्ने हो, अघि गोरखा दरबारमा बसेर आफुले युद्धको नेतृत्व गरेको जस्तै रुपले वहादुर साहका भिनाज्यू सल्यानी राजा रणभीम साहले काम गरेको देखिन्छ ।

त्यसबेला हजुरिया मन्त्री दामोदर पाँडेले ल्हासा लुट गरेको बुद्धि पुगेनछ भनेर बल्ल सम्झेहुनन् । केरूङ्गबाट चीनियाँ दलबल नेपालीसँग लड्न आयो भन्ने हल्ला काठमाडौंमा पनि भयो ।

चीनियाँ दलबल रोक्न बलियो मोर्चाबन्दी गर्नुपर्छ भनेर हजुरिया मन्त्री दामोदर पाँडे ठाउँ हेर्न जान लागेको बखत कुमाउँ श्रीनगरमा युद्ध विजयी सबै सैनिक झिकाउन पऱ्यो भन्ने ढुङ्गो लाग्यो र कुमाउँको सुरक्षालाई आफ्नो भतिजा पर्ने कप्तान कालु पाँडे (बांहुन) लाई पठाउने र त्यहाँ रहेका विजयी सैनिक दलबललाई झिकाउने भन्ने निश्चय गरे । मोर्चाबन्दीमा हजुरिया मन्त्री दामोदर पाँडे हिंडेपछि कालु पाँडे काममा कहाँ थिए तिनलाई बोलाइयो ।

वहादुर साहले आफु युद्धमा जान नपाएर हो कि काठमाडौंनै बसेका देखिन्छ । रणवहादुर साहको हजुरियाको स्थान पाउन सक्छु कि भनेर हो कि के हो ? आफ्नो नेतृत्व पश्चिमतिरको युद्धको अधिकार भिनाज्यू सल्यानी राजाको भर गरेको चिठ्ठीपत्रबाट देखिन्छ । त्यस्तै आफ्नो भिनाज्यू सल्यानी राजालाई वहादुर साहले लेखेको चिठ्ठी यस्तो देखिन्छ कि –

कुमाउका पहिलेका राजा प्रद्युम्न साहलाई नै सामन्त राजा हुन कबुल गराइदिनु र कालु पाँडे यहाँबाट आउँदैछन् तहाँ आएपछि सल्यानमा रहेका सैनिक दलबल कालु पाँडेको साथै कुमाउमा पठाउनु यो खबर अमरसिंह थापालाई पत्रलेखी पठाउनु होला भन्ने वहादुर साहले पत्र लेखे । आफ्नो तिरबाट कप्तान कालु पाँडेलाई पत्र लेखेनन् ।

अमरसिंह थापाले सल्यानी राजाको चिठ्ठी पाए, पढेपछि त्यो ठाउँमा रहेका आफुभन्दा माथिल्ला तहका काजी जगजित पाँडे र आफुभन्दा तल्लो तहका कप्तान गोलैया खवास समेत अरु अफिसरहरुलाई सुनाए । राजाको हजुरिया पाँडेले ल्हासा लुटेको परिणाममा यस्तो घोर बिघ्न आइलागेछ भनं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसैबेला थाहा पाए । चीनको दलबल सोझै राजधानीतिर वैरिन लागेछ । लुटेको बदला काठमाडौंमा लुट्ने छ भन्ने मात्र हैन केन्द्रनै चीनले लियो भने सार्वभौमी एकिकरण नष्ट हुनेछ ।

कुमाउँको राजा प्रद्युम्न साहले गढवाल र अल्मोडा दुवै राज्यमा सामन्त राजाको बहाली गरे गराएमा उनीपनि खुशिनै हुनेछन् भनेर ती कहाँ बसेका थिए, दुवै राज्यको सामन्त राजा हुन आउनु भनेर बोलाएपछि प्रद्युम्न साह खुशि हुँदै आए । सामन्त राजालाई कर नलगाएर काम सुम्पिन असजिलो लागेर हो कि सल्यानी राजाले पत्र लेख्दा के लेखेका थिए, त्यो संकलन भएको छैन । वहादुर साहको त सामन्त राजालाई ३/४ ठाउँको राज्य थपिदिंदापनि कर सलामी नलगाएको माथि पढिसकियो । के बिचारले हो बार्षिक रू. २५ हजार सामन्त राजाको कर सलामी बुझाउने छु भनेर बि. सं. १८४९ आश्विन १०/४ मा बहाली दिएकोले कवुलियतपनि लेखिएको हुनुपर्दछ, त्यो लव्य छैन । यति गरिसकी अमरसिंह थापा, जगजित पाँडे, कप्तानहरु दलबल फौज लिई तुरुन्त काठमाडौं आउने थिए । कप्तान कालु पाँडे (वाहुन) आइपुगेनन् । उनलाई बुझबुझारथ गरी मात्र आउनु भन्ने पत्रमा उल्लेख देखिएकोले कहिले आइपुग्ने हो भन्दै दिन गन्दै अडे ।

बि. सं. १८४८ चैत्र शुक्ल २/७ मा कुमाउँ जान भनेर हिंडेका कालु पाँडे अछाम पुगेपछि अछामी भू. पू. राजाले हालिमुहालि चलाइसकेको हुँदा मलाईनै हान्न गोरखाली फौज आएको हुनुपर्छ भनेर कूल (विद्रोह) गरे भन्ने इतिहासमा उल्लेख छ । किल्ला मोर्चाबन्दी बाटामा परेकोले कति दिन त्यहाँ अड्नु पऱ्यो, कालु पाँडे आएनन् भनेर हेर्न कुमाउँबाट पठाएको चेवाले खबर लगेर हो कि कुमाउँमा रहेका काजी जगजित पाँडेले १० कम्पनी फौज लिई आई छुटाएको देखिन्छ ।

अछामबाट यसरी जगजित पाँडेले छुंटाएको र डोटीतिर पनि त्यही रूप भएछ । त्यहाँ त जाजरकोटका सामन्त राजाले आफ्नै फौज लिएर हटाए भन्ने तिनले काठमाडौं पठाएको जाहेरी (६/-१२) बाट देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यही रूप भेरी नदीपार महाकाली (शारदा) नदीवार भू.पू. राजाहरु आफ्नो राज्यमा आफ्नै हक गरी बसेकाहरुसँग कालुपाँडे र जगजित पाँडेहरु त्यही १० कम्पनीबाट कुल्याहा (बिद्रोही) लाई काट्दै भगाए भन्नेपनि इतिहासमा उल्लेख छ (६/-१२) । बि.सं. १८४८ चैत्रसुदी २/७ मा कुमाउँ श्रीनगर जान हिंडेका कप्तान कालु पाँडे बि. सं. १८४९ (महिना र गते खुलेको छैन) मा कुमाउ, श्रीनगर पुगे र बल्ल लामो निश्वास लिएहुनन् । तब तिनले बाटामा सामन्त राजाहरुको सहयोग देखे । काठमाडौंका राजा प्रजाले पनि सामन्त राजाले आफ्नो कर्तव्य संझी जिउज्यानले साह अधिराज्य थामेको देखे । तर हजुरिया मन्त्री पाँडेले के-के भनेका थिए, आखिर सामन्त राजाबाट बलियो भएरनै सार्वभौमी देश थामिने रहेछ भन्ने ज्ञान कप्तान कालु पाँडेलाई पनि भयो भन्ने इतिहासले बुझाउँछ ।

कप्तान कालु पाँडे कुमाउँ श्रीनगर पुगेपछि जंगजित पाँडे, अमरसिंह थापाहरुले जो बुझाउने कालु पाँडेलाई बुझाई तुरुन्तै काठमाडौंतिर फर्के ।

कालु पाँडेले प्रद्युम्न साह गढवाल अल्मोडा दुई राज्यको सामन्त राजालाई बोलाए । प्रद्युम्न साह उपस्थित भएपछि बाइसी-चौविसी राज्यको सामन्त राजाहरूलाई कर सलामी लागेको छैन, यहाँ त २५ हजार कर सलामी प्रद्युम्न साहले बुझाउने भनि बुझबुझारथ हुँदा कागज देखिएकोले अर्को पट्टा कबुलियत गर्नुपर्छ, सार्वभौमी राज्यको नियम नीति एउटै हुनुपर्छ भनि के के कुरा गरे, त्यो इतिहासमा संकलन भएको छैन । वि.सं. १८४९ कार्तिक ११ गतेका दिन अर्को कागज धर्म शर्त गराई बहाली गराएको (पू. १३/-३४, ३५) देखिन्छ ।

पत्रको माथि शिरमा श्री केदार रघुनाथ गंगा लेखिएको छ । अनि व्यहोरामा श्री महाराजा प्रद्युम्न साहजीमै कप्तान कालु पाँडेजीकौं धर्मपत्र लिखदियो गोर्षा गढवालका इष (इष्ट) भया कालु पाँडे जिनै गोरखा दर्बारमै गढवाल दरबार मद्दत मै रहण कालु पाँडेजीं को सन्तान गढवाल- टिहिरिमै आवैतो जो गोरखा दरबारमै कालु पाँडेजी की मानता माफिके गौर गढवाल दरबारमै करी अन्यथा करैं उपरलिखित देवता कुदृष्टि करैं साक्षी गुरु (ज) यदेव पाडे जी मणिराम भट्टजी १८४९ कार्तिक ११ गते ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखालाई सहयोग चाहिएको अवस्थामा सहयोग दिउँला । कालु पाँडेको सन्तान गढवाल आए मर्यादा गर्ने । यस्तै धर्म भाकेर साक्षी राखी कागज गरेको देखिन्छ । रू. २५ हजार हरवर्ष सामन्ती सलामी बुझाउने राशीको शर्त प्रद्मुम्न साहले गरेको कागज फिर्ता दिएको हो कि शर्तमा उल्लेख छैन ।

चीनको आक्रमण छुटेपछि यस कुराको गाल पर्ला भनि ढाकछोप गरेको पत्र र त्यसपछि उदाङ्ग भएको यथार्थ इतिहास बुझ्न परे "सुगौली सन्धि के हो ? (इतिहास)" पुस्तकको पृष्ट १२० देखि १३५ सम्म पढे यथार्थ थाहा हुन्छ । अवनति काल जब आयो वहादुर साहको कीर्तिश्री भताभुङ्ग भएको देखापर्छ ।

धुन्चे थाप्लोको देउरालीतिर चोक्दे भन्ने ठाउँमा मोर्चाबन्दी गरी बसेका दामोदरतिर चीनका दलबल जब लड्न आयो, जति पटक आउँछ गोरखालीका दुई पल्टनले घर्काई पठाएको थियो । तेस्रो पटक चीनियाँ दलबल लड्न आउँदा गोरखालीतिर दुई सुवेदार, सिपाही ४०।५० मरेको र चीनियातिरका २००।२५० गोर्खालीले मारेपछि धुन्चेतिर चीनिया दलबलले अम्बल गरेछ । नेपाली दलबल धुन्चे छाडी धैबुङ्गतिर आउँदा पनि चीनियाँ सैनिक पछेडा लागी आएकोबाट धैबुङ्को मोर्चाबन्दीमा युद्ध हुँदा नेपालीको जित भयो । चीनियाँ सैनिक गोलीबाट र तरबारबाट ४०/५० मारिए । त्यसमाथि १००/२०० चीनियाँ सैनिक भिरबाट लडी मरेछन् ।

यस्तो बेलामा कुमाउतिरको दलबल सैनिक आउँछन् भनेर आजभोलि भन्दाभन्दै काम बितिसक्न लागेकोले निराश भएर दामोदर पाँडे काठमाडौं आएर राजा भारदार वहादुर साहलाई के के भने हुनन्, हुकुम बैद्याएर कुमाउबाट समयमा आइनपुगेको सैनिक दलबल सबैलाई नोकरीबाट खोसुवा भयौ भन्ने मोहरपत्र गराई हल्कारालाई पठाई तुरुन्त दामोदर पाँडे चोक्देतिर गए (६/-१७, १८) ।

आखिर धैबुङसम्म चीनियाँको दलबल त आयो, उसको ठूलो दलबल त्यहाँ बस्न साङ्ग्रो भयो । नेपाली सैनिकलाई पनि रोक्न गाव्है पर्‍यो । ५।७ दिन के बितेथ्यो, चीनियाँ फौजका नेता टुङ्थानले हल्कारालाई पत्र पठायो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो पत्रमा अब मिल्ती गर्नुपर्छ हामीलाई नुवाकोट आउन देउ, यहाँ सांग्रो भयो भनेर लेखेको रहेछ भन्ने पत्र संकलनमा पाइएको छ र इतिहास प्रकाशमा छापिएको पनि छ । त्यस पत्रमा राजाका काका (वहादुर साह) लाई समेत राखी कुरो मिलाउँला भन्ने पत्र लेखेको रहेछ भन्ने इतिहासमा पाइन्छ । त्यस पत्रको जावाफ कस्तो भयो त्यो पत्रपनि फेला परेको छ र ई. प्र. मै छापिएको छ । काडमाडौं राजदरबारले मञ्जुर गरेकोजस्तो व्यवहार पारी बाटो देखाउने नेपालीले भीर पहराको बाटो गरी ल्याएर अप्ठेरोमा पारि पारीपट्टि गोरखालीले बन्दुक पड्कायो । तब इशारा पाएझैं अरु गोरखालीले हमला गरे । ढुंगोमुढो शस्त्रपनि चलाई चिनीयाँ दलबलको ठूलो संहार भयो । अन्तमा दुवैतिरबाट हतियार बन्द गरे । त्यसपछि चिनिया दलबलले नुवाकोट आउने मागपनि गरेन । घा (मिल्ती) सन्धि हुने कुरा भयो ।

यसबेला हजुरिया मूलमन्त्री दामोदर पाँडे चोक्देमा युद्धको मोर्चा निरीक्षण गरिनै रहे । मिलाप गर्ने तिर मुखसम्म पनि देखाउन गएनन्, अरुलाई लगाए।

टुङ्थानले मिल्ती मिलाप गर्ने सम्बन्धमा ल्हासा डिगर्चाबाट नेपालीले लुटी ल्याएको माल फिर्ता ल्याउँ । केरूङ्गमा बि. सं. १८४६ मा सन्धि पत्र भएको ५० हजारको कागज र श्यामार्पालाई पनि ल्याउ भनि लेखेको पत्र देखिन्छ ।

यस्तो सन्धिपत्र हुन्छ भन्ने श्यामार्पा लामाले सुनेर हत्या गरी मऱ्यो र त्यो खबर टुङ्थानलाई दिंदा उसको हाडखोर र उसको आलमाल परिवार चाकरपनि ल्याउ, तिनैका गुम्बामा राखिदिउँला भनि (६/- २०, २१) + (६/- १२६, १२८) खबर काठमाडौंमा पत्र लेखी पठाएको देखिन्छ । यता यस्तो खबर छ उता कुमाउतिर यसबेला युद्ध विजय भएर गंगानदीले पनि पश्चिम जमुनानदीको साँध गोरखा (नेपाल) को साँध लागेको खुशियालीको खबर आयो । त्यसको उत्तर दिएको पत्रमोहर बि. सं. १८४९ कार्तिकवदी ७ को (६/- १७, २०) देखिन्छ । त्यो यस्तो छ –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१६ वर्ष ११ महिना उमेर पुगेका राजा रणवहादुर साहको रोहवरमा वहादुर साहले लेखेको पत्रमोहरमा यस्तो देखिन्छ –

काजी जगजित गोरा पाँडे, सरदार अमरसिंह थापा, कप्तान गोलैया खवास ३ जनाके आशिक पूर्वक पत्र मिदम लेखिएको छ । व्यहोरामा तिमीहरुले लेखेको पत्र बि. सं. १८४८ फाल्गुनको रहेछ । बि. सं. १८४९ कार्तिक वदी २/१ मा ८ महिनामा आइपुग्यो । युद्ध विजयको खुशियाली पत्र पाउँदा धेरैनै खुशि भयौं । यमुना साँघ लगाएकोमा खातिरजामानै छ ।

यसतिर दामोदर पाँडेले ल्हासा डिगर्चा लुटेर भोटतिरको सहयाता गर्न चीनको बादसाहले दलबल सैनिक पठाएकोमा युद्ध गर्नुनै परी तिमीहरुलाई झिकाएको समयमा आइनपुग्दा तिमीहरु सबै खोसिन गयौ । खोसिएको पत्र लालमोहर पायौ होला अब (निगाहाले) कसैलाई धान कसैलाई दाम दिएर चित्त बुझाउँला । यहाँ यस्तो पर्दा धावा गरी आउ भनेर पत्रमोहर लेखी पठाएको हो । यहाँ त हामीले श्री दुर्गा भैरबी पुकार्‍यौं । श्री दुर्गा भैरबीका कृपाले गोरखा (नेपाल) राष्ट्रलाई बचायौं ।

तिमीहरुले पनि विजय गरेको देश वडा ऐश्वर्यले मिलेको छ, त्यो नछोड । यताको काम सकी त्यताको काज गर्नु पर्ने छ ।

दामोदर पाँडेले ल्हासा डिगर्चा लुट्दा भोटका काजीहरुपनि पक्री ल्याएको खबर चीनमा पुग्दा चीन धेरै रिसाई चीनियाँ फौज खट्टिई ल्हासा डिगर्चा आएपछि ल्हासाका दुई काजी र श्यामार्पा लामा समेत मुख्य कुरो बुझाउने मानिस नेपालबाट ल्हासा आउनु भनि २/३ पटक टुङ्थानले पत्र लेखेको थियो । कोही यताबाट पत्रसाथ कुरो बुझाउने मानिस पठाइएन । तब बि. सं. १८४९ आषाढ सुदी २/५ मा चीनको दलबलले हाम्रोतिरको कुकुरघाटमा दुईवटा थानापनि लियो भन्ने कुमाउमा यो पत्र पठाएको आधार प्रमाण (६/- १७ देखि २० सम्म) र (ई. प्र. पहिलो अंक पृष्ठ ३, ४) मा र ढुण्डिराज भण्डारीको प्रकाशन (नेपालको ऐतिहासिक बिवेचना पृष्ठ २०७) मा उल्लेख पाइन्छ । पाठकगण – त्यसैमा हेर्नु होला ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यता युद्ध थामिएर मिल्ती गर्ने खबर टुङ्थान्ले पठाएपछि चीनियाँ दलबललाई रसोदपानीको व्यबस्था गर्नुको साथै दामोदर पाँडेले बुद्धि नपुगी लुटेको धनमाल फिर्ता गरेको र श्यमार्पा लामाको हाडखोरका साथ उसको परिवार फिर्ता बुझाउने काम सकियो । चीनका बादसाहलाई करकोशेली सामान लिएर प्रस्थान गर्ने काजीको साथ पठाएको सामान हेरेर टुङ्थान् खुशि भयो । यसभन्दा थोरै अघिको कुरा गरौं ।

टुङ्थानको साथ चीनमा सौगात लिएर जाने को हो भन्ने कुरा दरबारमा परेकोले चोक्देमा बिचलित भएर बसेका हजुरिया मूलमन्त्री दामोदर पाँडेलाई संझेर लेखेको पत्र बि. सं. १८४९ भाद्रसुदी १३/५ को पत्र यस्तो छ –

चीनमा सौगात लिएर जाने को हो भन्ने यहाँ कुरा हुँदा जेठो काजी बीरता पाउन्या दामोदर पाँडे जाला भनि भन्छन्, तैंले जानु पर्‍यो । चीन बादसाह भन्याको सानो होइन, ठूलै हो, तैंले त्यतैबाट हिन्नु पर्ला । यो पत्रमोहर पाएको १ घरीका बीच चाँडो उत्तर लेखी पठा भन्ने राजाको मोहर देखिन्छ ।

दामोदर पाँडेले के जवाफ दिए पत्र लेखे, त्यो इतिहासमा लब्ध छैन। राजाको हुकुम र श्री ५ बहामहाराजाको दिव्योपदेशले दामोदर पाँडेनै जानु पर्ने थियो । अटेरी भएकोले उनी गएको देखिदैन । ल्हासा डिगार्चा लुट्ने मै हुँ भनेर त्यस्तो घटिया काम गरेकोमा मुख देखाउन जान लाजशर्म लाग्यो होला। दामोदर पाँडे गएनछ भन्ने इतिहासले देख्छ ।

बि. सं. १८४९ को आश्विन ५ गते चीन बादसाहलाई अर्जि मोहरपत्र साथ सौगात लिएर जाने काजी देवदत्त थापा मगर छानिएको र तिनका साथमा सुब्बा प्रतिमन राना, जेठा बुढा नरसिंह टक्सारीका छोरा जयन्त र खरदार बिष्णुशंकरका छोरो बलभद्र वडा टुङ्थानका साथ चीन जान बिदा भएर हिंडे। तब धैबुङ्गमा गएर टुङ्थानले सौगात देखेर खुशि भएको कुरो माथि बयान गरिसकियो ।

नेपालको र भोटको बि. सं. १८४६ मा सन्धि भएको सामन्ति रकमको सन्धि-पत्र टुङथाङ्ले हात पारेपछि अर्को सन्धि गर्ने चर्चो प्रसङ्ग टुङ्थानले गरेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमाण इतिहासमा पाइदैन । टुङ्थान चीनतिर हिंड्न लागिसक्यो । अब के गर्ने हो भनि दामोदर पाँडेले टुङथाङ्को पछौटे खटाएको भोटु पाँडेले वहादुर साह र हजुरिया मूलमन्त्री दामोदर पाँडेको रोहबर हुनेगरी राजा रणवहादुर साहलाई लेखेको निवेदन-पत्र नरसिंह गुरूङ्गका साथ काठमाडौं राजदरबारमा पठाएको इतिहासले देखाउँछ । धर्ना बसेको भोटु पाँडेलाई पनि काठमाडौं फर्काएर टुङ्थानले बि. सं. १८४९ छयाङ्गलुङ्ग वर्ष ५७ (कार्तिक महिना) नेपाल दरबारमा पत्र लेखेर पठायो भन्ने इतिहासले मान्दछ ।

त्यो पत्र लेख्नु भन्दा पहिलेनै भोटु पाँडेलाई काठमाडौं फर्काइदियो । के भनेर फर्कायो कुरा खुलेको छैन । घा (मिलापत्र) सम्बन्धको काम चीन बादसाहकहाँ नै हुने हो कि जस्तो नेपालीलाई लाग्दै थियो । चीनमा स्वागत सामान लिई भेट दर्शन गर्न जाने देवदत्त थापा मगर र उनका साथ जो ३ जना जाने भन्ने किटिएको छ, टुङ्थान चीन जानुभन्दा पहिलेनै चीनतिर रमाना गरायो ।

मिल्ती सन्धिको आशाकारी धर्ना बसेकाहरु यस प्रकार तह लगाई सकेपछि टुङथाङ्ले आफ्नो मनले एकतर्फि निर्णय गरेर नेपाल दरबारलाई पत्र लेखेर तिव्बती भोटेको हातमा पत्र पठाएको (६/- २०) र (६/- १२६, १२८) देखिन्छ । त्यो यस्तो छ –

चीनका बादसाहका पिच्छा नपरेका पनि होइनऊ । चीन बादसाहको तिमीहरुलाई दया माया नभएको पनि होइन । तर घटिया मानिसको संगतले ल्हासा डिगर्चापनि लुट्यौं । तिमीहरुले प्रजाप्राणीलाई धैरै दुःख दियौं । त्यो देख्दा तिम्रा मुलुकका मानिस ध्वस्त पारी संहार गर्नु योग्यनै थियो । युद्ध हुँदा तिम्रा ३/४ हजार सैनिक मारिएपछि क्षमा माग्यौ । लुटेको माल सामानपनि चढायौं । श्यामार्पाको शरिरको मासु निकालेर उसको हाडखोर र उसका जहान, चाकरपनि बुझायौं । हामीले जानेनौ भनेर माफि माग्यौं । हामीलाई पिच्छा शरण लिउ भनेऊ । त्यहाँका ठूला काजी देवदत्त थापाले हामी चीनतिर फर्कने बेलामा अर्जिपत्र र सौगातसाथ फौजलाई मेजमानी खाना जो पठायौं, त्यसबाट हामी खुशि भयौं । ती कुरा चीनका बादसाहलाई लेखी पठाइसकेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साँध सीमानाका हकमा रसुवातिरको साँध स्याफ्रुदेखि बेत्रावतीसम्म तिम्रा देश हामीले जितेको हो । तर बिरायौं भनि माफी मागी पिछा परेकोले केरूङ्ग दक्षिणको साँघु साँध भयो ।

कुतीतिर खासासम्म र साविक (भीम काजीका पालाभन्दा अघि) भोटकै देश भएकोले कुतीदेखि दक्षिण फलाम साँघुउत्तर ढुङ्गाथुप्राई साँध लगाई दिएको छ ।

तिम्रा पत्रले हामी खुशि भयौं । यहाबाट यो पत्रको साथ भोटेको हातबाट राजालाई कोचिन थान २ काका (वहादुर साह) लाई कोचिन थान २, भोटु पाँडेलाई कोचिन थान १, नरसिंह गुरूङ्गलाई कोचिन थान १ पठाएको छ । बिज्ञसु किम धिकं ।

यस पत्रमा चीनको बादसाहबाट तिमीहरुलाई दया, माया नभएको होइन भनि लेखेको लाई वहादुर साहबाट भएको नेपाल-भोटको सम्बन्धमा चीनको निगाह पत्रलाई सम्झाउँछ । घटिया मानिसको संगतले ल्हासा डिगर्चा लुट्यौ भन्दा हजुरिया मन्त्री दामोदरलाई सम्झाउँछ । बि. सं. १८४६ मा भोटले सामन्ती सलामी बुझाउने छु भनेर कबुल धर्मशपथ जो लेखेको छ, त्यसलाई संकेत गरेर भुलाउन तिमीहरुले भनेको कुरापनि चीन बादसाहकहाँ लेखि पठाएको छ भनेर नेपाललाई अल्मल्याएको प्रष्टै देखिन्छ ।

नेपालको धर्ना बसेको प्रतिनिधिलाई छलिसकेर तिव्बती भोटेको हातमा नेपाल दरबारलाई पत्र पठाएको (६/-१२६, १२८) देखिन्छ । यति गरी ल्हासाबाट चीनतिर टुङ्थान प्रस्थान गऱ्यो ।

चीनतिर टुङ्थान फर्किदा बि. सं. १८४६ श्रावणवदी १२/१ मा भोटले नेपाललाई बुझाउने कर सामन्ती सलामी रू. ५०,००१/- (६/- ५३) नेपालले पाउनेगरी टुङ्थान चीनतिर फर्क्यो भन्ने इतिहास शिरोमणि बाबुराम आचार्यको प्रकाशन (पू. २७/- १७१) मा उल्लेख देखिन्छ । काला मोहर वा शुद्ध चाँदीको सेतो मोहर के बुझाउनेगरी टुङ्थान चीनतिर फर्क्यो, यो चलन कहिलेसम्म चल्यो, पछि कुन समयमा के भई रोकियो, विद्वान् इतिहासज्ञहरुले बाबुराम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आचार्यको प्रकाशन हेरी इतिहासमा निस्तुक गरिदिनु हुन यो लेखले पुकार गर्दछ ।

नेपालको इतिहासको तथ्य कुरा थाहा नपाउने बिदेशी अंग्रेज ह्यामिल्टनले आफ्नो लेख, इतिहासको रूपमा (अफ् दि किङ्गडम अफ नेपाल) को पृष्ठ १४९ मा र पर्सिवल ल्याण्डनले रचेको नेपाल भाग २ को पृष्ठ २१ मा धेरै बिप्लब लेखेका छन् । शुद्ध इतिहासको रूप सम्झाउन तिब्बतको सहायता गर्न चीन आएको र युद्ध भएको बि. सं. १८४८ ले धेरै वर्ष पूर्व बि. सं ७३७ मा देखिने श्रोङ्चङ्गगम्पोको स्थानमा टुङ्थान्लाई उभ्याई इतिहासै बिगारेको छ ।

बि. सं. ७३७ मा यस भेक जनसमाजको प्रशासनमा जनपद थियो । राजाले प्रजातन्त्रको निरीक्षण गर्थे । जस्तो, त्यसपछि लिच्छवीकालमा भयो ।

हुकुमीतन्त्र चलाउनै पर्ने भएकोले त्यो जनपद प्रशासनको प्रशासन छुटाएको देखिन्छ ।

बि. सं. ७३७ मा त्यो बेला लिच्छवी राजा प्रथम शिवेदवको जनपद प्रशासन थियो । विद्वान् इतिहासज्ञ दिनेशराज पन्तज्यूको प्रकाशन (गोरखा इतिहासको पहिलो भाग पृ. ३ देखि पृष्ठ १० सम्म) र (प्रा. ने. २१/- ४६) को आधारमा प्रमाण दिइन्छ कि त्यो बेला काठमाडौं उपत्यकालाई राजकेन्द्र गराएर पश्चिमतिर कहाँसम्म जनप्रदेश थियो, त्यसको टुङ्गो पाइसकेको छैन । गोरखासम्म जनप्रदेश भएको प्रमाण त्यसमा पाइएको छ । दक्षिणतिर गया, बुद्धगयासम्मको सार्वभौमी राजा शिवदेव प्रथमको राज्य देखिन्छ ।

अब, अहिले त्यो बेलाको इतिहास जनताले रूची लिने पत्याउँदै नपत्याउँने पर्छ पर्दैन यस भेकको देशमा प्रशासन जनपद थियो भन्ने "नालक सुत्तनिपात" मा बोधिसत्त्व शिद्धार्थको जन्म हुँदा जनपद देश थियो भन्ने देखिन्छ । त्यो सूत्रको पनि पालिभाषामै बताउँ ।

सक्या नं गामे जनपदे लुम्बि तेय्ये भन्ने लेखिएको छ । अहिलेको प्रजातन्त्रभन्दा माथिल्लो तहको विज्ञानको जनपद प्रशासन देखिन्छ । अथर्व वेद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विख्यात सत्ययुगमा पनि मतदान लिनेनै सूत्र बनेको देखिन्छ । जनपदको एउटा श्लोकनै भनौं –

न मे स्तेनो जनपदे न क़दर्यो न मद्यर्पः ।
ना ना हिताग्निर्नाविद्वान्न स्वैरी स्वैरिणीकुतः ॥

अर्थमा – नत मेरा जनपदमा एउटा चोरनै छ । नत जुवा खेल्नेछन् नत मद्य पिउँनेछन्, नत कसैको अहित गर्ने कोही छन् नत अविद्वान कोही छन् तव अल्लारे काम नगरेर खाने कहाँ हुनु ।

त्यसबेला बुद्ध धर्म तरुणरूपमा थियो । त्यसमाथि जनपद प्रशासनले समाज बेष्टित थियो । हतियारको भरले देश जित्ने भन्ने थिएन । विद्याका भरले देश जित्ने भन्ने थियो ।

बि. सं. ७३७ तिर भोटमा श्रोङ्गचङ्गम्पो भन्ने राजा थिए । तिनका देशमा जनपद प्रशासन चल्न बाँकि थियो ।

श्रोङ्गचङ्गम्पोपनि त्यसबेला बुद्ध धर्मको हावाले नै जन्मिएका देखिन्छन् । तर तिनमा बुद्धधर्मको शिक्षादिक्षा र जनपद प्रशासन थिएन । हतियारकै बलले देश जित्छु भन्ने उनको बिचार रहेछ ।

नेपाल जित्न सदलबल सैनिक लिएर भोटदेखि पाँचमाने फेदी भनेको ठाउं काठमाडौं उपत्यकाको पश्चिम उत्तर कुना पहाड भित्र जितपुरफेदीसम्म आएर श्रोङ्गचङ्गम्पो अडिए । त्यसबेला युद्ध गर्दा शहर बाहिर गर्ने चलन परम्परा थियो । वरिपरि पर्खाल लगाएर शहरलाई बर्तमान समयको बाक्य "किल्ला" जस्तै रूप मानेको हुन्थ्यो । ज्यूज्यानको डर भएकोले किल्ला शहर भित्र नगई जितपुरमा नै बसेका हुनन् ।

ठूलो दलबल लिई श्रोङ्गचङ्गम्पो नेपाल शहर केन्द्र काठमाडौं हक गर्न आएकोमा काठमाडौंका राजा शिवदेवले थाहा पाए हुनन् । हतियार लिएर युद्ध गर्न जानुपर्थ्यो, गएनन् । हामी जनपदं देश, समाजले युद्ध जितेका नै छौं भनेर डरत्रासमा कोही देखिएनछ । निशंक आफ्नो व्यवहारमा मस्त भएको समाजलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रोङ्चङ्गम्पोको दृष्टि पऱ्यो । निशस्त्री जनतामाथि शस्त्र चलाउँन त्यो बेला बुद्धधर्मका नियमले मन भएनछ । तब श्रोङ्चङ्गम्पो कति दिन बस्यो त्यसबेला उसलाई पनि बुद्धधर्मको श्रद्धा लाग्दैगयो । शिवदेव सार्वभौमी राजासँग श्रोङ्चङ्गम्पोले भेट गऱ्यो र के-के कुरा भयो, बुद्ध धर्मको दर्शन ज्ञान महिमा तुरुन्तै उसले पायो ।

शिवदेव सार्वभौमका ज्वाई महासामन्त अंशुवर्माकी छोरी भृकुटी साक्षात् सरस्वतीको अवतार भएकी नारीको दर्शनपनि पायो । ज्ञानपनि सुन्यो । भृकुटीको चेली भिक्षुणी ५० वटी देख्यो । संत्संग दर्शन बिद्यामा श्रोङ्चङ्गम्पो काठमाडौंमा कति दिन बस्यो, त्यसको टुङ्गो बुद्ध-शास्त्रमा हेर्नुपर्छ । सैनिक देखाउन शरम हुने भएर तिब्बततिर फर्काएको हुनु पर्छ ।

सरस्वतीको जस्तै अवतार पाएकी भृकुटी र तिनकी चेली ५० वटी समेत भोटमा सवारी गराउन पाए भोटतिर पनि नेपालमा जस्तै स्त्री-पुरुष बुद्धधर्ममा समाजै लाग्ने थिए भन्ने नम्रतासाथ माग गऱ्यो भन्ने उल्लेखका साथै बुद्धधर्म फैलाउने भन्दा राजा शिवदेव र उनकी नातिनी भृकुटीको र चेली समेतको मंन प्रसन्न भयो । तब नेपालबाट प्रस्थान गराइए ।

यसपछि भोट ल्हासा समस्त ठाउँमा घ्याङ्ग गुम्बा बुद्ध मन्दिर बन्यो । भिक्षु-भिक्षुणीबाट दर्शनशास्त्रमा तपस्या गराउने ज्ञानी हुने गराउँदा समाजमा उत्तरोत्तर बृद्धि हुँदैजाँदा चीन देश समाजले पनि त्यो धर्म अपनायो र भृकुटीका साथै चेलीहरुपनि गए । चीनका राजाको छोरीलाई समेत बुद्धधर्ममा भिक्षुणी गराएपछि चीनमा समेत बुद्धधर्मको देवता बुद्धको मूर्ती मन्दिर घ्याङ्ग गुम्बा बन्यो । यो इतिहास त्रिपुरेश्वर निवासी डि. जितमान तामाङ्ग (श्री ३ चन्द्रका घरकाजको डिठ्ठा बाबुराम आचार्यको साथी संगती) कहाँ रहेको हस्तलेख बंशावली इतिहासमा उल्लेख छ ।

चीनले ल्हासालाई त्यसै बेलादेखि गुरु मानेको परम्परा अहिलेपनि छँदैछ । भृकुटी र चीनको राजकुमारी हरिततारा र श्वेततारको साक्षात् अवतारकै रुपमा देवी जस्तो मानेर नेपाल-तिब्बत-चीनमा बुद्धको पूजा गर्दा पूजा गर्ने चलन अद्यापी छँदैछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब विदेशी फ्रान्सिस हेमिल्टन र पर्सिवल ल्याण्डनले त्यस्तो धार्मिक इतिहास बिगार्न खोजेकोमा इतिहासकै प्रमाण दिएर निवारण गरिन्छ । त्यो यस्तो छ –

बि. सं. १८४९ मा चीनका सेनापति टुङथाङ् खट्टिई आई भोटलाई सहयोग दिंदा जो माथि व्याख्या गरियो त्यसलाई बिगार्न बि. सं. ११११ वर्ष पूर्व बि. सं. ७३७ मा भोटका राजालाई टुङथान बनाई साहकालीन समयमा टुङ्थान पाँचमानेफेदीसम्म आएको र नेपाललाई हराई ५० वटी केटी चीन बादसाहलाई चढाउन लियो र युद्धमा मिल्ती गर्‍यो भन्ने कुरो मिल्दैन । बि. सं. १८४९ मा चीन भोटसँग नेपालको युद्ध भएकोमा धैबुङ्गदेखि टुङ्थान नेपालतिर बढेन भन्ने माथि प्रमाण आधार पत्र मोहरले देखाउँछ ।

जितपुरफेदीमा नेपाली सैनिकसँग युद्ध गर्दा टुङ्थानले राँगाको सिङ्गमा चिराग बाली युद्ध विजय गरेकोबाट ५० वटी कन्या दिई नेपालले मिल्ती गरेको भन्ने फ्रान्सिस हेमिल्टनले (अफ् द किङ्गडम अफ नेपाल पृष्ठ २४९) मा लेखेको नेपाल निरुत्त पृष्ठ २६५ मा देखिन्छ । पर्सिवल ल्याण्डले त्यही लेख लेखेको नेपाल भाग २ को पृष्ठ २१ मा र नेपालको ऐतिहासिक रुपरेखा पृष्ठ २४३ मा लेखेको प्रकाशन हामी त्यस्तो पाउँछौं । यस्तो लेख्दा नेपालीहरु चूप लागेर बसेकै छन् । राँगाको सिङ्गमा चिराग बालेको भन्ने कुरो कहाँबाट मिलाउन ल्याएको रहेछ भन्ने इतिहासतिर यस्तो देखिन्छ –

बि.सं. १८७१ मा अंग्रेज र गोरखा नेपालको युद्ध हुँदा पाल्पाको दक्षिण बुटवलदेखि उत्तर जितपुर फेदीतिर जनरल उड अंग्रेज पाल्पालाई विजय गर्न आयो । ऊ सँग २००० सैनिक थियो भन्ने उल्लेख छ । पाल्पाको संरक्षक नयनसिंह थापाको छोरा उजिरसिंह थापासँग तालिमी बेतालिमी सैनिक ५०० जवान पुगनपुग दलबल थियो । दिन भर मोर्चाबन्दीले अंग्रेजको सैनिकलाई गोली चलाएर रोकेका थिए । ५/७ दिन यस्तै प्रकारले बित्यो । त्यसपछि कृष्णपक्षमा राँगाको सिङमा चिराक बालिदिंदा राँगा तर्सिएर यत्रतत्र दौडिएको जनरल उडले र तिनका सैन्यले रातमा २ कोश तलबाट देखिने गरी ६० वटा राँगाको सिङ्गमा चिराक बालिएको भन्ने इतिहासमा देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक दिन गुप्तचरले अंग्रेजको छाउनीसम्म चेवा गरेको खबर ल्यायो । तब आधाजसो सैनिक अंग्रेजको छाउनीतिर गएर त्यहाँ रहेका पालेपहरालाई बिताई तिनकै पोसाक लगाई अंग्रेजी सैनिकमा डेढ कोश वर गोली चलायो । अर्का दल पक्षले अंग्रेजका छाउनीमा आगो लगायो । अंग्रेजको सैनिकले अँध्यारो रातमा आफ्नो बिरानो नचिनेर आफ्नै दलबलमा केही क्षण काटमार गऱ्यो र दलबल भाग्न थाल्यो । भाग्नेका पछि लखेट्दै ६/७ कोश रातैमा लखेटियो । यो युद्धमा विजय भयो । विजय भएको महिमाले पाल्पा भगवती टोलका मन्दिरका पूजा गुठीको शिलापत्रमा यो कुरा खुल्दछ ।

कुनै कुरा त बिदेशी अंग्रेजले लेखेको पनि इतिहासका लागि मान्न्य हुन्छ । जस्तो कि, जब अंग्रेजले नेपालको लागि चीनसँग युद्ध परेमा सैनिक सहयोग दिन मन गरेन, बोल्दै बोलेन भन्ने कुरा माथि भनिसकियो । चीनसँग नेपालको युद्ध भयो र मिलापत्रपनि गरेर टुङ्थान चीनतिर फर्क्यो भन्ने कुरो गजराजले थाहा पाएपछि अंग्रेजलाई थाहा भयो । तब मेजर कर्कपेट्रिक र गजराज मिश्र बि. सं. १८४९ चैत्र २४ गते काठमाडौंमा आए (पू. २७/-१७१) । काठमाडौं भित्र तिनलाई राखिएन । नुवाकोट व्याँसीका दरबारमा लगी राखियो । त्यहिं दुवैजना बसे । ती दुवै भारततिर फर्किंदा पहिले गरेको बि.सं. १८४८ फाल्गुन २२ गते नेपाल-अंग्रेज बाणिज्य सन्धि नेपालबाट निश्क्रिय गरेको देखेर फर्के (पू. २७/- १७१) ।

नेपालबाट भारततिर फर्केपछि कर्कपेट्रिकको यात्रा वर्णन प्रकाश भएकोमा यस बेलाको समाचार तथ्य देखिन्छ । लेखिएको छ कि राजा भारदारहरु एकातिर वहादुर साह अर्कातिर बाहिरी पाटो लागेको देखिन्छ भन्ने यात्रा-वर्णनबाट प्रकाशित भएको थाहा हुन्छ ।

राजाको स्थानमा नावालक राजा र बिरोधी पक्ष तटस्थै रहेकोले भारदाहरुपनि तटस्थै रहेको देखिन्छ । हजुरिया मन्त्री पक्षको ल्हासाबाट जो आए, फुर्तिला देखिन्छन् । वहादुर साहका पक्षका कुमाउँबाट जो आए, सबै ढाक्रे खोसिएका थामिन समय लागेकोले हुनसक्छ सबैका इतिहासले मलिन मुख जनाउँछ । काजी जगजित गोरा पाँडे, सरदार अमरसिंह थापा, कप्तान गोलैया खवास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसबेला खोसिएकाले काम पाएका देखिदैन । अरु सैनिक सबै घर-घर गए कि इतिहासमा खुलेको छैन ।

वास्तविक परिस्थिति नबुझी कुमाउ बिजेताको दलबल खोसिइनु अन्धा काम देखिन्छ ।

वहादुर साहको सक्रियतामा खडा गरिएका सैनिक पल्टनहरुमध्ये केही माथि बताइसकिएको छ । वहादुर साह दरबारबाट पन्छिएपनि काम गरिरहेको देखिन्छ । बि. सं. १८५० फाल्गुनदेखि काम खोसिएको (पू. २७/- १७१) देखिन्छ । काम खोसिनुभन्दा अगाडि बि. सं. १८५० माघसम्म काम गरिरहेको हुनुपर्दछ । त्यसभित्र बि. सं. १८५० मार्ग र पौष लाग्दोसम्म वहादुर साहले काम गरेको देखिने एउटा प्रमाण वहादुर साहको बिजिगिषा अस्त्रशस्त्र निर्माण सैनिक विशेष शिक्षार्थ नयाँ कारखाना (भन्ने) शिर्षकमा प्रकाशित (६/- ३३, ३४) मा यस्तो देखिन्छ –

श्री दुर्गा सहायः १

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रूक्का

आगे मुसेदिल पेसी (?) साहेवके नत्रा कार्षाना तोप बम् पल्टंका इलम सिषलावनेकौ सर्दारी मान कर बक्सा है तुम्हारे षायल दर्माहा मार्गसीर सुदि ३ महिना वारि रूपैञा ५०१ पान्सय येक करवक्सा हैं वारा जिल्लाका आम्दानीमध्ये सुवा मार्फत् सालवसाल लेके भोग्य करो औ हनुमत्ध्वज कंपनी तैनाथ कर बक्सा है नत्रा कार्षाना मेग्जीनका काम नत्रा-नत्रा इलम् तोप.वम् पल्टंका कवाइत् सिषलाउना मेष्जीन गैरह कार्षानाका आदमी तुम्हारे तैनाथका कंपनीका आदमि ए सवका चुकली विंति तागिरी वाहाली तंम्वीह इलम तुम्हारे मार्फत् करवक्सौंगे लडाञी-भिडाञी सव काम्मो हाजीर रहा करो इति सम्बत् १८५० मार्ग सुदि ३ रोज ६ शुभम् –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्वय – वहादुर साहकै समयमा यस्तो नयाँ कारखाना खुलेको देखिन्छ । जापानको उन्नति भन्दा ५० वर्ष अघि वहादुर साहको श्रृजनामा तोप, बम, बन्दुक बनाउने सृजना भएको उन्नति र वहादुर साहलाई झुटो मुद्दा लगाएर थुनिएको अपहत्त्या नभएको भए गोरखा (नेपाल) जापानभन्दा उच्चो स्थानमा पुग्ने रहेछ भनेर चुक्चुकाउनु पर्ने थिएन ।

अब उक्त कारखानाका सिपालु कारिगर, कामदार आदिका बार्षिक अवकाश दिने नियम रूक्का यस्तो छ –

श्री दुर्गासहाय : १

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रूक्का–

आगे .... हुकुम् ठंडाका दिनमे छब घडी दिन आये पर कार्षानामे सब कारिगढ हाजीर होना गर्मिका दिनमे चार घडि दिन आये पर हाजीर होना, साम् तके काम करके घर जाना. कार्षानामे हाजिर रहना. पर्वत्या कारिगढ आफ्ना बाबुका श्राध्ये दसैं तिहावार माघ्या संक्रान्ति साउन्या संक्रान्ति आफ्नु व्याह छोरा छोरीको व्याह नेवार कारीगढी दसै तीहावार सना गुठि देगुलपुजा विचारगुठी श्रीमुकुटजात्राको दिन १ को छुट्टी बक्सा गया है आफना घरमे रहना आफ्ना काम कर्ना इस् माफिक जो आदमि दिन् रहते मे जायगा तिस्का तमिह होगा औ दर्माह में कमी होगा –

हुकुम जौन आदमी अच्छी तरहसौ मेहनति करेगा अछा काम् बनावेगा जल्दि अकिल् ल्यावेगा हुकुम रषेगा कुछ तक्सीरका काम नकरैगा तिस्की दर्माह बढ होगा औ इलाम होगा १

हुकुम जौन आदमी षिलाप वातका झगरा चुक्ली करेगा औ चोरी करेगा बाहरका काम कार्षाना सिलागा हुकुम बमोजिम नकरैगा तिस्का तमीह होगा कार्षानासौ निकाल जायेगा तिन्सौं गुनहगारी लीआजायेगा १

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वत्या कारिगढका दिन मिन्हा –

दसैको दिन्	९
माघ्यासक्रान्तिको दिन्	१
चंडी पूर्णीमासी दिन्	१
रिषी तर्पन दिन्	१
तिहार दिन्	३
फाल्गुन पूर्णिमा परेवा दिन्	१
हरिसैनी यकादसि दिन्	१
कुस्या औंसी दिन्	१
हरिवोधिनी यकादसि दिन्	१
चैत्र अस्टमी, नवमी दिन्	२
श्रावण संक्रान्ति दिन्	१
सराधको	१
(जम्मा)	२३

नेवार कारिगढके दिन मिन्हा –

दसैं दिन्	४
बिचार गुठी दिन्	१
घोडा जात्राको दिन्	१
माघ्या संक्रान्तिको दिन्	१
सिठी नख: दिन्	१
भदौ चौठी दिन्	१
हिल्या जात्राको दिन्	१
तिहवार	३
देगुपुजा	१
आफ्ना बाबुको श्राध्य	१
फागुन पुर्नमासी परेवा दिन्	२
साउन पुर्नी	१
वडा जात्रा	१
सनागुठी	१
जात्राको दिन्	३
चैत दसैं	१
घंटाको चतुर्दसी	१
कुस्या औंसी	१
कार्तिक पुर्निमासी	१
(जम्मा)	२७

इति सम्वत् १८५० साल मार्ग सुदि ३ रोज ६ शुभम् ....

वहादुर साह काम छुटेकोले हो कि बि. सं. १८५० मार्गसुदी ३ रोज ६ का मितिले जङ्गी, निजामती मेग्जिन र निजावती कर्मचारीको वहादुर साहले के कति बिदा दिएको थियो परम्परालाई हुनेगरी लालमोहर भएको (६/- ३४) देखिन्छ । इतिहासमा प्रष्ट लेख्नु परे त्यसैमा हेर्नु हुनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वहादुर साहलाई चुक्ली लागी खोसिएको र थुनिएको एउटै मितिले हुनसक्छ । यस विषयमा बि. सं. १९४४ मा जन्मेको बाबुराम आचार्यले आफु जन्मिनुभन्दा थोरैमा ९० बर्ष बढिमा १४० वर्षको कुरा लेख्दा प्रमाण-आधार दिएरै लेख्नु पर्ने देखिन्छ । आफ्नै आँखाले देखेको जस्तो गरी लेखेको मिल्दैन जस्तो कि –

बि. सं. १८५० फाल्गुनदेखि राजा रणवहादुर साहले वहादुर साहलाई खोसी राजकाज पजनी आफ्नो हातमा लिए (पू. २७/- १७१) भनि प्रकाश गर्नु भएको छ प्रमाण-अधार छैन ।

ऐतिहासिक-पत्र संग्रह दोश्रो भागको पृष्ठ १०० मा र (पू. १०/- ४६) मा यस्तो उल्लेख भएको पाइन्छ कि बि. सं. १८५१ वैशाखमा वहादुर साहलाई खोसेर राजा रणवहादुर साहले आफ्नो हातले राज्यशासन चलाए भन्ने देखिन्छ ।

जे भएपनि १८५०-१८५१ मा वहादुर साह मात्र खोसिएका हैनन्, उनका दलबल कुमाउ विजयी बीरबिजेता अरसिंह थापा, आदि सदलबल खोसिएका देखिन्छन् ।

यसबेला हजुरिया मन्त्री दामादेर पाँडेको काम गर्ने क्षमता अनुसार अधिराज्यभरको प्रशासन गर्न झण्झट लागेकोले नै हुनसक्छ, चेपे मर्स्याङ्गदी नदीले पश्चिम कुमाउको प्रशासन एकातिर जिम्मा लगाएको र पूर्वतिर दुधकोशी-सुनकोशी संगमले तिष्टासम्म कसैलाई प्रशासन गर्न जिम्मा लगाएको (डि.जी. हस्तलेख बंशावली) मा देखिन्छ । त्यसमा मर्स्याङ्गदी पश्चिमको प्रशासनमा (पू. ११/- ६४) यस्तो देखिछ –

१. चेपे मर्स्याङ्गदीले पश्चिमका ढाक्र्या उमराव प्रति भएको राजाको मोहर लागेको रूक्का (पू. ११/- ३३) मा यस्तो लेखिएको छ, कुमाउको अधिकारी भक्ति थापालाई विदा गरी पठायौं । तिमीहरुको वरदास्ती (?) सरदार भक्ति थापाबाटै हुन्याछ । आफ्नो दलबल लिई खातिरजामा सित सरदारकै साथ जाउ भन्ने बि. सं. १८५१ श्रावणसुदीको रूक्का देखिन्छ ।

२. चेपे, मर्स्याङ्गदीले पश्चिम जागिऱ्या 'उमराव' प्रति कुमाउ जानाकन सरदार भक्ति थापालाई बिदा गरी पठायौं (यो) मोहर देखत पजनीमा लेख्याको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो दलबल हातहतियार धना (धनु) बन्दुक समेत लिई सरदारका साथ जाउ जो जावैन अप्सरिया हौला मिति १८५१ श्रावणसुदी १०/४ (पू. ११/- ३३, ३४) ।

३. प्यूठान र जुम्ला छोडी मार्स्याङ्गदी पश्चिम कुमाउसम्म (को) सम्पूर्ण प्रदेशको थमौती भर्ना खोसुवा (पजनी) अख्तियार कुमाउमा रहने शासक भक्ति थापाले पाएको छ । मर्स्याङ्गदी पश्चिमका रजौटाहरु (ले) अब देखि भक्ति थापाको खटनमा बस्नु बिद्रोहीहरु (को) बिराम हेरी उनिहरुलाई मुड्ने काट्ने थुन्ने जरिवाना गर्ने अधिकार (सबै) भक्ति थापाको हातमा दिएकोछु । बिदेशसँग सन्धि बिग्रह गर्ने अधिकारपनि भक्ति थापालाई दिएको छु भन्ने मोहर (पू. ११/- ३४) प्रकाशित पाइन्छ ।

भक्ति थापालाई भएकोनै अधिकारको मोहर यस्तो छ, त्यो पनि संक्षेपमा बताउँ ।

बि. सं. १८५१ श्रावणसुदी १२ दिन ६ को श्री ५ रणवहादुर साह (उमेर वर्ष १९, महिना १) ले सरदार भक्ति थापालाई कुमाउ श्रीनगरमा बसेर प्रशासन गर्ने (उपराजपतिको हैसियतमा) निम्नाङ्कित ११ रौं दफाको सवाल मोहर (पू. ११/- ३) देखिन्छ । त्यसमाथि राजाको मोहर तल पुच्छेमा हजुरिया मूलमन्त्री दामोदर पाँडे १ जनाको मात्र मार्फतमा नाम देखिन्छ । ११ दफाको कुरा भनौं –

१. मर्स्याङ्गदी पश्चिमको (जो राज्य हो) जुम्ला र प्यूठान बाहेक (अरु समस्त भु-भागमा) श्रीपञ्चमिदेखि (कामदार कारिन्दाको खोसमोस, भर्ना) पजनी गर्नु ।

२. सरदार सुब्बा बसी मानिस जाँची (खोसी खालि भएको) पजनीमा हाल्नु ।

३. पजनी गर्दा सरदारका सल्लाहले उ मनिका (दर्जा) ले (काम) गर्नु ।

४. न्याय निरोपण गरी (न्यायले) मुड्नु तार्नु (?) काट्नु दण्ड गर्नु बाँध्नु शासन गर्नु (यो संक्षेपमा यहाँ लेखिएको छ) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. मर्स्याङ्गदी पश्चिमका राजाले सरदारले खटाएको काम गर्नु ।

६. अलमोडामा गढी बनाउनु, मनासिव खर्च (गरेको) मञ्जुर छ ।

७. राजा-राजाका वकिल आउँदा (के सोध्छ) जवाफ दिनु । जवाफ दिन नसके (यहाँ) साधनु ।

८. कसैले आक्रमण गरे (गर्न आयो भने) हटाउनु खर्च मोजरा बक्सौंला ।

९. बाटो यातायात खुलाउनु साँघु बनाउनु ।

१०. बिद्रोह (गर्नेका माथि) १२ वर्ष उँभोकालाई काट्नु स्त्रीलाई नमास्नु ।

११. कुमाउ भोट जुझबुझ मनाउनु । नवाव नचम्के केवलपुरी बनाउनु (हामीतिर ल्याउनु) ।

यस्तो ११ दफाको लालमोहर अधिकार पत्र भक्ति थापाले प्रशासन गर्न पाएको देखिन्छ । जुम्ला र प्यूठान बाहेक तिनको प्रशासनमा छुटाएको के अर्थले हो बुझिएन । अधिराज्य भित्रका सामन्त राजालाई पनि काम लगाउने खटाउने अधिकार जो हो उप-राजपतिको हैसियतले देखिन्छ । कप्तान कालु पाँडेले कुमाउ स्वतन्त्र पारेको यो लेख सबै पढिसकेपछि बुझिने छ । अलमोडामा गढी बनाउनु कुमाउको र भोटको जुझबुझ बुझ्नु भन्ने लेखिएकोले पनि कुमाउ स्वतन्त्र भएको झल्किन्छ । कालु पाँडेले कुमाउ स्वतन्त्र पारेको देखी पुनः कब्जामा आउँछ कि भनेर कुमाउमा प्रशासन गरे, गराएको हुनसक्छ ।

अर्कोतिर दुधकोशीले टिष्टासम्मको पनि यस्तै उप-राजपतिको हैसियतमा प्रशासन गरे गर्न लगाएको हुनुपर्छ । टिष्टासम्म प्रशासन गरेको थियो भन्छन्, कागज फेला परेको छैन । नवयुवक विद्वान्ले यो कुरा के हो, खोजी गरिदिनु भए इतिहास पुरा हुने थियो ।

नुवाकोट दारमा जाहरी दुल्लु दैलेख गोताम आठबिस अछामका सुव्बा सुबेदार उमरावप्रति कुमाउ जानाकन सरदार भक्ति थापालाई बिदा गरी पठायौं । इनी तहाँ पुग्यापछि उनीहरुले भन्या माफिक (काम) गर नत्र अप्सरिया होला (पू. १०/- ३४) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवाकोटका द्वाऱ्या उमराव ढाक्याके सरदार भक्ति थापा (लाई) कुमाउ जान बिदा गऱ्यौं सरदारहरुले लाया अन्हायाको काम तत्पर भै गर तिमीहरुको बरदास्ती सरदारबाटै हुन्याछ जो कुमाउ जावैन सो अप्सरिया होला ।

यस्तै ५ वटा मोहर पत्रमा एक मात्र हजुरिया मन्त्री दामोदर पाँडेको मार्फतमा नाम देखिएकोले त्यो बेला तिनको शक्ति निकै ठूलो देखिन्छ ।

चीनियाँ टुङ्थान धुन्चेबाट फर्केर ल्हासा पुगेपछि पछुवा रहेका नेपालीहरुलाई पन्छाई काठमाडौंमा जो पत्र पठायो (६/- १२६, १२८) त्यो पत्रमा नेपालले ल्हासा (भोट) का लामालाई पनि सौगात पठाउनेछु भनेर टुङ्थानलाई पत्र पठाएको चीन बादसाहकाहाँ जाहेर गरिसकिएको (६/- १२६) देखिन्छ । त्यही कबुल अनुसार काठमाडौंबाट ल्हासा (भोट) का लामालाई सौगात र पत्र चीनका बादसाहलाई पनि पत्र र सौगात लखनऊ (अबध) का नवाव, कलकत्ताका वडा लाठ डंकिन साहेब, बनारसका अंग्रेज चेरी र दरुद्दीन खाँलाई पनि सौगातका साथै स्वर्णाक्षरको चिठ्ठीपत्र लेख्न कतिनै सुन खर्च भएको कुरा बि. सं. १८५२ जेष्ठ १७ गते श्रावणसुदी ४/२ गते (अ.) सम्म खर्च भएको सूचिपत्र (पू. १८/- पृष्ठ १२४ देखि १३० सम्म ७ थान) मा देखिन्छ ।

वहादुर साहलाई चुक्ली लागी राजा नाबालक हुँदा एकैसाथ चौतरिया पद खोसिनु र थुनिनु परेको देखिन्छ । के अभियोगमा खोसिई थुनिएको भन्ने हो भने प्रमाण-आधार थुनिनु, खोसिनुतिर लिखितम पाइन्छ भने अर्कोतिर बाबुराम आचार्यको वकितममा युद्धखर्चको हिसाव बुझाउन नसकेर थुनिए, खोसिएको भन्ने देखिन्छ । थुनिएको ठाउँ काठमाडौं भीमसेन स्थान नजिकैको बिष्णुमती तिरमा जहाँ औषधालय पछि रहेको ठाउँ छ पहिले मल्लकालमा पाहुना घर वा जेल भनिन्थ्यो । त्यसैमा बि. सं. १८५३ फाल्गुन ११ गते बन्दी भएको भनि (पू. २७/- १७१) लेख्नु भएको छ । वहादुर साहले दरबारमा पत्र लेखेको मुकाम किल्ला शुभम् भन्ने पत्र देखिन्छ त्यो पत्रको व्याख्या यस प्रकार हुनसक्छ कि -

वास्तविक कुरा वहादुर साहका पत्रले नुवाकोट किल्लामा नै थुनिएको हस्तलेख बंशावली इतिहास (डि.जि.) ले बक्दछ । साथै नुवाकोटका पूजारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धामीले पनि पुर्ख्यौलीबाट सुनेको भनि वहादुर साह नुवाकोट किल्लामा नै थुनिएको भन्दछन् ।

नुवाकोट किल्लामा वहादुर साह थुनिएकोले नुवाकोटको पश्चिम-उत्तरबाट दक्षिण बहेकी त्रिशुलीनदीको तिरबाट केही उत्तर लागे ल्हासा (भोट) चीन पुगिने बाटो नजिकै भएकोले नुवाकोट किल्लामा थुनिएका वहादुर साहले के-कस्को आधार पाएर आफु दुःखमा परेको दुःखको कुन रूपले चीनका बादसाहलाई गोप्य गरी पत्र लेखे, उनको हस्ताक्षर बिदेशमा पत्र लेख्दा काम लाग्ने जस्तो छैन । कसबाट लेखाए वहादुर साहको पत्र ल्हासा यामन किल्ला बसेका खम्पालाई पुऱ्याउन को गयो अम्बाले पत्र हेर्दा वहादुर साहले म थुनिएको छु भनेर लेखेको भए अम्बाले उत्तर दिने थिए कि थिएनन् । आफु थुनामा परेको नलेखेर देवताको मन्दिरमा पाठपूजा गरी बसेको छु भन्ने अम्बाको जवाफ पत्रमा देखिन्छ । त्यसै हुनाले दरबारतिर अम्बाले पत्र लेखेको देखिन्छ (६/- ३५) । त्यो जवाफ यस प्रकारको छ –

बि. सं. १८५२ मार्गसुदी ५/४ छ्याङ्लुङ वर्ष ६० एघार मैन्हा मुकाम ल्हासा यामन किल्लाबाट अम्बा कुन्यू स्यांपु सुन्तारीन कोसेली पुसिलान फुटु हुन होन्तारीनले ल्हासा यामनकिल्लाबाट काठमाडौं राजदरबारमा पठाएको पत्र यस्तो देखिन्छ –

स्वस्तिश्रीगोर्षा आर्तिनिवाङ्ग रणवहादुर साह के षु प्रेमालिङ्गन उप्रान्त आफुका काका (वहादुर साह) ले हामी हुकुं अम्बालाई चिठी पठाई दियाका छन भतिजा राजाले रजाईंको काम सब हात (मा) लि (ई) काज गर्नु भयो म भन्या देउताका थानमा बसी पाठ पूजा गरी बस्याको छु भनि बिन्ती गरी पठाएको रहेछ ।

त्यसमा तिमीहरु आपस्त घरानाको कुरोलाई भन्या हामीले बिचार गर्नु पर्न्या होइन तरपनि आफु वाङ् र काका माथि (चीनका बादसाह) को ठूलो मेहरमान्गी भयाको (छ) आफु काका भतिजा (मा) प्रेम प्रीति गरी एक चित्त गरी बस्याको भया जुगजुग भरी (चीन बादसाहको) मेहर (मान्गी) हुन्या छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परन्तु (चीन बादसाह) को मेहरमान्गी भन्या (को) पृथ्वी पालन्या जस्ता (कुरा छन्) आफु र काका दुवैलाई पनि फरक नगरी (चीन बादसाहबाट) मेहर हुन्या छ बाँकि हुकुं अम्बाले पनि (वादसाहैको) हुकुं पर सिर चढाई आफु वाङ् र काकालाई एकै ठानी अर्ति दिनु बाहेक अलि कति पनि भिन्न फरक गऱ्याको छैन ।

उप्रान्त आज आफ्ना काकालाई पनि (तहाँ बाट) चिठी पठाई अघि गऱ्या जस्तो भतिजा काकाहरु मिली एकचित्त गरी कामकाज गर्नु भनि अऱ्हाई पठायाको छ ।

तसर्थ आफु वाङ्कन यो चिठी पठाई दियाको छ लेख्या माफिक गर्नु उप्रान्त आफु वाङ् र काका दुवैसँग भिली एकचित्त गरी छोटा वडा काम काज ज्या परी आउला काज गरी जुग जुग भरी (बादसाहको) सरिया हुन्या रहन्या (काम) गर्नु होला । त्यसो गऱ्या पछिसम्म (बादसाहको) मेहर दया बहुतै २ आफु र काकालाई हुन्या छ ।

उप्रान्त अस्ति (पहिले) देखि आफु वाङ्को बिसम्च बात (बाथको) बेथाले घुँडा बहुत दुख्दछ भन्दा सुन्यौं र सन्देह थियो आजसम्म सन्च बिसन्च भयाको केही थाहा पाइन निको भयो भएन अम्बा (मेरो) मनमा खातिरजामा हुन्छ इति आकास समानको छ्याङ्लुङ् वर्ष ६० एघार महिना मार्गसिस सुदी ५ रोज ४ मुकाम ल्हासा यामन किल्ला शुभम् –

यो पत्र पठाएको चीनका बादसाहको दया माया छ नै भन्ने देखिन्छ । त्यो बेला चीनको भाषा र तिव्वती भाषा नेपाली भाषामा उल्था गर्दा छ्यास्मिस शव्दले संवोधित भएको देखिन्छ (लेखिएको बाहेक जस्तो पायो त्यस्तै लेखेको छ) । छ्याङ्लुङ् भनेको चीनियाँ भाषाविद युद्धगंभिरसिंह घर्ती क्षेत्रीले पौष महिना हो भनेका छन् । हाम्रो पात्रोमा पनि मार्गसुदी भन्नाले शौरमानमा पौष महिनानै देखिन्छ । यो हिसावले बि. सं. १८५२ पौष १ गतेको पत्र रहेछ भन्ने वहाँले लेखाउनु भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसबेला वहादुर साहको अवस्था शोचनीय देखिन्छ । अघि बि. सं. १८५१ सालको पनि १९ वर्ष अघि बि. सं १८३२ फाल्गुन महिनामा सौत्यानी बाबु दलजित साहले राजा प्रतापसिंह साहलाई गुप्त चुक्ली लगाई आफुलाई एक बचन नसोधी साँचो-झुटो कस्तो हो ख्यालै नगरी (सरुपसिंह पर्वमा) निकालिंदाको अवस्था कस्तो थियो त्यो भन्दापनि अहिलेको अवस्था सार्है चर्को रुप देखिन्छ । पहिलेको दु:खको अवस्थामा दलजित साह र दाज्यू राजा प्रतापसिंह साहको बीचमा एक तेश्रो व्यक्ति बनेर बोल्ने संझाउने चाहिंदा बेतियातिर बसेका पादरी अंग्रेज मिकलान्जलोलाई अँगालो हाल्न वहादुर साह बेतिया पुगेका थिए । पादरीले आफ्नै व्यहोराबाट प्रतापसिंह र वहादुर साह दाज्यू-भाई मिलेर काम गर्नु भन्ने चिठ्ठी लेखेको (पू. ५५/- ३४, ३५) देखिन्छ । त्यसको १९ वर्ष पछि भतिजा राजामा चर्को चुक्ली परेकोमा चीनको बादसाहलाई अँगालो हालेरपनि पादरीले लेखेझैं काका-भतिजा मिल्नु पर्दछ भनेर चीनतिरबाट अम्बाले काठमाडौं पठाएको पत्र (६/-३५) देखिन्छ । अब केही बेर वहादुर साहको पक्षका भारदार कुन स्थितिमा छन् त्यसको बयान गरिन्छ ।

वडाकाजी अमरसिंह थापा आदि खोसिएकामा थामिएका छैनन् भन्ने खोसिएको मोहरपत्र र फर्केको कुरा गरी सकियो । भविष्यमा मुख्तियार हुने भीमसेन थापाका बाबु (साना) अमरसिंह थापा चाहिं बि. सं. १८५३ चैत्रसम्म बहाली भएकै देखिन्छ (पू. १३/- ३८, ४२) । कुमाउ श्रीनगरतर्फ काममा अल्झिरहेकै साना अमरसिंह देखिन्छन् । कुमाउ राजकेन्द्र साहको सार्वभौमिमा सम्मिलित छँदा शक्तिपुर (लालगाउँ) बहाली गर्न नभ्याएको लाई बहाली गर्न खोजेकोमा अंग्रेज रिसाउन थाल्यो भन्ने खबर काठमाडौं दरबारमा पुग्दा त्यो बेला साना अमरसिंह थापाको सुव्बा दर्जा थियो । त्यो पद खोसिई उनको ठाउँमा अर्को मानिस पठाएको देखिन्छ ।

बि. सं. १८४९ आश्विन ५ गते चीनका बादसाहलाई सौगात लिएर लालमोहरका साथ दर्शन गर्न जाने काजी देवदत्त थापा भगर चीनको काम सकी फेर्कर बि. सं. १८५३ भाद्रसुदी ३/१ मा ल्हासा डिगर्चा आइपुगेको (६/- २३, २४) देखिन्छ । काममा गएकोले चीनको बादसाहले पठाएको सौगात कोशेली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पत्र काठमाडौं दरबारमा ल्याइनपुऱ्याउँदै देवदत्त थापा खोसिएको कुरो त्यसमा छ । काठमाडौं आएर आफु खोसिएको, आफ्नो ठाउँमा अर्कै भर्ना भएको हजुरिया मन्त्री दामोदर पाँडेको चर्तिकला देवदत्त थापाले देखे । अब, वहादुर साहको चर्को दिनदशाको कुरा गरौं ।

पाठक गण ! वहादुर साह थुनिएका नुवाकोट दुर्गकिल्ला हेर्न जान सक्नु हुन्छ । आरामका कोठा वैठकपनि देख्न पाउनु हुन्छ । पक्राउ परेका खतर्नाक दुश्मनलाई थुन्ने अन्धकारको कोठा जहाँ घस्रेर भित्र जानु पर्ने घस्रेर बाहिर आउनु पर्ने त्यस्तो कोठापनि छ । वहादुर साह अन्धकारको संकष्टले रहन पर्ने कोठामा थुनिएका हुन् कि आरामको कोठामा थुनिएका हुन् ? इतिहासमा खुल्दैन । वहादुर साहले मुकाम किल्ला भनेर भतिजा राजालाई अर्जी लेखेको पत्र देखिन्छ । त्यो तलै बयान गरूँला ।

ल्हासा यामनकिल्ला (बि. सं. १८५२ पौष २७ गते) वहादुर साहको दोश्रो पत्र पुगेर काठमाडौंमा उत्तर लेख्दा माघ १९/२० गतेतिर काठमाडौंमा आइपुगेको हुनुपर्दछ । त्यो पत्रको पनि काठमाडौं दरबारबाट उत्तर पठाउँदा चीनका बादसाहलाई तास २ थान, लिविलविया तरबार (कम्मरमा बाँध्न हुने) समेत पठाएको देखिन्छ । त्यसको पनि उत्तर काठमाडौं दरबारमा आएको (६/- ३५, ३६) र अम्बाले नै जवाफ लेखेको थाहा हुन्छ ।

बि. सं. १८५३ माघसुदी भन्नाले फाल्गुन १७/१८ गते लेखेको भएपनि चैत्र १४ गते नेपालमा आइसकेको हुनसक्छ । त्यस पत्रबाट वहादुर साहकै मात्र कुरा गरौं । तपाईंका काका कुङ् वहादुर साहले आफ्ना नाउँको अर्जी १ (चीन बादसाहमा) चढाई पठाएको (चीन पठाउन भनेर राखेको छ) चीन बादसाहकहाँ यस्ता तरहसँग (पत्र) चढाई पठाउन्या दस्तुर छैन औ (तपाईंको) आफ्नु काकाको चिठ्ठीमा लेख्याको (के रहेछ भने) बादसाहको दर्शन गर्न (चीन) जाने मनसुवा छ भनि पत्र लेखेको रहेछ यस कुरालाई बादसाहको दर्शन गर्नलाई पठाइदिनु छ त भन्या यो पत्र देखत चाँडो उत्तर पठाईदिनु होला आफ्नो काकालाई पनि सोधनी गरी (कुरा बुझी) चीन बाद साहका हजुर (मा) बिस्तार गरी (तहाँनै) बस्न्यागरी जान्छौं कि बादसाहको दर्शन मात्र गरी काठमाडौं (मा) फर्की आउँछौं भनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निस्तुक (सोधी बुझी यहाँ) चाँडो (खबर) पठाईदिनु तब (त्यो कुरा) बाद साहको हजुरमा बिन्ती गरी पठाउँला र (जे खबर आउँछ) आफुहरु काका-भतिजालाई चिठ्ठी पठाइदिउँला (यो कुरा) आफुले पनि बुझ्नु होला ।

उप्रान्त आफु वाङ्ले काका त यहाँ पठाउनाकन (मन) छैन भन्या चाँडै उत्तर लेख्नु (चीन पठाउन ढिलो हुन्छ) हामी हुकुम अम्बाले पनि आउनै पर्छ भन्या धेपी (ढिपी) गर्न्या छैन त्यसमा आफु वाङ् (ले) खातिरजामा राख्नु आफु (वाङ्) लाई पनि प्रेम प्रीति गरी (यो) उपदेश दियाको हो यस्तो अर्ति उपदेश दिनु बाहेक रेणु भर पनि अर्को तरह गर्न्या छैन ।

उप्रान्त आज आफु वाङ् पनि उमेर बढी कामकाज सबै आफैं (गर्न) समर्थ हुनु भयाको छ सब आफैले काम गर्न सक्नु भयाको जोग्यै हो तसर्थ सब कामकाज जस्ताको तस्तो रीतिस्थितिसँग आफु मुनिका मानिसलाई सुख आनन्द गरी चीनका बादसाहकन पनि अधिभन्दा बेसगरी बहुतै २ मानभाव गरी काम गर्नु साँधका (राजा) भाईसित पनि मिली आफ्नो मुलुक सयारीकन बस्नु भया आज जुग जुग भरीसम्म चीन बादसाहको बहुत ठूलो मेहेर हुन्या छ

बाँकि यस चिठीका साथ काका कुङलाई चिठी १ पठाईदिएको छ । आफु वाङ (ले) काकालाई सौंपी देउ उपर आफ्ना चिठीमा लेख्याको शरीरमा बिसञ्चोको कुरालाई अब त निको हुँदै आयो भन्दा सुनी (परेज गर्नमा) हामी हुकुं अम्बा २ को मनमा बहुतै हर्ष लाग्यो अझपनि आफ्ना क्षम शरीरको बहुत सम्भार गर्नु होला

इति नयाँ साल च्याछीं ञ्वाङ १ प्रथम महिना माघसुदी रोज मुकाम ल्हासा यामन शुभम् (६/- ३५, ३६) ।

वहादुर साह नथुनिएको भए जे दु:ख आइपरेपनि सहेर बस्ने उनको बिचार थियो भन्ने देखिन्छ । वहादुर साहले चीनका बादसाहलाई भेटेर दर्शन गर्ने चीनमै बस्ने कि नेपालमा फर्किने भन्ने कुरा प्रष्ट नखुलेकोले त्यो चिठीमा वहादुर साह विदेशमा बसाईं सर्ने भावले चिठी लेखेका रहेछन् भन्ने देखिन्छ । खप्नै नसकेर यस्तो भावले चीन बादसाहलाई छाँद हालेको देखिन्छ । बाबुराम आचार्यले वहादुर साहको कुरालाई यस्तो लेखेको देखिन्छ कि –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

बि. सं. १८५३ फाल्गुन ११ गते वहादुर साह कैद (पू. २७/- १७१) भन्ने लेख्नु भएको छ । अर्का विद्वान्ले त्यही कुरालाई सकारेर (पू. १०/- ४९) लेख प्रकाश गर्नु भएको छ ।

बाबुराम आचार्यले जति इतिहासका सूत्रहरु प्रकाश गर्नु भएको छ, तीमध्ये धेरैमा प्रमाण-आधार दिनु भएको छैन । वहादुर साहको बिषयमा र जनरल भीमसेन थापाको विषयमा उत्पात लेख प्रकाश गरेर आधार दिनु भएको छैन । आफ्नो आँखाले देखेकैसरह वहादुर साह थुनिए भनेर लेख्नु भएको छ, के हो ?

वहादुर साहले चीनतर्फ छाँद हालेर लेखेको पत्र चीन बादसाहकहाँ प्रस्तुत हुँदा बुझ्नु पर्ने कुरामा यामनकिल्लाबाट सोझै काठमाडौं दरबारमा पत्र प्राप्त भएपछि राजा रणवहादुर साहले मूलमन्त्री दामोदर पाँडेसँग बुझेर वहादुर साहतिर रिसाएर बोलाउन मानिस पठाएको देखिन्छ । संभवत: विपक्षी दलनै वहादुर साहलाई बोलाउन नुवाकोट किल्लासम्म गयो, बोलाउन जानेले के भन्यो । वहादुर साह निरास रहे । बोलाउन पठाएको मासिनको हात अर्जी लेखेर पठाएको (प्रा. ने. २१/- ६०, ६१) देखिन्छ । त्यो अर्जी पत्र यस्तो छ –

अर्जी –

उप्रान्त तहाँको समाचार बक्सी पठाउनु भयो सुन्यू जे तरहले बन्दछ त्यस्तै गर्नु हवस उप्रान्त मोहरको सहीमा नआवनु मर्जि माफिक गरौंला बाँकी (बाँकी) ईहा बसना कनत गाह्रो मान्याको छैन तहाँ आउन गाह्रो लागी हुयेछ हजुर को मेहरमान्गी कत्ति पनि छैन तसकार न मलाई ता यहाबंस्नु बढी या छ मुकाम कीला सुभंम सुभम् ।

बंदा वहादुर साह को कुर्नेस बंदगी ३


अर्जी

(१३४)
CC-0. In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२१ वर्षका राजा श्री ५ रणवहादुर साह कुरो बुझ्ने भैसकेकाले आफ्ना काका (वहादुर साह) थुनिएको ठाउँ नुवाकोट किल्लामा नै सवारी भई भेटी कुरा गरेको भए माम्लो सुल्भिन्थ्यो कि । यो सुझाव दिनेपनि त्यस बेलामा बुबा-मुमाको स्थानमा कोही देखिएन । त्यसमाथि बाथको व्यथाले घुँडा दुखेको भन्ने ल्हासाबाट अम्बाले पठाएको पहिलो पत्रमा व्यथाको शुरु भएको देखिने, दोश्रो पत्रमा केही आराम भएको निको भैनसकेको भन्ने देखिदा परहेजमा रहन पर्ने नै भएको र त्यसबेला बाटो, सडक, मोटर नभएको तर घोडा ताम्दान म्यानामा सवारी हुनुपर्ने आवश्यकै देखेनन् । वास्तबमा देश, समाजको अवनतिको प्रारम्भ त्यसै बेलादेखि नै भएको इतिहासले कहन्छ ।

वहादुर साहलाई दरबारबाट पठाएको मोहरपत्र (तल दिइएको छ) पढेपछि उनले जवाफ अर्जी लेखेको माथि पढिसकियो । जवाफ मिल्यो, मिलेन दरबारको मोहर पत्र पाइसकेको छैन ।

वहादुर साहको नै हस्ताक्षर हो भन्ने त्यो अर्जी (निवेदन) पत्रको फोटोकपी (प्रा. ने. २१/- ६०) प्रकाशित पाइन्छ । सेवाभावको अत्यन्त महँगो शव्द, बाक्यको बिश्लेषण गर्दा यस्तो देखिन्छ –

१. तहाँको समाचार बक्सी पठाउनु भयो सुन्युं
२. जे तरहले बन्दछ त्यस्तै गर्नु हवस
३. मोहर (पत्र) को सहीमा नआवनु (नआए भने)
४. मर्जी माफिक गरौंला
५. ईंहा (यहाँ) बसना कनत (बस्नलाई ता) गाह्रो (गाह्रो) मान्याको छैन
६. तहाँ आउन गाह्रो लागी रहेछ (किनकि)
७. हजुरको मेहर मान गी (दयामाया) कत्ति पनि छैन
८. तसकार न (त्यसकारण) मलाई ता यहाँबस्नु बढी या (राम्रो) छ
९. मुकाम कीला सुभम सुभम (शुभ होस शुभ होस)
१०. बंदा (हजुरको बंदना गर्ने) वहादुर साह को कुर्नेस (जदौं) बंदगी ३ (सलाम ३ पल्ट)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वहादुर साहले उपरोक्त अर्जी (निवेदन) पत्र लेखी पठाउनुभन्दा अघि राजा रणवहादुर साहले उनलाई ल्याउन आफ्ना मानिस नुवाकोट पठाउँदा तिनिहरुमार्फत पठाएका खबर (ने. सं. बृ. को प्रस्तावना पृष्ठ ५ अनुसार) व्याख्या गर्ने हो भने मुण्ड-मुण्ड बुद्धि अनुसार यस्तो पाइन्छ –

चीनका बादसाहलाई तपाईंले के निगाहा खोज्न पत्र लेख्नु भयो, त्यो पत्र यामन किल्लामा बसेका चीन बादसाहका प्रतिनिधि अम्बाकहाँ पुगेर अडिएछ । तपाईंको पत्रले उसलाई सबै कुरा वाकिफ नभएको हुनाले कैफियत तलब गर्ने जस्तो भावनाले यहाँ दरबारमा पत्र लेखेको आइपुग्यो ।

अब के उत्तर दिने हो तपाई (काका) यहाँ आउन पऱ्यो । त्यहाँ किल्लामा बस्न गाह्रो भएको पनि बुझियो । चीन बादसाहलाई तपाईंको पत्र ल्हासा यामन किल्लामा पुऱ्याउन व्यापारी भोटेका हातबाट पत्र पठाउनु भएको हो कि, नेपाली मासिनको हात पठाउनु भएको हो कुरो गर्न यहाँ आउनै पऱ्यो । नआए मर्जि माफिक गरौंला भन्ने बाक्यको अर्थ लाग्न सक्छ ।

वहादुर साहको उपरोक्त अर्जी-पत्रमा मिति छैन । थुनामा रहेको किल्लामा पात्रो नभएकोले नै मिति नलेखिएको हुनसक्छ । यो कुन मितिमा अर्जी-पत्र लेखेको अब समयको याद गरौं ।

ल्हासा यामना किल्लाबाट अम्बाले जो पछिल्लो पटक पत्र पठायो (६/-३५, ३६) त्यो पत्र हेऱ्यो भने (बि. सं. १८५३) माघसुदी लेखिएको देखिन्छ ।

माघसुदी भनेको नेपाली पात्रोमा हेरे माघ शुक्लपक्षमा शौरमासले फाल्गुन लागिसकेको देखिन्छ । फाल्गुन भन्ने त महिना जानियो, मिति बताउन सकिएन ।

ल्हासाबाट पठाएको पत्र काठमाडौं आइपुग्दा २७ दिन लागेको अरु इतिहासबाट थाहा पाइन्छ । फाल्गुन ३/४ गते लेखेको भएपनि चैत्रको शुरुतिर काठमाडौंमा आयो होला ।

ल्हासा यामन किल्लाबाट नेपाल दरबारमा पत्र आइपुगेपछि पत्र हेरी एक बचन वहादुर साहलाई सोध्न-बुझ्न पर्ने भएरनै बि. सं. १८५३ चैत्र महिनामा वहादुर साहलाई पत्र लेखेको हुनु पर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वहादुर साहलाई जुन पत्र लेखी पठाएको थियो, जिस्क्याए सरहको उनले बिचार गरे र पुन: चीन बादसाहलाई आफ्नो दु:ख दर्दको चर्को आर्तनाद गर्नेछन् भन्ने दरबारमा निश्चय भएकोले पनि हुनसक्छ अम्बाले एकातर्फि चीन बादसाहमा जाहेरी पठाउला भनेर हो वा ? के हो ? वहादुर साहतिर अम्बाको स्नेह टुटाउने कामको प्रबन्ध भएर बहादुर साहको बदखोई गर्न मानिस पठाउने चर्चा भएको देखिन्छ ।

भोट-चीनसँग नेपालको जो युद्ध भयो वहादुर साहबाटै भएको हो भन्ने र भतिजालाई काट्ने मार्ने राजकाजमा चर्को बिषयको बदखोई गर्न जाने यो काम गुप्तरूपमा खबर लैजाने योजना बनेको देखिन्छ । गुप्तरूपले मानिस पठाउने हुँदा जागिरदार खटाउँदा हल्ला हुन्छ, सबैले थाहा पाउँछन् भनेर खान्दानी ढाक्रेलाई खटाउने कामको योजना भएको देखिन्छ ।

काम गर्दा अगाडि पछाडि के हुने हो होस् गरेर काम गर्नु पर्थ्यो । राज र यसबेलाको मूलमन्त्री दामोदर पाँडेले अगाडिको भाग मात्र हेरेर स्वार्थी भएर काम गर्नु हुँदैनथ्यो । वहादुर साहको बदखोई गर्ने काममा सर्वजित पाँडे छानिएकोले तिनको परिचय बताउँ ।



ल्हासामा बहादुर साहको बदखोई गर्न जाने सर्वजित पाँडेको बाबु रणशूर पाँडेको सक्कली दर्जा सरदार मात्र देखिन्छ (ने. सं. बृ. पृष्ठ ५७) । बि. सं. १८२८ पौष महिनामा सतहुँ काण्डको धोकाबाजिले गोरखाली सैनिक धेरै मारिइदा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखालीले आत्मसमर्पण गर्नु परी बाँकि बचेका सैनिक चौबिसीको थुनामा थुनिएकालाई वडामहाराजाले थुनाबाट छुटाउन पुनः सैनिक पठाई थुनाबाट छुटाई ल्याएको बयान माथिनै भैसकेको छ ।

सरदार रणशूर पाँडेलाई काठमाडौं ल्याएपछि वडामहाराजा पृथ्वी. ले सरदार पदबाट च्यूत गरी दण्ड रू. २४०/- असूल गरेको (ने. सं. बृ. पृष्ट ५७) उल्लेख भएको देखिन्छ । त्यसपछि वडामहाराजा पृथ्वी. ले उनलाई थामेको देखिदैन । मन्त्रीनायक वहादुर साहले पनि नथामेको हुँदा युद्धमा खट्टिनेमा नाम नदेखिएकोले मरे बाँचेको पत्तो छैन

वहादुर साहको बदखोई गर्ने सर्वजित पाँडे ल्हासातर्फ जाने भएकोले काजी रणशूर पाँडेका छोरा सर्वजित पाँडे भनि ईज्जत बढाएको लालमोहरमा लेखिएको देखिन्छ ।

कालु पाँडेका साहिंला छोराकोसम्म उन्नति अवनति माथिनै बताइसकिएको छ । अब कान्छा हजुरिया मन्त्री दामोदर पाँडेकोनै कुरा गरौं ।

बि. सं. १८४० पौष १५ गते बंशराज पाँडे बिदेशतिर निकालिंदा तिनका कान्छा भाई दामोदर पाँडेको उमेर ३२ वर्षको थियो, तिपनि खोसिए (पू. २७/-१६८) । २ वर्ष, १० महिना ढाक्रे भएको दामोदर पाँडेलाई वहादुर साहले मन्त्रीनायक स्तरबाट काम गर्दा भाउज्यू महारानीलाई देखाई उनको सिफारिसले काजी पद थामिएको देखिन्छ । अरु काजी सरदारका साथ पर्वत, प्यूठान विजय गर्न बि. सं. १८४३ मा खट्टिए ।

वहादुर साहको योजनाले तालिमी सैन्य गुल्म (पल्टन) द्वारा बिना युद्धनै प्यूठान विजय भएको र अरु धेरै ठाउँ विजय भएको खबर काठमाडौंमा जाहेर भयो । मन्त्रीनायक वहादुर साहले विजेतालाई स्यावासी दिन बोलाउँदा सबै दलबल काठमाडौं आए ।

क्रमशः अरु काजी, सरदार, सैनिकलाई पुनः युद्ध गर्न र विजय भैसकेको राज्यमा प्रशासन गर्ने काममा वहादुर साहले खटाए । दामोदर पाँडेलाई वहादुर साहले युद्धतर्फको र अरु काममा पनि खटाउन सकेनन् । त्यसको परिणाम यस्तो छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दामोदर पाँडे प्यूठान विजयबाट काठमाडौंमा आएको ५/७ महिना रहँदाबस्दा राजा रणवहादुर साह ११ वर्षकालाई कसरी रिझाए, रणवहादुर साहको ददाको रूपमा चाकडी गरेको बुझिन्छ । रिझिएका रणवहादुर साहबाट दामोदर पाँडेलाई वहादुर साहले काममा खटाउँन सकेनन् ।

दामोदर पाँडेले कसरी रिझाएछन् भनेर जब करिव ११ वर्ष राजाको हजुरिया मन्त्री भए, राजा रणवहादुर साह २१ वर्षका हुँदा बदखोई गर्न जानेलाई जो लालमोहर पत्र अधिकार दिइयो, राजा रणवहादुर साहले हेरे, बुझे र पढेनन् भन्नै सकिन्न । दामोदर पाँडेले त्यस्तै पढाए, रटाएछन् र राजा रणवहादुर साहमा विवेक र ज्ञान भएनछ भन्ने अनहोनी कुरा त्यो लालमोहरमा देखिन्छ । जुन लालमोहरको उतार (रूप) तल दिइएको छ । सोको अतिरीक्त वहादुर साहको बदखोई प्रथम सवालदेखि बार्‍हौं सवालसम्म जस्तो लालमोहरमा छ, त्यस्तै दिएर यहाँ लेखिन्छ । बन्द सवालको रूपमा जो लेखिएको छ त्यसको यसबेला बि. सं. २०५४ साल आश्विन महिनामा जवाफ दिने कानूनी (बैधानिक) प्रमाणको जवाफ समेत यस्तो हुनसक्छ ।

लालमोहरको उतार

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधबिरुदाबलीबिराजमा-नमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादुरसाहबहादुर-सम्सेर्जङ्देवानाम सदासमरविजयीनाम्

आगे काजी रणशूर पाँडेका छोरा सर्वजित पाँडे संरदार जसिवन्त भँडारीका भाई चामु भँडारी उमर (अर्का) अजित खड्का ल्हासा पुगी दुईताजिनका हजुरमा जाई मिठो पारी बिन्ती गरी काज पुऱ्याउनाको सवाल लेखि बक्स्यौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वहादुर साहले विराउ गर्‍याको सवाल

तपसिल

प्रथम सवाल– श्री बुबाज्यू महाराज प्रतापसिंह साहलाई काटी टाउको लुकाउनु, ढाड दिस्ता (सा) को झ्यालबाट खसाउनु सरुप काजीलाई पनि काट्नु अचारहरुलाई (आचार्य नेवार जाति) पनि काट्नु भनि कान्छा चौतरा दलमर्दन साही र अकर्मी वहादुर साही अरु बाजे आदमी समेत एकान्त बसी मतो गरी (के) ठहरायाको रहेछ तस्ताविचमा शत्रुसाल्ले त्योमतो सुनि श्री बुवाज्यू महाराजा प्रतापसिंह साहका हजुरमा आइ बृत्तान्त विन्तिगर्‍या त्यो षवर सुनि रातमा दोहरी तरबार बाँधि केटाहरु ढोकामा भऱ्याङ्गमा बस्याछन् श्रीबुबाज्यू महाराज प्रतापसिंह साह पनि विछ्यूयाउनामा दोहोरो तरबार राखि सुकुला हुन्थ्यो ।

अब यो षवर जाहेर भयो भनि अकर्मि वहादुर साही कान्छा चौतरा दलमर्दन साहीका घर जाइबक्स्यो यो षबर सुनी श्रीबुबाज्यू महाराज प्रतापसिंहका हुकुमले सबुज कंपनि पुराना श्रीनाथ कंपनीले चौतराका घर घेर्‍यो दुवैजनालाई बन्द गर्‍या दुवैजना लड्न तयारभया त्यो षबर सुन्दा घरपोलनाको मतो भै तयार भयाकोहो ।

तेसै बिचमा जेठीमैयाँ र ठूलो कान्छि मैयाँ बिचपसि घर पोल्याता स्वास्नीहरु मर्नन र अपराध होला इलड्न पावैनन् हामि साँध वाहिर निकासीदिन्छौं भन्दा बढीया भनि जेठीमैञा ठुलीकान्छीमैञा विश्वनाथ मिश्र बलिराज मिश्र सबुज कंपनीका सरदार रामकृष्ण कवँर जोगमल्ल थरघर सभैजाई चेप्यातारि दिया

यसको जवाफ – प्रथम सवाल सबै हेरी पढी बुझियो यही मुद्दा पहिले शुरु हुँदा जो कार्वाही भयो वहादुर साह चलानीपत्र लालमोहरको साथ निकालिएको (सि. नं. २५३/- २२६) लालमोहर र यो प्रथम सवालको लालमोहर फरक देखिन्छ । फरक भएकोले नै झुटो लेख ठहर्छ ।

पहिले निकालिंदाको चलानी मोहरमा पनि वहादुर साह कायल भया भन्ने व्यहोरा उल्लेख छ तर इतिहासमा प्राप्त चिठ्ठी, पत्र, लालमोहरले बोल्दछ कि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वहादुर साह निकालिंदा आफ्नो चूक कसूर के थियो भन्ने उनले जानेन् बुझेनन्, सोधिएन । त्यसै निकालिएको दरबारको राजाको व्यबस्था र कुरो यसै पुस्तकको माथि पढे वहादुर साहलाई एक बचन समेत नसोधी, नबुझी स्वदेशबाट निकालेको देखिन्छ ।

चेपे नदीपार अर्को राज्यमा वहादुर साह निकालिएपछि म किन निकालिएँ, मेरो दोष के हो, मलाई सोधी बुझीनै नगरी निकालेको अर्थ के हो ? त्यो सुन्न, बुझ्न पाउँ भनेर दाज्यू राजालाई २/२ पटक पत्र लेखेको देखिन्छ । निकालिंदाको चलानी पत्र मोहरमा अहिलेको यो पत्र जस्तो चर्को कसूर नदेखाएतापनि त्यसमा वहादुर साह कायल भएको भन्ने झुट्टै कुरा लेखिएको देखिन्छ । जोकि यसै पुस्तकको माथि पढे थाहा हुन्छ ।

वहादुर साहको पत्र पाएर दाज्यू राजाले जवाफ दिएको (पू. १७/- ३०, ३१) तेरो उपर कसैले (सौत्यानी बाबु दलजित साहलाई लक्ष्य गर्दै) चुक्ली गऱ्यो । त्यो जानी बुझी रिस थामी सुख आनन्दसँग बिदेश निकालेको छु भन्ने दाज्यू राजाको पत्रमोहरबाट जवाफ पाइन्छ । वहादुर साह कसूरमा कायल भएको देखिदैन । दाज्यू राजा प्रतापसिंह साहले केही रोहवर नगरी कायल भएसरह निकालेको छु भन्ने देखिन्छ ।

यही मुद्दाको शुरु आविष्कारले वहादुर साह दरबारबाट निकालिएपछि महारानी राजेन्द्रलक्ष्मीलाई काममा सहयोग गर्ने जेठी मैयाँ र ठूलीकान्छी मैयाँ (को-को हुन् चिनिदैनन्) लाई दलजित साहलें थानकोटमा निकाला गरेको (ने. सं. बृ. पृष्ट २३/- ७) उल्लेख पाइन्छ । वहादुर साह निकालिंदा पहिलेको चलानी मोहरमा र यो मोहरमा फरक देखिन्छ । जेठी मैयाँ र ठूलीकान्छी मैयाँ वहादुर साहलाई चेपे पार निकाला गर्न गएको भन्ने कसरी पत्याउनु ?

दोश्रो सवाल– श्री महातारी ज्यू लाई नहुँदो वातलाई नेल हाली सर्वजित रानालाई पनि काट्यो श्रीमहातारी ज्यू लाई भोट पुऱ्याउनु मलाई मारि दाषचोकको इनारमा पुरनु भनि मतोगर्दा पाँचले श्रीमहाराज क्यापोगऱ्या सवपाँच विष्नुदेवलमा आई श्रीमहाराजाको दर्शनगरी तम्रो अऱ्हायो गर्दैन भन्दा थाहा पाएछन् भनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचका डरले हनुमान ढोका माथिका सुनका झ्यालबाट मलाई देषायो श्रीमहातारी ज्यूले न्यामाग्दा पाँचले न्यामाग्दा अरुपनी पाउछन् र श्रीमहाराजका महातारी न्या क्यान पावैनन् भन्दा ठहर्न सकेन कायल भै फुन पस्यो

यसको जवाफ – यो सबै दोश्रो सवालमा लेखिएको सोन्हैआना झुटो हो भनेर प्रमाण लालमोहरले बक्दछ । यही पुस्तकको माथि दिइएको विवरण पढे लालमोहर, चिठ्ठीपत्र प्रमाणले झुट्टो देखिन्छ । सबै कुरा बयान गरे लम्बे हुन्छ, लम्बे कुरा वहादुर साहको जीवनीमा यथार्थ प्रकाश भएको छ । यहाँ दोश्रो सवालको बाक्य झुट्टो हो भन्ने १/२ कुरा मात्रै बताउँ ।

महारानी राजेन्द्रलक्ष्मीलाई पहिला सरुपसिंहको बात लगाउन खोजेको यही पुस्तकको माथि पढे थाहा हुन्छ । सरुपसिंहले न्याय पाए । महारानीको हजुरिया भएकोलाई मार्न पाइएन भनेर पछिल्लो पटक पहिलेनै इन्साफ हुनुभन्दा अगाडि महारानीलाई सर्वजित रानाको बात लगाई दलजित साहले नेल हाली थुनेको र न्याय हुँदा सरुपसिंह कार्की फुश्के जस्तो फुश्किन सर्वजित राना नपावस् भनि काट्ने, मार्ने दलजित साह महारानीको सौत्यानी ससुरो भएकोलाई वहादुर साहको नाममा अपराध लगाएको दोश्रो सवालमा देखिन्छ ।

न्याय हुँदा वहादुर साहको सहमतले मन्त्रीमण्डल भारदार समूहको सभामा सौत्यानी ससुरो दलजित साहको हातको शक्ति अन्याय गरेकोले स्वत: खुश्कियो ।

महारानी राजेन्द्रलक्ष्मीको बाहुलीमा प्रशासन गर्ने शक्ति पुगेको इतिहासले बोल्छ ।

यही मुद्दा तय हुँदा महारानीलाई बात लगाउने, नेल हाल्ने, थुन्ने, सर्वजित रानालाई काट्ने कुरामा न्याय हुँदा (प्रा. ने. २३/- ७), सौत्यानी बाबु दलजित साह कुन हालतले चुरमुराई विदेश निकालिए, उनका दलपक्ष कतिलाई कस्तो प्रकारले मारिए, कति निकालिए, कति भागे यही पुस्तकको माथि पढे थाहा हुन्छ । त्यसपछि पृथ्वीनारायण साहको दिव्योपदेशले दलजित साहलाई झिकाउँदा अघि जस्तो गर्ने छैन भनि महारानीले धर्मशपथ गराएको कायल भएसरहको बि. सं. १८४१ कार्तिकवदी १४/४ को कबुलियत देखिन्छ (सि. नं. २६२/- २३७) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेश्रो सवाल– कोतका छिंडीमा मथुरा भन्याकी तनहुँकोट्या बस्याकी थिई अकर्मी वहादुर साहीले दिन १५ सम्म उसै सिंढीमा जाई खुसामद गरी मथुरालाई तलाई रानीभन्दा वडो मान गरी भित्र्यानी तुल्याई राखुँला त्यस रानीलाई केही जुक्तीले बिष खुवाई मारिदे भनेछ यति काम तैंले गर्नु रानी भन्दा वडो मान गरी भित्र्यानी तुल्याई राखुँला भनि काजग लेखी दियाको रहेछ मथुराले पनि कबुल गरी एक दिन श्री महातारी ज्यूका ज्यूनारका पानीमा विष हाली ल्याइछ दैव इच्छाले श्री महातारी ज्यूले यसमा त केही कपट छ भनि थाहा पाउनु भएछ र मथुरालाई अकर्मी बहादुर साहिले लेखी दियाको कागज देखाई कायल भई यस्ता पापिनीलाई यहाँ राख्न्या होइन भनि भोट धपाया ....

यसको जवाफ– वहादुर साह र मथुरा केटीलाई यो मुद्दामा भारदारी भई इन्साफ भएको कुरो खुलेन । दलजित साहले सरुपसिंह पर्वमा महारानीलाई बात लगाउन खोजेकोमा भारदारी गरी न्याय गरेको जस्तो यसमा देखिएन । यसमा चर्को मुद्दा भएकोले भारदारी गर्नुपर्ने नै देखिन्छ । माथि बयान गरिएझैं पहिलो सवाल दोश्रो सवालको जवाफ दिएझैं यो पनि झुटो सवाल कल्पना गरेको देखिन्छ । भारदारी सभा गरेको भए यो लालमोहरमा पनि धेरै भारदारको सही देखिन्थ्यो । त्यो बेलाको चलन अघिपछि जस्तो नभएर एकमात्र हजुरिया मन्त्री दामोदर पाँडेको सही भए पुग्ने रहेछ । जस्तो कि –

यही पुस्तकको माथि उल्लेख गरिएको व्यहोरा पढ्नु त जति लालमोहर देखिन्छ एकमात्र दामोदर पाँडेको "मारफत दामोदर पाँडे" भन्ने तिनको सही भए पुग्ने रहेछ । यसको प्रमाण (पृ. ११/- ३३, ३४) इतिहासमा लेखिएको लालमोहर ४ थान र अभिलेखमाला पृष्ठ ३४ मा मोहन प्रसाद खनाल, नयनाथ पौड्यालको प्रकाशन लालमोहर थान १ समेत जम्मा ५ थान लालमोहरको पुच्छेमा एकमात्र दामोदर पाँडेको हस्तारक्षरले "मारफत दामोदर पाँडे" भन्ने लेखेको देखिन्छ । यों १२ दफाको चुक्ली लालमोहर सक्कल हेर्न पाएको भए त्यस्तै देखिन्छ होला । प्रकाशन भएको नक्कल (६/- ३६, ३८) मा कुनै भारदारको नाम सही छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लालमोहरमा भारदारहरुको नाम, सही भएकोनै हुनुपर्छ । माथि दिएको प्रमाणले त्यसबेला चलेको चलनले वहादुर साहको चुक्ली लेख्न सभा बस्नु परेन । एकमात्र दामोदर पाँडेको "मारफत दामोदर पाँडे" भन्ने सही भए काम चल्यो । अरु भारदारको मन्तव्य सल्लाहले लालमोहर लेख्नु परेन । जे-जे लेखेपनि हुनेनै भयो ।

आमाजस्ती आफुलाई उद्धार गर्ने महारानी राजेन्द्रलक्ष्मी भाउज्यूलाई वहादुर साहले मार्ने, मार्नु पर्ने वहादुर साहमाथि यस्तो अत्त्व लाग्न सक्दैन । जसले आफ्नो अन्त्य अवस्थामा २/२ पटक लिन पठाई गोरखाबाट ल्याई छोराको नायवी दिएर सन्तोषले मरिन् । त्यो बहुमूल्य गुन लागेकोलाई यस्तो अपवाद दिएको झुठ्ठा ठहर्छ ।

चौथो सवाल– कुकर्मी वहादुर साहीको बिबाह गर्न गोरखा जाँदा बोर्लाङ्गघाटमा बास भएका दिन अकर्मी वहादुर साहीले सिव्या खत्रीसँग बसी अबत व्याहा गर्छौं सन्तान होला यस लाई मार्न्या हो भनि मलाइ बिछ्र्याउना समेत गन्दी भन्याको षोलामा बगाउँ भनिमतोगर्दा जेठीमैत्रा ले थाहा पाएछिन् र मलाई बाहिर नसुत भित्र सुत्न आ भन्या सँधै बाहिर सुत्थ्याँ आज भित्र क्यान मताकेटाहरु सँग खेल्नुपर्छ यहाँसुत्छु भनि मैले झगडागरी रोयो र बलैसित भित्र सुताई बचाया ....

यसको जवाफ – वहादुर साह बिबाह गर्न गोरखामा जाँदा बि. सं. १८४२ माघ १० गतेको दिन थियो (पू. २७/- १६९) । यसबेला राजा रणवहादुर साह १०/११ वर्षको बिचमा थिए । सँधै बाहिर सुत्थ्याँ भन्ने राजाको बाक्यपनि झुटो देखिन्छ । जेठी मैयाँको कुरोपनि झुटो देखिन्छ । त्यसको विषयमा एकै ठाउँ तल बयान गरिनेछ र झुटो नै देखिने छ ।

पाँचौं सवाल – मसँग खेल्न भनि तुल्याइ राख्याको पटका कम्पनी बिना हकमा मासी जेठीमैत्रालाई धपाइ इन्दु द्वाऱ्या जसकर्ण खवास लाई बिना अपराधै आँषा झिकी दियो भक्तवीर र जरावर अजिटनलाई अन्या गरि बिनातकसिरै काटिदियो उसैसमयमा मलाइ कोठामा थुनि नजरबन्द राखी कवौलाउनु भनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मतो गऱ्याछन् म बिहानैउठी बाहिर निस्कन खोज्दा बन्दुरानाले वहादुर साही केहिबिन्तीगर्छन् भन्न आउँदा चाँडो डाकी ल्या भनि पठाञा अकर्मि वहादुर साहीले ढिलगऱ्यो र मतबेलामा जाइ छ्याइ छ्याइ अघोर भैरब (मा) कुखुरा जुझाउँदा का बीचमा फेरि बन्दुरानाले आइ वहादुर साही क्याविन्ति गर्छन् भन्यो क्याहो भनि मैले सोध्दा महिष फलसम्म पाउलाग्न हवस् भनि बिन्तिगऱ्यो लौ भनि जाँदा षालि मोहर गोटा पाचगरायो बन्दुरानालाई आफ्ना कोठामा लैजाइ श्रीमहाराज लाई क्यान बाहिर निस्कन दिइस् भनि षै गऱ्या ....

यसको जवाफ – यहाँपनि जेठी मैयाँको कुरा आयो । जेठी मैयाँलाई धपाई इन्दु द्वाऱ्या जसकर्ण खवासलाई बिना अपराधै आँखा झिकिदियो भन्ने र भक्तवीर र अजिटनलाई अन्या गरि बिनातकशिरै काटिदियो भन्ने कुरो वहादुर साहमा यस्ता नीच कुरा लाग्न सक्दैन । वहादुर साह बौलाहा थिएनन् यस्ता कुरा कहीं इतिहासमा लेखिएको र इतिहासमा लेख्ने सामान चिठ्ठी पत्रमा कहीं लेखिएको देखिदैन । भारदारी सभाको निर्णय लिएको पनि देखिदैन ।

ल्हासामा दुई ताजिनका हजुरमा वहादुर साहको बदखोई गर्ने काम जरुरी परेकोले मात्र यस्तो लेखिएको देखिन्छ । जेठी मैयाँलाई दलजित साहले निकालेको भन्ने वहादुर साहको जीवनीमा लेखिदिई सकेको माथि पढे थाहा हुन्छ । लालमोहरको छाप खाली कागजमा लगायो भन्ने कुरोमा कामलाई चाहिएकोले लगायो हुनन् । के कामलाई लगाएको भन्ने सोधिएको यस सवालको व्यहोरामा खुलेन । यदि लगाएका भएपनि यस सिलसिलेवारको बदखोईको महलमा लेखिएका समयताका लगाएको हुन सक्दैन, कुनै दिन लगाए हुनन् ।

छैटौं सवाल – शिकारजुङ्ग हान्याका वर्ष दक्षिण कालीको दर्शन गर्न जाँदा मलाई मार्नाका निमित्त मसानमा प्रयोग गर्न लाग्याको रहेछ श्री दक्षिण कालिको दर्शन गरी फर्कि आउँदा बाटोमा ३ बेर झारा भयो ५ बेर बमन भयो पछिबाटत मुखबाट रगतपनि आयो घडि ३ मुर्छा पनि भयो र त्यस्तै बिचमा मस्तराम भन्याको नाउ वैद्य आयो र कुसलेर मुजुरका पुछरले झारी घडि चारमा निको गरायो मानिस चिन्ह्या तुल्यायो दिन ६ मा निको भयाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसको जवाफ – सिलसिलेवारले सबै झुटो वकवादी लेखेको देखिन्छ । राजा रणवहादुर साहलाई मार्न वहादुर साहले मशान प्रयोग गर्न लगाए भन्ने श्री ५ रणवहादुर साहको लेखाई लालमोहर भएको देखिन्छ । दरबारको यस्तो कुरा परेकोमा भारदार बसी भारदारी गरी यो चुक्लीको लालमोहर लेखिएको देखिदैन । दामोदर पाँडेको मात्र सही गरेर पठाए हुने त्यस बेलाको चलन लालमोहर देखिएकोले भारदारहरुले थाहा पाए भन्न सकिदैन । जे लेखेर व्यबहार चलाएपनि एकमात्र दामोदर पाँडेको लालमोहरको पुच्छेमा सही भएको लालमोहरले काम चलाएको देखिन्छ ।

सातौं सवाल – बसन्तपुर वैठक बनाइ बस्याका ताकामा म सुकला गर्न भनि भित्र गयापछि १८ घडि रातका बिचमा अकर्मि वहादुर साहीले तरबार झिकी एउटाकेटा साथमा लिइ टोपीर मयलपोस लाइ पटुका पनि नबाँधि आयाछर राजाकहाँ छ राजा कहाँ छ भनि बसन्तपुर तल्लो बैठकमा सजन्या पसटारिया केटाहरु छेउ सोधेछ केटाहरुले भित्रि हुनुभो भन्याछन त्यस्तै बिचमा मोतिलाल भन्याको कुकुर षान गएछ अकर्मि वहादुर साहीले कुकुर क्यान नबाध्याको भनेछ उसै कुकुरलाई तरबारले हानेछ ढुंगामा तरबार लाग्दा आगो पनि परेछ

यसको जवाफ – बि. सं. १८३२ श्रावण महिनामा बसन्तपुर दरबार बैठक बनेको (पू. २७/- २८, २९) देखिन्छ । त्यसबेला रणवहादुर साह जन्मेकै देखिदैनन् । महारानी राजेन्द्रलक्ष्मीको पाठेघरमा रणवहादुर साह देखिन्छन् । बि. सं. १८३२ मार्गमा राजा रणवहादुर साह जन्मे । जन्मिनुभन्दा अघिनै रणवहादुर साहलाई खोजी गर्नु वहादुर साहको चुक्ली पठाउन आवश्यक भएकोले हतारमा यो चुक्लीपनि बदखोई गरेको ठहर्छ ।

आठौं सवाल – नुलछे (न्हुलछे) बैठकमा मेरा कन्धापरि आफ्तै हातले अकर्मि वहादुर साहीले मोहर मार्दोरहेछ एकदिनता नुलछे कापुरानु बैठकमा मोहर मार्‍याको मैले नजरले देख्याँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसको जवाफ – खालि कागजमा मोहर लगाएको पाँचौं सवालमा र आठौं सवालको चुकली गरेको लालमोहरमा देखिन्छ । वहादुर साहले लगाएको देखेकोमा के काममा लगाएको भन्ने सोधे बुझेको देखिदैन, लगाउन थालेको देखिन्छ । यस्तो कुरापनि लेख्नु व्यहोरा अंग पुगेको देखिदैन । झुटो चुक्लीमा अनावश्यक लेख्नै नपर्ने कुरा देखिन्छ । काम चलाउनलाई मोहर लगाएको हो कि कुरै पुगेन ।

नवौं सवाल – राती सुत्यामा् मलाई मार्न भनि आधारात का बिचमा कुकर्मि वहादुर साही आउँदा सुनि धाईले ढोकामा चुकुल हालि साह्रै थुन्याको रहेछ तरबारले ढोकामा हानि फर्की गएछ

यसको जवाफ – वहादुर साहले राजालाई मार्न आए भन्ने यो समेत क्रमश: २, ४, ६, ७, र ९ बदखोईको सवालमा ५ ठाउँमा लेखिएको देखिन्छ । वहादुर साहको बदखोई दुई ताजिनका हजुरमा जाहेर गर्न खाँचै भएकोले यस्तो मनपरी भारदारी नगरी मन्त्री दामोदर पाँडेले आफ्ना भतिजा सर्वजित पाँडेलाई बिश्वास गरे काम पूरा हुन्छ भनि पठाएको देखिन्छ । प्रसङ्गानुसार वहादुर साहको केही संक्षिप्त बयान गरौं –

वंहादुर साह वडामहाराज पृथ्वीनारायण साह परलोक हुँदा आफ्नो आमा सती गएपछि केही दिन शोकसुर्तामा बिताएको देखिन्छ । भाउज्यू महारानी राजेन्द्रलक्ष्मीलाई आफ्नै आमासरह श्रद्धाभक्ती राखेर जन्म दिने आफ्नै आमालाई बिर्सेको यस प्रकार देखिन्छ ।

भाउज्यू महारानीले देवर वहादुर साहलाई अन्यायमा निकालिएको बखत बोल्ने अवसर पाइनन् । मनमा अन्यायले निकालिएको हुन् भन्ने संझिरहेकोले र काठमाडौंमा द्वैध प्रशासन चलेको हुँदा सौत्यानी पक्षको चाउरे पिरती थाम्न भीमफेदीबाट शर्त लेखाई लाटो जस्तै मुख बन्द गराई काठमाडौं झिकाई काममा पठाउनु र सरुपसिंह पर्वको जस्तै सर्वजित पर्वको भारदारी गरी सौत्यानी पक्षलाई मार्नु, निकाल्नु, भाग्नु, भगाउनु गरेपछि सौत्यानी माम्लोमा चाउरे पिरती गर्नु पर्ने काम तोडिएको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तब वहादुर साहलाई सौत्यानी पक्षले दोष लगाएको कुरो महारानीले भारदारी गरी न्याय दिनु, खान्की थामिदिनु, मन्त्री नायिकी काम थामिदिनु र आफ्नो अन्त्यकाल नबाच्ने भएँ भन्ने थाहा पाई गुप्तचालले वहादुर साहलाई युद्धबाट झिकाई हाल हुकुम आफुले चलाएको राजाको नायवी काम सुम्पिनु, राजाको हुकुमका नायवी पाउनु, यो गुनको बदला तिर्न संसारमा अर्को बस्तु केही पाइदैन भन्ने संझेका वहादुर साहले आफ्नी आमाभन्दा पनि बढ्ती संझेको इतिहासले देख्छ ।

प्रतिभाशाली वहादुर साहले आफ्ना पिता वडामहाराजा पृथ्वी. को सार्वभौमी योजनामा विघ्न परेको बि. सं. १८२८ पौष ५ गतेको सतहुँको काण्ड स्थगित भएकोलाई सफल पारे ।

मर्स्याङ्गदीले बाइसी, चौबिसी राज्य र पश्चिम कुमाउ तथा भागिरथीभन्दा पर जमुना साँध लगाई सार्वभौमी सफल गरेको देखिन्छ ।

दामोदर पाँडेले दिव्योपदेश बिरुद्ध आफ्ना दरसन्तानलाई भएको अधिकार विरुद्ध भोटतिर खिचातानी गर्नु, ल्हासा डिगर्चा लुट्नुबाट जो अवनति भयो त्यसबाट र आफ्नो गति बन्द नभएको भए वहादुर साहले अझै देशको सार्वभौमी (सीमाना) कति लव्य (थप) गराउने थिए ।

वहादुर साहले आफ्नो नीतिमा सामन्त राजाहरुलाई कर सलामी लगाएनन् । त्यसैले ल्हासा लुटेकोमा देश बच्यो भनि माथि बयान गरिसकिएको छ । यस्ता वहादुर साहलाई नचिन्ने यो नवौं सवालले पनि त्यो गुन, चहक छोपिनेगरी स्वार्थी देखाउनु हजुरिया मन्त्रीको यो लेख मोहर झुट्टा ठहर्दछ ।

दशौं सवाल – मलाई अकर्मि वहादुर साहीले ३ सलाम गर्दैनथ्यो त्यो कुरा सारा दुनियाले देख्या जान्याको छ

यसको जवाफ – वहादुर साहले ३ सलाम (जदौ) गर्दैनथे भन्ने पनि हजुरिया मन्त्रीलाई लालमोहरमा लेखी चुक्ली गर्न परेको देखिन्छ । यसको जवाफनै किल्ला मुकामबाट राजालाई अर्जी पत्रमा ३ सलाम भन्ने वहादुर साहले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पत्र लेखेको देखिन्छ । यस्तो सवालमा त्यही पत्रनै जवाफ भएकोले अरु व्याख्या गर्न पर्ने देखिदैन ।

एघारौं सवाल – अघि हाम्रा पुर्खा गोर्षाका राजा राम साह र (भोटको राजा) थानच्यो षिम्बाले घागरी एक घर एक चित्त भै मिलि रहयाका हिजो पुरुषाले वोल्या वाँध्याका का (म) फाली भोट सित जुझनामा पसी देउता विगारी गुम्बा भत्काई नासिदियो आफुले मानि आयाको चीन बादसाह सित अपसरिया पारी देश झन्डै डुबाये (को) थियो श्री चीन बादसाह को ठूलोदया करूणाले हाम्रोदेश थामियाको हो

यसको जवाफ – राम साह र थान्चो खिम्वाको समयदेखिनै भोट र गोरखा (नेपाल) को मित्रता कायम भएको हुनसक्छ ।

त्यति मात्र होइन, श्री ५ वडामहाराजा पृथ्वी. ले पनि आफु संसारबाट बिदा हुने सम्झेर आफ्ना सन्तानले राजकाज कसरी चलाउँछन् भन्नेमा भोटसँग ठुलो घा (मित्रता) राख्नु भन्ने उपदेश दिएको र त्यही उपदेश लेखिराखेको (६/-३११ देखि ३१५) देखिन्छ । भोटमा घाहा (मित्र-सन्धि) गर्दा कालु पाँडेका सन्तानलाई नछुटाउनु भन्ने दिव्योपदेशमा देखिन्छ । कालु पाँडेका सन्तानलाई भोटको मित्र-सन्धि हुँदा पहिले पठाइएन । दोश्रो पटक कालु पाँडेका सन्तान आफै गएनन् भन्ने इतिहास यस्तो छ –

बि. सं. १८२८ पौष ५ गते सतहुँ काण्डमा गोरखालीले धोखा पाएर धेरै सैनिक मारिए । वडामहाराजा पृथ्वी. ले कालु पाँडेका सन्तान सबैलाई खोसिदिए । तब बि. सं. १८३२ मा व्यापारिक सन्धि भोटसँग हुँदा (६/- ७०) पृथ्वी. को दिव्य उपदेश अनुसार कालु पाँडेका सन्ततीलाई भोटमा देखाउनु पर्ने भएकोले बशन्तराज पाँडेका छोरा ढाक्रे जगधर पाँडेलाई देखाउन लगेको हो कि ? कुनै व्यक्तिलाई यो कालु पाँडेको नाति जगधर पाँडे हो भनि काम चलाएको हो वा के हो ? भन्ने देखिन्छ ।

त्यसपछि बि. सं. १८४६ मा सन्धि हुँदा (६/- ५३) दामोदार पाँडे आफ्नो हक दिव्योपदेशले त्यो बेला गएको भए सजिलै हुने थियो तर गएनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किन गएनन् यसको परिणाम इतिहासबाट यस्तो देखिन्छ । जाँदा-आउँदा एक-डेढ महिनाभन्दा पनि बढ्तै समय लाग्ने भएकोले बल्तल्ल मिहेनतले हजुरियाको स्थान पाएको छु, गएँ भने हजुरियाको स्थान खालि हुन्छ । वहादुर साह मन्त्री नायकनै हजुरिया बन्ने छन् । त्यो समय मौका पाएर वहादुर साहले १४ वर्षका राजाको कानमा मेरो चुक्ली लगाए भने मेरो हजुरिया काम छुट्ने संभव छ भनेरनै नगएको हुनसक्छ ।

बि. सं. १८३२ मा चीनसँग मित्रताको सन्धि गर्दा कालु पाँडेका सन्तती भनि कुनै व्यक्तिलाई पठाए काम चलिहाल्छ भन्ने राजालाई बिन्ति गरेर हो कि अर्को मानिस धायबध्रम नामले कालु पाँडेका सन्तती हुन भनि काम चलाएको सन्धि भएको सन्धि-पत्रमा नाम देखिन्छ ।

त्यसपछि दामोदर पाँडेले खिचातानी गरी भोट ल्हासामा बैमनष्य र युद्धसम्म गराएको र अन्तमा ल्हासा डिगर्चा लुटी चीनको दलबल भोटतर्फको मद्दतमा आई चीनसँग युद्ध भएको माथि पढिसकिएकोछ ।

कस्तो प्रकारले चीनसँग मित्रता भयो त्योपनि माथि खुलेको छ । मित्रता गर्न कालु पाँडेका सन्तती होस् तैंले जानु पर्‍यो भन्ने लालामोहरले खटाउँदा पनि (६/- १७, २०) दामोदर पाँडे गएनन् र मिलापत्र भएन त्यो कुरापनि माथि भैसकेको छ ।

चीन बादसाहलाई भेटी दर्शन गरी कुरा गर्नेतिर सौगात लिएर जानपनि दामोदर पाँडेले मानेनन्, गएनन् । देवदत्त थापा मगर काजी पद पाएर (सि. नं. ४४८/- ४२३) चीन गए ।

यो एघारौं सवालमा वहादुर साह भोटतर्फ गई देवता बिगारी गुम्बा नासिदियो भन्ने झुटो बयान पाइन्छ । वहादुर साह भोटतिर आजिवन कहिल्यै गएनन् । अर्को कुरा, चीन बादसाहलाई हामीले मानिआएकोमा उसैसित युद्ध गरी वहादुर साहले देश झण्डै डुवायो भन्ने झुटो आरोप यो एघारौं सवालमापनि लेखिएको देखिन्छ । ल्हासा डिगर्चा लुटेको शव्द, बाक्य वहादुर साहलाई यो एघारौं सवालले पनि सत्य देखिदैन । किनकि, दामोदर पाँडेले नै ल्हासा डिगर्चा लुटेको भन्ने त्यो बेलाको प्रमाण र खबर बिख्यात छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाऱ्हौं सवाल – हाम्रो देशमा फिरंङ्गी कैलेन ल्याउनु भनि पुरुषा हरुले भनि गयामा आफुले मुखपेट् एकचित्त गरि मानि आयाको श्री चीनवाद शाह संगजु भ्रन भनि फिरंगी ल्यायो थ्यो तापनि आकाश समानको श्री चीन बादसाहका कृपाले (राजा, राज्य) थामि बक्सनु भयाको हो

इतिसम्बत १८५४ साल वैसाख वदिरोज २ मुकाम कान्तिपुर शुभम् ....

बाऱ्हौं सवालको जवाफ – नेपाल काठमाडौंमा फिरंङ्गी (अंग्रेज) वहादुर साहले चीनसंग युद्ध गर्न ल्याए भन्ने झुटो काहीं प्रमाण नभएको यो सवाल देखिन्छ । दामोदर पाँडेले झिकाएको मद्दत मागेकोमा नआएको अंग्रेजलाई वहादुर साहले झिकाएको अंग्रेज आएको भन्ने कसरि लेख्न सकेको ? यसको व्याख्या गरिन्छ ।

यसै पुस्तकको माथि पढे दामोदरले मागेको सहायता दिनेतर्फ अंग्रेजले बोल्दैनबोली नआएको बुझिन्छ ।

हजुरिया मन्त्री दामोदर पाँडेलाई कतै काममा खटाउन नसकेको देखिन्छ । ११ वर्षसम्म राजाको हजुरिया मन्त्री भएर रिझाएको, रिझाउने मौका पाएको माथि भनिसकियो । वास्तवमा वहादुर साहले कुमाउ र जमुना नदीको साँध लगाएको सुनेर दामोदर पाँडेले आफ्नो फूर्ति देखाउन निहुँपिहुँले भोटतर्फ गडबडि उठाएको यसै पुस्तकको माथि बयान गरिसकिएको छ ।

वहादुर साहले जो भोट, चीनसँग सम्बन्ध बाँधे, चीनको सद्भावले शान्ति उन्नतिनै थियो । त्यो काम दामोदरलाई मन परेन । वहादुर साहको नीति बिरुद्ध भोटसँग बेमेल गर्दागर्दै दामोदरले ल्हासा लुटेपछि मैले यो नगर्नु काम गरें, यसको परिणाम के हुने हो भनि तिनलाई होस् आयो ।

तब छिमेकी राष्ट्रद्वारा आफ्नो नेपाल देश बचाउने नीति संझेर चीनको दलबल सैनिक भोटलाई मद्दत दिन आयों भने हामीले चीनसँग लड्नु पर्नेछ, हामीलाई मद्दत चाहिन्छ भनि अंग्रेजलाई दामोदर पाँडेले सौगात पठाई मान-मर्यादाको पत्र लेखी सहयोग दिनु भनि चिठ्ठीपत्र पठाएको माथि पढिसकेकाछौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छिमेकी राष्ट्रसँग मिलाप गर्ने, मद्दत पाउने आशाको योजनातिर बाणिज्य सन्धि गर्न बाँकि भएको (पू. १/- ४३) निहुँले अंग्रेजसँग आफ्नो काम बाँकि देखाई मेल-मिलाप गर्ने हेतुले (६/- २० देखि २२) अंग्रेज डिन साहेबलाई पत्र र कोशेली सौगात पठाएको (६/- २२, २३) देखिन्छ । नेपालबाट बि. सं. १८३३ भाद्रमा बेइज्जति भई निकालिंएका गजराज मिश्र (सि. नं. २६६/- २४२) निकालिंदाको प्रमाण-पत्र अंग्रेजमा देखाई (पू. १७/- ३१, ३२) अंग्रेजको सहायक काममा भर्ना भएको निमेक्दारीलाई मद्दत दिलाउने काम गर्न गुहारी लेखेको पत्र देखिन्छ ।

अंग्रेजले सैनिक मद्दत दिने काममा वास्तै गरेन । केवल भन्सार रकम लिने मात्र सवाल लेखी पठायो । त्यसपछि नेपालले निराश्रय भएर एक्लै चीनका दलबलसँग युद्ध भएको माथि बताइसकिएको छ । इतिहासज्ञ, विद्वान युवामण्डललाई वहादुर साहले अंग्रेजसँग अनुरोध गरी अंग्रेजका सैनिकलाई ल्याई चीनियाँ दलबलसँग युद्ध गर्न गएको हो, होइन भनि सोध्नु त, सबै झुटो ठहर्नेछ । त्यस्ता झुट्टा सवालहरु पठाएकोमा वहादुर साहप्रति चीनका प्रतिनिधिको स्नेह टुटाउने मूख्य उद्देश्य रहेछ भन्ने सिद्ध हुन्छ ।

अंग्रेजले चीनसँगको युद्धबाट दलबल फर्केको निमेक्दार गजराज मिश्रद्वारा थाहा पाएपछि नेपालसँग चाउरे पिरती थाम्न गजराजसँग कर्कपेट्रिक आउँदा वहादुर साहको यस्तो अवस्था देख्यो कि बि. सं. १८४९ मा नै वहादुर साह दरबारबाट पन्छिएको तर आफ्नो काम नछोडेको, थुना पर्नुभन्दा अगाडिको प्रसंगले यस्तो देखिन्छ ।

बि. सं. १८४९ चैत्र २४ गते मेजर कर्कपेट्रिक गजराजको साथमा नेपाल आएका थिए । अंग्रेजले समयमा नेपाललाई सहयोग नदिएको, नेपालले वैमनष्य संझेकोमा चाउरे पिरतीले कर्तव्य मेटाउन पर्छ भनि आएको तिनलाई काठमाडौंमा राखी सम्मान गरिएन । नुवाकोट व्यासीका दरबारमा लगी राखी १३ दिन बसेपछि निश्क्रिय भएर फर्के (पू. २७/- १७१) ।

अरु इतिहासमा पनि यो कुरा उल्लेख भएको छ । ल्हासा लुट्को भयङ्कर आतङ्कबाट चीनको दलबलसँग युद्धको समस्या पार भएकोले मेजर कर्कपेट्रीकको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र गजराज मिश्रको सम्मान गरिएन । उल्टो बि. सं. १८४८ मा गरिएको व्यापारिक सम्झौतापनि निश्क्रिय गरिएको देखेर फर्किनु पऱ्यो ।

वहादुर साहको बारेमा गजराज मिंश्रद्वारा मेजर कर्कपेट्रीकले के बुझे भने त्यो कुरा नेपाल आएको आफ्नो यात्रा वर्णन बृत्तान्तमा लेखेको लेखमा राजा र भारदारहरु एकातिर वहादुर साह एकातिर बाहिरी पाटो लागेको देखे भन्ने पाइन्छ । उनले देखेको त बि. सं. १८४९ चैत्र २४ गतेको मितिले देखिन्छ । यो भन्दापनि पहिलेनै बाहिरी पाटो लागेकोले यसबेला देखेको, बुझेको हुनसक्छ । वहादुर साहले अंग्रेजलाई ल्याएको भन्ने र युद्धमा अंग्रेजको सैनिकले सहयोग दियो भन्ने यो बाऱ्हौं सवालपनि झुटो देखिन्छ ।

यसरी क्रमशः बाऱ्हवटा सवाल झुटो रचेर लेखी लालमोहर लगाई त्यसबेलाका हजुरिया मन्त्रीले आफ्ना भतिजा सर्वजित पाँडेलाई गुप्त चुक्लीको काममा विश्वास गरी चीन बादसाहका प्रतिनिधिसँग कुरा गर्ने अधिकार पत्र लिन लगाई बि. सं. १८५४ बैशाखमा ल्हासातिर दौडाए ।

चिठ्ठी ल्हासा पुग्न २७ दिन लाग्छ भन्ने इतिहासको प्रमाणले फर्किदा लाग्ने समय समेज जोंडिदा ५४ दिन बाटोको म्याद लाग्नेनै भयो । सर्वजित पाँडे ल्हासा पुगी कति दिन मेजमानीमा त्यहाँ बसे, त्यो सबै जोड्दा कमसेकम सर्वजित पाँडेलाई काठमाडौं आइपुग्न बि. सं. १८५४ ज्येष्ठ महिनाको आखिरिमा आउने छन् भन्ने अनुमान हुन सक्दछ ।

वहादुर साहको जीवनी लेख्ने कामको तथ्य र समयसारिणि बनेकोले माथिदेखि लेख्दै आइएको छ । ल्हासाबाट खबर नआएसम्म अन्य कुरा इतिहासमा लेख्न फुर्सत पाउने भएकोले यो फुर्सतको समयमा वहादुर साहको जीवनीमा लेख्न छुटेको केही कुरा संझेर लेखी, पढी हालौं ।

सुयोग्य वहादुर साहतिर भतिजा राजा रणवहादुर साह नलागेर अन्यमनश्क कसरी भए ? त्यसको प्रमाण इतिहासमा खोज्दा शिक्षा संगतले त्यस्तो भएको भन्ने र वहादुर साह थुनिएकामा व्याख्या गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वहादुर साह र राजा रणवहादुर साहको शिक्षा र संगततर्फ बाबुराम आचार्यको प्रकाशन (ने. सं. बृ. पृष्ठ १६२) अनुसार वहादुर साह आफैंले पनि शिक्षाको महत्त्व नबुझेको (अपठित) थिए । राजा रणवहादुर साहलाई शिक्षा दिने विषयमा (उनी) मौन रहे । रणवहादुर साहको संगततिर बिदुर साही, शेर वहादुर साही, त्रिभुवन खवास, जस्ता अशिक्षित गुण्डा, उल्लुहरुको संगत गराइदिए भनि लेख्नु भएकोछ । प्रमाण चहिनेमा आँखाले देखेको जस्तै उल्लेख गरी वेदव्यासजस्तो हुनु भएको देखिन्छ ।

१७/१८ वर्षको उमेरदेखि नै रणवहादुर साहलाई चरित्रहीन, भ्रष्ट (मुर्ख) गराइदिए भन्ने लेख प्रकाश गर्नु भएको छ (ने. सं. बृ. पृष्ट १६९) । आफु बाबुराम आचार्य कति पढ्नु भएको छ, विद्यावारीधितिर वहाँलाई के-कस्तो, क-कसले सराहना गरे भन्ने इतिहासमा पाएको कुरानै बताउँ ।

बाबुराम आचार्य र वहाँका कृति भन्ने नामको पुस्तक त्रि. वि. वि., कीर्तिपुरबाट प्रकाश भएकोमा पढे यस्तो देखिन्छ –

श्री बाबुराम आचार्यज्यूले लेख्नु भएको इतिहास सम्बन्धी ५ र बालकाण्ड १ समेत ६ वटा पुस्तकहरु प्रकाशित भएको देखिन्छ । त्यसको अतिरिक्त नेपाल-अंग्रेज युद्ध सम्बन्धि निबन्ध आठौं अध्यायदेखि दशौं अध्यायसम्म पनि प्रकाशित छ ।

वहाँले श्री सूर्य बिक्रम ज्ञवालीज्यूलाई लेख्नु भएको २० थान चिठ्ठीपत्रहरुपनि प्रकाशित छन् । त्यतिमात्र होइन बाबुराम आचार्यको घर-निवासस्थानमा गई टेपरिकर्डमा उतारिएको बाबुराम आचार्यज्यूसँग इतिहास विषयमा प्रश्नोत्तर गरिएका धेरै विषय मिले, नमिलेको पनि त्यसमा प्रकाशित भएको छ ।

डा. प्रयागराज शर्मा, डीनले बाबुराम आचार्यका साथी इतिहासज्ञ सूर्य बिक्रम ज्ञवाली (बि. ए., बि. टि.) लाई त्यो ग्रन्थ (पुस्तक) तयार भएपछि त्यसको मुल्याङ्कन गर्न आज्ञा भएको र वहाँले त्यो पुस्तक पढी बाबुराम आचार्य आफ्नो साथी भएकोले मर्यादामा जो लेख्नु पर्ने कुरो लेखी मूल्याङ्कन गरेको भूमिकामा यस्तो देखिन्छ –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१. (पृष्ठ च) वहाँको विकासवादी दृष्टिले इतिहास बुझ्न, बुझाउन खोज्नु हुन्थ्यो ।

२. (पृष्ठ छ) –

(क) वहाँको बिचारसित हाम्रो मतभेद हुनु (कुनै) आश्चर्यको कुरो छैन ।

(ख) वहाँको मत कुनै पूर्णतया ग्राह्य

(ग) कुनै अंशतः ग्राह्य

(घ) कुनै अग्राह्य

३. (पृष्ट ज) –

१. प्रमाणको निरुपण गर्ने कुरामा पनि वहाँ वडो कठोर हुनुहुन्थ्यो ।

२. हाम्रा बंशावलीहरु भरपर्दा छैनन् भन्ने बिचार वहाँको निश्चित थियो । तिनको संशोधन आफ्नो गंभिर ज्ञानको आधारमा गर्नुहुन्थ्यो ।

४. (पृष्ठ झ) –

१. बाबुराम आचार्यको लामो अवधिसम्म प्रायः मौन इतिहासको स्मरण हुन्छ ।

२. अघि (सर्भे अफ इण्डिया) का प्रमुख सर जान एभरेष्टले (हाम्रो सर्वोच्च) हिमालको नाम एभरेष्ट राख्नु भएको छ ।

३. बाबुराम आचार्यज्यूले त्यो हिमालयको नाम सगरमाथा हो भनि (विना आधार) आफ्नो अनुसन्धानद्वारा निर्णय गर्नु भयो ।

५. (पृष्ठ ट) – अब नवयुवक विद्वान्हरुले निश्चित लेख बनाउन अघि सर्नु पर्छ ।

यस्तो सूर्य बिक्रम ज्ञवालीले मुल्याङ्कन गर्नु भएको पाइन्छ ।

अब डा. स्वामी प्रपन्नाचार्य (वेदान्त पि. एच. डि.) को प्रकाशनमा वेदमा के छ (अग्नी मिले पुरोहितं) भन्ने पुस्तकमा बाबुराम आचार्यको बिषयमा यस्तो लेख प्रकाश गर्नु भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(क) पहिलेको शिक्षा पद्धतिमा आउने इतिहासलाई धुली प्रक्षेपण गर्नु त स्व-राष्ट्र र इतिहासको क्रिया गर्नु हो भन्ने उक्त पुस्तकको पृष्ट ३७ मा वहाँले दिग्दारी प्रकट गर्नु भएको देखिन्छ ।

(ख) हेमिल्टन, पृन्सेफ र हाग्सन आदि बिदेशीहरुको लेखाईमाथि चढेर हाम्रो देशको इतिहासको आन्द्रा भुँडी बनाएर कुरो थपी पूर्ति गरेर लेख्नु जसबाट हाम्रो इतिहास, बंशावली, चिठ्ठीपत्र लेखापढि, लालमोहर, जस्ता कागज बेकामि (नै) हुन्छ ।

(ग) आफ्नो भावमा वहेर आफुलाई आफैं चिन्नु होस ।

(घ) कर्तव्या–कर्तव्य बिमुख भएर चार अक्षरबाट परिचित हुनुमात्र शिक्षा होइन । आधुनिक शिक्षा शास्त्रीहरुले शिक्षालाई संकुचित व्यापक अर्थमा बिभाजन गरेका छन । कतिका त नामै मात्र गनिएको छ । संपूर्ण ब्रह्माण्डै कलेज, पाठशाला हो ।

(ङ) जन्मबाट नमरेसम्म रुख, लहरा, बुटा, चरा, किरा फट्याङ्ग्रा (पुतली), गाई, भैंसी, धुलोमाटो, आकाश, कुहिरो, पानी आदिबाट मानवलाई शिक्षा मिलिराखेकै छ ।

(च) कुनै शिक्षित व्यक्तिले मैले यति पढें भन्ने धाक लगाउँछ (त) त्यो कत्तिको रहेछ, त्यस धाकले आफैं जोखिन्छ । उसले पढे-जानेको विद्या (को) कामनै उसलाई तौलने ढक र तुलो बन्छ ।

डा.प्रपन्नाचार्य स्वामीज्यूले त्यही पुस्तकको पृष्ठ ७२ मा व्यर्थैको खोहरा (खोइरो) खनेर साँचो इतिहासको हत्त्या गरेको भनेर लेख्नु भएको छ । अर्को ठाउँमा त्यही पुस्तकको पृष्ठ १७३ मा आफ्नो (देश, समाजको) इतिहासको हत्त्या आफैं गर्दछ भने इतिहासको हत्त्यारा कहाँ खोज्न जाने ? (यस्तो पनि लेख्नु भएको छ) ।

यस्ता कुरा काहाँ के-के लेख्नु भएको छ, आचार्यज्यूको कुरो सबै लेख्न लागे यो पुस्तकको कलेवर मोटो हुन्छ । खर्च पुग्दैन भनेर संक्षेपमा यतिनै लेखियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धान्त भनेर जुन कामको बयान गरिन्छ त्यसको रूप विद्या भने हुन्छ । कामको साधन प्रयोगात्मकतिर कामै पर्दछ । सिद्धान्त र प्रयोगात्मक दुईमा कुन ज्येष्ठ र श्रेष्ट भनेर कसैलाई सोध्यो भने प्रयोगात्मक कामनै ज्येष्ठ र श्रेष्ट हो भन्ने धेरै मानिसको बोलिबचनमा पाइन्छ । विद्यालाई काम गर्ने सिद्धान्त पछि बनेकोनै भन्न पर्दछ ।

पहिले पाठशाला स्कूल, कलेज यहाँ छँदैथिएन । घरमा पण्डित राखेर आफ्ना छोराछोरीलाई पढाइन्थ्यो । धर्मसापेक्ष देखिन्थ्यो । त्यो बेलामा पुराण सुन्नु, धर्म गर्नु, आदि जति शिक्षा-दीक्षा हुन्थ्यो, त्यसमा त्यतिकै मात्राले पढाइन्थ्यो । पृथ्वीनारायण साह, वहादुर साह, अमरसिंह थापा, भीमसेन थापाले देशको उन्नति गरे । देश, समाज संगठनतिर आफुभन्दा अधिकाले के गरे, त्यो मेलो पाठ इतिहास सोधिबुझी समय र समाजको मस्तिष्कको रीति अनुसार काम गरेको सार्वभौमी थामेको देखिन्छ ।

नृत्य-नाच कति किसिमको हुन्छ त्यो समयानुसार प्रयोगात्मकले हुँदै आएको देखिन्छ । यसरी नाच्न पर्छ भनि पढ्ने नाचको विद्या पाइदैन । हेरेर काम गरेरनै जानिन्छ । खेतीपाती त्यो बेला समयानुसार हुनु, हतियार बनाउनु, खानी चलाउनु, घर बनाउनु यावत कामैको प्रयोगात्मक पद्धतिबाट ज्येष्ठ र श्रेष्ट कामैले हुन्छ भन्ने देखिन्छ । विवेक चुडामणीमा यस्तो लेखिएको छ –

अविज्ञाते परेतत्त्वे शास्त्राधीतिस्तु निष्फला ।
विज्ञातेऽपि परेतत्त्वे शास्त्राधीतिस्तुनिष्फला ॥६१॥

प्रयोगात्मक काम जानेको छैन भने विध्याध्ययन निस्फल (व्यर्थ) नै हुन्छ । पहिलेनै काम जानिसकेको छ भने त्यो कामको सिद्धान्तमा विद्याको आवश्यक पर्दैन । तसर्थ समयानुसार विद्याको महत्त्वमा प्रयोगात्मकनै ज्येष्ठ र श्रेष्ट मानिन्छ ।

तब पृथ्वीनारायण साह लेखपढमा विशेष शिक्षा प्राप्त गर्नु भएको देखिन्न (ने.सं.बृ. पृष्ठ १५४) । पादरीले पनि पृथ्वीनारायण साहलाई बरवरता बताएका छन् भन्ने (ऐ. पृ. १६७) बाबुराम आचार्यको दृष्टि देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै भीमसेन थापा अशिक्षित (ऐ. पृ. १६४), शिक्षा नपाएका वहादुर साह भन्ने र शेर वहादुर साही, विदुर साही, त्रिभुवन खवास, गुण्डा, उल्लु (ऐ. पृ. १६२) भनेर बाबुराम आचार्यको प्रकाशनमा देखिन्छ । यसबारे बुद्धिमान विद्वान नवयुवकले विवेचना गरिदिनु पर्दछ ।

अब अर्कोतर्फ कुरा गरौं, वहादुर साह थुनिएको विषयमा –

बि. सं. १८५३ फाल्गुन ११ गतेको राती वहादुर साह कैद परे (थुनिए) भन्ने बाबुराम आचार्यज्यूको प्रकाशन (पू. २७/- १७१) मा देखिन्छ । आधार दिनु भएको छैन । बाबुराम आचार्यले वहादुर साह कैद परे भन्ने पुस्तकमा कति ऐतिहासिक सूत्रहरुमा आधार दिनु भएको छ जस्तो कि कुनैमा क्रमशः बम साह, चौतारा, पदम, कतै वल्डफिल्ड र कतै अनुः भनेर आधार दिनु भएको छ । त्यो संकेत वहाँलाई नै काम लाग्ने देखिन्छ । वहादुर साहलाई थुनामा राखिदा र हत्त्या हुँदा आधार संकेत केही दिनु भएको छैन । ने. सं. बृ. पुस्तकको प्रस्तावनाको पृष्ट ५ अनुसार केवल आफ्नै तर्कले लेख्नु भएको प्रतित हुन्छ ।

वहादुर साह के कुरामा थुनिएका हुन् भन्नेतर्फ पनि बाबुराम आचार्यले नै युद्ध-खर्चको हिसाव बुझाउन नसकेर थुनिएका हुन् भन्ने प्रकाशन गर्नु भएको छ । प्रमाण, आधार दिनु भएको छैन । आफ्नो मनले तर्क गरेर लेखेको भन्न मिल्दछ । तर वहादुर साहले नुवाकोट किल्लाबाट दरबारमा लेखेको अर्जी पत्रमा र दरवारले चीनमा लेखी पठाएको १२ दफाको वदखोई पत्रमा समेत हिसाबको बिषयमा कुनैपनि सूत्र पाइदैन ।

अहिले जो १२ दफामा वहादुर साहको बदखोई गर्न परमाबश्यक परी ल्हासातिर लालमोहर लेखी पठाएकोमा मुख्यतः प्रथम सवालको बदखोई जो छ, पहिले बि. सं. १८३२ फाल्गुन महिनामा थुनिई निकालिंदाको चलानी-पत्रको मोहरमा उल्लेख भएको र यो बदखोईको १२ रौं सवालको मुद्दा अझै बढ्ता चुक्ली थपिएको देखिन्छ । १२ रौं सवालमा युद्ध खर्चको हिसाव बुझाउन नसकेर थुनिएको भन्ने उल्लेख पाईदैन । लिखितम र वखितमको कुरा मिल्दै मिल्दैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहास लेख्दा यस्तो प्रतित हुन्छ कि सर्वजित पाँडे वहादुर साहको बदखोई गर्न ल्हासा गएको २ महिना पछि आइपुगे । तिनले के खबर ल्याए भन्ने खुल्दुली इतिहासले मान्दछ ।

दरबारबाट सर्वजित ल्हासा जाँदा दुई ताजिनलाई पुन: पत्र लेखेरै हाजिरि जवाफ पठाएको हुनसक्छ । दुई ताजिनले त्यस पत्रको जवाफ के दिए ती दुवै पत्र इतिहासको लागि संलग्न हुन सकेको छैन ।

दुई ताजिनले पहिले लेखेको जस्तो काका-भतिजा मिलेर बस्नु भनेर यस समय लेख्न सकेनन् होलान् । जो वहादुर साहको बदखोई खबर सुने बुझे त्यसबाट के लेखेर पठाए थाहा हुँदैन । बदखोई सुनेर चीन बादसाहमा जाहेरि लेखी पठाउँला भन्ने दुई ताजिनको पत्रमा उल्लेख भएको हुनसक्छ । नेपाल दरबारले पनि चाहेको त्यत्तिनै हो ।

वहादुर साहले पुन: निवेदन लेखी पठाउँछन् यहाँ आउँछ मैले नलिई हुँदैन के गर्नु ? कैफियत तलब गर्नु पर्दा पुन: नेपाल दरबारमा पत्र लेख्नु पर्छ भन्ने ल्हासातिरको बिचार हुनुपर्छ ।

बदखोई गर्न जानेको दुई ताजिनले जवाफ दिएको इतिहासमा सामेल छैन भन्ने अर्थमा वहादुर साहको पुन: निवेदन ल्हासा यामन किल्लामा नआउने प्रबन्ध गर्नु होस् भनि झण्झट पन्छाएर दुई ताजिनले नेपालमा पत्र लेखेको हुन सक्दछ । यसबाट मुख्य कुरो सन्तोष भएपनि अब वहादुर साहलाई के गर्ने भन्ने त्यसबेला अवनतिकारक पक्षलाई पिर बढ्दै गएको इतिहासले मान्दछ ।

वहादुर साहलाई छोड्नपनि भएन, थुनामा राख्नपनि भएन । भालुको कम्पट अवनतिकारकलाई भएको देखिन्छ । वहादुर साहका दलपक्ष भारदार चौतरिया काठमाडौंमा धेरै छन् । थुनाबाट छुटाई काठमाडौंमा नै राखुं भने भएन, नुवाकोट किल्लामा नै राख्नपनि भएन, राख्दा सँधैको पिर खप्नु पऱ्यो । पश्चिमतर्फ गोरखामा मकवानी राजालाई थुनेजस्तै कहीं थुनामा राखुँ भने वहादुर साहको संरक्षित सामन्त राजाहरुको बल मद्दतले चाँडै छुट्ने छन् जसले राज्य थपी सामान्ती कर सलामी बिना संरक्षित गरेको हुँदा सामन्त राजाले गुन विर्सने छैनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देश बाहिर दक्षिणतर्फ निकालुँ भने वहादुर साह अंग्रेजको पोल्टामा पर्दछन् तब गजराज मिश्र, सरुपसिंह कार्कीलाई अंग्रेजलले गरेको गुन तिनीहरुले विर्सन सकेका छैनन् । तिनको भन्दा वहादुर साहलाई कतैको राज्यमा सामन्त राजा बहाली गर्ने छन् । इतिहासले पनि संझिन्छ, भविष्यमा माथवरसिंह थापालाई नेपाल नजाउ, रामनगरको सामन्त राजा भई बस भनेको उपमा मिल्दछ ।

वहादुर साहलाई पहिले बि. सं. १८३२ फाल्गुनमा कल-छल-बलले बाहिर निकालेको पनि हो । वहादुर साहले अंग्रेज पादरीलाई गुहारी गरेकामा तिनले पत्र लेखी दाज्यू प्रतापसिंह साहको निगाहपात्र गराउन खोजेका थिए । पछि महारानीको न्यायमा काठमाडौं आएर सौत्यानी पक्षलाई पन्छाए, निकालिदिए । त्यसो भएको हुनाले अंग्रेजतर्फ बहादुर साहको संस्कृति ताजानै छ । त्यसैले दक्षिणतिर निकाल्नु भएन ।

उत्तर-पूर्वतिर निकालुँ भने चीन बादसाहको दर्शन भेट गर्न पाउँ भन्ने वहादुर साहको लेखापढि पत्रबाट चीन बादसाहको पनि ठूलो निगाह देखिन्छ । छोड्नु न थुन्नु भयो भनेर दरबारिया अवनतिकारक पक्षलाई ठुलो चिन्ता परेको इतिहासले बक्दछ ।

थुनामा राखिएका वहादुर साह मारिए । कसरी मारिए त्यसको उपक्रम बताउँदा यस्तो देखिन्छ –

बि. सं. १८५४ आषाढ १४ गते वहादुर साह आर्यघाटमा परलोक भए भन्ने बाबुराम आचार्यको प्रकाशन (पू. २७/- १७१) मा छ । आर्यघाटमा परलोक भए भनिदा व्यथाले सान्हो भएर पशुपतितिर घाट लगेकोमा आर्यघाटमा परलोक भएको भन्ने सझिइन्छ ।

बाबुराम आचार्यको अर्को प्रकाशन (ने. सं. बृ. पृष्ट १०४) मा नुवाकोट किल्लामा वहादुर साह थुनिएको भन्ने नलेखी काठमाडौं भीमसेन स्थानलाई दाहिनेतिर पारी ओरालो झरी बिष्णुमती पुलको सन्निकट (२०२२ को प्रकाशनमा) अचेल परोपकार अनाथालय रहेको ठाउँको पाहुनाघरमा वहादुर साह थुनिएका थिए भन्ने छ । एक दिन गुप्त तरिकाले यिनको हत्या गरियो भनेर वहादुर साह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परलोक भएको स्थान पाहुनाघरलाई देखाउनु भएको छ । आधार दिनु भएको छैन । वहादुर साहको हत्त्याको दोष बिदुर साही र शेर वहादुर साहीलाई लगाउनु भएको छ । उनीहरुले के बैमनष्यतामा हत्या गरे, प्रमाण खोज्दा पाउन सकेको छैन । आचार्यज्यूले पनि रहस्यको प्रमाण, आधार दिनु भएको छैन । बिदुर साही र शेर वहादुर साहीको सल्लाहबाट भन्ने एक ठाउँमा र उनीहरुको सहयोगले वहादुर साहको हत्या भएको भन्ने अर्को ठाउँमा उल्लेख गर्नु भएकोछ । **सल्लाह** र सहयोग दिने लिने अरू व्यक्ति खुलाउनु भएको छैन । सल्लाह र **सहयोग** बाक्य अनुसार ठुलो गुट बनेको यस सूत्रले देखाउँछ । अरु कसको सल्लाह र कसको सहयोगले हत्या गरेको हो, खुलेन ।

वहादुर साहको (यस प्रकारको) हत्या हुँदा देश, समाजमा ठूलो आतङ्क फैलियो । भारदारहरु मुखले (त) बोल्न कसैको हिम्मत थिएन भन्ने (ने. सं. बृ. पृष्ठ १६३) मा बाबुराम आचार्यले लेख्नु भएको छ । यस लेखाईले अवनतिकारक पक्ष र उन्नतिकारक पक्ष दुई दल रहेका छन् भन्ने प्रष्ट प्रमाणित इतिहास बन्दछ । अवनतिकारक दल पक्ष शक्तिशाली भएकोले भारदारहरुको बोल्ने हिम्मत नभएको हुनसक्छ । तर चौतरियाहरुले बोलेकामा सजायँ पाएको तथ्य वहादुर साहको जीवनी बितिसकेपछि वहादुर साहको जीवनीको उत्तरार्धमा तल बताइनेछ ।

वहादुर साहको मृत्यू कसरी, कुन प्रकारले भयो भन्ने बाबुराम आचार्यले उल्लेख गर्नु भएको छैन । हत्या गर्ने सल्लाह र सहयोग गर्नेको केही नाम दिनु भएको छ । के-कस्तो प्रकारले हत्या भयो भन्ने कुरामा स्व. कवि कृष्ण प्रसाद घिमिरेज्यूको राष्ट्रिय चरित्र नामक नेपालको इतिहास भन्ने पुस्तकमा पाइन्छ । त्यसको सोन्हौं सर्गको पृष्ठ १०७ मा यस्तो लेख प्रकाश गर्नु भएको छ –

राजा र राज्यतर्फको वहादुर साहको केही दोष कसुर थिएन । दोष भँडुवाहरुको नै थियो । वहादुर साहको तर्फ अनेकौं बदखोई कीर्ते पत्र लेखे, लेखाएर जाहेरी दिएर ती भँडुवाले काका-भतिजा नातामा वैमनष्य गराएपछि वहादुर साह थुनिएका थिए भन्ने लेख्नु भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै अरु लेख्नु भएको छ – वहादुर साह थुनिएपछि (के कुराले हो थाहा हुन नसकेको) वहादुर साहको हात बाँसमा बाँधेर तातो (पोल्ने) तेल छ्यापी-छ्यापी वहादुर साहको हत्या गराए भन्ने इतिहास प्रकाशन गराउनु भएको छ । प्रमाण-आधारतर्फ मुमारानीको प्रसंगमा कुरा चलेको भन्ने त्यस पुस्तकमा उल्लेख गर्नु भएको छ । मुमारानी भनेको को हुन्, त्यो कुरा खुलाउनु भएन ।

ल्हासामा बसेका चीनका प्रतिनिधि दुई ताजिनकहाँ चीन बादसाहका आर्तनाद पत्र-निवेदन लिई जाने को हो, कसलाई बुझाउन पठाएको हो, तिनको नाम के हो नबताएर नै हुनसक्छ, वहादुर साहको कायरतापूर्वक हत्या गरियो ।

अर्को कुरा नुवाकोटको जङ्गलमा रुमालले मुख छोपेको लास (मुर्दा) फालिएको छ कसको हो भनि नुवाकोट गाउँघरमा खैलाबैला चलेकोले हाम्रा पुर्खाले हेर्न गएछन्, साँचै देखेछन् । किल्लाघरको पालेले वहादुर साहको लास फ्याँकिएको हो, कसैलाई नभन्नु भनेको छ भनि भनेको रहेछ । पछि यो कुरा नुवाकोटका धामीका सन्तानले नुवाकोट भैरबीमा योगी श्री नरहरिनाथ: ज्यूसँग कुरा हुँदा सुनेको हो ।

यस प्रकार विभिन्न लिखित प्रमाण-आधार र अलिखित तर सत्यको बलियो घटनाक्रम एवं तथ्यले बाहादुर साहजस्ता देशको महान हस्तीको निर्मम र कायरतापूर्वक हत्या भएको हो । त्यस समयको कठोर दण्ड, सजायँ, यातना एवं हत्या गर्ने परिपाटिको फेहरिस्त (सिलसिला) बाट पनि थाहा हुन्छ कि वहादुर साह यस प्रकार षडयन्त्रपूर्वक हत्या गरी मारिएका रहेछन् ।

त्यसरी, वहादुर साहको हत्या गराउन सफल अवनतिकारक पक्षका भँडुवाहरुले जे-जस्तो कुत्सित चाल चलेतापनि वर्षौं अघिदेखि शासनमा सक्रिय रही बयश्क उमेर (२२ वर्ष) पूरा गरेका राजा रणवहादुर साहलाई केही अनुभव, ज्ञान र विवेक हुनु पर्ने थियो । तर, आफैंपनि षडयन्त्रमा संलग्न भएरनै हो कि, के हो ? यसबारे आफ्नो बुद्धिले ठिक, बेठिक छुट्याउन नसकेको रहेछ भनेपनि कमसेकम एक पटक भारदारी सभा राखी निर्क्योल गराउनुपर्ने थियो । तर, उनले त्यसो गर्न आवश्यक ठानेनन् र गरेको देखिदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी वहादुर साहको मृत्यू शक सम्वत १७१९ आषाढि अमा.उ.प्र.घ. २ मृता ३९ भनि महेशराज पन्तज्यूको प्रकाशन (पू. ६४/- २०) मा लेखिएको छ । बिक्रम सम्वतमां भन्दा वहादुर साहको हत्या (मृत्यू) १८५४ आषाढ १४ गते भएको हो ।

वहादुर साह राष्ट्रिय विभूति हुन्, उनको जन्मदेखि आद्योपान्त बयान गरिदै आएको छ । वहादुर साहको हत्या भएको उपमा दिंदा येशू ख्रीष्टको उपमा हुन सक्दछ । येशू खीष्टको उपमा येशू क्रिश्चियन भएकोले दिइएको कदापि होइन । येशू ख्रीष्टले क्रिश्चियनहरुका लागि धर्म मार्ग दर्शनको काम गरेर, आफ्नो शरिरको कठोर बलिदान दिए !

वहादुर साहले आफ्नो जीवनको अन्तिम क्षणको पूर्वसम्म नि:स्वार्थपूर्वक देश, समाज र नरेशको भलो चिताई महान् काम-कर्तव्य निर्वाह गर्दा गर्दै बदलामा अति क्रुर र कायरतापूर्वक हत्या गराइयो । जुन देश र समाजको तत्कालिन अवनतिकारक शासकवर्ग (पक्ष) को एक अत्यन्त नीच कर्तुतनै थियो । यस अर्थमा यहाँ वहादुर साहको उपमा येशू खीष्टसँग गरिएको हो ।

येशू ख्रीष्ट स्वार्थी थिएनन् । धर्मको व्याख्या गर्दा फाँसि दिएको देखिन्छ । पछि झँल्यास्स व्यूँझेर उनकै नाम र कामबाट इशाई मत प्रचार भयो । अपराधको याचनामा इशाईका परम्परासम्म टाई बाँधिरहेको देखिन्छ ।

बहादुर साहपनि देश नरेश र समाजको प्राणप्रणले सेवा गर्दै, उन्नति गर्दै देश नरेश समाजलाई सुख दिन्छु भन्दा भन्दै अवनतिको फेरले हत्या भयो । येशू ख्रीष्टकोभन्दा वहादुर साहको क्रुर कष्ट दिएर प्राणान्त भएको इतिहास देखिन्छ । तर, इतिहास लोप गर्दा संझाई बुझाई भएन र नेपाली समाज झँल्यास्स वयूँझिएन । तसर्थ हाम्रो देश समाजमा अवनति हुँदै आएको छ । इशाई मतले जन्मजयन्ति मनाउने गर्दछ । हामी नेपाली (हिन्दु) हरुको जन्म दिनको तिथि-मितिमा जन्मजयन्तिका साथै पूजापाठ गर्ने परम्परागत प्रचलन पनि रहिआएको छ । तर, नेपालका एक हस्ती बहादुर साहको बारेमा यस किसिमको चलन चलेको देखिएको छैन । हाल सर्वप्रथमत: अन्तर्राष्ट्रिय मञ्च (मासिक पत्रिका) बाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वहादुर साहको जन्मजयन्ति मनाई सो सन्दर्भमा अरु विविध कृयाकलापहरुपनि सञ्चालन गर्ने जुन शुभारम्भ भएको छ, वास्तवमा नै त्यो एक पुनीत कार्यमात्र नभएर महान विभूतिको सम्झना एवं सम्मानमा मनन् योग्य र उदाहरणीय कार्यपनि हो । यस्तो जन्मजयन्ति मनाउनेमा हाम्रो पनि मत र वचन छ । नेपाली समाजको लागि बीरभोग्या बसुन्धरा भन्ने पुस्तकको श्लोक ३ पढौं–

यास्मिन देशे बीर पूजा बशुधातत्रनन्दति ।
यास्मिन कुले बीर पूजा तत्कुलं भूविनन्दति ॥
सुध्देतिहास पाठेन सुध्दं ज्ञानं भवेदभुवि ।
असुध्देनेतिहासेन फलज्ञानं च तादृसम ॥

सुवर्ण-पुष्पितां पृथ्वीं विचिन्वन्ति नरास्त्रय: ।
शूरश्च कृतविद्यस्च यस्चजानाति सेवितुम ॥

अर्थ :-

१. जुन देशमा बीर पूजा (वडामहाराजा श्री ५ पृथ्वीनारायण साहको जस्तो जन्मजयन्ति बीरपूजा) मनाउछन् त्यहाँको भूमी जनता सानन्द रहन्छन् । जुन कुलमा बीरपूजा (राजाको जन्मजयन्ति र अरुको स्मृति दिवस मनाउँछन् जस्तो कि अहिले (वडा) अमरसिंह थापाको र भीमसेन थापाको स्मृति दिवस) मनाउँछन्, त्यो कुल भुमण्डलमा सानन्द रहन्छ ।

२. शुद्ध इतिहासको पाठले छुटेको कामको मेलो बस्दछ । असुद्ध इतिहासको पाठले फलज्ञान असुद्धै हुन्छ ।

३. एउटै तेजस्वी सूर्यले विशाल भूमण्डलमा प्रकाश गराएझैं सुवर्ण जस्तो फूलको उपमालाई प्रकाशित गरेजस्तै एउटै शूरबीरले सारा संसारलाई आलोकित गरिदिन्छ ।

वहादुर साहले सानो नेपाललाई बिशाल गरेको अब जो बाँकि बच्यो त्यही ठुलो जनतामा देखिन्छ । त्यस्ता सुपुत्र जन्मिउन भनेर येशू खीष्टमा गरेजस्तो प्रतिमा (सालिक) थाप्ने काम गरी वहादुर साहको जन्म दिवसमा फुलमाला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चढाएर वहाँले देश बढाएको, थामेको, १०० पल्टन फौज (सैनिक) बनाएको, (ने. सं. बृ. पृष्ट १४३) इत्यादी स्मरण गर्नाले देशको वास्तविक इतिहासको बोध हुनेछ । अतीतको बास्तविकता (तथ्य) लोप हुन पाउने छैन । यसबाट आजको देश, समाजले र भोलिका कर्णधारहरुले भबिष्यमा हाम्रो देश, समाजलाई कुन बाटोमा कसरी अघि बढाउने भन्ने बारेमा सही मार्ग निर्देशन हुन सक्नेछ र यसैमा हामी सबैको उज्ज्वल भविष्य सुनिश्चित छ भन्ने व्यहोरा यस पुस्तकले बिनम्र प्रार्थना गर्दछ ।

वहादुर साहको हत्या भएसम्मको मात्र कुरा गरेर पुग्दैन । वहादुर साहलाई चिन्न जान्न अझै बाँकि छ । कमसेकम अब ४३ वर्षसम्मको अवनति भनेर वहादुर साहलाई चिन्न सकिन्छ । त्यसपछि अंग्रेज समर्थन नीति भयो ।

वहादुर साह वडामहाराजा पृथ्वी. को सार्वभौमी नीतिको र समाज सुधारकमा अग्रगण्य रहेछन् भन्ने माथि पढिसकियो । त्यस्ता देशका महान विभूतिलाई अवनतिको अन्धकारमा नचिनेर उल्टो उनको वडो कठोर (क्रुर) सुन्नै नसकिने किसिमले षडयन्त्रपूर्वक हत्या भएको बयान पढिसकियो । भविष्यमा भीमसेन थापाको (६/- ६५९) समयसम्म बाँचेका भए वहादुर साहको अलङ्घ्य नीति सफल हुने थियो । विश्वमा सार्वभौमी मातृदेशको कस्तो उन्नति हुने थियो । पाल, चल्ल, मल्ल, लिच्छवीका समयको र छुट्टा राज्यको यस भेगको सार्वभौमी हक सुधार्ने काममा देश समाजको कस्तो उन्नति हुने थियो । अहिले बिदेशी राष्ट्रको बिशालता र समाजिक उन्नतिको महत्त्व सुन्दा छक्क पर्नु पर्नैनै थिएन । के गर्नु वहादुर साहको अवनतिकारक पक्षद्वारा षडयन्त्र र कायरतापूर्वक निर्मम हत्या भयो । त्यसरी हत्या हुँदाको मिति बि. सं. १८५४ आषाढ १४ गते सम्म वहाँको उमेर ४० वर्ष, ८ दिनको थियो ।

त्यसपछि वहादुर साहको नीतिमा क्रमशः आघात पर्‍यो । कुमाउ श्रीनगर छोड्नु परेर महाकाली (शारदा) नदीसम्म हट्नु परेको देखिन्छ । भीमसेन थापाको हत्या भएको बि. सं. १८९६ आषाढ महिना बिताएर श्रावण महिनामा अंग्रेज समर्थन नीति लागु भयो । अलङ्घ्य नीति कस्तो हो, कस्तो थियो भन्नेबारे सबैलाई खुल्दुली पर्ने भएकोले अलङ्घ्य नीति यस्तो थियो भन्ने दर्शाउँ –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भारतमा व्यापार गर्न आएका समुन्द्र पारीको अंग्रेजले भारतमा व्यापार गर्दा धनी भयो र फुर्तिलो बन्यो । त्यसबेला भारतको स्थिति कस्तो थियो भन्ने कुरामा राजा नबावमा मेल थिएन । तब अंग्रेजले आफ्नो संरक्षण नीतिमा राजा नबावका चित्त बुझायो । चित्त बुझेका भारतीय राजा नबावको अंग्रेजले शक्ति (पावर) लियो । रहँदा बस्दा शक्तिको मजबुतिले भक्षण नीति चलायो ।

अंग्रेजले राजा नाबावमाथि शासन गर्दा राजा नबावमा कोहोलो चल्यो । कसले हाम्रो देश हडप गरेको र बाँकि देश थामी देला भन्ने गाऱ्हो साऱ्होमा नेपालको नीति देख्यो । वहादुर साहले चलाएका सामन्त राजाहरुको स्थिति बुझ्यो । सामन्त राजाहरुको सैनिक सामन्त राजाहरुमै रहने र नेपाललाई केही कर रकम सलामी बुझाउन नपर्ने देखे । तब, भारतका राजा नवावले नेपाललाई अँगालो हाले । तब, अलङ्घ्य नीति आविष्कार भयो ।

यही अलङ्घ्य नीतिको प्रशासन चलाउने आविश्कारमा बि. सं. १८७७ मा लेखापढि भएको प्रमाण इतिहास प्रकाश सन्धि-पत्र संग्रहको (६/- ६५९ देखि ६६४ पृष्ठ सम्म) लेखापढि भएको सबुद देखिन्छ । त्यो यस्तो छ –

अलङ्घ्य शासन – गोरण्डा ख्यो मलीम् लुच भन्ने संस्कृत कवितामा (पं. वाणिनिधिले लेखेको) ५० श्लोक बि. सं. १८७७ मंसिर महिनामा मध्य भारत, महाराष्ट्र, राजस्थान, कास्मिर आदि ठाउँठाउँमा पठाएको भनि लेखिएको छ ।

त्यसबेला राष्ट्रिय भावना कस्तो थियो भन्नेवारे पृथ्वीनारायण साह, वहादुर साहलाई संभिइन्छ भन्ने कुरा प्रष्ट लेखेर अरु त्यसमा लेखिएको मूल पुस्तक राज पुस्तकालय, बीर पुस्ताकालय घण्टाघर (काठमाडौं) मा छ अरु लेखिएको यस्तो छ –

अलङ्घ्य शासन नीति, कविता इत्यादि नाम लेखिएको छ । यसका आदि र अन्त्यमा (श्री ५) राजेन्द्र (मन्त्री) भीमसेनका प्रसस्तिपनि छ । अरु यस प्रकार लेखेको छ –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाणिनिधिका सन्तान अद्यापि छन् भन्नेपनि लेखिएको छ ।

त्यो कुरा सत्य भनि प्रमाणित भएको अर्को आधार प्रमाण यो छ कि बनारस निवासी रामजि उपाध्यायले "नेपाल दिग्दर्शन" भन्ने इतिहास लेखे । उक्त पुस्तकको पाना २८५ मा लेखेको छ कि भारत आदि सूदुर देशका राजा नबावहरु माथि जुन नेतृत्व पालन गर्न नेपालले पत्र व्यबहार गऱ्यो यसको महत्त्व सार्‍है बिशाल देखिन्छ । विदेशका राजा नबावहरुको नेपालको राजदरबारमा र नेपालका राजदूतहरुको ती राजा नबावहरुका दरबारमा जाने आउने दोहोरो सौगात सन्धि व्यबहार यो बेला चल्यो ।

यसरी राष्ट्रिय संगठन खुलेआम वहादुर साहका प्रासादमा भएकोले भीमसेन थापा राम्रै भई अंग्रेजका विरोधी देखा परे (यस्तो लेखिएको छ) । अरु लेखिएको देखिन्छ कि –

भारतीय राजा नबावहरुको नेतृत्व नेपालले लिनु पूर्व शारदा (महाकाली) नदी पश्चिमको भू-भाग कुमाउ, श्रीनगर सहित १२ वटा राज्य गुमेकोमा भीमसेन थापाको कार्यनीति ती राज्य पुन: प्राप्त गर्नेतिर देखिन्छ । यो कुरा कस्तो हो भने बम साहले शारदा नदी (महाकाली) को पश्चिम अंग्रेजलाई सुम्पेको कुरामा पुन: प्राप्त गर्न वहादुर साहका अलङ्घ्य नीति सफल गर्छु भनेर त्यसबेला त्यो भू-भागको कुरा खुलेको देखिदैन ।

अंग्रेजहरुबाट जितेर फर्काएको समस्त भारतीय भू-भागमाथि हामी भारतीय राजा नबावले नेपालेश्वरको अधिनता (सार्वभौमी) मान्ने छौं ।

हामीले नेपालको मद्दत पाई विजयलाभ गर्न सक्यौं र बिदेशी सरकार (अंग्रेज) लाई धपाउन सक्यौं भने हामी नेपाल सरकारलाई गंगावार (अंग्रेजले हड्प गरेको) उत्तर भारतको प्रदेश नजरानामा चढाउने छौं भनि अवधका अन्तिम नबाव बृजिस कद्दरले लेखेका थिए भन्ने वहादुर साहलाई सम्झाउने दिग्दर्शनले देखाउँछ ।

यस्तो लेखको उतार बि. सं. २०२३ मा प्रकाशित रणवीरसिंह थापा (एउटा उत्सर्गमय जीवन तत्कालिन समाजको संक्षिप्त चित्रण) को पृष्ठ ९३ मा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखिएको छ । ६ महिनाका राजकुमार देवेन्द्रलाई विष खुवायो, मार्‍यो भन्ने मुद्दामा थुनिएका जनरल भीमसेन थापालाई थुनामा भुत्ते खुकुरी लगी सेरेर मार्‍यो । मरेको र भुत्ते कुखुरीलाई देख्ने अंग्रेज हेमिल्टन भएकोले अलङ्घ्यनीति उलंघन भयो । वहादुर साहको अलङ्घ्य नीति र तपस्या फलिभूत हुन पाएन । यही थियो अलङ्घ्य नीति ।

अब माथिको कुरातिर जाउँ । उन्नतितिर वहादुर साहको हत्या भएको ३ महिना, ५ दिन समय बितेर बि. सं. १८५४ आश्विन १९ गते श्री ५ रणवहादुर साहकी कान्छी महारानी कान्तिवतीतिर श्री ५ गिर्वाणयुद्ध बिक्रम साह युवराजको जन्म भयो (पू. १०/- ४९, ५०) र (श्री ५ रण.- चित्तरञ्जन पृष्ठ २४) ।

वहादुर साहको निर्मम तरिकाले हत्या भएछ भन्ने यसै बेला चौतरियाहरुले थाहा पाएछन् (प्रा. ने. २४/- ४) । यस्तो सार्वभौमी देश बनाउने, थाम्ने क्षमता भएका चेपे नदीले पश्चिम कुमाउ श्रीनगरको पनि पश्चिम जमुना नदी साँध पुर्‍याउने र प्रशासन सुधारकलाई हत्या गरेको सुनेर अशान्तिले उग्ररूप लियो (डि. जि. हस्तलेख बंशावली) । कुनै कुराको निहुँबाट कुलचन्द्र साही र पहलमान साहीका छोरा सहित चारजना चौतरियाहरुको आँखा फोरी काना तुल्याइदिए (प्रा. ने. २४/- ४) र (डि. जि. हस्तलेख बंशावली) । यसबाट चौतरिया पक्षले केही बोल्न नसक्ने भई थचक्कै बसे भन्ने हस्तलेख बंशावलीमा यस्तो पाइन्छ –

महारानी कान्तिवती रूग्ण (रोगी) भएकी र राजा र रानी दुईका बीच एकजनाको अन्त्य हुनेछ भन्ने ज्योतिषबाट हल्ला चलेर हो कि ? इतिहासमा यस्तो छ –

राजा रणवहादुर साहमा चिन्ता पर्‍यो । यसको बचाउ के गर्ने भनेर राजाले सोध्दा रेशुंगाका स्वामी शशिधरले राजपद छोडी गृहस्थीयोगी हुनुपर्छ भनि सल्लाह दिएकोले त्यो मत राजा रणवहादुर साहले अपनाए (जोसमनि सन्त परम्परा र साहित्य पृष्ठ ६५, ६६) । गृहस्थी योगी हुनु सजिलै रहेछ भनेर शशिधरलाई गुरु माने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा रणवहादुर साह गृहस्थी योगी हुनेमा देखा परे । यसमा सिफारिस गर्ने कीर्तिमानसिंह बस्नेत भन्ने बाबुराम आचार्यको (ने. सं. बृ. पृ. १०५) प्रकाशनमा पाइन्छ । तर आधार दिनु भएको छैन ।

कान्तिवती महारानी क्षयरोगले बिरामी भएको २ वर्षभन्दा बढि भैसकेको थियो । त्यो बेला क्षयरोग लागेपछि हजार दिन बाँच्ने भन्ने भनाई थियो । ३ महिना बाँच्नपनि महारानीलाई मुश्किल थियो । तब महारानीले आफ्नो भर्ता राजा रणवहादुर साहको कबुल अनुसार छोरा राजा भएको देख्न पाउँ भनि निवेदन गरिन् भन्ने इतिहासले बोल्दछ । तब, गृहस्थी जोगी हुने मेलोमेसो च्याङ्गठ्याङ्ग मिल्यो ।

राजा रणवहादुर साह २३ वर्षकाले डेढ वर्षका छोरा गिर्वाणयुद्ध विक्रम साहलाई राज्य दिने खबर विदेशका छिमेकी राष्ट्रहरुमा पत्र जताततै गयो र यसरी राज्य छोडेर आफुले नेपालमै रहनु परेको कुरो लण्डन-नेपाल पुस्तकको पृष्ठ ७० मा यसको रहस्य बताइएको छ भनिन्छ ।

डेढ वर्षका बालक गिर्वाणयुद्ध विक्रम साहको बि. सं १८५५ फल्गुन ११ गते राज्याभिषेक भयो (६/- ४०, ४१) । यति काम सकेर ८ महिना बाँची महारानी कान्तिवती बि. सं १८५६ कार्तिक १९ गते परलोक भईन् । स्वामी रणवहादुर साहलाई कहिल्यै नपरेको सहन मुश्किल चोट छट्पटि परेको इतिहासमा उल्लेख पाइन्छ ।

बि. सं. १८५६ माघ १० गते रातको ५ घडी बितेको समयमा बालक राजा गिर्वाणयुद्ध बिक्रम साहलाई मन्त्री दामोदर पाँडेले के-कस्तो बिचारले हो, भविष्यमा यसको रहस्य इतिहासले नै देखाउँछ, काठमाडौंमा रहँदा बिफरको रोग सर्छ बिरामी हुन्छन् भन्ने निहुँले स्वामी महाराजको साथ छुटाएर (पश्चिम १ नं) नुवाकोटमा लगे । समय भएको भए ४/५ घण्टाको बाटो त्यसै दिन पुगिने थियो । कुरो खुल्दैन, माघ २० गते मात्र नुवाकोट पुगेको इतिहासमा उल्लेख छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा गिर्वाणलाई नुवाकोट पुऱ्याएपछि राजधानीनै नुवाकोटमा सारिएको भन्ने इतिहासमा पाइन्छ । यसबाट पनि दामोदर पाँडेलाई काम गर्न सन्तोष भएन र बि. सं १८५६ चैत्रको शुरुमै स्वामी राजा रणवहादुर साहलाई नजरबन्दीमा थुनी राखी परपजनी प्रशासन चलाउने भन्ने दामोदर पाँडेले गुप्त सभा गरे भन्ने बलभद्र साहले काठमाडौं आई स्वामी रणवहादुर साहलाई जाहेर गरे भन्ने इतिहासबाट देखिन्छ ।

यसबाट प्रष्टै दुई पक्ष इतिहासमा देखा पऱ्यो । नुवाकोटतर्फ र काठमाडौं पाटनतर्फ । आफ्नो-आफ्नो शक्ति संगठन बढाउन दुवैतिर पत्र व्यवहार भएको देखिन्छ । इतिहासको लेख बढ्छ भनेर यतिसम्म संकेत दिइयो ।

दामोदर पाँडेले काठमाडौंतिर सैन्यको मोर्चा बढाउँदै मुडिखु (?) ककनी, पाँचमाने फेदीसम्म मोर्चा बढाइसकेको स्वामी राजा रणवहादुर साह र उनका दल पक्षले थाहा पाए ।

यो देखेर स्वामी राजा र उनका पक्ष आत्तिए । स्वामी राजाले विचार गरे, पक्राउमा परी थुना नजरबन्दीमा रहनु भन्दा त जीउ बचाई भाग्नै जाति भनि कोष भण्डारमा रहेको सम्पतीबाट चाहिंदो खर्च लिई बि. सं. १८५७ ज्येष्ठ ८ गते स्वामीज्यू स्वदेश छोडी विदेशतिर भागे (ऐतिहासिक विवेचना पृष्ठ ३५५ र ई. प्र. अं. १ पृष्ठ ४१) । साथमा जाने भारदारहरुको नाम इतिहास (पू. १०/- ५१) मा देखिन्छ ।

यसरी ज्येष्ठ ८ गते राती घडी ५ जाँदा दरबारमा पनि थाहा नदिई गुप्त चालले हिंडेर ज्येष्ठ ११ गते सोमबार त्रयोदशी रात्री घडी ०/३० जाँदा आफ्नो राज्य सीमाना नेपाल पार भएर भारतको देशमा टेक्न पुगे । ९ दिनमा काशी बनारस पुगेको (पू. १०/- ५१) उल्लेख छ ।

वहादुर साहको संगत छोडेर उनको हत्या गरी दामोदर पाँडेको संगतले यस्तो भुक्तमान खेप्नु परेको स्वामी रणवहादुर साहले दुःख परी मनमनै बुझे हुनन् । बनारस पुगेर के-के भयो इतिहास लेख्न थाले ग्रन्थ ठूलो हुन्छ । वहादुर साहको जीवनी परिशिष्टमा, अब काठमाडौंतिरको कुरा गरौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बि. सं. १८५७ ज्येष्ठ १७ गते भारदार चौतरिया समेतको थमौति पजनी मन्त्री कीर्तिमानसिंह बस्न्यातले गरे । त्यसबेला बालक राजा गिर्वाणयुद्ध विक्रम साह नुवाकोटबाट काठमाडौं हनुमानढोका दरबारमा ल्याएको देखिन्छ ।

कीर्तिमानसिंह बस्न्यातले सिपाहीदेखि भारदार चौतरियासम्मको थमौती पजनी गरे भनेर (पू. २७/- १७२) इतिहासमा उल्लेख भएको देखिन्छ । त्यस्तो अधिकार प्रमाण देखिदैन । रहस्यपनि बुझिदैन के हो ? यही थमौती पजनी गरेको कारणले हुनसक्छ, थमौती पजनी गरेको मितिले ४ महिना पछि बि. सं. १८५७ आश्विन १५ गते राति कीर्तिमानसिंह बस्न्यात हनुमानढोका दरबारको खालि कोठामा रहस्यमय तरिकाले मारिए । मार्ने को हो, थाहा भएन र सभा बस्यो भन्ने कुरा बृहद लामो छ, त्यो कुरा अहिले छोडौं ।

कीर्तिमानसिंह मार्ने पाँडे हुन् भन्ने काशीमा बसेका स्वामी रणवहादुर साहले थाहा पाएपछि कीर्तिमानसिंहको आमा र दाज्यू-भाई समेतलाई नेपालमा पञ्जापत्र लेखेकामा पाँडे भन्ने पाइन्छ (ई. प्र. अं. १/- १५, १८) । यो कुरा इतिहासज्ञ विद्वान्हरुले नै जान्नु होला के हो ?

नेपालमा रहने भारदारहरु गिर्वाण बालक राजाको निमक खाएका छौं भनेर तटस्थनै भएर रहे जसरी बि. सं. १८३४ मा भारदार तटस्थ रहे र महारानी राजेन्द्रलक्ष्मीको निसाफ दिन कर लाग्यो । त्यो देखे, बुझेका भारदारले थमौति पजनीले भारदारहरुको संगठन भएको हुनसक्छ ।

दामोदर पाँडेले कोतपर्व जस्तो गर्न सकेनन् । अब के गरौं भनि अंग्रेजको भरोसा नलिई हुँदैभएन भनेर यस्तो काम गरे –

अंग्रेजको निमेकदारी भएर अंग्रेजकै सेवामा बसेर आफ्नो घरपनि बनारसमै भएको गजराज मिश्रलाई पत्र लेख । त्यो पत्रको साथमा अंग्रेजलाई पनि पत्र लेखेर बनारस पठाए ।

यस्तो अवस्थामा दामोदर पाँडेलाई सन्तोष थियो भन्न सकिन्न । शान्तिको निमित्त दामोदर पाँडेले आफ्नी पत्नी अयोध्या र छोराहरु ५ जना समेत लिएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बि. सं. १८५८ आषाढ शुक्ल चौथिमा नुवाकोटमा काम सिद्ध गर्न गए । वहादुर साहले पनि नुवाकोट भैरबीमा पूजा पाठ लगाएको थियो भन्ने देखी भैरबीमा आफ्नो अभिष्ट सिद्धी कामनाले तन्त्रमन्त्रसाथ पूजा गरी घण्टाभिलेख राखेको (प्रा. ने. १०/- ४१, ४२) देखिन्छ ।

त्यो घण्टाभिलेख संस्कृत श्लोकमा छ – दामोदरको नाम, उनकी पत्नी अयोध्याको नाम, छेराहरुको नाम ज्येष्ठताको रोल-क्रमले करबीर, रणजङ्ग, रणदल, कीर्तिबम, ललितबम यस्तो देखिन्छ ।

बाबुराम आचर्यले यसो लेख्नु भएको छ कि बाबुराम आचार्य र वहाँका कृति भन्ने पुस्तकमा वहाँको लेख प्रकाश देखिन्छ । दामोदर पाँडेका बाबु काजी कालु पाँडेको छोरा ज्येठा र साहिंलाको नाम दिनु भएको छैन । ज्येठा बंशन्तराज, साहिंला रणशूर पाँडे इतिहासबाट नाम पाइन्छ । माहिला बंशराज पाँडेलाई ज्येठाको स्थानमा र कान्छा दामोदर पाँडेलाई उनकै कान्छाको स्थानमा देखाउनु भएको छ । अब दामोदर पाँडेको छोराहरुको कुरा गरौं ।

क्रमश: जङ्गकेशर, रणकेशर, रणजङ्ग, रणदल, करबीर नाम दिनु भएको छ । त्यो अभिलेखमा मिल्दै मिल्दैन, कहाँबाट लेख्नु भएको हो । प्रमाण-आधार दिने बानि वहाँको परेकै छैन जस्तो छ । बाबुराम आचार्य र वहाँका कृति भन्ने पुस्तकको पृष्ठ ७३ मा लेखिएको पाँडे बंश बताइयो ।

दामोदर पाँडेले अंग्रेजलाई नेपालको शासन चलाउन निमित्त अंग्रेजलाई अंगालो हालेर बनारस बस्ने गजराज मिश्रलाई लेखेको चिट्ठीको जवाफ आयो । त्यो यस्तो छ –

बि. सं. १८५८ कार्तिक वदी (सन् १८०१ अक्टुवर ३० तारेख) को दिन भएको सन्धि-पत्र अंग्रेजको स्वीकृति भइआयो कि जसलाई बि. सं. १८५८ कार्तिक १२ गतेको सन्धि भन्दछन् (श्री ५ रण.– चित्तरञ्जन. पृष्ठ ६१) ।

यो सन्धिलाई बाबुराम आचार्यले (ने. सं. बृ. पृष्ट ११३) खतर्नाक सन्धि भन्नु भएको छ । पुर्खाका अन्नदाताको सन्तानलाई अवगाल नपरोस् भनेर बेप्रमाणितले कुरा तर्काउनु भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो सन्धि-पत्र पढी-बुझी प्रो. ढुण्डिराज रेग्मीज्यूले बि. सं. १८५८ को सन्धि-पत्रको सच्चा रुपले नामाकरण गर्ने हो भने मेरो बिचारमा त यस सन्धि-पत्रलाई देश बेचुवाको नामले सम्बोधन गर्न मिल्छ भन्ने नेपाल देशको ऐतिहासिक विवेचना पृष्ट २१३ मा प्रकाश पार्नु भएको छ ।

अरु यस्तोपनि त्यसमा प्रकाश गर्नु भएको छ कि बि. सं. १८५८ को सन्धि बस्तुत: नेपालको इतिहासमा एउटा कालो धव्बाको रुपमा दृष्टिगोचर हुन्छ भन्ने र यस सन्धिको रूप मूल आधार काशी पुगेका स्वामी महाराजलाई नजरबन्दी (थुना) मा राख्नु र अंग्रेजी शक्तिको श्रेष्टता स्वीकार गरी नेपलाका अन्य छिमेकी राष्ट्र, राज्यहरुसित सम्बन्ध गर्ने नगर्नु, कदाचित व्यवहार गर्ने परेको छ भने अंग्रेजसँग नसोधी निकाशा नलिई नगर्नु भन्ने बचनबद्ध हुनु शिवाय केही दृष्टिगोचरमा पर्दैन ।

अरु यस्तो लेख्नु हुन्छ कि यस सन्धिको छैटौं तथा सातौं अविधारा कम्पनी सरकारको श्रेष्टता सर्वोपरि सिद्ध गर्दछ । चौथो अविधारा नेपाल र चीनको बिचमा कायम भएको मैत्री-सम्बन्ध माथि अप्रत्यक्ष रुपमा प्रहार गरेर फाटो पार्ने मार्ग प्रशस्त गर्दछ । छैटौंमा नेपालको सर्वप्रभुता शक्ति माथिपनि प्रहार गर्ने प्रयत्न र साथै भारतका नबाव (सँग) सल्तनसित अलग्याउने प्रयत्न गर्दछ भनेर पुन: वहाँ लेख्नु हुन्छ कि –

यो बि. सं. १८५८ को सन्धि स्वार्थमा लिप्त भएर नेपालको आत्मा बेचेको पट्टादेखि शिवाय अरु केही दृष्टिगोचर हुन्न । सबभन्दा धेरै आश्चर्यको कुरा यो छ कि व्यवसायिक सन्धिको भित्र "व्यवसाय तथा बाणिज्य" भन्ने शव्द (मा) यस सन्धिको कुनैपनि अविधारा भित्र लक्षित हुन्न (देखिदैन), यस्तोपनि दर्शाउनु भएको छ ।

यो पुस्तकको लेखकले यस्तो भन्न सक्दछ कि वास्तवमा ४ वर्ष अघि वहादुर साह देश, समाजको संरक्षक र सुधारक महापुरुषलाई कठोर दु:खको साथ हत्या गरेको पापको फल यो सन्धि-पत्रले दर्शिन्छ । अब अर्को कुरातिर जाऔं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अंग्रेजले हरवर्ष नेपाल सरकारको ढुकुटीबाट रू. ३६,०००/- लिन पाउने र कीर्तिपुरमा कोठी थापी व्यापार गर्ने भन्ने कुराको प्रो. ढुण्डिराज रेग्मीले प्रकाश गरेको सन्धि-पत्रको व्याख्यामा उल्लेख गरेको पाइएन । व्यापार गर्ने एक अलग सन्धि-पत्र बनेको थियो कि ? भन्ने यस्तो देखिन्छ ।

सन्धि, प्रतिज्ञापत्र र सनदहरु संग्रह चौधौं भागको पृष्ठ ४९ देखि ५४ सम्ममा उल्लेख भएको र काशी प्रसाद श्रीवास्तवको नेपालको कथा (कहानी) पृष्ठ २४० देखि २४४ सम्ममा व्याख्या लामो छ । त्यसमा कीर्तिपुरमा व्यापारको कोठी खोलेको रू. १४,०००/- सम्म अंग्रेजले पाइसकेको भन्ने इतिहास (ई. प्र. अं. १/- ४२) मा पनि उल्लेख भएको देखिन्छ ।

अझै अर्को कुरा के हो भने रू. ५० हजार रुपैयाँ मूल ढुकुटीबाट अंग्रेजलाई दिई कीर्तिपुरमा उसलाई व्यापारको कोठी खोल्न दिने कुरामा अंग्रेज नक्स साहेबसँग दामोदर पाँडेले कुरा गरिसकेको र तिनको पक्ष कति हुन् गुह्यश्वरीमा गई कुण्डमा हात चोपी यो कुरा गोप्य राख्नु पर्छ भनि सत्यवाचाको कागजलेखी सही गरेको (प्रा. ने. २४/- ९) प्रकाशनमा आएको देखिन्छ । त्यो कागजमा काजी त्रिभुवनले **सही** गरेनन् भन्नेपनि त्यसमा उल्लेख छ । यो कुरा र माथि लेखिएको ३६ हजारको कुरा कुन साँचो हो विद्वान्हरुले ठहऱ्याउन परेको छ ।

बि. सं. १८५९ मा ह्यामिल्टन काठमाडौंमा आए । तिनले के-के भने, के-के कुरा बुझे र फर्के यसको विस्तृत वर्णन पाउन सकेको छैन । ह्यामिल्टनले ४ वर्ष अघिको नेपालमा भएको राजनीतिको रहस्य बुझेर यस्तो इतिहास प्रकाश गरेका छन् कि –

वहादुर साहको हत्यापछि रणवहादुर साहलाई टिकेर (नेपालमा) रहन मुश्किलै परेकोले जोगी हुने तारतम्य रचेछन् । केही पक्षले पनि गृहस्थी योगी हुँदा राम्रो हुनेछ भनेर सल्लाह दिएको मानी रणवहादुर साह गृहस्थी जोगी भए । तैपनि स्वामी राजा रणवहादुर साहलाई बसिनसक्नु भएर भागी विदेशतिर गए भन्ने (ह्यामिल्टन नेपाल पृष्ठ १०४, १०५) मा यस्तो उल्लेख पाइन्छ । यस विषयमा (पू. २/- ७२) नेपालको इतिहासले पनि बताउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वामी महाराज नेपालमा बस्न नसकी भागेर बनारस जाँदा भोलिपल्ट नेपालमा रहेका भारदारहरुले थाहा पाए र मनमा अति नराम्रो चोट पर्‍यो । भारदारले गर्नु पर्ने काम तटस्थ रहेर काम गरेका दामोदर पाँडेलाई शंका भयो । त्यसबाट थमौती पजनी नगरेको कुरा माथि भैसकेको छ ।

बनारसबाट स्वामी राजा नेपाल आउन नपाउनेगरी अंग्रेजले चौकी पाले राख्यो (पू. २७/- १७१, १७२) । नेपालसँगको बि. सं. १८५८ मा देश बेचुवा गुप्त सन्धि गरेको स्वामी पक्षका भारदारले थाहा पाएका थिएनन् । भारदारहरु हातमा आएनन् । स्वामी राजा लखेटिएकोले भारदारहरु तटस्थ रहे भन्ने खबर अंग्रेजले पाएर हो कि अंग्रेज नक्स निमेक्दार गजराज मिश्रलाई लिएर काठमाडौं आयो । बहुपक्ष स्वामी राजातिर छन् भन्ने सुन्यो, देख्यो अंग्रेजले थाहा पायो भन्ने कुरा यस्तो छ–

भारदारहरुलाई भेटेर दामोदर पाँडेले अंग्रेजको भरोसाले राजकाज चलाउने सन्धि-पत्र भएको कुरा तैपनि गरेनछ । के भन्यो कुन्नि भारदारहरुलाई भनेको कुरा इतिहासमा खुल्दैन । भारदारहरु तटस्थ रहेको देख्यो, बुझ्यो र बार्षिक रू. २४,०००/- अंग्रेज नक्सले दिन्छु भन्यो ।

तैपनि भारदारहरुले मानेनन् भन्ने यो कुरा त्रिभुवन स्मृति संग्रह ग्रन्थ पृष्ट ४२, ४३ मा पनि उल्लेख भएको छ । यस्तै कुरा विद्वत्- विज्ञले पनि (पू. १०/- ५२) प्रकाश गर्नु भएको छ ।

यस्तो प्रलोभन दिंदापनि भारदारहरुले मानेनन् । त्यो बेलाको २४ हजार अहिलेको वर्तमान समयमा २ करोड ४० लाख जति हुन्छ ।

वडामहाराजा पृथ्वीनारायण साहको दिव्योपदेशको अनुसरणमा रही भारदारले काम गरेको देखिन्छ । वास्तवमा वहादुर साहले जस्तै प्रशासन गरेको उपमाले देश थाम्ने भारदारहरुनै रहेछन् भन्ने शिद्ध हुन्छ ।

नोकरीमा राखुन कि हटाउन् खाँचो छैन । स्वामी राजालाई बनारसमा थुनुवा राख्ने काममा शरिक हुने होइन । देशको शासनमा विदेशीको आधार भरोसा लिनेतर्फ हामी लाग्दैनौ भनेरनै भारदार अडेको बुझिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महारानी राजराजेश्वरी बनारसबाट आउँदा बाटामा रोकिएको पनि इतिहासमा उल्लेख छ । ८/१० महिना करिब रोकिएर आउँदापनि दरबारमा भित्रिन नपाएर थानकोट किंडोलमा बसेको करिब ५ महिना भैसकेको इतिहासले बताउँछ । महारानी राजराजेश्वरीको आगमनले भारदारहरुको संगठन बलियो भएको देखाउँछ । अंग्रेज नक्स नेपाल आएरपनि दामोदर पाँडेको पक्षमा केही गर्न नसकेपछि नेपालमा सैनिक शासन गर्नु पर्ने सूचना दिएर सैनिक लिन भारततर्फ फर्क्यो भन्ने इतिहासले देख्छ । त्यसबेला अंग्रेजलाई फ्रान्ससँग युद्ध गर्नु परी आच्छु आच्छु परेको थियो । तब तुरुन्त भारतबाट अंग्रेजी सैनिक ल्याउन सम्भव भएन भन्ने देखिन्छ ।

नेपालमा रहेका भारदार वीर अमरसिंह थापा, वीर अभिमानसिंह बस्न्यात, वीर गोरा पाँडे रणजितसिंहले स्वामी राजा नभई यस कामको मियो बन्दैन, स्तम्भ चाहिन्छ भनेर स्वामी राजा रणवहादुर साहलाई अंग्रेजको निग्रानी रहेकोबाट गुप्त रूपले तुरुन्त नेपालमा ल्याउने कामको अबिष्कार गरे ।

स्वामी रणवहादुर साहलाई बनारसमा लिन जान नोकरीमा नथामिएका भारदार गए (डि. जि. हस्तलेख बंशावली) भन्ने लेखिएको छ । गुप्त वार्ता हुँदा इतिहासले पनि तिनको नाम पाएनछ । सायद हल्ला हुन्छ भनेर मोर्चाबन्दीमा पर्छन् भनि जागिरदार कोही गएनछन् । भारदारहरुले लिन जानेलाई पत्र र मौखिक बिन्ती गर्नु भनि मनिस पठाएको हुन सक्छ ।

स्वामी महाराजा रणवहादुर साहले म नेपाल गएमा दामोदर पाँडेले पक्री थुन्ने हो कि नजाउँ भने देश डुब्ने हो कि ? काठमाडौंमा रहने भारदारहरुको खबर पाएर दोमन भएको हुनसक्छ तर अंग्रेजको निगरानीबाट गुप्त रूपले रणवहादुर साह काशीबाट भागेर फल्गुन १९ गते भीमफेदीमा आइपुगेर १ दिन मुकाम गरे । यो खबर २० गते साँझमा दामोदर पाँडेले थाहा पाएपछि भोलि २१ गते स्वामी राजा रणवहादुर साह थाङ्कोटमा आइपुग्नासाथ उनलाई पक्री थुन्नु पर्दछ भनेर त्यो रातमा यस्तो प्रकारले काम गरे भन्ने इतिहासमा लेखिएको छ कि –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुमाउ बिजेता दलबल जो खोसिएका थिए भनेर माथि बयान गरिसकिएको छ । वहादुर साहको हत्यापछि बि. सं १८५४/५५ मा राजा रणवहादुर साहले थामिदिएका पक्षलाई जेल भित्र थुनामा बन्द गरी राखेर अरुलाई तसल्लि गरी केही मुख्य-मुख्यलाई पदोन्नति गरिदिए भन्ने र भोलिको काम यो-यो गर्ने भन्ने लक्ष्य गर्न लागे । यो काम २० गतेको रातभर लाग्यो भन्ने (डि. जि. बंशावली) लेखिएको छ ।

भोलिपल्ट फागुन २१ गते बि. सं. १८६० मा स्वामी राजालाई पक्री ल्याई थुनामा राखन भनि दामोदर पाँडेले कति जनाको निमित्त नेल-हत्कडीहरु लिई सैनिक दलबल लिएर थाङ्कोटमा धर्ना बसे । कति मानिसलाई स्वामी राजा आउँदैछन्, उनलाई भेटी मर्यादासाथ यहाँ ल्याउँ भनेर पनि थाङ्कोटबाट पठाएको चौतरियाको नाम समेत इतिहासमा उल्लेख देखिन्छ ।

स्वामी राजा थाङ्कोटमा आइपुगेपछि दामोदर पाँडेले दर्शन गरे कि गरेनन् आफ्नो सैनिक दल पक्षलाई के भने इतिहासमा खुलेको छैन । स्वामी महाराजले निमेकको सोझो गर्नु पर्छ गर भनेर हुकुम दिएपछि दामोदर पाँडेको मुखतर्फ फर्केर सैनिकले हेरे भन्ने छ । के जवाफ दामोदर पाँडेले दिए, योपनि इतिहासमा खुलेको छैन ।

सैनिकतर्फ स्वामी राजा र स्वामी राजाका साथमा आएका भारदारहरुले के भने, त्योपनि उल्लेख छैन । उल्लेख के छ भने राजा रणवहादुर साहले अघि हजुरिया मन्त्री गराउँदा जो बोल्ने, गर्ने अधिकार शक्ति दामोदर पाँडेलाई दिएका थिए त्यो शक्ति दामोदरको हातबाट स्वत: खुस्क्यो । निमेकको सोझो गर्छौं भनेर सैनिकहरुले विन्ती गरेकाले त्यो शक्ति स्वामी राजा रणवहादुर साहको हातमा गयो भन्ने इतिहासबाट देखिन्छ ।

दामोदर पाँडेले कति जनालाई पक्रन नेल हत्कडी लिएर आएका थिए त्यही नेल हत्कडीले दामोदर पाँडे र तिनका अनुयायी बेडिबन्धनमा परे भन्ने इतिहासमा लेखिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसपछि बेडिबन्धनमा परेका दामोदर पाँडे र उनका दल पक्षलाई स्वामी महाराजले साथै ल्याएर भद्रकाली अगाडि चंउर वर्तमान टुंडिखेल भन्ने ठाउँमा अडेर सबभन्दा पहिले फाल्गुन २० गते दामोदर पाँडेले थुनी बेडिबन्धनमा परेका स्वामी महाराजका पक्ष गनिएका भारदारहरुलाई अगाडि ल्याउ भनि स्वामी महाराजले हुकुम दिए ।

नेल-गल्फन्दी सहित स्वामी महाराजकहाँ आएर हर्षले भारदारहरुले दर्शन गरे । यो दृश्य दमोदर पाँडेको दृष्टीमा पर्‍यो होला । नेल-हत्कडी कटाई सबैको थमौती गरिदिए भन्ने इतिहासमा उल्लेख छ ।

मूलमन्त्री दामोदर पाँडेको जागिर पदमा बाबुराम आर्चायले यस्तो लेख्नु भएको छ (ने. सं. बृ. पृष्ठ ११९) –

काला पाँडे दामोदरको स्थान पदमा गोरा पाँडे रणजित मूल काजी (प्रधान) देवान मन्त्री भए । त्यो बेला प्रधान मन्त्रीलाई देवान भन्ने चलन थियो, त्यही पद पाए, यो कुरा "सुगौली सन्धि के हो ? (इतिहास)" भन्ने पुस्तकको पृष्ठ १००, १०१ मा पनि बिस्तृत आधार-प्रमाण दिएर उल्लेख गरिएको छ । यसरी मूलमन्त्री देवान रणजित पाँडे भएर प्रशासन चलाउँदाको लालमोहरमा पनि रणजित पाँडेकै नाम लेखिएको देखिन्छ ।

वि. सं. १८६० फाल्गुन २१ गतेमा नै मन्त्रीनायक पदमा मूल चौतरिया शेर वहादुर साहको बहाली भयो । मन्त्री नायकको अध्यक्षतामा को-को चौतरिया रहने, राख्ने भन्ने र मूलमन्त्री गोरा रणजित पाँडेको अध्यक्षतामा कति मन्त्री को-को रहने, राख्ने भन्ने कुरो भर्ना थमौती समैत गर्नु पर्ने भएर हो कि ? १२/१३ दिन ढिलो भएको देखिन्छ ।

मन्त्री नायकतिर चौ. प्राण साह, चौ. रणोद्योत साह र चौ. बम साह ३ जना चुनिए । मूलमन्त्री गोरा रणजित पाँडेतिर काजी रणध्वज थापा (वडाकाजी अमरसिंह थापाका साहिंली पत्नी धर्मदेवीकी छोरा), काजी नरसिंह गुरूङ्ग, काजी गोरा दलभञ्जन पाँडे, काजी बालनरसिंह कुँवर, काजी बहादुर भँडारी, काजी बख्तावरसिंह श्रीपाली बस्न्यात ६ जना गनिएको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस बेला भीमसेन थापा काजी भएका थिएनन् । यिनको दर्जा सरदार (१/७) थियो । सरदार १/७ को व्याख्या तलका पृष्ठमा खुलाइएको छ । त्यही पृष्टको तल यिनका बाबु-बाजेदेखिको दर्जाको कुरापनि गरिएको छ ।

थुनिएका राजद्रोही, देशद्रोहीलाई कस्तो सजायँ दिने भन्ने निर्णय गर्न बि. सं. १८६० चैत्र ५ गते राजसभा बस्यो र बि. सं. १८६० चैत्र ६ गते कस्तो सजायँ पाए (पू. २७/- १७२) भन्ने त्यो कुरा कहिन्छ ।

काला दामोदर पाँडे (भद्रकालीको सन्मुख केही नजिक) भद्रकालीलाई नै भोगवली चढाएसरह काटिए । अरु दामोदरका सहयोगी ५ जना विष्णुमतीमा लगी काटिए । तिनको नामवली यस्तो छ - रणकेशर पाँडे, जङ्गकेशर पाँडे, टक्सारी भीम खवास, इन्द्रमान र सपनसिंह विष्णुमतीमा काटिए (पू. २७/- १७२) ।

वहादुर साहको हत्या भएको ६ वर्ष, ८ महिना, २२ दिन बितेको समय उपरोक्त चैत्र ६ गते यो पापको फल भोग दैवले देखायो ।

सभ्यता, संस्कृति, धर्मले देश, समाज थामी कार्य गर्नुको महिमालाई बाबुराम आचार्यले इतिहासको महत्त्वमा दर्शाएको छैन । चैत्र ६ गतेको काण्डमा पनि चुपचापै देखिनु हुन्छ ।

जति भारदार, चौतरियाहरु देश थाम्नेमा देखा परे ती सबैलाई द्रोह दृष्टि दिएर साध्य नहुने देखी आफ्नो अन्त-प्रज्ञमा रहेको द्रोह दृष्टिको पूर्ति बिसर्जन गर्न भीमसेन थापा १ जनालाई मात्र बेप्रमाण अवगाल लगाएको आफ्नो दृष्टिले देखेकै रुपमा उनको लेख पाइन्छ । जस्तो कि – लिखितमको आधार-प्रमाण बिरुद्ध वखितमले (ने. सं. बृ. को प्रस्तावना पृष्ठ ५ अनुसार) मुण्ड-मुण्ड बुद्धिको भरले यस्तो लेख्नु भएको छ कि (ने. सं. बृ. पृष्ट १२१) त्यो कुरा बताउँ ।

१. भीमसेन थापाले महारानी राजराजेश्वरीलाई दरबारबाट निकालेर नारायणहिटीको सरकारी घरमा राखे ।

२. टुँडिखेल पश्चिमतिर घर गरी बसेका चौतरिया (दामोदरका समयमा जवान ४ आँखा फेरिएका अन्धा) लाई झुटो अभियोग लगाएर निकाली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भीमसेन थापाले तिनको घरलाई आफ्नो घर भनि बस्न गए ।

३. निकालिएका चौतरियाहरुले आफ्नो घर फिर्ता लिन नसकुन भनि राजराजेश्वरी महारानीलाई भीमसेन थापाले हेल्मु (हेलम्बु) तर्फ निकाली नजरबन्दीमा राखेका थिए ।

व्याख्या –

यस्तो प्रकारको आफ्नो मैलो अन्त-प्रज्ञको झुटो कुरा लेखेर बाबुराम आचार्यले सन्तोष लिएको देखिन्छ । कुरो के भने भीमसेन थापाको शक्ति राजाको शक्तिभन्दा पनि ठुलो देखाई बेप्रमाण आफ्नो आँखाले देखेजस्तै गरी बि. सं. २०२२ फाल्गुन सुदी १५ मा प्रकाश गरेको इतिहास (ने. सं. बृ. पृष्ट १२१) मा प्रमाण-आधार छैन ।

भीमसेन थापाले राजाले जस्तो यस्तो काम गर्न सक्दैनन् भन्ने बाबुराम आचार्यको धमिलो मनमा होस आएनछ । चौतरिया काना आँखा फोरिएका ४ जनालाई तिनको घरमा म बस्न पाउँदिन भनेरनै महारानी राजराजेश्वरीलाई हेलम्बु निकाली नजरबन्द गर्ने काम भीमसेन थापाले गरे भन्ने कुरो को पत्यावस् ? बाबुराम आचार्यको वहिष-प्रज्ञ (देखने आँखा) बन्द भएपनि अन्त-प्रज्ञ बोध-चक्षु बृद्दाबस्थामा काम नलाग्ने देखिन्छ । बाबुरामका केही चेलापनि त्यस्तै देखिन्छन् । अन्त-प्रज्ञविहि्नका चेला त्यस्तै हुन्छ भन्ने उपमा मिल्दछ ।

बाबुराम आचार्यको लेख संग्रह प्रकाशित-अप्रकाशित यावत संगालो जम्मा गरी प्रकाशित भएको "बाबुराम आचार्य र वहाँका कृति" भन्ने प्रकाशित पुस्तकमा ६ वटा पुस्तक लेख्नु भई प्रकाशित भएको देखिन्छ । त्यस पुस्तकको पृष्ट १११ मा नेपालको संक्षिप्त बृत्तान्तको नाम समेत उल्लेख देखिन्छ । अरु पत्र-पत्रिकामा प्रकाशित गरेका छोटो लेख र अप्रकाशित रचनाको लेखहरु धेरै देखिन्छन् ।

त्यस पुस्तकमा बाबुराम आचार्यको निवास स्थानमा संग्रहकर्ता गएर वहाँसँग प्रश्नोत्तर गरे गराएको सवाल-जवाफको संख्या १५९ टेपरेकर्डको उतारपनि त्यसमा समावेश भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिले दार्जिलिङमा बसेका विद्वान् इतिहासज्ञ सूर्यबिक्रम ज्ञवालीलाई बाबुरामले शिष्टचारमा प्रिय बाबु भनि संबोधनले चिठी लेखेको २० थान समेत सबै संगालोको त्यो पुस्तक त्रि. वि. वि. कीर्तिपुरबाट प्रकाशित भएको देखिन्छ ।

बाबुराम आचार्य ज्यूको लेख नेपाली परिप्रेक्ष्यमा ठिक-ठिक मूल्याङ्कन दिनु होस् भनि इतिहासज्ञ श्री सूर्यबिक्रम ज्ञवाली ज्यूलाई त्रि. वि. बि. ले अनुरोध गऱ्यो भन्ने र परिचयमा ज्ञवाली ज्यू र बाबुराम आचार्यको घनिष्ट दौंतरी थियो भन्ने जनाई भूमिका लेख्ने कामको अविभारा ज्ञावली ज्यूलाई उक्त संस्थानले समर्पण गऱ्यो भन्ने समेत प्रयागराज शर्मा, डीन ज्यूको प्रस्तावनामा देखिन्छ ।

विद्वान सूर्यबिक्रम ज्ञवाली ज्यूले बाबुराम आचार्यको लेख धेरै संग्रहमा प्रत्येकको लेखाईप्रति मूल्याङ्कन दिएर साध्य नहुने देखेर त्यही पुस्तकको भूमिकाको पृष्ट (६) मा लेखेको तथ्य यही पुस्तकको माथि संक्षिप्त प्रकाश गरिसकिएको छ ।

१. महारानी राजराजेश्वरीलाई हनुमानढोका राजदरबारबाट नारायणहिटीतिर सरकारी घरमा बस्ने गरी निकाल्नेमा सरदार १/७ भीमसेन थापाको शक्ति असाध्य ठूलो बाबुराम आचार्यले लेखेको (बिना प्रमाणले) देखिन्छ । त्यो के हो ? राजा, चौतरिया, मूलमन्त्री गोरा रणजित पाँडे र अरु मन्त्री, भारदारहरुले महारानीलाई निकाल्दा केही बोलेको हुनुपर्छ, रोक्न सक्नु पर्छ तमासा हेरेझैं मुग्ध भएको संझिनु पर्ने बाबुरामको (ने. सं. बृ. पृष्ट १२१, १२२) लेख देखियो ।

२. टुँडिखेल पश्चिम घर गरी बसेका चौतरियाहरुलाई घरद्वार नभएका सरदार १/७ भीमसेन थापाले झुटो अभियोग लगाई निकाली आफु त्यो घरमा बस्न गए भन्ने अन्त कहीं लेखिएको पाइदैन । बाबुराम आचार्यको मौखिक कुरा यसमा छन् । बि. सं. १९४४ मा जन्मेका बाबुराम आचार्यले आफ्नो आँखैले देखेको जस्तो लेखेका छन् ।

३. आफुले निकालेका चौतरियाहरुले पुन: आफ्नो घर फिर्ता लिन नसकुन्, आफु निक्लनु नपरोस् यही कुराको लागि सरदार भीमसेन थापाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महारानीलाई पहिले निकालेको घरमा पनि बस्न नदिई हेलम्बुतिर (अनकण्टार हिमाली प्रदेश-लेक) निकाले भन्नेकुरो कसैले पत्याउने छैनन् । त्यसमाथि १०० सैनिक पहरा राखेको नजरबन्दीमा थुनेको भन्ने ताकत सरदार भीमसेन थापामा देखिदैन । यस्तो आधार प्रमाण वेगरको लेख (रचना) लेख्नु भएकोले श्री सूर्य विक्रम ज्ञावलीको मुल्याङ्कन (क-घ), जुन यसै पुस्तकको माथि दिइएको छ, ले पनि असत्त्य ठहरिन्छ ।

के राजा रणवहादुर साह, चौतरिया, भारदारहरु, मूलमन्त्री गोरा रणजित पाँडे सबैले माथि भनिएझैं यो कृत्य हेरी चुप लाग्न सके ? एक बचन कसैले पनि केही बोलेनन् ? सरदार भीमसेन थापालाई देख्दै तर्सेको जस्तो बाबुराम आचार्यको लेख देखिन्छ । जुन काम नलाग्ने, अग्राह्य मूल्याङ्कन भित्र पर्दछ ।

भीमसेन थापा घरबारी किन्न नसक्ने गरिब कङ्गाल के बाट लेख्नु भएको हो ? भीमसेन थापा गरिब-कङ्गाल थिएनन् । तिनको हैसियत प्रसङ्गमा तल बयान गरौंला । यहाँ त बाबुराम आचार्यले १/७ सरदार भीमसेन थापाले टुँडिखेल पश्चिम चौतरियाको घर खोसेको भनि बिना कुनै आधार-प्रमाण लेख्नु भएकोले सत्यताको प्रकाश गरिएको मात्र हो ।

बि. सं. १८६१ वैशाख सुदी ७/५ ज्येष्ट २२ गते मूलमन्त्री रणजित पाँडेको अध्यक्षतामा काजी दर्जा पाएका भीमसेन थापाले ११ महिनापछि चैत्रसुदि १३/५ मा महोद्दामकीर्ति साहका नाति श्रीकृष्ण साहका छोरा बीरवहादुर साहको घरबारी किनी बीरताको लालमोहर गराएको (पू. ६५/- ३३) लालमोहरपनि बाबुराम आचार्यले नदेख्नु भएपनि कानले पनि सुन्नु भएको रहेनछ । भीमसेन थापाले काठमाडौं झोंछे टोलको घरबारी किनेकोमा मोहर गराएको त्यो यस्तो छ –

श्रीदुर्गासहाय : १ श्रीदुर्गा भवानी

स्वस्तिश्रीगिरिराजचक्रचूडामिणनरनारायणेत्यादिविविधबिरुदावलीबिराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेगिर्वाणयुद्धबिक्रिमसाहबहादुरसम्शेरजंगदेवानाम सदासमर विजयीनाम ....

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आगे काजी भीमसेन थापाके भोंछेटोलमा बीर वहादुर साहको घरबारि तस्को जग्गा समेत विर्ता गरि बक्स्यौं खातिर्जमासँग आफ्नु विर्ता घर जानी सन्तान दरसन्तान सम्म सुख भोग्य गर. इति सम्बत् १८६१ साल चैत्र सुदि १३ रोज ५ शुभम् ....

(पछिल्तिर)

मार्फत प्राण साह मार्फत रणोद्योत साह मार्फत अजम्बर सिंह (पन्थ) मार्फ (त) नरसिंह गुरूङ्ग (यस पत्रको सक्कल अफिसियल परराष्ट्र मन्त्रालयको ६७ संख्याको खाममा छ) ।

भविष्यमा भीमसेन थापाले घर बनाएको टुँडिखेलको पश्चिम जग्गा किनेको निस्सा प्रमाण हेर्नु पर्छ भने यस्तो देखिन्छ –

चित्तरञ्जन नेपालीले बि. सं. २०१३ श्रावण १६ गते प्रकाश गर्नु भएको "जनरल भीमसेन थापा र तत्कालिन नेपाल" भन्ने पुस्तकको पृष्ठ १९६ देखि २०० पृष्टसम्म पिकढार लालमोहर प्रकाशित देखिन्छ, त्यही हेर्नु पर्छ ।

त्यसमा उल्लेख छ कि भीमसेन थापाले पहिले किनेको नेवार ६ जनाको घर जग्गा र बैलोचन भगवानको गुठी जग्गा १ समेत सातवटा घरजग्गा किनेको र पछि किनेको सरदार वीरभद्र पन्थको घर जग्गा, नेवार १२ जनाको घरजग्गा समेत १३ जनाको गरी कुल जम्मा २० जनाको २८ घर र ती घरवासीले चर्चेको जम्मा जग्गा षा ८३, जवा १, हात ४, अंगुल १० (त्यस वेलाको परिभाषाले) को मोल भर्ना गर्दा कसैलाई जग्गाको सट्टा जग्गै र कसैलाई जग्गाको मोल दिई हिसाव लेखिएको त्यसमा प्रष्ट देखिन्छ ।

त्यसरी जग्गा भर्ना र मोल दिने भीमसेन थापालाई घरजग्गै नभएको गरिब डाँका जस्तै चौतरियालाई निकाली आफु बस्यो भन्ने बाबुराम आचार्यले पिकढार लालमोहर नदेखेको जस्तै छ ।

बि. सं. १९९२ देखि आँखा नदेख्ने भएपनि कानले त त्यो प्रकाशित पुस्तकको महिमा सुन्नु भएको होला भन्ने याद आउँछ । सुन्नु भएकै रहेनछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
तब विद्वान सूर्यबिक्रम ज्ञवालीले बाबुराम आचार्यको लेख काम नलाग्ने अग्राह्य, ग्रहण गर्न नहुने मूल्याङ्कन गरेको मिल्दछ । यदि भीमसेन थापाले चौतरियाहरुको घरजग्गा खोसेको भएमा कुनै न कुनै अथवा उपरोक्त लालमोहरमा उल्लेख हुनेनै थियो । खोई त, जबकि उक्त लालमोहरमा उपरोक्त उल्लेखित तथ्यहरुभन्दा अरु कुरा लेख्ने ठाउँनै छैन । बाबुराम आचार्यका बेप्रमाणका लेख (रचना) यस्तै हुन्छ, देखिन्छ । झुटो रचना गरेको कुरा बुझेका सबै जनता भन्दछन् ।

भीमसेन थापाका बाबु (साना) अमरसिंह थापा कुमाउमा छँदा सुब्बा दर्जाका देखिन्छन् । बि. सं. १८५२ फाल्गुन २ गते कुमाउमा काम गरिरहेकै बखत अंग्रेज रिसायो भनेर खोसिएको माथि उल्लेख गरिसकिएको छ । अमरसिंहको सुब्बाङ्गी दर्जा खोसी प्रबल राना मगरलाई दिएको (६/- ४०५) र (सि. नं. ४८०, ४५४) मा देखिन्छ ।

त्यसपछि कुमाउमा काम गरेको ज़ाहेरीले सरदारी दर्जाको पदोन्नति कहिले पाए, त्यो लालमोहर फेला परेको छैन । वडा अमरसिंह थापाको पनि थमौती भएको लालमोहर फेला परेको छैन । बि. सं. १८५५ माघ सुदि १५ रोज ४ मा श्री ५ रणवहादुर साहले श्री ५ गिर्वाणयुद्धलाई उत्तराधिकार दिंदा तामापत्र (बन्ने कागजमा) सही गर्ने भारदार चौतरियाको तीन पुस्तेको नाम लेखिएको कागजमा ६ नं. मा (वडा) अमरसिंह थापा र ५४ नं. मा (साना) अमरसिंह थापा सरदार लेखिएको देखिन्छ ।

स्वामी राजा रणवहादुर साह बनारसबाट काठमाडौं आएपछि क्रमश: दुवै अमरसिंह थापाका सन्ततीलाई त्यही १ सरदारी खान्कीमा सरदार दर्जा दिएका देखिन्छ । लेख लम्वे हुने भएकोले भीमसेन थापाकोसम्म कुरा गरौं ।

बिक्रम थापाको नाति वीरभद्र थापाको छोरा थर बगाल्या वतन गोर्खा अमरसिंह थापा औं भाई छोरा समेतको सर्दारी मानको पगरी बक्स्यौं भन्ने बि. सं. १८५५ चैत्र सुदी १५ रोज १ को लालमोहर भएको (ज. भीम. त. नेपाल पृष्ट १८७, १८८) मा प्रकाशित देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसबाट अमरसिंह थापा बाबु र भाई भन्नाले बंशराज थापा १, अमरसिंह थापाका ५ छोरा (भीमसेन थापा १, नयनसिंह थापा १, बखतवारसिंह थापा १, अमृतसिंह थापा १, रणबीरसिंह थापा १) समेत जम्मा ७ जनालाई एउटाले पाउने सरदारी खान्कीमा सबै ७ जना सरदार भएको लालमोहर देखिन्छ । यसैले १/७ सरदार भनिएको हो ।

वहादुर साहको हत्यापछि दामोदर पाँण्डेको मुख्य नीयत के थियो ? सो प्रष्ट थाहा नभएतापनि स्वामी राजालाई दामोदर पाँडेले पक्री थुनामा राख्ने भन्ने बहानाले पक्रन मोर्चाबन्दी बढाउँदै आएकोले लखेटाईमा परी स्वामी राजाका साथमा भाग्ने भारदारहरुको गन्तीमा सरदार १/७ भीमसेन थापापनि देखिन्छन् ।

बनारसमा रहँदा बि. सं. १८६० फागुन महिनामा भीमसेन थापालाई स्वामी राजा रणवहादुर साहले मुख्तियारीको जर्दमोहर गरिदिए भनेर बाबुराम आचार्यको प्रकाशन (पू. २७/- १७२) मा देखिन्छ । वर्डफिल्डले (स्केच अफ नेपाल) मा जर्दमोहंर गरिदिएको भन्ने लेखेको भरमा बाबुराम आचार्यले मुख्तियारी दिएको भनि लेख्नु भएको हो कि ? मुख्तियारी दिएको र जर्दमोहर भन्ने त्यसमा देखिदैन । केशरीछाप लागेको स्वामी राजा रणवहादुर साहको बाहुलीको पञ्जापत्र यस्तो छ (जुन कुरा रणवीरसिंह थापा नामक पुस्तकको पृष्ठ २५, २६ मा पनि छ) –

श्री पञ्चायन देवता श्री बिश्वेश्वर श्री अन्नपूर्णा श्री बिन्ध्याबासिनी, श्री शङ्कटा, श्री काल भैरब ।

स्वस्तिश्री समस्त योगकलाकोविद योगिन्द्रगणचिन्तनीय सच्चिदानन्द स्वरुप परिपूर्ण परब्रम्हानुचिन्तन तदेकताधिगमैकलालस सान्सारिक सकल विषयाभिलापविनिर्मुक्त मानसेत्यादि विविध लोकोत्तर गुणग्रामाभिराम श्री ५ महानिर्वाणानन्द स्वामीनाम् सदा सत्कर्मसालिनाम्

आगे भीमसेन थापाके आजसम्म जानी नजानी गऱ्याको सब मारी मेटी तक्सिर माफ गरी बक्यौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधिको षत देखाई पछि तक्सिर नगरी अधिको वहाली देखाई तिम्रो धन ज्यू हर्नामा नपस्नु मेरो घर गर्दा तेरा मिहिनत माफिक मान मरात गरी बक्शौला यो लेख्याको धर्मपत्र मैले नथाम्या .... ६ .... को कुदृष्टि मेरा विषासये पुरुषा विष्टा किरा हवन्. धर्मथाम्या विषासये पुरुषा स्वर्गवास हवन. इति सम्बत १८६० साल मिति फागुनवदि ७ रोज ५ मुकाम वनारस शुभम् ..

यस्तो बनारसमा धर्म भाकी काम लगाउने पत्यारको मञ्जुरपत्र स्वामी राजाले गरिदिएको काठमाडौं आउने ८/१० दिन अधिको देखिन्छ । यसमा मुख्तियार भएको र जर्दमोहर भएको लेख देखिदैन । के सुरले बाबुराम आचार्यले मुख्तियार भएको जर्दमोहर (पू. २७/- १७२) देखेर भने हुनन् ।

बनारसमा रहँदा खर्चले नपुगी द्वारिकादासको कोठीबाट कर्जा लिएको रुपैयाँ तिर्न बाँकी ६० हजार १ रुपीयाँ नेपाल आउने बखत भाकापत्र लेखेको सयकडा २ को वयाज समेत बि. सं. १८६१ वैशाखसुदि पूर्णिमाको दिनमा बुझाउने तमसुक लेख्नमा पण्डित रङ्गनाथ, चौ. प्राण साह, चौ. हस्तदल साह, काजी गोरा दलभञ्जन पाँडे, सरदार (१/७) भीमसेन थापा, काजी बीरभद्र थापा (भीमसेन थापाका बाजे), सरदार पूर्ण साह, सरदार भैरवसिंह खप्तडी बस्नेत, गोसाईं उदय गिरी देखिन्छन् । यो भाकापत्र १८६० फल्गुन १३ गतेको देखिन्छ (ज. भी. त. ने. पृष्ट १८९) । भीमसेन थापा काजी भएको बि. सं. १८६१ वैशाख सुदी ७ रोज ५ (ज्येष्ठ २२ गते) को लालमोहर (ज. भीम. त. नेपालको पृष्ठ १८६, १८७) मा प्रकाशित देखिन्छ । त्यो व्यहोरा यस्तो छ –

आगे बीरभद्र थापाको नाति अम्मरसिंह थापाको छोरा वतन गोर्खा भीमसेन थापा औं बाबु भाई समेत के जसपाउ थापाको षायल कजाईं मानको पगरी बक्स्यौं भन्ने मोहर देखिन्छ ।

बि. सं. १८६१ ज्येष्ठ २२ गते मात्र मूलमन्त्री गोरा रणजित पाँडेका अधिनायकत्वमा काजी भएको लालमोहर पत्रमा काजी भएको भीमसेन थापा १, भीमसेन थापाका बाबु अमरसिंह थापा १, भीमसेन थापाका भाई ४ (नयनसिंह थापा १, बखतवारसिंह थापा १, अमृतसिंह थापा १, रणबीरसिंह थापा १) जम्मा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६ जनाले काजी जसपाउ थापा १ जनाको षायल खान्कीमा कजाईं मान पाएको देखिन्छ । यसैले १/६ काजी भीमसेन थापा भनिए ।

यो लिखितमको आधार-प्रमाण भयो, बाबुरामको वखितमको आधार-प्रमाण चाहिएन र दिइएन ।

भीमसेन थापा घर किन्न नसक्ने थिएनन्, गोरखा पिपलथोक पन्थेस्वाँरामा प्रसस्त जग्गा थियो । तब धनी थिए । खान्कीभन्दा बान्की (दर्जा) मन पराउँथे । राजाले पनि मन पराएको, दर्जा दिएको देखिन्छ ।

भीमसेन थापाका बाजे काजी बीरभद्र थापाको नाम बनारसमा तमसुक लेख्नेमा देखियो । तिनैबाट पत्यार भएर सेठ द्वारिकादासले भाखापत्र लेखाएको हुनसक्छ । बीरभद्र थापा बृद्धावस्थामा आफ्नै खर्चले बनारस बसेको देखिन्छ ।

भविष्यमा माथवरसिंह थापा पञ्जाव जान लागेकोमा नेपालबाट चुक्ली परी लोधेना (लुधियाना) जेलमा परेका थिए । डेढ वर्षपछि छुटेर पञ्जाव जान वेखर्ची भएकोले काँशीमा तिर्थबासी बसेकी बज्यैसँग खर्च लिएर पञ्जाव पुगेपछि गल्ली-गल्लीमा पैसा छरी आफ्नो देशको गौरवमा कस्पी महिलाको नाच हेरे भन्ने हस्तलेख बंशावलीमा र कस्पी २ जनाको फोटो राष्ट्रिय संग्रहालय (म्यूजियम) मा पनि पाइन्छ ।

यस प्रकार भीमसेन थापा उच्च कूलका थिए । बाबुराम आचार्यले अशिक्षित, मामुली कूलमा जन्मेका आश्रित भन्ने (ने. सं. बृ. पृष्ठ १६४) लेख्नु भएको छ । धन नभएको चौतरियाको घर खोसेर बस्ने भन्नेपनि माथिनै लेखिएको छ ।

अब, बीरबन्दा वहादुर साहको तालिमी सैनिक, भारदार, चौतरिया, मन्त्रीहरुको क्षमता कस्तो देखियो भन्ने बताउँ ।

बि. सं. १८५८ को (खतरनाक, देश बेचुवा) सन्धि सदर भएको विफल गर्नु पर्छ, त्यो ताजानै रह्यो भने भविष्यमा खतरा हुन्छ । मूल स्तम्भ देश समाजको लागि स्वामी राजालाई काठमाडौं ल्याउन सक्यौं यही ठूलो काम भयो भन्ने भारदारहरुले सम्झे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भविष्यमा अंग्रेजसँग युद्धनै गर्नु पर्नेछ, मौकामा शक्ति संचय गर्नु पर्छ, देश समाजको ताकत बढाउन सानो देश, समाजले हुँदैन । देश ठूलो भएमात्र अंग्रेजसँग मुकाविला गर्ने ताकत हुन्छ । चीनका सैनिकले नेपालमा लड्न आउँछ भन्ने हल्ला हुँदा अराजकता भैसकेको, सामन्त राजाहरुले सार्वभौमी रक्षा गरेको इतिहास जो माथि बताइसकियो, त्यो सम्झना र गोराकाजी जगजित पाँडे, सरदार अमरसिंह थापाले वहादुर साहको समयमा बि. सं. १८४८ अषाढमा गढवाल, श्रीनगर विजय गरी जमुना नदीको साँध लगाएको पनि (पू. २७/- १७०) र (६/- ३६८) सम्झे हुनन् ।

दामोदर पाँडेले ल्हासा लुटेकोमा अघि चीनसँग वहादुर साहले सम्झौता गरेको (६/- १२१) सझौता विपरित भएकोले चीनको दलबलसँग युद्ध गर्न आउनु परी साविक गढवालका नरेश प्रद्युम्न साहलाई सामन्त राजा गरी (पू. ५/- ६०) नेपालतिर आउन पर्‍यो । समयमा आइनपुग्दा हामी दलबल सबै खोसिनगएका थियौं । अब काठमाडौंको समस्या हल भयो, (देश बेचुवा) सन्धि भएको यतकिञ्चित सुधार्‍यौं भन्ने स्व. वहादुर साहको दलबलले सम्झे हुनन् ।

हजुरिया मन्त्री दामोदर पाँडेले कुमाउमा कुरुवाजस्तो रुपमा कप्तान कालु पाँडेलाई पठाएको र तिनले प्रद्युम्न साहलाई सामन्त राजपदबाट छुटाई (६/- ५६) र (पू. १३/- ३४, ३५) सामन्ती कर सलामी लिन नपर्ने सन्धि गरिदिंदा अब त्यो देश बिरानो बनिसकेको छ ।

हाम्रो भेकको पाल, मल्ल, चल्ल, लिच्छवी, सेनहरु देखिको सार्वभौमी एकिकरण गरी देश थाम्न श्री ५ वडामहाराजा पृथ्वीनारायण साहको योजनालाई वहादुर साहका समयमा एकिकरण भएको गढवाल लिनु पर्छ तब ताकत पूरा हुन्छ भन्ने सल्लाह भएको इतिहासले सम्झन्छ । त्यो कुरा मूलमन्त्री देवान (गोरा) रणजित पाँडेले पनि स्वीकार गरे भन्ने देखिन्छ ।

त्यही योजनालाई सफल गराउन बि. सं. १८६१ वैशाख ६ गते नेपालबाट साइत गरी सरदार अमरसिंह थापाको अध्यक्षतामा सुब्वा हस्तदल साही, काजी रणधीर बस्न्यात, सरदार रणजित कुँवर, सरदार भक्ति थापा, सरदार अङ्गद घले र सैनिक ५ कम्पनी लिई काठमाडौंबाट प्रस्थान गरे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जनरल भीमसेन थापाको समयको कुरा गरिदैछ । नेपालबाट गएका नयाँ, पुराना गोरख कम्पनी २, वरख कम्पनी १, रामदल कम्पनी १ र रणदल कम्पनी १, जम्मा ५ कम्पनी हुन्छ । सल्यानबाट कम्पनी १, डोटीबाट कम्पनी ५, गढवालमा जमेको कम्पनी १५ र नयाँ जमेको कम्पनी १० (कताको हो) गरी सबै जम्मा ३६ कम्पनी हुन्छ तर ४५ कं. लेखिएकोले हिसावमा ९ कम्पनी पुग्दैन (प्रा. ने. २४/- ११) । अरु उमरावले ल्याएको जागिरे ढाक्रे (भन्ने लेखिएकोले) ९ कम्पनी नपुग त्यसैबाट पुगेको हो कि के हो ?

वहादुर साहका पालामा सिक्किम (तिष्टा नदी) देखि नेपाल अधिराज्यको विस्तार गर्ने पल्टनको नाम यस पुस्तकमा लेखिएको छ । अरु नाम खुल्न बाँकी समेत अन्य कम्पनीहरूलाई (जवानको हातमा बन्दुक चाहिने भएकोले) वहादुर साहबाट जुक्तियुक्तिबाट बेलायती बन्दुकहरु, अवधका नबावबाट, केही सिखहरुबाट, केही अन्य युरोपियनहरुबाट जो बन्दुकहरु गोरखालीहरूले प्राप्त गरेका थिए, कम्पनीहरुलाई उपलब्ध गराइएको थियो ।

वहादुर साहका अन्तिम वर्षमा फ्रेन्च कालिगढहरु झिकाई तोप, बन्दुक ढाल्ने कारखाना नेपालमै खोलियो । कारखाना खुलेको यसै पुस्तकको माथिनै बयान गरिसकिएको छ ।

यसैकारण नेपालको मुकाविलामा कोही टिक्न सक्दैन थिए (ने. सं. बृ. पृष्ट १४३) भन्ने लेख देखिन्छ ।

अब, वहादुर साहको रीतिस्थिति थाम्ने भीमसेन थापाको कुरा गरौं ।

भारदारहरुले जग्गा, जग्गामा कम्पनी कुरुवा राखे । कुमाउमा रहेका काजी रणजोर थापा, काजी अमरसिंह थापा, कप्तान रणवीर खत्रीले ५ कम्पनी कुमाउमा कुरुवा राखे । अरु भारदार, ढाक्रे र जागिरेको भारी लश्कर (कम्पनी) पिउन नदी तरी बोधनको बाटोबाट गढ् हान्न गए । मन्दाकिनीको तीरमा गढको काजी शिशराम र दलबीर भारी फौज लिई बसेका थिए । त्यहाँ भारी लडाई हुँदा गोरखातिरबाट जिती मन्दाकिनी नदी तरे । शिशराम केही फौज लिई खाईको बाटो र दलबीर श्रीनगरको बाटो भागे । त्यसबेला गोरखाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फौजपनि दुई भाग लाग्यो । ५ कम्पनी फौज लिई सरदार भक्ती थापा शिशरामका पछाडि दपेड्दै गए । चिल्ला भेरीका लेकमा शिशरामसँग भेटी युद्ध हुँदा काजी शिशराम समेत ५०/६० जना मारिए । गोरखाका २०/२५ मरे । यसरी खाई जिती भक्ती थापा फिरे ।

काजी रणबीरसिंह (वडाकाजी अमरसिंह थापाका छोरा) र सुव्बा हस्तदल साही केही लश्कर लिई श्रीनगरमा बसे । अरु सब लश्कर अलक्नन्दा तरेर राणिहाटको बाटोबाट गई चन्द्रबदनीमा खलङ्गा हाल्न पुगे । त्यहाँबाट देवप्रयागमा पुगी भागिरथी गंगा तरेर कोही तिमालकोटको बाटोबाट गई गुरुद्वारमा खलङ्गा हाले । यो युद्धको विस्तार लम्बे छ (प्रा. ने. २४/- ११, १२) । जे भएपनि बि. सं. १८६१ आषाढ २१ गते गढवालको राजधानी श्रीनगर दख्खल गरे (पू. २७/- १७२) । वडा अमरसिंह थापाले वहादुर साहको अध्यक्षतामा आफुले विजय गरी साँध लगाएको यमुना नदीको पूर्वी किनारमा पुन: साँध लगाए । फलाबाङ्ग, छिल्ली, दाङ्ग दामोदरको समयमा हरण भएको सल्ल्यानी महारानीलाई (६/- ४११) थामी फिर्ता दिएको देखिन्छ ।

यसरी यमुना नदीको साँध लगाए । त्यसको पनि पश्चिम अमरसिंह थापाले विजय गरेको लेखन लागे बिशाल लेख बन्दछ (पश्चिमतिरका बान्ह र अठार ठकुराईहरु विजय गरी काँगडा सीमा पुऱ्याएका थिए) । छोटकरीमा बि. सं. १८६२ ज्येष्ठ-असारको महिना भित्र सतलजसम्म नेपाल (गोरखा) को सार्वभौमीमा मिलाए ।

फौजी खर्च कसरी चल्यो, त्यो कुरा गर्न बाँकि छ । माथि बताएको ४५ कम्पनी सैनिकमा ५ कम्पनी नेपालबाट लगेको हिसावमा घटाएपनि ४० कम्पनी कुमाउमा जम्मा भएको देखिन्छ । १ कम्पनीमा त्यस बेलाको संख्या ५०० मानेपनि जम्मा २०,००० जनाले खाएको रसोद यस्तो देखिन्छ, त्यो कुरा बताउँ ।

देश विजय भैसकेपछि देवी-देवताको गुठी र बीरतावालको बीर्ता स्थायी राख्ने भन्ने भएकोले अधिराज्यभर रसोदको लागि के गुठी, के वीर्ता सबैमा रसोद कर लाग्यो । त्यो रसोद १ जिल्लाले अर्को जिल्लामा बुझाउने र त्यो जिल्लाले आफ्नो जिल्लाको उठ्ती रासोद थपी पुन: अर्को जिल्ला बुझाउने गरी काम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तोंकिदा रसोद किन्नु परेन । खर्च नचलेकोमा वडामहाराज पृथ्वी. को र खारपाका हरिनन्द पोखरेलको माथि बयान गरिसकिएकै छ ।

अब गुठी कच्चा पक्का के रहेछ बुझ्ने, त्यस्तै वीर्ताको आम्दानी कच्चा पक्कापनि बुझ्ने गुठी र बीर्ता जाँच कचहरी खोलियो ।

गुठी जाँच कचहरीले कच्चा पक्का गुठी के हो बुझ्न यस्तो प्रकारले प्रमाण बुझेको देखिन्छ कि –

स्वस्तिश्री गुठी जाँच कचहरी कश्य पत्रं ....

आगे ईखाछेंको मही भाजु प्रभृत्ति ९ जना (गुठियार) के तुलीदत्त गुठीको खेत रोपनी २६ को पत्र, तायदाति ली (ई) गुठियार लाई त्यसको सक्कल पत्र दाखिल भएको रशिद भर्पाई गरी दियौं । इति सम्बत १८६१ साल चैत्र सुदी ९/३ शुभम् ....

यो भर्पाई दिएर कागज-पत्र निस्सा जाँची गुठी चले नचलेको के हो ? गुठी चलेको ठहरे फुकुवा भएको र गुठी नचलेको प्रमाण-पत्रपनि नभए सैनिकको खान्कीमा भर्ना भएको देखिन्छ । गुठी चलेकोमा फुकुवा भएको यस्तो पत्र देखिन्छ –

स्वस्तिश्री (गुठी) जाँचका डिट्ठा राजेन्द्र कश्यपत्रं आगे पित वही ईखाछेंको भजगोविन्द प्रति गुठियार जम्मा ९ के तिमीहरुका तुलिदत्त गुठीको खेत रोपनी २६ रहेछ. त्यस्को धन पत्रबाट खोज गर्दा धन पत्र जाच्यौं पानफुल रुपैयाँ २/- लिई अघिल्ला बमोजिम गुठी चलाउनु भनि छोडि दियुँ । इति संवत १८६२ साल चैत्र सुदी १५ रोज १ शुभम् ....

अब, त्यस्तै दोश्रो गुठीको बयानमा बि. सं. १४०६ मा मुसलमानको दलबल भगाउन ताकुमदेखि आएका तक्मेली बगाले थापाका सन्तान अकबर थापाले मल्ल राजा (महेन्द्र मल्ल) लाई महीन्द्रमल्ली टङ्का (रुपैयाँ) १७ सय दिएर ती राजाले ने. सं. ८३६ (ले हुने ८३६ + ९३७ = बि. सं. १७७३) मा जलढुङ्गे खेत गोकर्ण बागमती किनारको (माटो) मुरी २४० बीर्ता दिएको नेवारी भाषामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुप्ताक्षरले लेखिएको बीर्ता दिएकोमा साथै गुठी राखेको कागज प्रमाण गुठी जाँच कचहरीमा पेश गरेको भर्पाई देखिन्छ ।

बीर्ता पाएको मितिले १०१ वर्ष पछि १८०४ श्रावण सुदी १५ रोज ३ मा अकबर थापा १, श्रीकृष्णहरि थापा १, अमरसिंह थापा १, नारायण थापा १ हामी ४ भाईका सन्तान हौं भन्ने गुठी जाँच कचहरीमा कस्तो प्रमाण पेश गरेछन् भने –

जम्मा (माटो) मुरी २४० मा सति (?) ले दान गरेको ४० मुरीको कागज र अकबरेश्वर अम्बरेश्वरलाई गुठी राखेको (माटो) मुरी ४० को कागज र बाँकी १६० मुरी माटो हामी ४ भाईले विर्ताको हकबण्डा गरी पाएकोपनि श्री पशुपतिनाथको पूजा (पर्वपूजा), श्री कीर्तिमूखी भैरवको पर्वपूजा, श्री भुवनेश्वरी देवीको (भुवनेश्वरीमन्दिर शिलापत्रमा छ ।) पर्वपूजा सबै भाई मिलेर गुठीका रुपले चलाएका छौं भन्ने कागज पेश गरेको भपाई त्यस्तै देखिन्छ ।

बि. सं. १८६२ मा उपरोक्त ४ भाईका सन्तान हौं भनि प्रमुख सन्तान सरदार डम्बर थापाले तिनकै नाउँबाट गुठी जाँच कचहरीबाट फिर्ता पाएको सबुद प्रमाण मोरङ्ग बिराटनगरमा बस्ने यस बखत बयोबृद्ध भएका टेक बहादुर थापासँग रहेको देखिन्छ ।

यस्तै गुठी जाँच कचहरीबाट फुकुवा गरिदिएको गुठी चलाई शेष उपभोग गर्नु भन्ने अनेकौं गुठीको गुठियारहरु देखिन्छन् । उपमाको लागि यो दुईवटासम्म यो लेखमा प्रमाण दिइयो ।

अब बीर्तातर्फको कुरामा सुना बीर्ता, गाउँ सेवा बीर्ता (गाउँ-गाउँमा सेवा वीर्ता) भन्ने देखिन्छ । यसैबेला त्यो विर्ता झिकियो कि ? इतिहासमा वहादुर साहले थामेको देखिन्छ । त्यसपछि के भयो इतिहास पाइएको छैन) र लालमोहरिया बीर्ता भन्ने तिनवटा बीर्ता देखिन्छ । सुना बीर्ता अघि मल्ल राजाहरूले प्रथमतः रानीले सुनको टुकी लगाउन सुना बीर्ता दिएको भन्ने चलनले चल्ती चलेको इतिहासमा पाइन्छ । श्री ५ पृथ्वीनारायण साहदेखि यता लालमोहरिया बीर्ता भन्ने चलन प्रमाणित देखिन्छ । बीर्ता जाँच कचहरी खडा भएकोले समस्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधिराज्यभरिको बीर्ता कच्चा-पक्का जाँच भएकोमा कति कच्चा ठहरियो त्यो तुरुन्तै रैकर भयो र सैनिकको खान्कीमा बाँधियो । अरुमा मोहीवोटी र तल्सिङ्बोटी भन्ने बीर्ता धनीले आफैं कमाई खाएको भए मोहीबोटी खान पाउने गरी तल्सिङ्बोटी पल्टनको खान्कीमा दरियो ।

विर्ता धेरै देखिनेको पनि तल किसिम बताइने छ । बि. सं. १८६१ चैत्र सुदी १ मा शौरमानले बि. सं. १८६२ लाग्दछ । त्यसैले बि. सं. १८६१/६२ को कार्वाहीलाई बासट्टिहरण भनिन्छ । अहिले जस्तो वीर्ता उन्मुलन भएको थिएन । देउपाटन टोल मनमोनहन श्रेष्ठले सुना-बीर्ता खेत डेढ रोपनी बेच्यो, बीर्ता लाक्ष्मीनारायणले किन्यो । सुनाबीर्ता जानी भोग गर भन्ने किन्नेको नाममा लालमोहर (६/- ९७) भएको देखिन्छ ।

बि. सं. १८६१ चैत्र सुदी १३ रोज ५ मा भीमसेन थापाले बीरवहादुर साह (कृष्ण साहका छोरा) सँग घरजग्गाको मोल दिएर झोछें टोलको घरबारी किनेको बीर्ताको लालमोहर पाएको (पू. ६५/- ३३, ३४) देखिन्छ ।

कुन क्षेत्री, कुन बाहुन, कुन वैश्य त्यो बेला बीर्ता हरण भएको ठूलो हल्ला देखिन्छ । बासट्टिको वीर्ता हरण भन्दछन् । सबैभन्दा धेरै खार्पाका हरिनन्द पोखरेल ब्राम्हणको धेरै बीर्ता देखिन्छ । अनि (वडा) अमरसिंह थापाको बीर्ता देखिन्छ । त्यस्तै भैंमालेका ब्राम्हणको बीर्ता धेरै देखिन्छ । लेख्न लागे यो पुस्तिकाको कलेवर बृहद बन्दछ । केही सूत्रमात्र उपमा दिउँ जस्तो कि –

भैमाले ब्राम्हण बाबुराम आचार्यका पुर्खाको मल्लकालमा पाएको कुश बीर्ता धेरै थियो । मनहरातर्फको र मोतिटारतर्फको दुई ठाउँको बीर्ता थियो । बीर्तावालले मोहीबोटीमा जतिसुकै खर्च लगाई कमाउन मञ्जुर गरे कमाउने र तािल्सङ्बोटी सैनिकको खान्कीमा भर्ना भएको देखिन्छ ।

यस्तो क्रम देखेर भैंमाले बाम्हणहरुको चित्त बुझेन । राजाकहाँ सबै भैंमाले ब्राम्हणहरु कराउन पुगे । तब मोतिटारको चाहिं बीर्ता थामिदिएको देखिन्छ । तैपनि चित्त बुझाएनन् । दिनदिनै बीर्ता थामी पाउँ भनि राजाकहाँ जान छोडेनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain: Digitization by eGangotri

अरु ब्राम्हण क्षेत्रीहरुले हाम्रो बीर्ता जग्गाले नै देश बढ्यो, समाज बढ्यो, बद्री केदार हरिद्वारलाई हाम्रो देश भन्न पायौं । सतद्रुम (सतलज) नदीको साँघसम्म हाम्रो देश भन्न पयौं । यो सानो कुरा छैन भन्ने खुशिले भोक न तिर्खाको भए । अझै सतलजपार भएर किला काँगडा देश विजय गर्न जाने भन्ने कुरा सुनेर दङ्ग खुसी भए ।

भैंमाले ब्राम्हणहरुले मात्र (खतरनाक, देश-बेचुवा) सन्धि भएको सुन्न पाए कि पाएनन्, मोतिटारको जस्तै अन्तको पनि थामी पाउने अभिलाषाले हो कि ? वहादुर साहको हत्याको पापमाथि यस्तो अभिश्रापको श्लोक लेखेर लट्ठीमा बाँधी घुम्न लागेको बताउँ –

नबिषं बिषमत्याहुर्व्रह्मस्वं विषमुच्यते ।
बिषमेकाकिन हन्ति ब्रह्मस्व पुत्रपौत्रकं ॥

बोली बन्द गरेको थाहा होस् भनेर कानमाथि जनै देखाई यस्तो श्लोक लेखी लट्ठीमा बाँधी सबैले देख्ने गरी दिनको १ प्रहर हनुमानढोका (दरबार) मा प्रतिदिन आउन, धर्ना दिन थाले । तव सतलजसम्म विजय भैसकेको छ । सतलज पार गएर किला काँगडा देश विजय हुनासाथ बीर्ता थामिदिन्छु भन्ने राजाको हुकुम भएको कथन देखिन्छ । त्यही कथन अनुसार भैंमालेले सत्याग्रह छाडेका हुन् कि के हो ?

अभिश्रापको पर्चा नदेखाएर शान्त प्रकृतिले केही पछि बीर्ता फिर्ता मागेको भए पाउनेनै थिए कि, भन्ने उपमा पाइन्छ । जस्तो कि बि. सं. १८६२ कार्तिक सुदी ९/५ मा काजी रणजितसिंहको बीर्ता बारा, पर्साको जफत गरी बाली असुल भएकोपनि विर्ता थामी बाली फिर्ता गरिदिनु भन्ने मोहर (६/- २१) भएको देखिन्छ । वडा अमरसिंह थापाको बीर्ता फिर्ता भएकोमा काम नसकी फिर्ता लिन मानेनन् भन्ने इतिहासमा खुलेको छ ।

वडा अमरसिंह थापाका बाबु भीमसिंह (बाग भीमसेन) थापाको मर्स्याङ्गदीपारको बीर्ता सट्टा भर्ना गरी अर्को ठाउँमा फिर्ता पाएको (६/- १०३) देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै ब्राम्हणहरुको बीर्ता, देवी-देवताको गुठीको जग्गा सभ्यता, संस्कृति, धर्म थाम्न १८६२ मा काम चलाउनको निमित्त जफतसरह कम्पु पल्टनका सैनिकको खान्कीमा बाँधिएको त्यो सट्टा भर्नाको मोहर भएको (६/- ५९९, ६००) देखिन्छ । रामेश्वर गोतामेको र पोखरेलको बीर्ता (६/- ६०३) फिर्ता भएको देखिन्छ । अरु कति फिर्ता भयो, लेख्न थाले पुस्तिकाको कलेवर बृहद् हुन्छ, संकेतमात्र दिइएको छ ।

काँगडा विजय भएपछि भैंमाले ब्राह्मणको बीर्ता फिर्ता हुने हुकुम भएकोमा कहिलेपनि विजयको टुंगो लागेन । यो त गुठी बीर्ताको कुरा भयो । अब, नसुनेको १८५८ को अंग्रेजसँग भएको सन्धिको कुरामा स्वामी राजा रणवहादुर साहले के सुने, त्यसको सभा बस्नुभन्दा पहिले केही कुरा गरौं ।

यस पुस्तकको माथि दिइएकोमा गुह्यचश्वरी कुण्डमा हात चोपी धर्म भाकेको सही गर्ने कुरो प्रष्ट खुलेको छैन ।

स्वामी राजा रणवहादुर साह यही कुराको खोजिमा मुख्तियार भएको देखिन्छ । किनकि, हदमाथिको यो मुद्दाको कार्वाही गर्ने मन्त्री स्तरको अधिकार देखिदैन ।

मुख्तियारी भएको बि. सं. १८६२ चैत्र १० गते (ज. भीम. त. ने. पृष्ट ११) मुख्तियारी हुनुको काम बाँकिनै थियो ।

अब कार्वाही हुन्छ भन्नेपनि विरोधीहरुले थाहा पाइसकेको देखिन्छ । काजी त्रिभूवन खवासको घरमा कागज छ भन्ने मुख्तियार स्वामी रणवहादुर साहले थाहा पाइसकेको रहेछ । तब बि. सं. १८६३ बैशाख १४ गते बेलुका रातमा सुनसान भएपछि काजी त्रिभूवनको घरमा स्वामी राजा मुख्तियार छापा मार्न पुगे (६/- ५०, ५१, ५२) । यो कुरा लम्बे छ, छोटकरीमा नै बताउँ ।

काजी त्रिभूवनले एक्कासि मुख्तियार रणवहादुर साह आफ्नो घरमा आएको देखेर त्यो गोप्य राख्न पर्ने भएको दुवै पत्र गुह्यश्वरीमा धर्म भाकी शर्त लेखेको र १८५८ को सन्धिपत्र प्रकाशमा नआएको खान्तलासी गर्दा नपाउने गरी आफ्नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लुगा भित्र कुनै तहमा लुकाएछन् । मुख देखाउन आउनपनि नसकेर घर भित्रै लुकेर बसे, हाजिर हुन आएनन् । तब घरमै लुकेको छ भन्ने सुराकीले बिन्ती चढाए । कुमेदान र जमदारले ४/५ जना सिपाही लिएर खोज भन्ने हुकम भयो तब धरमै खोजियो, फेला पऱ्यो पक्रेर ल्याएर स्वामी राजामा हाजिर गराए । त्यस बेलासम्म आएका सभासद्हरु केरकार गर्न थाले । यो सभामा को को उपस्थित थिए, तिनको नाम दर्जा अनुसार क्रमैसँग लेखिन्छ ।

१. बुढागुरुज्यू (के नाम हो उल्लेख छैन)
२. मन्त्री नायक चौ. शेर वहादुर साह (कर्मचण्डाल भन्ने लेखिएको)
३. चौतरिया रणोद्योत साह
४. चौतरिया बम साह
५. चौतरिया प्राण साह
६. मूलकाजी देवान (गोरा) रणजित पाँडे
७. काजी रणध्वज थापा (वडाकाजी बीर अमरसिंह थापाका साहिंली मुखिनी धर्मदेवीका जेठा छोरा)
८. काजी नरसिंह गुरूङ्ग
९. काजी दलभञ्जन गोरा पाँडे
१०. काजी वख्तावरसिंह बस्न्यात
११. काजी भीमसेन थापा (१ खान्कीको ६ जना काजी भएकोले १/६ को काजी (ज. भीम. त. ने पृष्ठ १८६, १८७)
१२. काजी बालनरसिंह कुँवर
१३. काजी बहादुर भँडारी
१४. सरदार बखतसिंह बस्न्यात
१५. साँडे वैद्य
१६. तेवारी बिचारी
१७. सरदार बलभद्र
१८. (नाम बुझिएन)
१९. त्रिभूवनलाई पक्री ल्याउने कुमेदान (के नाम हो ?)
२०. जमदार (के नाम हो, खुलेको छैन)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२१. के नाम हो, खुलेको छैन
२२. के नाम हो, खुलेको छैन
२३. के नाम हो, खुलेको छैन
२४. के नाम हो, खुलेको छैन
२५. सुवेदार रत्नवीर

जम्मा सभासद् २५ जनाको सभामा के के कुरा भयो, काजी त्रिभूवनले खुलस्त नबताएकोले सभासद्ले चित्त बुझाएनन् । तब खुलस्त बताएनन् भनि त्रिभूवनलाई काट्न विष्णुमती नदी पुऱ्याएपछि त्रिभूवनले बोले-मरिजाने र माटोखाने मैले गऱ्याको छ कि अरुले गऱ्याको रहेछ ला यो कागज पुऱ्याईदे भनि लुगा भित्रबाट जयन्त्याका हातमा कागज दिएछ । राजाका हजुरमा यो कागज पुग्दा त्रिभूवनलाई फर्काउनु भन्ने हुकुम भएछ र त्रिभूवन हजुरमा आयो र कुरा भयो ।

फिरङ्गीलाई केही दिन्या कुरा र अहदको कुरा ढुकुटीका रुपैयाँका कुरामा चौ. शेर बहादुरको र त्रिभूवनको पेट फुट्नजाँदा यो उपद्रव भयो भन्ने (६/- ५०) काजी बालनरसिंह कुँवरको जाहेरी लेख यस्तो छ –

कुरा हुँदा हुँदै चौ. शेर वहादुर साहले म पानी खान जान्छु भनि गएको, पानी खाएर आफू बस्याको ठाउँमा बस्यो र रणवहादुर साहलाई बिन्ती गऱ्यो र बोल्यो ।

मैले ता बिराएको छु भनि आघि थाङकोटमा बिन्ती गऱ्याँ थ्याँ, माफ बक्सनु भयोथ्यो भनि बिन्ती गऱ्यो ।

स्वामी ज्युबाट मेरा जिएको भन्या माफ भयो, ढुङ्गा (राष्ट्र) को सर्वाधिकार कुरामा त मुखिया (इन्साफकर्ता) बाट माफ भया पो हुन्छ र मैले माफ दिएर कहाँ हुन्छ. यो बाप ज्यादाको छाला गया देखि तँ क्या खाँदो होस्. अरु गुलाम (अंग्रेजको कमारो) ले जसको मन पऱ्यो उसको चाकरी गर्न हुन्छ भन्ने हुकुम हुँदा चौ. शेर बहादुरले चौतरिया दुई र अरु भारदारहरुलाई (देखाई) यिनीहरुले बिराया कि बिरायनन् भनि देखायो । स्वामी राजाले यी पाजी गुलामहरुको के लेखा छ तँ ता भाई होस् भनि जवाफ बक्सनु भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवेचना –

मूल ढुकुटीबाट ५० हजार रुपियाँ अंग्रेजलाई दिने भन्ने गुह्यश्वरी कुण्डमा हात चोपी धर्म भाकी गुप्त कागजमा सही गरेको ५० हजारको बारेमा मात्र रहेनछ । बि. सं. १८५८ मा दामोदर पाँडेले अंग्रेजसँग सन्धि गरेको (खतर्नाक, देशबेचुवा सन्धि भन्ने नाम अहिले चलेको देखिन्छ) पनि गोप्य राख्ने कुरा भएकोले त्यसको विषयमा भयानकता देखिन्छ ।

शेर वहादुर साहलाई तँ ता भाई होस् यो वाप ज्यादाले कमाएको धन सम्पती देश हो यो अंग्रेजले लिएपछि के खाँदो होस्. देश जोगाउने कर्तव्य तेरोपनि हक छ भनेर कुरा गरेको विवेचनाबाट संझिइन्छ । अब इतिहासतर्फ जाउँ ।

स्वामी महाराजले भाई होस् भनि शेर वहादुर साहलाई सम्बोधन गर्दा प्रेमशिष्टाचार देखिन्छ । तर, वहादुर साहको हत्या गर्ने काममा शेर वहादुर साहको कर्तव्य थियो भनि बाबुराम आचार्यले बेप्रमाण लेख्नु भएको साँचै हो कि ? त्यो पापले लिवलिवे तरबार दाप समेत कम्मरमा बाँधी आएकोले भयङ्कर पापको फल भोग्नु पर्ने यसैबेला देखिन्छ ।

दाज्यू राजा रणबहदुर साहमा चिया खान जाँकी भनि फेरी बिन्ती गऱ्यो । जा भनि हुकुम भयो र ५/७ कदम पर पुगी रहेथ्यो उसबेलामा स्वामी ज्युबाट नानीको मुख सुक्यो अब भनि बुढागुरुज्यूसित हुकुम भयो र उसले पनि सुन्यो ।

शेर वहादुर साही चिया खाने ठाउँसम्म पुगेपछि फेरि चाँडो फर्क्यो । त्यसै वखतमा जम्बु (स्याल) करायो । स्वामी राजाबाट सुन भनि हुकुम गरी बाहुलीले (कान) थामी जम्बुको आवाज सुन्न लाग्नु हुँदा उसबखत शेर वहादुर साह चाँडो कदम गरी आयो र तरबारको मियान खसायो (लौ) तेरी आमा भनि चाँडो तरबार चलायो र बाहुली अलिक बाँकी राखी छातीसम्म काट्यो । स्वामी राजाले लौ बाल्या भनि हुकुम भयो. हुकुम भएको सुन्ने वित्तिकै म पुग्दा आफ्नो हतियारतिर बाहुली लैजानु भयो. हतियार उठेन. फेरि कर्मचाण्डाल शेरेले चोट छोड्यो र काँधमा काट्यो. मैले आइपुग्याँ गरि प्रवर भनि बिन्ती गर्दा गर्दै फेरि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मचाण्डालले चोट छोड्यो र दलिनमा लागी बाहुलीमा छुरी कला बगी मेरो लबेदा काट्यो . त्यति भयापछि मैले कर्मचाण्डालका तर्फ तरबारका कव्जामाथि समात्दा मेरो कात काट्यो र मैले तरबार छोडी घोप्टो पारी कर्मचाण्डालका कलनसामा खुकुरी रोप्याँ कर्मचाण्डालले आफ्ना हातको तरबार छोडी हात तनक्क तान्यो. उसको तरबार मैले हातमा लियाँ र म उठ्याँ. चौतरा दुईले मऱ्यो कि मरेन भनि सोध्या र मैले उसैको तरबारले घोच्याँ, हान्याँ. चल्नु चलाउनु. केहिपनि गरेन. त्यसबेला मैनबत्ती बोर्सी ढल्याको रहेछ र कोही मानिसपनि अन्धकारमा देखिन. अल्ली बेरपछि बूढागुरुज्यूको केटा ताल्याले चिराक ल्यायो र आफ्ना आफ्ना जग्गामा बसेका सबैलाई देख्याँ ।

यसको विवेचना -

बालनरसिंह कुँवरको लेखाईमा पहिलेनै मैनबत्ती निभाई अन्धकारमा शेर वहादुर साहले तरबार चलाएको थियो भन्ने लेख्नु पर्थ्यो । लेखको पुछारमा अन्धकार थियो. टाल्याले चिराक ल्यायो र सबैलाई देख्याँ भन्ने लेखको स्वामी राजामा तरबार चलाउनु पहिलेनै मैनबत्ती निभाएको र अन्धकारमा तरबार चलाएको देखिन्छ । अब इतिहासतर्फकै कुरा गरौं ।

ताहाँ पछि कुमेदान रनसिंह र जैमन्तसित यस कर्मचाण्डाललाई यहाँ नराखौं भनि बालनरसिंह कुँवरले बाहिर ल्याई कर्मचण्डालका ढाडमा कुल्ची राख्या भन्नेनै वहाँको लेख देखिन्छ ।

त्यसैबिचमा काजी भीमसेन थापा बसन्तपुर चौतरियाको घरमा भात खान गई चुठेर आएका थिए । कसो कसो भयो भनि सोध्या र त्यसबेलाको दृश्य मूलमन्त्री देवान रणजित गोरा पाँडे र काजी बालनर्सिंह कुँवरले कहे । तब भीमसेन थापा झश्केर घाइते स्वामी राजाकाहाँ पुगे । स्वामी राजा बोल्नै नसक्ने अवस्थाको देखे ।

भीमसेन थापाले सभासदलाई भने कि मैले पहिलेनै माथि चोटामा सभा कचहरी नगरी चोकमा सभा कचहरी लगाई झ्यालमा आफु राज भई सुनिबक्सी झ्यालबाटै हुकुम होस् भनि बिन्ती गरेको मानिबक्सेन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तँ छिटो भात खाएर आ भनि तिनपल्ट हुकुम भएरनै म बसन्तपुर चौतरियाको घरमा भात खान गएँ । यहाँ यस्तो भएछ । सभासदका अगाडि राजाको उपर हतियार चलाउन कसरि सकेको हो, भीमसेन थापाले सोधे भन्ने छ ।

जति त्यसबेलाका सभासदहरु थिए, सबैले एकै बोलीले जवाफ दिए कि चौतरियामाथि ठूलो मान पाएको मन्त्रीनायक शेर बहादुर (कर्मचाण्डाल) ले हामी सभासदको अगाडि यस्तो कुकर्म गर्नेछ भन्ने कसैको मनमा शंकै थिएन । स्वामी राजासँग कुरा हुँदा पहिलेनै हात जोडी मैले विराएको छु, माफ बक्सनु होस् भनि स्वामीराजा बनारसबाट थाङ्कोट आउँदा बिन्ती गरेको माफ बक्सनु भएको थियो भन्ने शेर बहादुरको बिन्ती गराई र मैले माफ दिएर हुँदैन, न्याय गर्नेले माफ दियो भने पो हुन्छ भनि हुकुम भएको सबैले सुनेका छन् ।

बालनरसिंह कुँवरको लेखमा यस्तो छ – फेरि उनी लेख्छन् कि शेर बहादुर छट्पटिएको पानी खान २ पटक जाँकि भनि बिन्ती गरेको चिया खान जान्छु भनि बिन्ती गरेको यसको रहस्य पछि सम्झन्छौं । त्यो कुरा तल बताउँला: (डि. जि. हस्तलेख बंशावली) र (६/- ५०, ५१) इतिहासमा देखिन्छ ।

यसको विवेचना –

सौत्यानी भाईले अवनति गरेको भन्दै आइएको छ । अहिलेपनि स्वामी राजा रणवहादुर साहका सौत्यानी भाई शेर बहादुर मन्त्री नायक (कर्मचण्डाल) को र त्रिभूवनका साथै पाल्पाली नक्कली राजा ३ जनाको गठबन्दी भएरनै त्रिभूवनको घरमा अन्धकार रात्रीको समयमा यो सभा बसेको हो भन्ने तल पढ्दैजाँदा रहस्य बुझिन्छ ।

चिया खाएर आएपछि स्वामी महाराजाकहाँ उभियो । उ उभिदाँ मैनबत्तीको छायाँ हामीलाई पऱ्यो । यसैबेला बत्तीपनि निभेको देख्यौं । कर्मचण्डाल शेर बहादुरले लिवलिबे तरवार कम्मरमा बाँधेको झिकेर यस्तो गर्ला भन्ने मन शंकैमा थिएन । बाल्या भन्ने स्वामीज्यूको बचन सुनेको पनि हो । सन्याक-सुरुक थाहा पाएको पनि हो । बत्ती बाल्न हिंडेको भन्ने सझ्यौं । यस्तो बालनर्सिंह कुँवरको लेख देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भीमसेन थापाको भाई नयनसिंह थापालाई रणजित गोरा पाँडेको छोरी दिएकोले मूलमन्त्री रणजित पाँडेको र भीमसेन थापाको आपसी चहल-पहल देखिन्थ्यो ।

सभासदहरुले स्वामी महाराजको अन्त्य अवस्था बुझे । लौ तल चोकमा सार्नु पर्छ भने । दरबारमा वडामहारानीलाई बिन्ती गर्न रणजित गोरा पाँडे गए । बालनर्सिंह कुँवर काजीले तल चोकमा स्वामी राजा रणवहादुर साहलाई सार्न ठाउँ ठिक गर्न गए ।

चोकमा पुगेपछि बालनर्सिंह कुँवर काजीले के देखेर झश्के भने कर्मचाण्डाल शेर बाहदुरको सालो पाल्पाली (नक्कली राजा) ले चोकमा उभिई मन्त्रीनायक आफ्नो जुवाई शेर बहादुरको निर्देशन सुन्ने आशाले झ्यालतर्फ हेरिरहेको देखे । शेर बहादुर मरेको चालै पाएनछन् ।

पाल्पाको नक्कली राजाले जिउमा छुरी, ढाल, खुकुरी भिरेको छ । दलानभरी अन्धकारमा पाल्पाली सिपाही धना (धनु), ठोक्रा, खुकुरी भिरेको बालनरसिंह कुँवरले देखें भन्ने छ । यस्तो अन्धकारमा सशस्त्र गुप्त सैनिक बालनर्सिंहले देखेर निर्देशन लिए कि लिएनन्, लेखिएको छैन । पहिले अँध्यारोको सहायताले पाल्पाली नक्कली राजालाई छप्काए (काटे) । कालिबक्सका सिपाही कति थिए, ४/५ जना नै हो कि । तिनलाई लौ पाल्पाली सैनिकलाई काट भनेर आदेश दिए । त्यो सुनेर र आफ्ना राजा मरेको देखेर ती अँध्यारोको सहायताले भागे । एउटापनि काटिएनन् (डि. जि. हस्तलेख बंशावली) र (६/- ५०, ५१) भन्ने इतिहासमा देखिन्छ ।

यस्तो हालत माथि बस्ने सभासदले देखे । धन्न बाँच्यौं, बालनर्सिंह कुँवर नभएको भए हामी सबै मर्ने थियौं भनि सभासदहरुले आपसमा कुरा गरे । स्वामी राजाको हत्या गरी पाल्पाली सैनिकमा शेर बहादुर (कर्मचाण्डाल) मिल्न पुगेको भए हामी सभामा उपस्थित २५ जनालाई सहजै मार्ने थियो । बि. सं. १८५८ को (खतर्नाक) सन्धि सफल गर्ने थियो भन्ने कुरा गरे भन्ने उल्लेख छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसको विवेचना –

बाबुराम आचार्यको प्रकाशन (ने. सं. बृ. पृष्ट ११३ मा) बि. सं. १८५८ को सन्धिको उपनाम खतर्नाक सन्धि भन्ने प्रकाश गर्नु भएको छ भने श्री ढुण्डिराज भण्डारी (बि. ए., बि. टि) ले नेपालको ऐतिहासिक बिवेचना प्रकाशन पुस्तकको पृष्ठ २१३ मा देश बेचुवा सन्धि भन्ने उपनाम राखेको देखिन्छ भनी माथिपनि भनिसकिएको छ ।

मुख्तियार स्वामी राजा रणवहादुर साहले आफ्नो अन्त्य अवस्थामा शेर बहादुरलाई तँ ता भाई होस्, यो बाफ दादाको छाला (देश) गया देखि के खाँदो होस् भनि हप्काएको कुरो र बाबुराम, ढुण्डिराज तिनैजनाको कुरो मिल्छ ।

वहादुर साहको जीवनीको यो लेखबाट वहादुर साहको हत्याको पापले १० वर्षपनि सन्तोषले बितेन । ८ वर्ष १० महिनामै कस्तो अन्धकारको अशान्ति पापको फल भोग देखिन्छ, त्यो नै छोटो सम्झना गरौं ।

१. वहादुर साहको कठोर र कायरतापूर्वक हत्या गरेको डेढ वर्ष पछि सुनेका चौतरिया ४ जनाको उग्र असन्तोष देखेर पाप माथि पाप भनेझैं उनीहरुका आँखा फोरी काना तुल्याएको इतिहासले बक्छ ।

२. वहादुर साहको हत्या गरेको डेढ वर्ष पुगी १४ दिन हुंदा श्री ५ रणवहादुर साह जोगी बनेको इतिहासले देखाउँछ ।

३. वहादुर साहको हत्या गरेको ३ वर्ष १४ दिन हुँदा स्वामी राजालाई दामोदरले लखेटी स्वामी राजा बनारसतिर भागे । लखेट्नेले अंग्रेजलाई पत्र लेखेर बनारसमा निग्रानी राख्न लगाएको चौकी पाले इतिहासले देखाउँछ ।

४. वहादुर साहको हत्या गरेको ४ वर्ष ३ महिना हुँदा बि. सं. १८५८ मा (खतर्नाक, देश बेचुवा) गुप्त सन्धि गुप्त चाललेनै भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. वहादुर साहको हत्या गरेको ६ वर्ष ८ महिना हुँदा दामोदर पाँडे र उनका सहयोगी अवनति कारकहरु काटिए ।

६. वहादुर साहको हत्या गरेको ८ वर्ष १० महिना हुँदा स्वामी महाराजकै हत्या भयो । स्वामी महाराजको हत्याको आविष्कारकपनि काटिए ।

माथि दफा (१) मा लेखिएका चौतरियाको आँखा फोरेको पुस्तावली यस्तो छ –



उपरोक्तमध्ये, कुलचन्द्र साह, बीरभद्र साह, भीमप्रताप साह र भीमरुद्र साह समेत ४ जना चौतरियाहरु वहादुर साह जस्ता महान् सपुतलाई बिना अपराधमा केवल उनले गरेका महान कार्यहरुबाट डाह र द्रोही भएरनै गोप्य षडयन्त्र र कायरतापूर्वक हत्या गराइएकोमा असन्तुष्ट हुनु मनासिवै थियो र भए ।

वहादुर साहको अपराध के थियो ? यदि उनले अपराध गरेका भए राजसभा बसी अपराध प्रमाणित गर्ने काम किन हुन सकेन र विना अपराध किन अपहत्या गरियो ? यस्ता सामान्य प्रश्नहरु उठ्नु स्वाभाविक थियो र यस्तै कुराको कारण भय र आतङ्कित मनस्थितिले व्याकुल भएर केवल शक्तिको आडमा उपरोक्त ४ जना चौतरियाहरुको आँखा फोरी काना तुल्याएको इतिहासमा खुल्दछ । यसमा पनि भँडुवाहरुको ठूलो हात हुन सक्दछ जसमा विवेक र बिचार शून्य रहेछ मात्र होइन कि शासनमा बसेका शासकहरु कुन स्तरका र कति नालायक रहेछन् भन्ने तथ्य बुझ्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहास लिखितम र वखितम दुई किसिमको देखिन आएको छ । त्यसको विवेचनामा "इतिहास" यो बाक्यको सृजना हुँदा पहिले संस्कृत बोल्दादेखि चलेको देखिन्छ । जस्तो कि - इति = यो, ह = यस्तो, आस = थियो (वा छ) भन्ने शव्दको एकिकरण भएरनै इतिहास भन्ने बाक्य चलेको देखिन्छ ।

प्रस्तुत भाषाको पनि व्याख्या गर्दा यो = भयो दृश्य, यस्तो = भन्नेमा अर्थ ज्ञान भयो, थियो = (वा छ) को अर्थमा कहाँ थियो त्यो स्थानलाई लक्ष्य गर्दछ । यस्ता ३ वटा शव्द मिलेको उपमा दिंदा द्रष्टा, दृश्य, दर्शन तिनवटा शव्द एकिकरण भएको लेखलाई जीउँदो इतिहास भनिन्छ ।

अभिलेख, शिलापत्र, ताम्रपत्र, कठपत्र, भोर्जपत्र, ताडपत्रमा लेखिएको लेख एक प्रकारको देखिन्छ । दोश्रो लालमोहर (चिठी) पत्र श्री ५ वडामहाराज पृथ्वीनारायण साह, वहादुर साह, स्वामी राजा रणवहादुर साह, महारानी राजेन्द्रलक्ष्मी जस्ता र अरु राजा रानीले प्रशासनमा बोलेको प्रमाणपत्र दिव्योपदेश र भयङ्कर विष पर्वको पनि इतिहास हुन्छ ।

तेश्रो नम्बरमा भीमसेन थापा, वडाबीर अमरसिंह थापा, काजी बालनरसिंह कुंवरको दृष्टि बि. सं. १८६३ वैशाख १४ गते शेर वहादुर साहीले स्वामी महाराजको हत्या गरेको त्यो काण्डमा को-को परे, मारिए त्यसको जाहेरी लेख (६/- ५०, ५१, ५२) लेखेको दृश्यलाई पनि तथ्य जीउँदो इतिहास मानिन्छ ।

चौथो नम्बरमा ऐन कानून सनद सवालपनि इतिहास मानिन्छ । इतिहास कस्तो हुन्छ कि –

सुद्धेतिहासपाठेन सुद्धंज्ञानंभवेदभूवि ।
असुद्धेनेतिहासेन फलज्ञानंचतादृशम ॥
– बीरभोग्या बसुन्धरा ॥१४॥

शुद्ध इतिहासको पाठले (आफ्नो देशको जस्तो छ अवनति उन्नतिको) हिजो आफ्ना पुर्खाले गरेको उदाङ्गको पाठले यो अवस्था भयो भन्ने पाठले समाजमा सुख-दु:खको ज्ञान हुन्छ । समाज अवनतितर्फ लाग्दैन । अर्को वखितम जस्तो इतिहास बन्दैन । माथिको श्लोकले फलज्ञान जस्तो छ त्यस्तै हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संक्षेपमा शुद्ध इतिहासको पाठले ज्ञानपनि शुद्ध हुन्छ । अशुद्ध इतिहासले ज्ञान र फलपनि त्यस्तै हुन्छ ।

ने. सं. बृ. इतिहास जस्तो अवनति गर्ने कोही पढाईमा आएन । अवनति गर्नेको नै पाठ पढ्यो भने देश समाजमा अवनति नै हुन्छ । यस्तो लिखितम र वखितमको अर्थ लाग्दछ-।

यसकारण, यो इतिहास वहादुर साहको जीवनीमा शुद्ध आधार प्रमाण दिएर लेखिएको छ । विद्वान्हरुले खोजी लेख प्रकाश गरेको प्रमाण-आधार दिएर लेखेको शुद्ध इतिहास हुन्छ ।

लेखकले आफ्नो मुण्ड (मष्तिस्क) बुद्धिद्वारा लेखेको हुँ भन्ने ने. सं. बृ. जस्तो इतिहासमा आधार प्रमाण दिएको हुँदैन । वखितमै वखितमले उपन्यास जस्तो लेखेको इतिहासलाई इतिहास भन्न हुँदैन । वहादुर साहको हत्याको ८ वर्ष, ७ महिना, २९ दिनको बयानलाई तल प्रसङ्गमा बयान गरौंला । पहिले जेठो लिखत २०१३ साल श्रावणमा चित्तरञ्जन नेपालीले प्रकाशन गरेको जनरल भीमसेन थापा र तत्कालिन नेपाल नामको पुस्तक विवेचना गरौं ।

त्यस पुस्तकमा २५२ पृष्ट छ । हरेक पृष्टमा जो व्याख्या गरिएको छ, त्यस पृष्टको तल टिप्पणी (फुट नोट) मा प्रमाण-आधार दिएको देखिन्छ ।

कुनै कुनै पानामा एउटासम्म र अरु पानामा बढिमा २,३,४,५ आधार प्रमाण दिएको देखिन्छ । माथि संस्कृतमा उदाहरण मिल्ने गरी २०१३ श्रावण १६ गते प्रकाश भएको जीउँदो इतिहास पाइएको छ ।

श्री ५ द्रव्य साहले आर्जेको गोरखा राज्य त्रिसुली नदी पश्चिम, चेपे नदी पूर्वको देश र श्री ५ पृथ्वीनारायण साहको अवतार भएकोबाट इष्ट देवी-देवताको वर-प्रसादले आर्जेको यस भेकको सार्वभौमी हक भित्र (पाल, मल्ल, चल्ल, लिच्छवीको सार्वभौमी देश) त्रिसुली नदीदेखि पूर्व तिष्टासम्मको देश ५ वटा र केन्द्र मजबुत पारी वहादुर साहले थपेको र वहादुर साहको तालिमी सैनिक बीर योद्धा अमरसिंह थापाले थपेको १७ राज्य समेत ८७ राज्यको लिष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परराष्ट्र मन्त्रालयमा रहेको १४० संख्याको खाममा रहेको देखी इतिहासका प्रेमी विद्वान् दिनेशराज पन्तको प्रकाशन (पू. ६५/- ३५ देखि ३८) मा जम्मै ८७ राज्यको नाम प्रकाशित देख्न पाईन्छ ।

वहादुर साहको हत्यापछि वहादुर साहका तालिमी सैनिक बीर (वडा) अमरसिंह थापाको १७ राज्यको विजयमा केन्द्रलाई संगठन गर्ने भीमसेन थापा देखिन्छन् । भीमसेन थापाले केन्द्रको संगठन गरेको मजबुति देखिन्छ । केन्द्रलाई मजबुती गरेन भने देशको उन्नति हुँदैन, अवनति मात्र हुन्छ । यसको दृष्टान्त वहादुर साहको जीवनीमा माथिदेखि दर्शाउँदै आइएको छ । केन्द्रमा काम गर्नेको काममा काम गर्ने कामको क्षमता हुनु पर्दछ । भारदारहरुको काममा सहमेल गर्ने युग-पुरुषहरुमा देशका विभूतिहरुको गन्तिमा बीर (वडा) अमरसिंह थापाको र भीमसेन थापाको पनि नाम छ ।

अहिलेसम्म पृथ्वीनारायण साहले र वहादुर साहले आर्जेको देशको केही मात्रामा थामेको देखेका विदेशका र स्वदेशका राजा मन्त्रीहरुले भीमसेन थापाको प्रशंसा गरेको चित्तरञ्जन नेपालीले बि. सं. २०१३ श्रावण महिनामा प्रकाश गरेको जीउँदो र जेठो इतिहास ***जनरल भीमसेन थापा र तत्कालिन नेपाल*** नामको पुस्तकमा पहिलेनै माथि लेखिएको राजा मन्त्रीहरुले विभिन्न उद्गार गरेको त्यसको व्याख्या गरौं भने यस्तो छ –

विभिन्न उद्गार

" .... म मरि मुलुक डुवन्या छैन, भीमसेन मर्‍यो भन्या मुलुक डुवन्या छ"

– श्री ५ रणवहादुर साह

".......... तेस्तो संभार गरि दिन्या मानिस मेरा साथमा भया देखि येति अमल गर्न्या थियाँ .... ।"

– रणजित सिंह (पंजाव केशरी)

"........... हामी वजिर मध्ये ठुला बुद्धिमान वजिर भीमसेन थापा हुन् ।"

– जङ्ग बहादुर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

" .... एउटा भीमसेन थापा नजन्मेको भए नेपाल उहिल्यै हिंडि सक्थ्यो ।"

– चन्द्र शमसेर

"Nothing is dearer and nearer to his heart than the independence of his country,"

— H. Old field

*(**रुपान्तर** - उनको मुटुमा आफ्नो देशको स्वतन्त्रताभन्दा प्यारो र निकट अरु कुनैपनि छैन) ।*

" .... कोष्ट भित्र खालि देखाएको भीमसेन थापाको उद्गार क्रमश: सम्झाए-बुझाएको कुरो प्रमाणित पाइन्छ । हाक्सन र ह्यामिल्टन दुई अंग्रेजले भीमसेन थापाको बदखोई गरेको त्यस पुस्तकको ९० पृष्टमा चित्तरञ्जनजीले प्रकाशित गर्नु भएको छ । पृष्ट ९१ मा हाक्सनले भीमसेन थापाको उद्गार गरेको वहाँले प्रमाण-आधारमा लेख्नु भएको यस्तो देखिन्छ –

" .... वर्तमान कालीन देशीय राजनीतिज्ञहरुमा सिवाय रणजित सिंह म एक जनापनि त्यस्तो देख्दिन जो नेपालका स्वर्गिय जनरल भीमसेन थापासित दाँजिन योग्य छन् ...."

" .... एशियामा अंग्रेजी साम्राज्यवादको विरोधी नेता एकमात्र (भीमसेन थापा) थिए ।"

– कार्ल मार्क्स

त्यस पुस्तकमा समर्थन गर्ने विद्वान् बालचन्द्र शर्मा एम. ए. साहित्यरत्नको स्वीकृति "परिचय" भन्दा अघिल्लो पृष्ठमा चारवटा उद्गार माथि बताएको र परम शत्रु ज्यानी दुश्मन हाक्सनको उद्गार यस्तो छ भनि बयान गरिसकियो । बाबुराम आचार्यको र तिनका चेलाको प्रमाण-आधार बिना भीमसेन थापालाई आफ्नै आँखाले देखेको जस्तो देशद्रोही लेख कहिपनि पाइदैन ।

माथि उद्गार गरेको ५ वटा उद्गारको चित्तरञ्जनजीले त्यस पुस्तकमा प्रमाण-आधार दिएको पृष्ठ २७ मा र पृष्ट १८१ देखि १८४ पृष्ठसम्म लालमोहरनै आधार दिएको देखिन्छ । अरु उद्गार त्यसै पुस्तकको पृष्ट १३५ मा प्रमाण-आधार दिएर प्रकाश गराउनु भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबुद आधारको कुरा खोज्दा बाबुराम आचार्यको जीवनको समयमा नोकरी गर्दा (झगडा नहुन्ज्यालको) साथी चन्द्र शम्शेरको अवस्थामा सिंहदरवार घरकाजमा काम गर्दा त्रिपुरेश्वरमा घर भएको डिठ्ठ जितमान तामाङ्ग (डि. जि.) सँग रहेको हस्तलेख बंशावली (अप्र.) मा यस्तो लेखिएको छ –

स्वामी राजा बनारसबाट आएको १ वर्ष, १ महिना, १९ दिन हुँदाको अघि दामोदरले अंग्रेजको निमेक्दार बनेको गजराज मिश्रलाई अँगालो हालेर सन्धि गर्न अधिकार दिएकोले अंग्रेजसँग सन्धि भएको बि. सं. १८५८ को यसबेलासम्म प्रष्ट थाहा भएनछ । के कुरा भएको हो चर्चो चलिरहेको स्वामी राजाले खोजी गर्ने विषयमा खुल्दुली लागेको थियो ।

कसैबाट स्वामी राजालाई गुह्यश्वरीमा नभन्नु भनेको भनेर शर्त लेखेर काजी त्रिभूवनको जिम्मा त्यो सन्धिपत्र र शर्त भएको कागज राखेको छ भन्ने थाहा भएकोले त्रिभूवनलाई स्वामी महाराजाले सोध्दा सन्धि भएको थाहा छैन भनेर बिन्ती गऱ्यो भन्ने लेखिएको छ ।

त्यो सन्धिपत्र काजी त्रिभूवनको घरमा खान्तलासी गरे भेटिन्छ, गुह्यश्वरीमा तिनलाई दामोदरले जिम्मा दिएको छ भनेर स्वामी राजालाई कसले भनिदियो यस्तै लेखिएको छ ।

बि. सं. १८६३ बैशाख १४ गते बेलुका रात परेपछि काजी त्रिभूवनको घर पोखल्डयांगमा गई त्यसलाई पक्रने र नबताए काट्न पठाउने तब भन्छ भनेर त्रिभूवनको घरमा जान लाग्दा जयन्त्या (भनेको को हो) त्यसले रात परिसक्यो बिरोधीहरु ज्यादै चर्किदैछन् भन्ने सुन्दछु गाथको बहुत संभार गरिबक्सनु पर्दछ भनि बिन्ती गऱ्यो । तब स्वामी राजाले साथमा भएका भारदारहरुको अगाडि भीमसेन थापाको उद्‌गार हुकुम भएको भन्ने त्यो बंशावली इतिहासमा लेखिएको देखिन्छ । डि. जि. सँग रहेको हस्तलेख बंशावली इतिहास नौलो होइन । त्यसको हाजिरी यस्तो छ –

जगदम्बा प्रकाशनमालाको ४२ औं ग्रन्थमा (पुस्तकको नाम) "रणबीरसिंह थापा–(एउटा उत्सर्गमय जीवन र तत्कालिन समाजको संक्षिप्त चित्रण)" यस्तो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाम र उद्देश्य लेखिएको त्यो पुस्तक २०२३ सालमा प्रकाश भएको देखिन्छ ।

त्यस पुस्तकमा डि. जि. को नाम र उनको साथमा रहेको हस्तलेख बंशावलीको नाम र नं. १६, २६, २८, ३९, ४०, ४२ र ४७ पृष्टको सप्रमाण-आधार हाजिरि देखिन्छ ।

अरु यस्तोपनि लेखिएको छ कि नेपाल काठमाण्डुबाट स्वामी राजा बनारसमा भाग्नु पर्ने लखेटिएको यस्तो लेखिएको छ –

पहिले बालक राजा गिर्वाणलाई विफरको रोग सर्छ भन्ने निहुँबाट स्वामी राजाको साथबाट छुटाई नुवाकोटमा दामोदरले राखेको थियो । महिना/डेढ महिनापनि बित्न पाएन परस्पर विद्वेष भयो ।

बालक राजा गिर्वाणको राज्य नुवाकोट भन्ने र स्वामी राजाको काठमाडौं, पाटन भन्ने जस्तो परेको थियो । परस्पर विद्वेष यहींबाटै शुरु भयो ।

४ महिना बित्यो नुवाकोट र काठमाडौंको परस्पर वैमनष्य देखा पर्‍यो । तब स्वामी राजालाई पक्री नजरबन्दीमा राख्ने योजना दामोदरले गरे । यो कुरा स्वामी राजाले पनि थाहा पाए । आउनु जानु भेटघाट बन्दाबन्दिनै भयो । यति हुँदापनि दामोदरले स्वामी राजालाई नजरबन्दी थुनामा राख्नै पर्ने देखे । तब दामोदरले फौजी मोर्चा बढाउँदै ककनी, जितपुरफेदीसम्म किल्ला मोर्चाबन्दि गर्दै तर्साउने रुपले सैनिक बढाए ।

स्वामी महाराज हतासमा परे र कसैले सम्झाउँदापनि सम्झेनन्, दिनभर छट्पट्टिए । मोर्चाबन्दीमा हामी यहाँसम्म आइसक्यौं भन्ने बन्दुकको अवाजपनि थियो । स्वामी महाराजले क्रमशः फौज बढाउँदै ल्याएको देखेर आफ्नो साथमा रहेको सैनिक बढाएनन् । आफ्नोतर्फ सैनिक कमि थियो कि ?

बि. सं. १८५७ ज्येष्ठ ८ गते ५ घडि रात चढ्दा दरबारकी महारानीले समेत थाहा नपाउने गरी बनारसतिर भागे (रणबीरसिंह थापा, पृष्ट २१) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वामी राजा अधैर्यले भागेको कुरो ऐतिहासिक विबेचना पृष्ठ ३५५ मा र इतिहास प्रकाश प्रथम अङ्कको पृष्ठ ४१ मा बिजोगले भागेको उल्लेख छ (वहादुर साहलाई यसबेला सम्झे कि भन्ने इतिहासले मान्दछ) ।

स्वामी महाराज भाग्दा भीमसेन थापा - १, प्राण साह - १, गोरा पाँडे दलभञ्जन (भोटु पाँडेका भतिजा) - १, काजी वालनर्सिंह कुँवर - १, अरु ३/४ जना भारदार समेत ७/८ जना भागेको लेखिएको छ । इतिहास (पृ. १०/-५१) मा पनि भागेको उल्लेख छ ।

भोलिपल्ट ज्येष्ठ ९ गते स्वामी राजा ८ गतेनै भागेको स्वामी राजाको स्वपक्ष र विपक्ष दामोदरहरुले थाहा पाए । यस्तो गति स्वामी महाराजको हुन्छ भन्ने दामोदर पाँडेको मन-चित्तमा थियो कि थिएन भन्न सकिन्न ।

यस्तो होला भन्ने दामोदरले होसै गरेनन् । अंग्रेजले मद्दत दिएर फर्काउँछ कि भन्ने डर शंकामा तुरुन्त अंग्रेजको निमेक्दारी भएको बि. सं. १८३३ मा कुल्याहा भन्ने पत्र चलानी पाई नेपालबाट निकालिएको बनारस निवासी गजराज मिश्रलाई यहाँ यस्तो पऱ्यो स्वामी राजा रणवहादुर साह त्यहाँ भागेर आएका छन्, अंग्रेजलाई भेट्नेछन्, के - के कुरा हुन्छ त्यो र (अंग्रेजलाई मैले सम्झेको छ भन्नु भनेर पनि लेखेको हो कि) त्यहाँ भएको कुरो प्रष्ट लेखी पठाउनु भन्ने गजराज मिश्रलाई पत्रबाहक मानिस दौडाए भन्ने लेखिएको छ ।

बनारस स्वामी महाराज पुगेपछि बनारसमा रहेका अंग्रेजलाई नभेटे मर्यादा नगरे त्यसको राज्यमा बस्न पाइन्न भन्ने कर्तव्यले स्वामी महाराज साथमा आएका गुरुज्यू र बनारसमा बसेका नेपालीहरुलाई लिई अंग्रेजलाई भेटे ।

अंग्रेजसँग भेट हुँदा भलाकुसारी के-के भयो, त्यो कुरा बंशावलीमा उल्लेख छैन । यस्तो प्रकारले दामोदरको लखेटाईमा परेर भाग्न परेको छ, सहायता पाउँ भनेर सहायता मागेको हुनुपर्छ । कुरा के-के भयो बंशावलीमा लेखिएको छ कि अंग्रेजले तिम्रो राज्यको चौथाई (चवन्नी) राज्य मलाई दिए नेपालको राज्य म दिलाउँला भनि बनारसमा बस्ने अंग्रेजले बोल्यो । अंग्रेजलाई जवाफ दिन त्यं बेला मर्यादाले समय मिलेन जवाफ दिने कुरा थाँति राखेर स्वामी राजा भारदारहरु आफ्नो डेरातिर फर्केको हुनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फर्केपछि भीमसेन थापाले अंग्रेजलाई चौवन्नि राज्य दिन हुँदैन भनि बिन्ती गरे भन्ने लेखिएकोले भीमसेन थापा मुलुक डुब्न नदिने भन्ने स्वामी राजाले सम्झेर उद्गार गरेको देखिन्छ ।

कुरो बाँकिनै छ, दामोदरले नेपालबाट गजराज मिश्रलाई पठाएको चिठ्ठी पढी त्यसको जवाफ लेख्न अंग्रेजलाई पनि सोधे हुनन् । नेपालमा पत्र लेख्दा अंग्रेजले चवन्नि राज्य मागेको कुरामा थपथाप अरु कुरा के लेखे, भरसक चढाई-बढाई लेखेको हुन सक्छ ।

गजराज मिश्रको पत्र नेपाल पुगेपछि दामोदरले पढे हुनन् । चौवन्नि राज्य अंग्रेजले मागेको स्वामी राजाले दिनेछन्, स्वामी राजालाई पुनः राज्यको अविभारा दियो भने मेरो दूर्दशा कुन गतिको हुनेछ भन्ने पीर दामोदरलाई लागेको इतिहासले देख्दछ ।

तुरुन्तै अर्को पत्र लेखी राजाको लालमोहर लगाई गजराजलाई पठाएको, स्वामी राजा आएपछि त्यही कुराको शंङ्काले चर्चो हुँदै थियो ।

भरे भरे थाहा हुन्छ कि दामोदरले गजराजलाई पत्र लेखेकोमा सन्धि गर्ने अधिकार दिएको देखिन्छ । अंग्रेजलाई सार्वभौमी मानेर चौवन्निनै अंग्रेजलाई सुम्पेर गोरखा (नेपाल) सामन्त राजा हुने बि. सं. १८५८ को (खतर्नाक, देशबेचुवा) सन्धि गजराजले लेखेर अंग्रेजको सही गराई नेपाल ल्याई दामोदरलाई देखाई दुई प्रतिमा राजाको लालमोहर लगाई एक प्रति नेपालमा छोडी अर्को प्रति अंग्रेजलाई बुझाइसकेको देखिन्छ । त्यस्तो मोहरको सन्धिपत्रमा पनि माथि बताए जस्तो आधार-प्रमाणले मार्फत दामोदर पाँडे भनेर सही हस्ताक्षर गरेको हुनुपर्छ ।

यस्तो कुरा बनारसमा बसेका स्वामी महाराजले र उनका साथमा बसेका भारदार, काठमाडौंमा रहेका भारदारलाई थाहा थिएन ।

गजराज नेपाल आएकोबाट बिरोधि पक्षको फुर्ति बढेको, स्वामी राजा पक्षका भारदारले देखे । कुरो के भैरहेको छ भन्ने शङ्कासम्म पऱ्यो र भारदार एक्लिएपनि कर्तव्यमा तटस्थ रहेको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वहादुर साहको हत्या भएपछि नेपालको स्तम्भ ठिक भएन भन्ने अमरसिंह थापा (वडा) ले भने भन्ने देखिन्छ । नेपालमा स्वामी राजा आए मार्ने थिएनन् । भरसकै थुनामा पर्नेपनि थिएनन् । थुनामा परेपनि जस्तो महारानी राजेन्द्रलक्ष्मीलाई थुनामा राखेको (प्रा. ने. २३/- ७) काम नचलेपनि वहादुर साहको निर्देशनले भारदार तटस्थ रहनाले दलजित साहलाई प्रशासन गर्न डर भई महारानीलाई न्याय दिनु पर्नेनै भएको देखे, भोगेका भारदारले स्वामी राजा थुनिएपनि आफ्नो देशमै रहनु पर्दछ । हामी स्वामी राजाका पक्षमा तटस्थ रहने छौं भनेर स्वामी राजालाई अनेकौं युक्ति नीतिको बनारसमा पत्र लेखेको (रणबीरसिंह थापा पृष्ठ २२) मा र (डि. जि. हस्तलेख बंशावली) मा लेखिएको पाइन्छ ।

भारदार तटस्थ रहनाले दामोदर निश्क्रिय भए । दलजित साहलाई डर भए जस्तै डर भयो भन्ने इतिहासले देखाउँछ । इतिहासले भन्दछ कि स्वामी राजालाई अंग्रेजले मद्दत नदिउन भन्नेसम्म गुप्तरुपले सन्धि गरेको काम लाग्यो ।

बनारस निवासी अंग्रेजको निमेक्दार गजराज मिश्रलाई के-के कुराको पत्र लेखे थाहा हुँदैन । गुप्त सन्धि गरेकोले काम दिएन । भारदार तटस्थ रहेकाले मलाई डर भयो भन्ने कुरा लेखे हुनन् । त्यो पत्र बनारसमा पुगेपछि अंग्रेजलाई सुनाए कि भन्ने इतिहासले देखाउँछ । तब अंग्रेज नक्स काठमाडौं आयो ।

दामोदरलाई नक्सले भेट्यो, बुझ्यो । स्वामी राजालाई लखेटेको भारदारहरुलाई मन परेनछ । निमेक्दारी भनेको यस्तै हुनुपर्छ भनेर भारदारहरुलाई भेट्यो र यस्तो भन्यो भन्ने लेखिएको छ ।

स्वामी राजाको भर नगर, जोगी भएको स्वामी राजाको भर गरेर राजकाज चल्दैन । स्वदेशबाट भागेर बनारसमा आएपनि हाम्रो निग्रानीमा राखिएका छन् । बालक राजाको र देशको नूनको सोझो गर्नु पर्छ । नेपाल राज्य जोगाउन भारदारको कर्तव्य हुन्छ । त्यसैले बालक राजाको हजुरिया मन्त्री दामोदरकहाँ फुर्सदको समयमा जाने गर्नु । दिलखोली कुरा गर्नु । तिनलाई काम गर्न भर देउ । अंगेजका तर्फबाट भारदारहरुलाई हरसाल २४ हजार रुपियाँ मिल्नेछ भनेर भन्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्ने भारदारहरुलाई कुरा त बेशै गऱ्यो तर सालको २४ हजार अंग्रेजको तर्फबाट मिल्ने छ भनेर नक्सले भनेकोमा भारदारहरु झश्के । नेपाल अंग्रेजले लियो कि के हो भनेर भारदारहरुको मनमा चस्का पऱ्यो, यस्तो त्यो बंशावलीमा लेखिएको छ ।

भारदारहरुले सालको २४ हजार हामीलाई दिनु पर्दैन भने । स्वामी राजालाई किन निग्रानीमा राखेको हो ? जोगी भएका राजाले कसैको बिगार गरेको हुँदैन । निग्रानीबाट छुटाईदिनु होस् । नेपालमा आउन पाउन । यहाँ आए थुनामा रहेपनि दर्शन गर्ने हाम्रो भक्ति-भावना छ भनेर यस्तो याचना गरे भन्ने त्यस बंशावलीमा लेखिएको छ । नक्सले भारदारहरुको याचनालाई के जवाफ दिए त्यो कुरा लेखिएको छैन । भारदारहरुको यस्तो मनसाय नक्सले बुझेर दामोदरलाई भन्यो कि ? नक्स भारततर्फ फर्क्यो ।

नक्स फर्केपछि अंग्रेजसँग गुप्त सन्धि भएकोले आधा मात्र काम दियो । त्यो सन्धि यद्यपि गुप्त रहेको थियो तैपनि कुरो खुल्ला भनि दामोदरले आफ्नो पक्षलाई लिएर गुह्यश्वरी मन्दिर भित्र गई कुण्डमा हात चोपी शर्तको कागजमा धर्म भाकी भारदारले सही गरेको माथि बताइसकेकै छ ।

काजी त्रिभूवनले त्यो शर्तको कागजमा सही गरेनन् । कस्तो धर्म भाके भने मेरो गर्दनमा तरबार नपरेसम्म कसैलाई बताउने छैन भनेर बोले भन्ने लेखिएको छ ।

काठमाडौंमा आएका स्वामी राजालाई गुह्यश्वरीमा यो कुरा भएको कसले भनिदियो त्यो नाम खुल्दैन । त्यो सुनेर खुल्दुली स्वामी राजालाई परेछ ।

बनारसमा स्वामी राजा बस्दापनि अमरसिंह थापा (वडा) ले र नेपालमा रहेन स्वामी पक्षका भारदारहरुले पत्र लेखेको माथि उच्चारण गरिएको त्यो बंशावलीको कुरा बाँकिनै छ, त्यही पढौं ।

नेपालबाट भारदारहरुले लेखेको चिठ्ठीमा हामी भारदारहरु पाउको सेवक छौं, नेपाल काठमाडौंमा सवारी होस्, थुनामा पर्नु पर्ने छैन भन्ने लेखेको (रणबीरसिंह थापा पृष्ठ २२) को सारांश यस्तो छ –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौंबाट अनेक युक्ति-नीतिले स्वामी राजा रणवहादुर साह र साथमा रहेका भारदारहरुलाई नेपाल आउन पत्र लेखेको पढेर स्वामी महाराज विश्वासमा परी पक्का खबर बुझ्न भीमसेन थापाका बाबु साना अमरसिंह थापा कुमाउमा रहेकालाई बनारसमा झिकाउने काम भयो (रणबीरसिंहको पत्र २३, २४) ।

बनारसमा साना अमरसिंह थापा आएपछि सरसल्लाह भयो । तिनले काठमाडौंमा सवारी हुनुपर्छ भनि बिन्ति गरे भन्ने र छट्पटिमा चवन्नि राज्य अंग्रेजलाई सौंप्याको भया मेरो दरबार हुन्या थियो भनि हुकुम भएको (रणबीरसिंह थापा पृष्ठ ३७) मा उल्लेख छ ।

काठमाडौंतिर रहेका स्वामी राजा पक्षका भारदारहरुले र वनारसमा उनको साथमा रहेका भारदार, गुरुज्यूहरुले यस्तै (साना) अमरसिंह थापाले सम्झाउँदा-बुझाउँदा स्वामी राजा काठमाडौं आएको र नेपाल देशको खतर्नाक सन्धिको कुरा बुझ्न लाग्दा अवनतिकारकद्वारा वि. सं. १८६३ वैशाख १४ गते स्वामी राजाको हत्या भएको अपशोचको कुरा यस पुस्तकमा माथिनै पढिसकियो । केही छुटपुट रहेका बाबुराम आचार्यको ने. सं. बृ. पुस्तकको कुरा यस्तो छ –

त्यस पुस्तकको प्रस्तावना पृष्ठमा वहाँले नै यस्तो लेख्नु भएको छ कि इ. सं. १९५१ (वि. सं. २००८ साल हुन्छ) मा राणा प्रशासन टुटेपछि फाटफुट लेख प्रकाश गरिए (गरें) तर आँखा बेकम्मा हुँदा अगाडि बढ्न सकिएन भन्ने लेख प्रकाश गर्नु भएको छ ।

राणा प्रशासन टुटेपछि मात्र फाटफुट इतिहास लेख्थें भनेको मतलव स्वदेशको इतिहास नेपालमा राणा प्रशासनताका पढ्नु, पढाउनु वन्दै थियो । कोतपर्व, भण्डारखालपर्व, अलौपर्व, १९३८ साल पर्व, १९४२ साल पर्वको निन्दित कर्म जनतामा प्रभाव पर्ला भनेर त्यो विस्मृति गराउन नेपालको इतिहास लेख्ने, छपाउने, पढ्ने, पढाउने, काम बन्दै गरिएको थियो । कक्षामा विदेशको इतिहास पढाइन्थ्यो ।

बाबुराम आचार्यले त्यस पुस्तकको प्रस्तावना पृष्ठ ५ मा लेख्नु भएको छ कि हालसाल (भनेर वि. सं. २०२२ लाई इंगित गर्दै) श्री ५ युवराजाधिराज (हाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव) सरकारबाट नेपालको इतिहासलाई चाहना गरिबक्सेको र आवश्यक (पुस्तक छपाउने कामको लागि) सामग्रीको प्रबन्ध गराइबक्सेको हुनाले प्राचिनकाल ईशा पू. ७५० देखि मध्यकाल समाप्ततकको नेपालको इतिहास पृष्ठ ५०० जतिको १ भाग र अर्वाचिनकालको आरम्भ इ.सं. १७२३ देखि राणा प्रशासनको अन्त्यसम्मको इतिहास ५०० पृष्ठमा लेख्ने योजना बनाइएको छ ।

बाबुराम आचार्यले त्यस बखतमा विक्रम सम्बतलाई झुटो भन्नु भएको छ । कहिलेसम्मलाई भने निश्चय नभएसम्म इ.सं. चलाएको छु भन्ने र लेख्दा इ.सं. नै लेखी समयको निर्धारण गर्नु भएको हुनाले वि.सं. २००८ सालमा प्रजातन्त्र स्थापना गरेको मिति खुलाउँदा पनि इ.सं. १९५१ लेख्नु भएको छ ।

इ.सं. लेख्नु हुँदैन भनेर पं. नयराज पन्तले सम्झाएर बाबुराम आचार्यलाई प्रार्थना गरेको पूर्णिमाङ्क भाग २५ मा लामो ब्याख्या गरेको देखिन्छ ।

अर्को कुरा बाबुराम आचार्यले इतिहास लेखन कस्तो सूत्र अपनाउनु भएको छ भने -

एउटै ऐतिहासिक घटनाको पनि गुण दोष विचार गर्दा कुण्डकुण्ड पानी मुण्डमुण्ड बुद्धिअनुसार विचार फरक हुनसक्दछ । यो सानो पुस्तक (ने.सं.बृ.) मा परिणाम हेरेर कार्यको गुण दोष विचार गर्ने नियम गरिएको हुनाले यस वृत्तान्तले जनसमुदायलाई आफ्नो देश इतिहासको दिग्दर्शन गराउनमा सहायता देला र राष्ट्रिय एकता भएको इतिहासलाई उज्यालोतिर ल्याउनमा प्रेरणा देला भन्ने (मैले) उम्मेद राखेको छु भनि भन्नु भएको छ ।

बाबुराम आचार्यले यस्तो ने. सं. वृ. को प्रस्तावना पृष्ठ ५ मा आफैले लेखी प्रकाश गर्नु भएको छ । विद्वान युवावर्ग महानुभावले बाबुराम आचार्यले इतिहास ने.सं.वृ. रचना गर्नु भएकोमा विवेचना गरी वोलिदिनु पऱ्यो । नत्र आफ्नो देशको इतिहास अलपत्र पर्छ । किनकि बाबुराम आचार्यले ने.सं.वृ. पुस्तक रचना गर्दा आधार-प्रमाण दिएको देखिदैन । प्रमाण-आधारै नदिएर इतिहास रचना गर्न पाउने कस्तो सूत्र अपनाएको हो !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधार प्रमाणको सूत्र नअपनाएर आफ्नो मन परेको (मनगढन्ते) सूत्र अनुसार समाजको इतिहासलाई दिग्दर्शन गराउनमा सहायता देला भनेका र देशको इतिहास उज्यालोतिर ल्याउनमा प्रेरणा देला समेत भनि ने.सं.वृ. पुस्तक रचना गरी उचित, अनुचित विचारै नगरी देश र समाजको इतिहास विगारेर के गर्न खोजिएको हो ? यस्तो रचनाको अन्धभक्त हुने कि नहुने ? यसमा समाजको विद्वान नवयुवक महानुभावहरुबाट विचार हुनै पर्दछ ।

सच्चा इतिहास त वास्तविक प्रमाण-आधारमा आधारित (मूल्यांकित) हुनुपर्दछ । सच्चा इतिहासबाटै देश र समाजको सच्चा रीति-स्थितिको ज्ञान हुन्छ । यसले देश र समाजलाई सही मार्ग देखाउन सक्दछ । अन्यथा झुठो रचनाले देश, समाज उँभो गतितिर हैन कि उँधो गतिमा जान्छ ।

बाबुराम आचार्य ज्यूको यो पुस्तक ने.सं.वृ. वि.सं. २०२२ मा प्रकाश भएको देखिन्छ । वि.सं. २०२२ ले अहिले २०५४ सालमा ३२ वर्ष भैसक्यो । तर, ५/५ सय पृष्ठको २ पुस्तक प्रकाश भएको भने देख्न पाइएको छैन ।

वि. सं. २००८ सालमा राष्ट्रपिता श्री ५ त्रिभूवन वीर विक्रम शाहदेवबाट अति कष्ट सहेर देश-समाजले कहिले नविर्सने त्रिभुवन प्रजातन्त्र जनतालाई बक्स्यो । तव अनेक जातिलाई योग्य दर्जा बक्सेर देशको काम भएको र आफ्नो देशको इतिहास पढ्न स्वतन्त्र छन् । तर, पिता परलोक हुँदा २ वर्ष पूरा भएका र माता परलोक हुँदा १० वर्षका वालक राजा रणबहादुर साहलाई काखमा लिएर उनैको नामबाट बहादुर साहले राज्य सञ्चालन गर्दा वडाकाजी वीर अमरसिंह थापा प्रभृति र काजी अभिमानसिंह वस्न्यात आदि वीरहरुका सहयोगले श्री ५ वडामहाराजा पृथ्वी. को सपना साकार पार्दै हालको नेपालको दुई तिहाई भन्दा पनि बढि भाग गोरखा (नेपाल) राष्ट्रमा सम्मिलित (एकिकरण) गरेको तथ्य घामजस्तै छर्लङ्ग छ । त्यतिमात्र हैन, कथित (झुटो) सुगौली सन्धिभन्दा अघिको जुन विशाल नेपाल (वृहत-नेपाल जसको बृटिस कालीन प्रामाणिक नक्सा यसै पुस्तकमा संलग्न छ) को एकिकरण भएको छ, त्यो पनि उनकै कुशल राज्य सञ्चालनको परिणाम थियो । देश बढाउने, सार्वभौमी थाम्ने कार्य लगायत उत्तरमा चीन र दक्षिणमा अंग्रेजसँग दरो परराष्ट्र नीति र मामिला कायम गर्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जे-जति सामाजिक र सैनिक सुव्यवस्था र उन्नति गरे, त्यसबाट दुनियाँहरु र तत्कालिन सामन्त राजाहरु समेत सन्तुष्ट थिए, सक्दो सहयोग गर्दथे । यस्ता सपुतका शुद्ध (प्रमाणित) इतिहास पाठ्यक्रममा पढाउन पाइएको छैन ।

वहादुर साहको जीवनी उज्यालो पार्नुपरेको छ । उज्यालो इतिहास पढ्दा त्यस्ता राष्ट्रिय विभूतिको फेरि पनि जन्म हुनेछ भन्ने "वीरभोग्या बसुन्धरा" को सूत्र माथि पढिसकिएको छ । वहादुर साहको सच्चा इतिहासको प्रमाण छ । बाबुराम आचार्यले लेखेको जसमा प्रमाणै छैन, झूटो रचना गरेका भन्ने देखिन्छ ।

वि.सं. १८४२ आषाढमा युद्धको व्यवस्थापन र निर्देशन गरेर गोरखामा बसेका वहादुर साहलाई विरामी महारानी राजेन्द्रलक्ष्मीले आफु नबाँच्ने सम्झेर बाठी महारानीले उनलाई लिन पठाएको र वहादुर साह आएको तब आफूले काम चलाइआएको वालक राजा १० वर्षको छोरो रणवहादुर साहको हालिमुहालीमा नायवी दिएको र महारानी परलोक भएको कुरा (पू. ८/- ३४ र पू. २१/- ७०) मा माथि पढिसकिएको छ ।

बाबुराम आचार्यले प्रमाण-आधारको विरुद्ध (ने.सं.वृ.को पृष्ठ ९१) वेप्रमाण यस्तो रच्नु भएको छ –

वडामहारानी राजेन्द्रलक्ष्मी परलोक हुनुभन्दा १२ दिन अघि वहादुर साहलाई भाउज्यू महारानीले फर्पिङमा कडा कैदमा थुनिदिएकी थिइन् भन्ने र वि.सं. १८४२ श्रावण २ गते भाउज्यू महारानी राजेन्द्रलक्ष्मी परलोक भएको दिन गन्तिले ११/१२ दिनमा वहादुर साह थुनाबाट छुटे भन्ने कुरा प्रमाण आधार विना बाबुराम आचार्यले कसरी इतिहास रचना गर्नु भएको हो (ने.सं.वृ.पृ. ९१) ? यस्तो इतिहास विगार्नु त केही मतलव अवश्यपनि थियो होला । झुट्टा लेख प्रचार गर्ने बाबुराम आचार्यको वानिनै थियो भन्ने प्रमाण बताउँ ।

भीमसेन थापाले महारानी राजराजेश्वरीलाई आफ्नो स्वार्थ सिद्धि गर्न स्वामी राजाको हुकुमको पर्वाहा नगरेर हेलम्वुतिर निकाले भन्ने र स्वामी राजा परलोक भई सती जान आएकी महारानी राजराजेश्वरीलाई काठमाडौं आउन नदिई बाटो रोकेर (यस्तै लेख्नु भएको छ) फर्काइ साँखु शहरदेखि पूर्वपट्टि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सालिनदीमा १४ जना केटीको साथ सती पोले भन्ने (भूटो) आरोप प्रमाण-आधारविना कसरी प्रकाश पार्नु भयो ? ने.सं.वृ. पुस्तकको पृ. १२१-१२६ मा यो कुरा लेखिएको देखिन्छ । वहादुर साहको इतिहास विगार्नुको उपमा जस्तो प्रमाण पाइन्छ ।

स्वामी महाराजको हुकुमले महारानी राजराजेश्वरी हेलम्बुतिर निकालिएकी हुन भन्ने प्रमाण र निकाल्दा हेलम्बु पुऱ्याउन समेत भीमसेन थापा गएको देखिदैनन् भन्ने प्रमाण अनि स्वामी राजा परलोक भएपछि सती जान काठमाडौं आएकी राजराजेश्वरी महारानी १ जना मात्र पशुपति आर्य क्षेत्र आर्यघाट वागमती नदी-तटमा सती गइन भन्ने प्रमाण बताउँ । तब वहादुर साहको इतिहास झुटो रचना गर्नु भएको भन्ने प्रमाणमा अझ थप पुष्टि हुनेछ ।

प्रमाण नं. १. वि.सं. १८६३ वैशाख १४ गतेको सभाको घटना स्थलमा हाजिरै भएको सवुद-प्रमाण देखिने काजी वालनरसिंह कुंवर (श्री ३ जङ्ग बहादुरका पिता) ले सो मितिको रात्री को-को काटिए भन्ने र वैशाख २८ गते श्री पशुपति क्षेत्र आर्यघाट वागमती तटमा राजराजेश्वरी १ जना मात्र सती गइन् भन्ने र सती जाने महारानीले हुकुम भएको कुरा समेत काजी वालनरसिंह कुँवरको जाहेरी (६/- ५०, ५१, ५२) मा प्रकाशित छ ।

प्रमाण नं. २. कपर्दार भोटु (गोरा) पाँडेले स्वर्गवासी श्री ५ पृथ्वीनारायण साह तथा सती गमन हुनुभएकी श्री ५ वडामहारानी नरेन्द्रलक्ष्मी, स्व. श्री ५ प्रतापसिंह साह तथा क्षयरोगले परलोक हुनुभएकी रानी राजेन्द्रलक्ष्मी र श्री ५ रणवहादुर साहको कुशको मुर्तीसाथ सहगामिनी हुनु भएकी श्री ५ राजराजेश्वरी साह सहित ६ जनाको श्री पशुपतिनाथका मन्दिर निकट दक्षिणतिर नजिकै सबैले देख्ने ठाउँमा मन्दिरजस्तो बनाई ६ वटा मुर्ती स्थापना गरेका छन् । राजराजेश्वरी पशुपति आर्यक्षेत्र वागमती तटमा सती गइन् भन्ने सौवर्ण (सुवर्ण) अभिलेख समेत राखेको छ । बाबुराम आचार्यज्यूले नदेखेको भन्ने त विश्वासै हुँदैन । उक्त सौवर्ण लेख यस्तो प्रकाशित (६/- २२८) देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सौवर्णलेख :- (पशुपतिनाथमन्दिरदक्षिणद्वारि सदार श्री ५ रणबहादुरसाहप्रतीकपादपीठे) ।

श्री गणेशाय नमः ॥ वर्षे वन्हिरसैर्ग्गजेन्द्रधरणीसंख्यामिते माधवे, मासे देवगुरौ षडाननतिथौ पक्षे सिते सत्वरं । साध्वी शंभुसरित्तटे रणवहादुरेण भर्त्रा समं, त्यक्त्वा देहमगाद्‌गी (दिग) रीशपदवीं श्रीराजराजेश्वरी । सम्बत् १८६३ साल आसिन सुदि १३ रोज मा यो सालीक श्रीकपर्दार भोटु पांडे ले बनाई चह्रायाको हो । शुभम् ।

सम्वत् १८६३ वैशाख शुक्ल गुरुवार षष्ठीका दिन वाग्वतीका तट मा देह त्याग गरेर (सती भयेर) पतिदेव श्री ५ रणवहादुर साहका साथमा श्री ५ महारानी साध्वी राजराजेश्वरीदेवी शीघ्र शिवपदमा गईन् ।

यो अभिलेख हेरी अर्थ समेत उतारेर इतिहास प्रकाशमा सन्धिपत्र संग्रह नामक पुस्तकमा प्रकाश गर्ने श्री योगी नरहरिनाथः ज्यू हुनुहुन्छ ।

प्रमाण नं. ३. पं. सुन्दरानन्द वज्राचार्य (वाणा) को "त्रिरत्न सौन्दर्यगाथा" मा लेखिएको नं. १५ र १६ संस्कृत श्लोक यस्तो छ, जुन इतिहास प्रकाश अंक १ को पृष्ठ ६६ मा उद्‌धृत छ ।

राज्ञी श्रीराजलक्ष्मीः कटहर विपिनात्प्राक्रमि त्वैव पूर्व दिष्टया लामा गुरुणां परिचरण वशा दक्षमालाजपन्ति । प्राले याद्रेः सुतेवो "परिगगनतलात् प्राक्रमित्वा हिरंवु स्थाना दन्धग्ययो पशुप रणबहादुर मा सप्त माहात ॥१५॥

यसको अर्थपनि यस्तो प्रकाश भएको त्यस पुस्तकमा देखिन्छ –

स्वामीज्यूका मूल प्रकृति कृता भिषेका महारानी-राज्य लक्ष्मी देवी (श्री राजराजेश्वरी) जो श्री ५ स्वामीज्यू रणबहादुर साह काशी पाउ लाग्नु हुँदा । कटहर वन सम्म पाउरषाली भइन् तहा देषी चेटी हरु का प्रपञ्चले कान्ति पुर राजधानी फर्किन र । फेर आफ्ना भवितव्य का हुकुम ले हिमालय पर्वत शिखर हेलंबु-हिरंवु स्थल मा पुगिन र ताहाका लामा गुरुका परिचर्याले तन्त्र मन्त्र का भेद ग्यान ले कोहि एक देवता को उपासना गर्दी । अकारादि क्षकारान्तको अक्षमाला जपदै रहन्या भयाकी ति रानी । हिमालय पर्वत की पुत्री पार्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आकाश बाट आया भैं । अकस्मात हिरंवुदेषिन् फरकिन सात दिन काबीचमा श्री पशुपति क्षत्र आर्य घाट मा श्री पशुपति का औतार यति स्वर श्री ५ रणवहादूर का अनुगामिनी भइन र स्वला माचड्नु भइन् ॥१५॥

गुल्मी जन्म स्थलं तत् पतिरपि जनक:क्षात्रधर्मेग्रगण्यो
यस्या भर्ता च गोर्षा पतिषु परि बृढो मल्ल जेतुश्च नप्ता ।

नाम्ना श्री राज्यलक्ष्मी कटहर विपिनं प्राप्य काशी मगत्वा
अन्वा रोह चितां श्री क्षितिप रणबहादूर मा सप्त माहात् ॥१६॥

अर्थ – जौना रानीका जन्म स्थल भन्या । पश्चिम दिशाका गुल्मि नाम भयाको पर्वत राजधानी । क्ष्यात्र धर्ममा अग्रगन्य भयाका तेसै राजधानी गुल्मिका राजा जस्ता पिता । पाणि ग्रहण गर्न्या भन्या । चौविसी २४ राजाका राज्य त्व कन जिति लिन्या । महात्मा श्री ५ रणवहादूर जस्ता (का) भर्ता । नेपाल का मल्ल जिति लिन्या । श्री ५ पृथ्वी नारायण साह को नाति जत्रो । आफ्ना नाम भन्या । लक्षण ले शुद्ध भयेका (कि) श्री राज्य (की) लक्ष्मी । राज राजेश्वरी यस्ता देवी जो थिया । स्वामि रणवहादूर साह काशी वास हुँदा । कटहर वन सम्म पाउ पाउरषाली हुदी । कोहि सखी जन का । प्रपञ्चले गरि काशी न पुगी । तहादेखी फर्किन र । कान्ति पुर राजधानी पुगी पुत्र श्री ५ महाराज गिर्वाण विक्रम साह का लालन पालन गर्दी रहयाकी जो देवी छन् । सोंदैव विमुख हुनाले । श्री ५ स्वामि राजा कान्ति पुर राज धानी प्रवेश गर्दै मा केहि व्यवस्थीले वियोग कन पाई हिरंवु स्थल मा । तपगर्न जानु पर्‍यो । सोही देवी । श्री स्वामी ज्यू मुक्त भया पछि । हिरंवु बाट फर्कि आइन र (पशुपति क्षत्र) आर्य तिर्थ वाग मती (नदी) तट् मा स्वला को अन्वा रोहण गर्दी भइन् ॥१६॥

अन्वय – हुकुमले निकालिएकी महारानीको नाम यसमा प्रष्ट लेखिएको छ । भीमसेन थापा पुर्‍याउन जानेमा नाम लेखिएको पनि छैन । कसरी बाबुराम आचार्यले (ने.सं.वृ. पृ. १२१) मा भीमसेन थापाले हुकुमको पर्वाहा नगरी निकाले भन्ने लेख प्रकाश गर्नु भएको हो ? उपरोक्त नं. १५ र नं. १६ को श्लोक बाबुराम आचार्यले नै इतिहास प्रकाश अंक १ को पृष्ठ ६६ मा प्रकाश गर्नु भएको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस प्रकार राजराजेश्वरी जस्ती एक साध्वी-सतीको पनि अन्त्य हुनगयो । पशुपति क्षेत्र, आर्यघाटमा जहाँ उनी स्व. राजा रणबहादुर साहको कुशको मुर्तिसाथ सती भइन्, आजकाल सो स्थानलाई राजराजेश्वरी घाटपनि भन्ने चलन छ । पठाकगण – त्यहाँ जानु भएमा कपर्दार श्री भोटु पाँडेले स्थापना गरेका सतीको मुर्तिको दर्शन हुनेनै छ ।

उता वहादुर साह जस्ता नेपालका विभूतिले देश, नरेश र समाजका लागि ठुलो योगदान दिएर वलिदान हुनगए । उनका इतिहास वृहद हुनसक्दछ, त्यसमा सन्देह छैन तर हाललाई पाइएसम्मको तथ्य प्रमाण-आधारमा मात्र लेखिएको हुँदा यस रूपमा प्रस्तुत छ ।

वहादुर साहका व्यक्तित्त्व र कृतित्त्व सम्बन्धी विषयको अझ खोजविन गरी आगामि संस्करणमा अझ परिमार्जित र विस्तृत रूपमा प्रकाशन गरिनेछ । यस पूनित कार्यमा पाठकवर्गहरूबाट पनि अभिलेख सम्बन्धी महत्त्वपूर्ण जानकारी एवं सुझावहरू पाइएमा आभारी भई अझ बढि उत्साहका साथ कार्य गर्न सरल हुने थियो । यसैकारण, वहादुर साह जस्ता महान् हस्तीको जानकारी एवं सुझाव उपलब्ध गराइदिनु हुनेछ भन्ने आशा गरिएको छ ।

ऐतिहासक र धार्मिक महत्त्वका केही अन्य चित्रहरू पेज नं. २२२ देखि दिइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक

र

धार्मिक महत्वका

केही

अन्य चित्रहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ प्रतापसिंह शाह

श्री ५ रणवहादुर शाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बडाकाजी वीरवर अमरसिंह थापा

मुख्तियार भीमसेन थापा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काजी अभिमानसिंह वस्न्यात



सरदार भक्ति थापा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूलमन्त्री दामोदर पाँडे

काजी वालनरसिंह कुँवर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुख्तियार माथवरसिंह थापा

श्री ५ वडामहाराज
पृथ्वीनारायण शाहदेवका हतियार



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



अधिराजकुमार वहादुर शाहको हतियार

राजा रणवहादुर शाहको हतियार



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



चौतरिया दलजित शाहको
हतियार



वडाकाजी अमरसिंह थापाका
हतियार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



काजी अभिमानसिंह वस्न्यातको हतियार

सरदार भक्ति थापाको हतियार



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



मूलमन्त्री दामोदर पाँडेको
हतियार

मुख्तियार भीमसेन थापाको
हतियार



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



मुख्तियार माथवरसिंह थापाको
हतियार



काजी वालनरसिंह कुँवरको
हतियार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



देवान रणजित पाँडेको हतियार

गोरखा दरबार



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



गोरखा दरबार परिसर भित्रको
दरबारमध्ये अर्को प्राचिन दरबार

श्री ५ बडमहाराज पृथ्वीनारायण
शाह जन्मनु भएका गोरखा
दरबारको एक खोपी (कोठा)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्री ५ बडामहाराज पृथ्वीनारायण शाह जन्मिएपछि सेकाउने गरिएको अगेना जहाँ अद्यापि अखण्ड धूनी लगाइन्छ ।



"न्याय नपाए गोरखा जानु" भन्ने प्रसिद्ध भनाईअनुसार गोरखाका राजा राम शाहको न्याय गर्ने चौतारो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



गोरखा दरबारको पूर्व केही परको भारदारी अन्तरङ्ग सभा गर्ने चौतारो

गोरखा दरबारको निकट (पश्चिम) को टुँडिखेल (सैनिक मैदान)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



गोरखा बजार– पोखरीथोक स्थित घले राजाहरूको पालाको प्राचिन रानिपोखरी जुन राजा पृथ्वीपति शाहले सुधार गरी कीर्तिखम्बा र रामेश्वरको मन्दिर समेत बनाएका हुन् ।

घले (गुरुङ) राजाका राज्य स्थल, उपल्लोकोट, गोरखा/हाल दरबार छैन, कोटको रूपमा संरक्षित छ र पूजा हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



नुवाकोट दरबारको अगाडिको भागको चित्र

गोर्खाधीस श्री ५ पृथ्वी.को नुवाकोट साततले दुर्गको शिलालेखः-

अर्थ– स्वस्ति (भलो छ) श्री गणेशलाई नमस्कार छ। शाके १६८४ वैशाखमा, बृहस्पति मेषराशिमा बसेमा। नेपालेश्वरहरूलाई झट्ट अहङ्काररहीन पारेर। राजा पृथ्वीनारायणले दुर्गरत्न (नुवाकोटको साततले दर्बार) बनोय।१। तीन थुम्का भयेका तनहुँका राजा त्रिविक्रमसेनलाई जस्ले हठात् बाँधेर फलामे पिंजरामा राखेर पछि अनुग्रह गरेर छोडि दिये।२। काशीयात्रामा जाँदा बाटामा जगात लिने अनिष्टकारी तुर्क राजाहरूलाइ जस्ले मारे, तिन (पृथ्वीनारायण) को गुणचर्चा को गरी सकोस ? ।३। शुभ होस्।३।

नुवाकोट दरबारको दूर-चित्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नुवाकोट भैरवी मन्दिरनिरको श्री ५ पृथ्वी.को राजसभा एवं भजन मण्डप जुन जीर्णावस्थामा छ।

गोरखनाथ गुफाको द्वार, गोरखा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



गोरखनाथ गुफा भित्रको ठूलो घण्ट, गोरखा

गोरखनाथको गुफा, गोरखा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



गोरखनाथको अखण्ड धूनी-घर
र गुफा निकटको बिचमा नित्य
पूजाको घण्ट, गोरखा

गोरखनाथको अखण्ड धूनी-घर
जहाँ रोट पकाइन्छ, गोरखा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



गोरखा कालिकाको मूल-द्वार

गोरखा कालिकाको दोश्रो तला



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



गोरखा कालिकादेवीको चोकको
मध्य भागको मौलो

गोरखा दरबारनिरको भोटो
लगाएका हनुमानजीको ढुंगे मुर्ती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



गोरखाको तल्लो कोट (दशैं घर)
दशैंको जमरा घर

गोरखाको तल्लो कोटको मौलो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



गोरखा उपल्लो कोट बज्रभैरव
स्थानको भग्नावशेष

गोरखा उपल्लो कोट भगवती
स्थानको भग्नावशेष



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



जालपादेवीको मन्दिर, देवीघाट
नुवाकोट

जालपादेवीको मुर्ती, देवीघाट,
नुवाकोट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



भैरवीदेवीको मन्दिर, नुवाकोट

भैरवीको मन्दिरको स्वर्ण-द्वार, नुवाकोट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समान, उदाई रहेको उद्दाम उत्कृष्ट, धाम (तेज-प्रताप घर आदि) को ग्राम (संघ गाउँ आदि) भयेकी ठुलाठुला पक्का ढुङ्गाले बलियो र सुन्दर पर्वतका काखमा बसेकी गोर्षा (गोरखा) पुरी राजधानीका ईश (गोर्षेश्वर गोरखाधीस) भयेका, नेपालेश्वरहरूका निधारमा रहेका तिलकलाई हटायेर प्रसन्न चित्त भयेका लोकमा पृथ्वीनारायण नाम प्रसिद्द भयेका राजा, राजाहरूका कुलका रत्न हुनु भयो ॥४॥ ति राजा पृथ्वीनारायणसाहदेवका कान्तिले कामदेवलाई जितेका राजपुत्रहरूमा अग्रगण्य दुई छोरा भये (तिनमध्ये) जेठा सिंहप्रताप (श्री ५ महाराजा प्रतापसिंहसाहदेव) हुनुहुन्थ्यो, वहाँका कान्छा भाइ यहाँ श्रीराजप्रतिनिधि वहादूरसाह हुनु हुन्छ, जेठा प्रतापसिंहका सुपुत्र प्रतापी राजाधिराज रणबहादुरसाह हुनु हुन्छ जसले वाल्यावस्थैमा अनेक शत्रुहरूकी नारीहरूका कुचकलशयुगलहरूलाई व्यर्थ पारि दिनु भयो (शत्रुहरूलाई मारेर विधवा गरि दिनु भयो) ॥५॥

भैरवीको उत्कट भक्तिभावले प्रकट भयेकी सुमति (असल बुद्धि) भयेका ई राजकुमार श्रीवहादुरसाहले ति बालक राजा श्री ५ रणवहादुरसाहलाई काखमा राखेर शासन गरि रहनु भयेका वेलामा, गङ्गाको साँध थियो, तैसै अवसरमा नेपालको विध्वंस पार्ने विचार लियेर आयेको चीनको वादशाह (वादशाहको प्रतिनिधि ज्वाई वजिर टुङ् थ्वाङ) ले आफ्नै ठूलो फौजको विध्वंस पारेको देखेर कुलेलाम ठोक्यो ॥६॥ हे माता ! हे भैरवी !! हे मङ्गलकारिणी !!! भक्तिभावले पुण्यात्मा राजा रणवहादुरसाह र युवराज वहादुरसाहले यो सुनले वनायेको छानु र सुनैले वनायेको ढोका अरु सामग्री समेत अर्पण गरेका छौं, यो तिम्रा प्रीतिका निम्ति हवस, क्या भक्तिपूर्वक सुदामाले ल्यायेका अलिकति सिरौंला कृष्णले मीठो गरि चवाउनु भयेनर ? ॥७॥

श्री शाके वेद ४ चन्द्रमा १ पर्वत ७ पृथ्वी १ (१७१४) चैत्र शुक्ल अष्टमी रूद्रदैवत नक्षत्र बुधवारमा श्री ५ राजा रणवहादुरसाह र श्री ५ युवराज वहादुरसाहले चीनचक्रले चढाइ गरि आयेका बेलामा मनसेद्दिष्ट (मन्सेको, भाषेको संकल्प गरेको) यो नञाँ सुनको छानु र ढोका श्रीदेवदेवी भैरवीलाइ भक्तिभावले अर्पण गर्‍यौं ॥८॥ मङ्गल होस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नुवाकोटको देवीघाट स्थित जालपादेवी मन्दिर निकट श्री ५ वडामहाराज पृथ्वीनारायण शाहको अग्नीसंश्कार भएको (चिता) शिला । अगाडि बायाँ तादी (सूर्यमुखी) र दायाँ त्रिसुली नदीको संगम । शिलामा "मास्तां शाकः कदाचित् ...." इत्यादि शिलालेख अंकित छ ।

यहीं रानीहरू समेत सती गएका हुनुपर्दछ । यस महत्वपूर्ण ऐतिहासिक स्थानको संरक्षण हुनु अत्यावश्यक देखिन्छ ।

श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको प्रतिमा निकट योगी श्री नरहरिनाथले कोटिहोम सम्पन्न गर्नु भएको होम-कुण्ड, देवीघाट, नुवाकोट



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



राजराजेश्वरी मन्दिर,
पशुपतिक्षेत्र, आर्यघाट, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकको संक्षिप्त परिचय

नाम : शम्शेर बहादुर थापा

आत्रेय गोत्री–वगाले थापा

जन्म : वि.सं. १९६८ ज्येष्ठ ८

पिता, माता : वीर बहादुर थापा, वाल कुमारी थापा

प्रकाशित कृतिः

१. रणवीरसिंह थापा (एउटा उत्सर्गमय जीवन र तत्कालिन समाजको संक्षिप्त चित्रण)

– जगदम्बा प्रकाशनमालाको ४२ औं ग्रन्थ प्रथम संस्करण वि.सं. २०२३

२. सुगौली–सन्धि के हो ?

(इतिहास)

– प्रथम संस्करण वि.सं. २०४८

३. बडामहाराज पृथ्वीनारायण शाहदेवका सुयोग्य अनुयायी अधिराजकुमार बहादुर शाहको प्रमाणित इतिहास

– प्रथम संस्करण वि.सं. २०५५

अप्रकाशित :

१. वगाले थापा कुलसुधार संघ समितिका तत्वावधानमा संकलन थापा इतिहास वंश–परिचय

२. वावुराम आचार्यको सुक्ष्म परिचय

३. थापा वंशावलीमा कुलदेवताको महिमा

४. ऐतिहासिक फुटकर लेख, कविता

रुचि : दर्शनशास्त्र धर्म र इतिहास ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal